घिमिरे, माधव, न्यायवैशेषिकाभिमतात्मतत्त्वपरिशीलनम्, ने.सं.वि. आचार्य शोधपत्रम्, अप्रकाशितम्
शर्मा, चन्द्रधर, भारतीय दर्शन आलोचना और अनुशीलन, दिल्ली : मोतीलाल वनारसीदास, ई.सं. २००४
आचार्य, बलदेव उपाध्याय, बौद्ध दर्शनमीमांसा, वाराणसी : चौखम्बा विद्याभवन, ई. सं. १९९९
शर्मा, गंगाधर, चतुर्वेदी, प्रमेयपारिजात, दिल्ली : श्रीलालबहादुर शास्त्री राष्ट्रिय संस्कृत विद्यापीठम्, ई.सं. २००५
गौड, शशीबाला, दर्शन शास्त्रस्येतिहास, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, ई. सं. २००४
शर्मा, राममूर्ति, न्यायवैशेषिक : (एकार्धतनः, दिल्ली : राष्ट्रिय संस्कृत संस्थान, ई. सं. १९९८
संस्कृतमा के छ ? जयतुसंस्कृतम् २०६१
सिन्हा, जदुनाथ, भारतीय दर्शन, दिल्ली, मोतिलाल वनारसीदास, ई. सं. २०१०

५० कुसुमलताशर्मा, दर्शनशास्त्रेतिहास, भूमिका, पूर्ववत् पृ. १३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधर्म्यवैधर्म्यविवेचनम्

उपप्रा. घनश्यामभण्डारी

अस्माकं चिन्तनपरम्परायां निःश्रेयसापराभिधस्य मोक्षस्य सम्प्राप्त्युपायं प्रतिपादयन् न विरमन्ति दार्शनिकाः । 'दृशिर् प्रेक्षणे'[1] इत्यस्माद्धातोर्दृश्यते=ज्ञायते वस्तुतत्त्वं=यथार्थतत्त्वं येन इत्यस्मिन्नर्थे 'करणाधिकरणयोश्च '[2] इत्यनेन सूत्रेण करणे ल्युटा शास्त्रपरकं दर्शनपदं निष्पद्यते। अस्मिन्नर्थे येन (शास्त्रेण) वस्तुतत्त्वं ज्ञायते तदेव (शास्त्रम्) दर्शनम्। एतावता शास्त्राणि दर्शनपदवाच्यानि। अतो न्यायादीनि शास्त्राणि दर्शनानि। दृष्टिः (ज्ञानम्) एव दर्शनम् इत्यस्मिन्नर्थे भावे 'ल्युट् च'[3] इत्यनेन सूत्रेण ल्युटा ज्ञानपरकं दर्शनपदं निष्पद्यते। तत्र तावत् सामान्यत आद्यार्थद्योतकदर्शनपदमेव दर्शनत्वेन प्रयुज्यते। 'येन हि वस्तुनो यथार्थतत्त्वं ज्ञायते तदेव दर्शनम्' इत्युक्ते सति किन्नाम तद्यथार्थतत्त्वमित्यत्र 'सतश्च सद्भावोऽसतश्चाऽसद्भावः। सत् सदिति गृह्यमाणं यथाभूतमविपरीतं तत्त्वं भवति, असच्चाऽसदिति गृह्यमाणं यथाभूतमविपरीतं तत्त्वं भवतीति'[4] । वार्त्तिककारश्च ...पदार्थानां यथाव्यवस्थिता-त्मप्रत्ययोत्पत्तिनिमित्तत्वम्। एतच्च स्वयं व्याख्याति वार्त्तिककृद् 'यो यथाव्यवस्थितः पदार्थः, स तथाभूतस्य प्रत्ययस्योत्पत्तिनिमित्तं भवतीत्येतत् तत्त्वम्'[5]।

धर्मार्थकाममोक्षेषु चतुर्षु पुरुषार्थेषु मोक्षस्य परं पुरुषार्थत्वं संगच्छते। परमपुरुषार्थरूपस्य निःश्रेयसापराभिधस्य मोक्षस्य सम्प्राप्त्युपायं प्रतिपादयन् वैशेषिकसूत्रकारः महर्षिकणादः समुल्लिखति 'धर्मविशेषप्रसूताद् द्रव्यगुणकर्मसामान्यविशेषसमवायानां पदार्थानां साधर्म्यवैधर्म्याभ्यां तत्वज्ञामान्निःश्रेयसम्'[6] इति। अस्य दर्शनस्य वैशेषिकदर्शनं वैशेषिकशास्त्रं वा इति नामकरणे किं कारणमिति चेत्, अन्त्यविशेषरूपविलक्षणपदार्थस्य स्वीकरणमेव। 'अन्यत्रान्त्येभ्यो विशेषेभ्यः'[7] इति सूत्रेण सूत्रकारेण कणादेन यः किल विशेषाख्यः पदार्थः समुद्दिष्टः तत्संबन्धिदर्शनमेव वैशेषिकं दर्शनमिति। केचन तु- विगतः शेषो यत्र तत् विशेषं, पदार्थनिरूपणादौ निरवशेषमित्यर्थमङ्गीकुर्वन्ति। तादृशं विशेषमेव वैशेषिकं, स्वार्थिकठक्प्रत्ययः। तेषामयमाशयः- मूलप्रकृत्यादिपदार्थवादिभिः सांख्यैः प्रमाणप्रमेयादिषोडशपदार्थवादिभिर्नैयायिकैः, अन्यैश्च दार्शनिकैः समधिक-संख्यकपदार्थनिर्वचनेन येषां तत्त्वानामुपपादनं कृतं, यानि च प्रयोजनानि तत्र प्रतिपादितानि तत्सर्वमपि षट्पदार्थवादिनां वैशेषिकाणामस्माकं षट्पदार्थस्वीकारेणैव उपपन्नं जायत इति लाघवेन निरवशेष (सकल)वस्तुसंकलनेन अस्य दर्शनस्य संज्ञया अनया महान् विशेषो व्यज्यते। तस्मात् दर्शनमिदं वैशेषिकमिति। अन्ये तु विशेषो भेदो, विशेषगुणश्च, ताभ्यां प्रतिष्ठापितं दर्शनमिदं वैशेषिकदर्शनम्।

---

१ पा. धा. ९८८

२ पा. सू. ११७

३ पा. सू. ११५

४ न्या. भा. १९९८ । ३

५ न्या. वा. १९७ । १०

६. वै. सू. १।१।४

७ वै.सू. १-२-६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवादित्यमिश्रादिमते कणादोक्तषट्पदार्थैः सह अभावाभिधेयस्य सप्तपदार्थस्यापि साधर्म्यवैधर्म्यज्ञानं निःश्रेयसहेतुर्भवति। 'अथातो धर्मं व्याख्यास्यामः'[८] इति प्रतिज्ञां कुर्वन् सूत्रकारः किमर्थं द्रव्यादि-विशेषपदार्थानां व्याख्यानं कृतवानिति आक्षिपन्ति केचित्। तद्यथा-

धर्मं व्याख्यातुकामस्य षट्पदार्थोपवर्णनम्। सागरं गन्तुकामस्य हिमवद्गमननोपमम्॥[९]

प्रसङ्गेऽस्मिन् पैलवाः[१०] वदन्ति यत् - दर्शनेऽस्मिन् यद्धर्मस्य व्याख्यानं प्रतिज्ञातं तत्पूर्वमीमांसायाः प्रतिज्ञासूत्रप्रतिपादितधर्मात् पृथक्। मीमांसकैर्धर्मशब्देन यागादिक्रिया गृहिता अपि च कार्याव्यवहितप्राक्क्षणावच्छेदेन अविद्यमानतया आशुतरविनाशिभ्यो यागादिकर्मभ्यः स्वर्गादि फलप्रदानार्थं कश्चनोऽतीन्द्रियोऽपूर्वाख्यः कल्प्यः। तदेवापूर्वं वैशेषिकधर्मत्वेन स्वीकुर्वन्ति।[११] अत आत्मनिष्ठस्यापूर्वरूपगुणस्य साधकत्वेन अनुमानप्रमाणं पदार्थगणनञ्च पर्यालोचयन् सूत्रकारो नासम्बद्धं पदक्षेपं विदधाति।

अपि च वैशेषिकदर्शने सर्वविधानामैहिकामुष्मकाभीष्टानां निःश्रेयसस्य च साधनत्वेन धर्मः प्रकल्पितः। एषः धर्मः प्रवृत्तिलक्षणनिवृत्तिलक्षणभेदेन द्विधा विभक्तः। प्रवृत्तिलक्षणधर्मेण ऐहिकसुखस्य स्वर्गादिपारलौकिकसुखस्य च प्राप्तिर्भवति। निवृत्तिरूपविशेषधर्मद्वारा द्रव्यादिसप्तपदार्थानां साधर्म्यवैधर्म्याभ्यां तत्वज्ञानं समुत्पद्यते। तेन च तत्वज्ञानेन निःश्रेयसं समुपलभ्यते।

'आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यश्च', 'तमेव विदित्वाऽतिमृत्युमेति नान्यः पन्था विद्यते चायनाय' इत्यादि श्रुतयो यद्यपि आत्मतत्वज्ञानमेव निःश्रेयससाधनत्वेनोद्घोषयन्ति, तथापि आत्मतत्वस्य सम्यगवगतिनिमित्तं संसारस्य संसारगर्भगतानां पदार्थानां च याथार्थ्यज्ञानमावश्यकम्। आत्मसंवेदनार्थं नात्मसंवेदनमपि गुरुत्वपूर्णम्। यतो हि जगति सादृश्यवैसादृश्याभ्यां सर्वेऽपि पदार्थाः परस्परं सम्बद्धाः। वैशेषिक मते सर्वेऽपि पदार्थाः सप्तपदार्थेषु यथायोग्यं गतार्था भवन्ति।

वैशेषिकदर्शनस्य एकं वैशिष्ट्यं वर्तते यत् दर्शने अस्मिन् ज्ञानं साध्यत्वेन प्रतिपादितम्। अभ्युदयनिःश्रेयससाधकं धर्मं व्याख्यान्नपि महर्षिकणादो द्रव्यादि पदार्थज्ञानं महत्वपूर्णस्थानं दत्तवान्। वसुन्धरा-वारि-वह्नि-वायु-व्योम-काल-दिगात्म-मनांसि नवद्रव्याणि न केवलं वैशैषिक दर्शनस्य, भौतिकविज्ञानमनोविज्ञानयोश्चापि प्रतिपाद्यानि भवन्ति। अवश्यमेतत् स्वीकार्यं यदनुभूयमानस्य विशालविश्वस्य व्याख्यानं केवलं द्रव्याधारेण पूर्णाङ्गं भवितुं नार्हति। तस्मात् भवभवनस्य आधारशीलाभूतद्रव्यस्य विभिन्नगुणाः कर्माणि परस्परं सम्बन्धः(समवायः) सादृश्यं(सामान्यं) वैशिष्ट्यं (विशेषः) अभावश्चापि सुतरां सुवेद्य विषयाः। भौतिकमाध्यात्मिकं तार्किकं मानसिकं चेतनमचेतनं दृश्यमदृश्यं सर्वमपि तत्वमेषु सप्तपदार्थेषु केनापि प्रकारेणान्तर्गता भवन्तेव। यथा पदज्ञानार्थं पाणिनीय व्याकरणमपरिहार्यं तथैव पदार्थ ज्ञानानार्थं काणाददर्शनं महदुपकारकम्। किमधिकम् - 'काणादं पाणिनीयञ्च सर्वशास्त्रोपकारकम्' इति वचनात् सर्वेषामपि शास्त्राणां तत्वावबोधार्थमेतच्छास्त्रद्वयं सर्वथा प्रयोजनीयम्।

पदार्थस्वरूपनिरूपणानन्तरं पदार्थानां किं साधर्म्यं किञ्च वैधर्म्यमेतदभिप्रायेण भाष्यकारैः द्रव्यादि षण्णां पदार्थानामस्तित्वमभिधेयत्वं प्रमेयत्वञ्च भवतीति संसूचितं 'षण्णामपि पदार्थानां साधर्म्यमस्तित्वाभिधेयत्वज्ञेयत्वानी'[१२]

---

८ वै. सू. १।१।१

९ प्र.पा.भा.(न्या.क.सम्मिलितम्) भूमिका पृ. ७

१० पीलु नाम परमाणुः। पीलु(परमाणु)वादमाधारीकृत्य वैशेषिकाः पैलवा इत्युच्यते। प्र.पा.भा. नारायणमिश्रलिखित प्रस्तावना पृ. ९

११ प्र. पा. भा. (न्या. क. सर्व) भूमिका पृ. ८

१२ प्र. भा. पृ. ११

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ति। अत्रैव प्रसङ्गे कारिकावलीकारैः विश्वनाथपञ्चाननभट्टाचार्यैः 'सप्तानामपि साधर्म्यं ज्ञेयत्वादिकमुच्यते'[१३] इति यत् भाषितं तच्च सप्तपदार्थान् अभिलक्ष्य तेषां पदार्थानां साधर्म्यं प्रतिपादितम्। परन्तु वैषेशिकसूत्रकारैः कणादैः समूहरूपेण षण्णां पदार्थानांविभागो विहितः। तादृशपदार्थविभागे अभावस्यानुल्लेखात् भाष्यकारै अस्तित्वमुखेन षण्णां पदार्थानां यत् साधर्म्यं तद् भाष्यकारै उद्घोषितम्। तदेवार्थमभिप्रेत्यपदार्थसाधर्म्यनिरूपणावसरे उदयनाचार्य कथयति 'यदि च धर्मा अपि षड्भ्यो नातिरिच्यन्ते तथापि त एव परस्परमङ्गतापन्नाः परस्परविवेकायोपयोक्ष्यन्त इति पृथगुच्यन्त इत्यभिप्रायवानाह षण्णामपीति। अपिरभिव्याप्तौ'[१४] एषामभिप्रायो द्रव्यत्वादयो धर्माः षड्भ्यो नातिरिक्ता भवन्ति। तथापि धर्मधर्मिणोः अङ्गाङ्गीभाव-सद्भावादेकधर्मस्यापरेण धर्मेण सह यद् व्यावृतत्वं विद्यते तद्विवेकाय षण्णामपिपदार्थानां साधर्म्यं पृथक्रूपेण भाष्यकारैः भाषितम्। साधर्म्यनिरूपणे किं कारणमिति जिज्ञासायामिदमपि वक्तुं शक्यते यत् उद्देश प्रकरणाद् द्रव्यादिसप्तपदार्थानां सामान्यज्ञानसम्भवेऽपि कः पदार्थः कस्यापेक्ष्यया अङ्गी (प्रधान) आधारो वा कश्च पदार्थः कस्यापेक्ष्यया अङ्गं अप्रधानमाधेयो वा ? तच्च ज्ञानं साधर्म्यनिरूपणेनैव सम्भवतीतित्यतः पदार्थानां साधर्म्यं निरूपणमेव लक्ष्यम्।

षण्णामपि इत्यत्रापिशब्द अभिव्याप्त्यर्थे द्रव्यादिपदार्थेषु अभिव्याप्तमिति अपि शब्देन विवक्षितं यत असंख्येषु पदार्थेषु पदार्थमात्रव्यक्तौ च यन्नास्ति तद् षट्पदार्थाभिव्याप्तं न भवतीति इत्यत अस्तित्वादिनां षड्पदार्थेषु अभिव्याप्तत्वात् अभिव्याप्तत्यर्थे अपि शब्दप्रयोगः समीचीन इति।

अभिव्याप्तर्थविशिष्टो यो हि अपिशब्द आचार्यैः प्रयुक्तः तन्न युक्तः इति सेतुटीकाकारः पद्मनाभमिश्रः प्रवदति। तथाहि 'ननु च मन्दमेतत् षण्णामित्यसंकुचितपदादेव सर्वेषां द्रव्यादीनां प्राप्तेः संकोचाभावे विनिगमकाभावेन सामान्यशब्दस्य सर्वप्रत्यायकत्वाद् अन्यथा पृथिव्युदकज्वलनपवनात्ममनसामेकत्वापरजातिमत्वमित्यत्रापि सकलपृथिव्यादिप्राप्त्यर्थं किञ्चिदुपादेयम्'[१५] तत्रेदं चिन्तनीयं यद्यपि प्रसस्तदपादभाष्यस्य सेतुटीकायां पद्मनाभमिश्रपादैः अभिव्याप्तै अपि शब्दस्य न प्रयोग इति या समालोचना विहिता परन्तु तस्य समाधानप्रसंगे किरणावलीग्रन्थस्य भास्करटीकायां स्वयमेव अवादीत् स्वतन्त्र इच्छात्वात् आचार्यमतप्रामाण्याच्च अपि शब्द अभिव्याप्त्यर्थे प्रयोग समीचीनः 'सर्वस्यद्रव्यस्येत्याद्यभिव्याप्तिबोधकत्वान्नापि वैयर्थ्यमित्याह अपीति।'[१६] एवञ्च सूक्तिटीकायां जगदीश अपि शब्दस्य समुच्चयार्थं स्वीकरोति न तु अभिव्याप्त्यर्थम्। ते इत्थं वदन्ति 'अपि शब्देनाभावस्याप्युपसंग्रहः' अर्थात् अपि शब्देन अभावस्य ससमुच्चयेति परममूलकारस्यायमाशयः। जगदीशाचार्यैः समुच्चयार्थे अपि शब्दप्रयोग इति यद् भाषितः तन्न युक्तः जगदीशस्य यद् व्याख्यानं तद् स्वातन्त्रं किरणावलीकारेण सह न सामञ्जस्यमिति मे प्रतीतिर्भवति। वस्तुतः तावत् शब्दवत् प्रकृतिस्थलेऽपिशब्दो वाक्यालङ्कारे प्रयुक्तो यतः व्योमशिवाचार्यै अपि शब्दस्य व्याख्यानमकृत्वा तस्य शब्दस्य वाक्यालङ्कारे एव प्रयोग इति स्वीकृतवान् इति हेतो अपि वाक्यालङ्कारेऽपि प्रयोग इति वक्तुं शक्यते।

अत्र च किं नाम साधर्म्यं किं च वैधर्म्यमिति जिज्ञासायामुच्यते समानो धर्मो येषां ते सधर्मामाणः, तेषां भावः साधर्म्यं समानो धर्म इति फलितोऽर्थः। विरुद्धो धर्मो येषां ते विधर्माणः तेषां भाव वैधर्म्यं विरुद्धो धर्म इति फलितोऽर्थः। तत्र द्रव्यादि षड्पदार्थानां प्रथमं साधर्म्यमस्तित्वमिति किं नाम अस्तित्वमिति आकांक्षायां 'अस्तित्वं विधिमुखप्रत्ययविषयत्वम्। प्रतियोग्यनपेक्षनिरुपणत्वमिति यावत्'[१७] अर्थात् भावत्वप्रकारकज्ञानत्वमेव

---

१३ कारिकावली का. स. १३

१४ किरणावली पृ. २१३

१५ सेतु पृ. ११४

१६ भास्कर पृ. ४९

१७ किरणावली पृ. ११६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधिमुखप्रत्ययत्वं विधिमुखप्रत्ययविषयत्व नाम भावत्वप्रकारकज्ञानविषयत्वं द्रव्यादिसमवायान्तरेषु प्रत्येकं पदार्थेषु भावत्वप्रकारकज्ञानविषयत्वस्य सत्वादभावपदार्थे च भावत्वप्रकारकज्ञानत्वस्य असत्वात् तच्च अस्तित्वं षण्णां पदार्थानां साधर्म्यमिति कथनेन न कुत्राऽपि अव्याप्त्यतिव्याप्ती। अस्तित्वपदार्थघटकभावत्वस्य यावत्कालपर्यन्तं बोधो न सम्भवति तावत्कालपर्यन्तमस्त्वित्वार्थस्य प्रत्ययो न भवति। यदि अस्तिपदस्य विद्यमानत्वविशिष्टार्थकत्वमभ्युपेयते तर्हि विद्यमानत्वप्रकारकज्ञानविषयत्वमेव अस्तित्वं स्यात्। यतो भूतले घटाभावो अस्ति विद्यते वा इत्यत्राकारकप्रतीतिः तादृशविषयत्वस्य विद्यमानत्वात् भवत्यभावे अतिव्याप्ति एव, एतदभिप्रायेण प्रकाशटीकाकार आह। नन्वस्तित्वमस्तीति वेद्यत्वं तदभावेऽप्यस्तीत्यत आह – 'विधिमुखप्रत्ययवेद्यत्वस्वरूपमभावेऽप्यस्तीत्यत आह।'[१८] अतएव तादृशातिव्याप्तेः परिहारार्थं विधिमुखप्रत्ययविषयत्वस्य साभिप्रायं प्रकटयति आचार्यः प्रतियोग्यानपेक्ष्यत्यादि एतादृशार्थकरणेऽपि प्रमेयत्वेन अभावो ज्ञायमानः प्रतियोग्यानपेक्षनिरूपण एव इति अतिव्याप्तिः तदपि चिन्तनीयमाचार्यप्रदर्शिताऽस्तित्वस्वरूपनिर्वचने यदि कथञ्चित् दोषः सम्भाव्यते तर्हि अस्त्वस्य किं स्वरूपं भवितुमर्हति ? इति जिज्ञासायां प्रकाशटीकाकारो भावत्वस्य अस्तित्वस्य अर्थं परिष्करोति 'असमवायित्वे गुणत्वशून्यत्वे च सति सकिल्पकमात्रविषयत्वं भावत्वम्'[१९] अर्थात् समवायभिन्नत्वं गुणत्वशून्यत्वं सविकल्पकाविषयत्वञ्च इति विशेषणत्रयेण विशेषितं भावत्वं पर्यवसितम्।

सन्दर्भग्रन्थसूची

१. अन्नंभट्टः, तर्कसंग्रहः, आलोकव्याख्यासहितः(द्वि.सं.), के.एस.वरदाचार्यः(व्या.), मैसुरु, (आर्षग्रन्थप्रकाशनम्, ई.सं.२००७)।

२. अन्नंभट्टः, तर्कसंग्रहः, व्याख्याचतुष्टयोपेतः, केदारनाथ त्रिपाठी (व्या.), दिल्ली, (मोतीलाल वनारसीदास, ई.सं. १९९९)।

३. उदयनाचार्यः, किरणावली, गौरीनाथ शास्त्री(सं.), वाराणसी, (सं.सं.वि. ई.सं. १९८०)।

४. गौतमः, न्यायदर्शनम्, भाष्य-वृत्तिसहितम्, आशुबोधः,नित्यबोधः(सं.), दिल्ली, (चौ.सं.प्र., ई.सं.१९८६)।

५. जयन्तभट्टः, न्यायमञ्जरी, गौरीनाथ शास्त्री(सं.), वाराणसी, (सं.सं.वि. ई.सं.१९८२)।

६. पाणिनिः, अष्टाध्यायी, शिवप्रसाद द्विवेदी(सं.), वाराणसी, (भारतीय विद्याप्रकाशन, ई.सं.१९९३)।

७. प्रशस्तपादाचार्यः, प्रशस्तपादभाष्यम्, हिन्दीव्याख्यासहितम्, दुर्गाधर झा (व्या.), वाराणसी,(सं.सं.वि.,ई.सं.१९९७)।

८. फणिभूषणतर्कवागीशः, न्यायपरिचयः, दिनेशचन्द्र गुहः(अनु.), वाराणसी, (चौखम्बाविद्याभवन, ई.सं.१९६८)।

९. माधवाचार्यः, सर्वदर्शनसंग्रहः, उमाशङ्करशर्मा(सं.), वाराणसी, (चौखम्बाविद्याभवन, ई.सं.१९८४)।

१०. मिश्रः केशवः, तर्कभाषा, हिन्दीव्याख्योपेता, गजानन शास्त्री'मुसलगाँवकर' (सं.), वाराणसी, (चौ.सु.भा., ई.सं.२००३)४.

११. वल्लभाचार्यः, न्यायलीलावती, हरिहर शास्त्री(सं.), वाराणसी, (चौ.सं.सी., ई.सं.१९९१)।

१२. विश्वनाथ'पञ्चानन'भट्टाचार्यः, न्यायसिद्धान्तमुक्तावली, किरणावलीसहिता, (ष.सं.) कृष्णवल्लभाचार्यः(व्या.), वाराणसी, (चौ.सं.सं., ई.सं.२००३)।

१३. शर्मा श्रीराम आचार्यः, न्याय एवं वैशेषिकदर्शनम्, हरिद्वार, (ब्रह्मवर्चस, ई.सं.२००२)।

१४. शर्मा हरिप्रसादः, गौतम स्थानेश्वरः, अनुसन्धान प्रकाशः, काठमाण्डू,(त्रिभुवन विश्वविद्यालय केन्द्रीय संस्कृत विद्यापीठ, वि.सं.२०४२)।

---

१८ प्रकाश पृ. १३८७-३८

१९ प्रकाश पृ. १३७ । ३८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अलङ्कारसौन्दर्यम् : सामान्यदिग्दर्शनम्

उपप्रा. विदुरवस्ती

अलङ्कारशास्त्रं कदा केन प्रथममाविष्कृतमिति निर्णेतुं न शक्यमस्माभिः। परन्तु प्रसिद्धेषु सर्वेषु अलङ्कारनिबन्धेषु कालिदासकृतेरुद्धरणात्कालिदासादुत्तरकाल एवास्य बाहुल्येन चर्चाजनीति संभाव्यते। वयं तु इत्थं संभावयामः- दण्डिना भामहेन वेदंशास्त्रं प्रथममाविष्कृतमिति स्वीकृतम्। ताभ्यां प्राक्तनस्यालङ्कारशास्त्रं निर्मातुरनुपलम्भात्। किं चाग्निपुराणे भगवता वेदव्यासेन सर्वस्यापि काव्यप्रपञ्चस्य प्रायशः कथनात्कालिदासात्पूर्वकालेऽप्यस्य चर्चा आसीदिति। तथाहि अग्निपुराणे [1]- स्यादावृत्तिरनुप्रासो वर्णानां पदवाक्ययोः इत्यादिना अनुप्रासादयः शब्दालंकाराः अलंकरणमभीनामर्थालङ्कार इष्यते। तं विना शब्दसौन्दर्यमपि नास्ति मनोहरम्। अर्थालङ्काररहिता विधवेव सरस्वती इत्युपक्रम्य यस्यामुपमानोपमेयोः सादृश्य सा उपमा अन्तरसामान्ययोगित्वेऽपि विवक्षितम्। किंचिदादाय सारूप्यं लोकयात्रा प्रवर्तते। इत्यादिना उपमादयोऽर्थालंकाराश्च लक्षिताः। तथा अग्निपुराणे [2] ३३७ अध्याये संक्षेपाद्वाक्यमिष्टार्थव्यवच्छिन्ना पदावली। काव्यं स्फुटदलङ्कारं गुणवद्दोषवर्जितम्। इत्यादिना काव्यस्यापि लक्षणमुक्तम्। एवं चास्यालङ्कारशास्त्र-स्याग्निपुराणं मूलमिति मन्तुं शक्यते।

दोषगुणादीनामपि निरूपणीयत्वेऽस्यालङ्कारनाम्नैव व्यवहारस्य बीजं वयं तत्त्वतो न विद्मः। परन्तु, अलङ्क्रियतेऽनेन इति करणव्युत्पत्त्याः निष्पन्नोऽलङ्कारशब्दोऽनुप्रासयमकोपमादिषु वर्तते। सोऽलङ्कारः दोषत्यागात् गुणालङ्कारयोर्ग्रहणाच्च कविना प्रयोक्तव्यो भवतीति विद्वांसः कथयन्ति। 'अलङ्कृतिरलङ्कारः' इति भावव्युत्पन्नोऽलङ्कारशब्दो दोषापगमगुणालङ्कार संवलनकृतसौन्दर्यपरः तत्प्रतिपादकत्वादेव काव्यशास्त्रस्यालङ्कारनाम्ना व्यपदेशो भवति। विषयस्यास्य साधकप्रमाणत्वेन वामनप्रतिपादितः सन्दर्भ उदाह्रियते- काव्यं ग्राह्यमलङ्कारात् सौन्दर्यमलङ्कारः (अलङ्कृतिरलङ्कारः) सदोषगुणालङ्कारहानोपादानाभ्याम्। [3] अलङ्काराणां काव्यव्यवहारप्रयोजकत्वं च मन्यते। काव्यवृत्तेस्तदाश्रयात्[4] इति ग्रन्थेन ध्वनिकारोक्तं काव्यप्रकाशस्य पञ्चमोल्लासे मम्मटभट्टैरेव प्रतिपादितं व्याख्यातञ्च तत्रैवोद्योतकारैः काव्यपदवृत्तेरित्यर्थः।

सालङ्कारत्वस्य काव्यलक्षणघटकत्वादिति भावः। यद्वा काव्यवृत्तेः काव्यनिष्पत्तेरित्यर्थः अलङ्कारकृत चारुत्वेनैव शब्दार्थयोः काव्यत्वनिर्वाहादिति भावः।

वस्तुतस्तु अलङ्कारशास्त्रमिति व्यपदेशे बीजं वयं तत्त्वत इत्थं विद्मः। तथाहि-ये दण्डि-भामह-भट्टोद्भट-रुद्रट-वामनान्ताः प्राञ्चोऽलङ्कारशास्त्रप्रणेतारो बभूवुस्तैर्ध्वन्यमानमर्थं वाच्योपकारकतयालङ्कारपक्षनिक्षिप्तं मन्यमानैः 'अलङ्कार एव काव्ये प्रधानम्' इति सिद्धान्तितम्। अतस्तदानीं प्राधान्येन व्यपदेशा भवन्ति[5] इति न्यायेन

---

1 मम्मटाचार्य- 'काव्यप्रकाशः' (बालवोधिन्याख्यटीकाकारः) भट्टवामनाचार्यः (भाण्डारकर इन्स्टिच्युट प्रथमसंस्करण सन् १९६५), पृ. १ प्रस्तावना

2 पूर्ववत्, पृ. २ प्रस्तावनायाम्।

3 वामनः

4 मम्मटः काव्याप्रकाश (व्याख्याकारः) आचार्य विश्वेश्वर (वाराणसीः ज्ञानमण्डल लिमिटेड, षष्टम संस्करण २०४२, पृष्ठ २१२
"व्यज्यते वस्तुमात्रेण यदाऽलङ्कृतयस्तदा।
ध्रुवं ध्वन्यङ्गता तासां काव्यवृत्तेस्ताश्रयात्॥"

5 मम्मटः पूर्ववत्, पृ. २०५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तच्छास्त्रस्यालङ्कारशास्त्रमिति व्यपदेशः स प्रमाण एवासीत्। ततस्तेभ्योऽर्वाचीनैः गूढविचारशालिभिरानन्दवर्द्धनाचार्यैर्ध्वन्यालोकाख्ये स्वप्रणीते प्रबन्धे[६] ध्वन्यमानस्यैवार्थस्य गुणालङ्कारोपस्कर्तव्यत्वेन प्राधान्ये संस्थापिते, अलङ्काराणां प्राधान्याभावेऽपि तत्प्रबन्धस्य प्राचीनव्यपदेशप्रणाल्यनुसारेणालङ्कार नाम्नैव व्यपदेशः प्रचरति स्म। ततो मम्मटभट्टेन स्वशास्त्रे अष्टमोल्लासे ये रसस्याङ्गिनो धर्माः सौर्यादय इवात्मनाः इत्यादिना शब्दार्थौ काव्यस्य शरीरं, गुणाः रसस्य साक्षादुत्कर्षकाः रसश्चात्मस्थानीयः[७] इति सिद्धान्तिततया रसः शरीरेष्वात्मवत्काव्ये प्राधान्येन स्थित इति प्रागुक्त न्यायेनास्य शास्त्रस्येदानीं यद्यपि रसशास्त्रमिति व्यपदेशोयुक्तः तथापि स एव प्राक् प्रचारमुपगतो व्यपदेशोऽद्यावधि तथैव प्रचरतीति।

सकलज्ञानविज्ञान मर्मज्ञाः लक्ष्यलक्षणशास्त्रपरिचिताः विद्वद्वरेण्याअलङ्कार-शब्दस्य प्रयोगं कुर्वन्ति स्म। कोऽयमलङ्कारः ? इति जिज्ञासायां काव्यसमीक्षैवा-लङ्काराः इति प्राक्तनोऽर्थः जायते। यतो हि काव्यसम्बन्धिन्यां चर्चायां संस्कृतसाहित्यजगतिभामहस्य काव्यालङ्कारः, दण्डिनः काव्यादर्शः, उद्भटस्य काव्यलङ्कारसारसङ्ग्रहः, वामनस्य काव्यालङ्कारसूत्रम्, रूद्रटस्य काव्यालङ्कारः, मम्मटस्य काव्यप्रकाशः, रुय्यकस्य अलङ्कारसर्वस्वम्, अप्पय्यदीक्षितस्य कुवलयानन्दः, विश्वनाथस्य साहित्यदर्पणः, पीयूषवर्षिजयदेवस्य चन्द्रालोकादयः भूयांशो ग्रन्थाः नाम्नैव प्रमुखाः दरीदृश्यन्ते।

काव्यशोभाकरत्वेनालङ्कारशब्दः प्रथमं तावत् समीचीन एव प्रतिभाति, परं कालान्तरे स तथा स्थानं न लभते। साहित्यसमीक्षकाणां दृष्टौ क्रमशः दृश्यतेऽलङ्कारवादिनां स्थानम्। आचार्यभामहादारभ्य पण्डितराजजगन्नाथ पर्यन्तमनेके विद्वांसः काव्यसमीक्षकाः सन्तीति तेषां ग्रन्थाननुसृत्य वक्तुं शक्यते- केचिद्देहवादिनः केचिच्चात्मवादिनः दृश्यन्ते। समयानन्तरमलङ्कारशब्दः काव्यसमीक्षार्थं विहाय केवलं अलङ्कृतिव्यवस्थायामेव यत्र वाच्यवाचकचारुत्वञ्च जायते तत्रैवाऽलङ्कार इति प्रसिद्धः।

काव्येष्वलङ्काराणां महत्त्वपूर्णं स्थानं वर्तते। यथा हारनूपुरकेयूरादयोऽलङ्काराः मानवशरीरशोभातिशायिनः शरीरिणमुपकुर्वन्ति, तथैवानुप्रासोपमादयोऽलङ्काराः शब्दार्थशरीरस्थ काव्यस्यात्मभूतं रसमुपकुर्वन्ति। कवीनां सूक्तयोऽलङ्कारादिभिः शोभन्ते। अलङ्कारेण चार्थौचित्यवता भाव्यमेव। कथितं चैतस्मिन् विषये—

अर्थौचित्यवता सूक्तिरलङ्कारेण शोभते।

पीनस्तनस्थितेनेव हारेण हरिणेक्षणा॥[८]

शब्दार्थयोः शोभातिशायिनोऽस्थिरा धर्मा एवालङ्काराः कथ्यन्ते।

शब्दार्थयोरस्थिरा ये धर्माः शोभातिशायिनः।

रसादीनुपकुर्वन्तोऽलङ्कारास्तेऽङ्गदादिवत्॥[९]

दण्डिनाऽपि तथैव व्यवहृतम्—[१०]

---

6 आनन्वर्द्धनाचार्यः 'ध्वन्यालोकः' (वाराणसीः चौखम्बा विद्याभवन, सन् १९९७, षष्ठ संस्करणं (व्याख्याकारः) जगन्नाथपाठक, पृ. ५००-५०६

7 मम्मट पूर्ववत्, पृ. ३८०-३८१

8 क्षेमेन्द्रः 'औचित्यविचारचर्चा'

9 विश्वनाथः 'साहित्यदर्पणम्' १०/१ (वाराणसीः चौखम्बा संस्कृत संस्थान, षष्टम संस्करणम्, वि.सं. २०५८, पृ. ६०५

10 आचार्यदण्डीः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काव्यशोभाकरान् धर्मानलङ्कारान् प्रचक्षते। अलङ्काररहितं काव्यं विद्वद्भिर्नाद्रियते–

न कान्तमपि निर्भूषं विभाति वनिताननाम्। इति कथनेन ज्ञायते यत्– सुन्दरमपि काव्यमलङ्काररहितमस्ति चेत् तन्न शोभते।

अङ्गीकरोति यः काव्यं शब्दार्थावनलङ्कृती।

असौ न मन्यते कस्मादनुष्णमनलङ्कृती॥ [११]

इति जयदेवोक्तवचनादपि काव्येऽलङ्काराणामहत्यावश्यकता भवतीति ज्ञायते। आनन्दवर्द्धनजगन्नाथयोरलङ्कारलक्षणं सामीप्यं प्रतिभाति–

अङ्गाश्रितास्त्वलङ्कारा मन्तव्या कटकादिवत्।

काव्यात्मनो व्यङ्ग्यस्य रमणीयता प्रयोजकाः अलङ्काराः। [१२]

अनेन ज्ञायते अलङ्कारसौन्दर्यं हारादिवत् प्रतिभाति। लौकिक कटककुण्डलादयोऽलङ्कारा यथा शरीरादिकं भूषयन्ति तथा काव्यागतानुप्रासादयः शब्दार्थरूपं बाह्य काव्यशरीरमेवालङ्कुर्वन्तीति न भ्रमितव्यम्, ते खलु काव्यात्मभूतरसमप्युपकुर्वन्ति, इत्यवश्यमस्ति तेन सम्बन्धः। यस्माद् हृदयप्रदेशात्काव्यमात्रस्योत्पत्तिर्भवति, तद् हृदयोल्लासादेवालङ्काराणाम् व्युत्पत्तिर्भवत्येव। स्त्रीणामपि भौतिकालङ्करणधारणे मानसिक एव उल्लासस्तिष्ठति, तदुल्लासभाव एव विधवा–नार्योऽलङ्कारधारणं न कुर्वन्ति। अत एव हृदयस्यौज उल्लासो वा अलङ्काराणां मूले माननीयो भविष्यति। तदित्थमलङ्कारसौन्दर्यं प्रमाणितं भवति। भावार्थकघञ् निष्पन्नेनालङ्कारशब्देन सौन्दर्यं बुध्यते, कारणार्थकघञ् निष्पन्नेन तु अनुप्रासोपमादयोऽलङ्कारा बोध्यन्ते। कर्त्रर्थकघञ्निष्पन्नेनापि तेन एवालङ्कार बोध्यन्ते। अलङ्कारकृतचारुत्वेनैव शब्दार्थयोः काव्यत्वनिर्वाहा भवति। अलङ्कारत्वञ्च रसादिभिन्नव्यङ्ग्यभिन्नत्वे सति शब्दार्थान्यतरनिष्ठा या विषयतासा चमत्कृतिराहित्यं भवति। सौन्दर्यमवलम्बितमलकारः शब्दार्थयोर्ज्ञाननिष्ठाचमत्कृतिं चूडान्तगामी कारयति। अलङ्कारमूलकस्य सौन्दर्यस्य न कोऽपि निश्चितमापदण्डः, तत्तु प्रतिभावतः कवेः विवेकवतस्स्मालोचकस्य कल्पनाशील मनस एवोद्भावनास्ति[१३]। फलितार्थश्चालङ्कारस्य सारतत्त्वं चमत्कार एव भवति। अत एव विभिन्नकालेषु काव्यशास्त्रीयरस–अलङ्कार–रीति–ध्वनि–वक्रोक्तिप्रभृतेः प्रकाशो विकासश्चाप्य–वलोक्यते। स्वस्वकालेषु सर्वेषां सम्प्रदायानां स्व–स्व विशेषताऽऽसीत्।

---

11 जयदेवः, चन्द्रालोकः, पूर्ववत्

12 आनन्दवर्द्धनः पूर्ववत्, पृ. २१६

13 जगदीशचन्द्रमिश्रः, अलङ्कारशास्त्रस्येतिहासः, वाराणसी, चौखम्बा सुरभारती प्रकाशन, प्र.सं. १९८६, पृ. ११६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्शगुरुको स्वरूप र उनको ईश्वरसँग तादात्म्य

प्रा. माधवराज गौतम

१ आरम्भ– पारिभाषिक रूपमा गायत्रीमन्त्रको उपदेश दिने एवं वेद अध्यापन गराउनेलाई गुरु[1] भनिए तापनि यस गुरुशब्दको अर्थ र क्षेत्र अत्यन्त विशाल छ। व्यापक अर्थमा यसले व्यक्तिमात्र नभएर वस्तुलाई पनि बोध गराउन सक्दछ। जसबाट कसैले केही सिक्दछ, त्यो गुरु हो। भनिन्छ दत्तात्रेयका चौबीस गुरुहरू थिए। त्यस सूचीमा पशु पंछीको पनि उल्लेख रहेको छ। गुरुको पारिभाषिक व्याख्यापछि मनुको स्पष्ट धारणा छ– कसैलाई प्राप्त ज्ञान राशिमा स्वल्प योगदान गर्नेलाई पनि गुरु मान्नु पर्दछ।[2] यस सन्दर्भमा उनले विद्या गुरुका बारेमा पनि उल्लेख गरेका छन्। गुरुका सन्दर्भमा चरकले एउटा रोचक प्रसङ्ग उठाएका छन्। बुद्धिमान्का लागि संसार नै गुरु हो भने बुद्धिहीन व्यक्तिले सम्पूर्ण संसारलाई शत्रुको दृष्टिले देख्दछ।[3] प्राचीन संस्कृत साहित्यमा लौकिक ज्ञान दिने सामान्य श्रेणीका गुरुहरूका बारेमा सुन्दर सूक्तिहरू प्रचूरमात्रामा प्रयोग भएको पाइन्छ। जसलाई मनुले विद्यागुरु भनेका छन्।

२. अध्यात्म गुरु– यी सधारण गुरु या लौकिक गुरुहरूको विपरीत आध्यात्मिक गुरुहरूको पनि एउटा अलग श्रेणी रहेको छ। आध्यात्मिक गुरु अपूर्व चमत्कार हुन्। आध्यात्मिक गुरुको दिव्य महिमालाई एक पद्यको सीमामा समेट्ने कोशिश गर्दै शङ्कराचार्य भन्दछन्– सद्गुरु (आध्यात्मिक गुरु) को महिमा शब्दमा वर्णन गर्न संभव छैन। त्यस्ता गुरुहरूले चामत्कारिक कार्यहरू गर्दछन्। आफ्नो रहस्यमय आध्यात्मिक स्पर्शबाट कुनै जडबुद्धि या मूर्खलाई पनि सन्त बनाइदिन्छन्। यसलाई साधारण शब्दमा व्यक्त गर्न सकिँदैन। दुर्भाग्य नै भन्नुपर्छ, यस विशाल संसारमा आफ्ना शिष्यलाई रूपान्तरित गर्ने आश्चर्यजनक प्रवृत्तिका साथ कुनै वस्तुलाई तुलना गर्द सकिँदैन। आचार्य शङ्करको कवित्त्व शक्तिले तत्काल यसमा हस्तक्षेप गर्दै यसको उपमानको रूपमा पारसमणिलाई अगाडि सार्दछ। यसको सटीक उपमान पारसमणि हुन सक्दछ। फलाम जस्तो सामान्य धातुलाई, यसले शुद्ध सुन बनाइदिन्छ। जुन स्वरूपपरिवर्तनको दृष्टिबाट अत्यन्त आश्चर्यजनक एवं चामत्कारिक कार्य हो। तर आचार्य शङ्करको दार्शनिक दृष्टिकोणले यसको तत्काल प्रतिवाद गर्दै पारसमणि आध्यात्मिक गुरुको उपमान हुन नसक्ने तर्क प्रस्तुत गर्दछ। जसरी गुरुले आफ्ना शिष्यलाई आफूसमान सर्वगुणसम्पन्न ढाँचामा ढालेर एकाकार गराउनुका साथै आफूजस्तै स्वरूप परिवर्तन गर्न सक्ने अन्तहीन (निरवधिक) शृङ्खलाका रूपमा परिणत गरिदिन्छन्, त्यस्तो सामर्थ्य पारसमणिमा रहेको छैन। पारसमणिले फलामलाई स्वर्णमा परिवर्तन गरे पनि परिवर्तित स्वर्णले अर्को फलामलाई स्वर्ण बनाउने सामर्थ्य राख्दैन। यसको विपरीत सद्गुरुद्वारा रूपान्तरित शिष्य, आफू समान अरू शिष्यहरूलाई पनि रूपान्तरण गर्न सक्षम हुन्छन्। यही नै यी दुई तत्त्वमा रहेको अन्तर हो। यसरी आचार्य शङ्करका आदर्श सद्गुरु अनुपम र अलौकिक प्रमाणित हुन जान्छन्।[4]

यस पद्यमा गुरुभक्ति समुल्लासको आनन्द समाधिमा आफ्नो अन्तरात्मालाई प्रवाहित गर्ने एक जन्मजात गुरुभक्तको मर्मस्पर्शी भावना उद्रेकको सहज स्वतः प्रसूत प्रवाह छ। अर्को शब्दमा भन्दा गुरुका प्रति आध्यात्मिक श्रद्धाका कारण उत्पन्न भक्ति कविताका रूपमा प्रस्फुटित भएको छ। यसलाई 'गुरौ श्रद्धासमुद्रिक्ता भक्तिः श्लोकत्वमागता।' भन्न सकिन्छ।

---

१. स गुरुर्यः क्रियाः कृत्वा वेदमस्मै प्रयच्छति। उपनीयो वदेद् वेदमाचार्यः स उदाहृतः ॥–याज्ञवल्क्य स्मृति १/३४

२. अल्पं वा बहु वा यस्य श्रुतस्योपकरोति यः। तमपीह गुरुं विद्याच्छ्रुतोपक्रियया तया ॥–मनुस्मृति २/१४९

३. चरक संहिता– सूत्रस्थान।

४. दृष्यन्तो नैव दृष्टस्त्रिभुवनजठरे सद्गुरोर्ज्ञानदातुः, स्पर्शश्चेत्तत्र कल्प्यः स नयति यदहो स्वर्णतामश्मसारम्। न स्पर्शस्त्वं तथापि श्रितचरणयुगे सद्गुरुः स्वीयशिष्ये, स्वीयं साम्यं विधत्ते भवति निरुपमस्तेन वाऽलौकिकोऽपि ॥–आचार्य शङ्कर रचित, शतश्लोकी १

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुहरूका पनि गुरु आद्यशङ्कराचार्य महान् गुरुभक्त थिए। यो कुरा आफ्ना परमगुरुको माण्डूक्य कारिकाको भाष्यमा सुन्दर दुई श्लोकको माध्यमबाट आफ्ना गुरु र परमगुरुप्रति उनको प्रगाढ भक्तिको प्रभावशाली अभिव्यक्ति प्रस्फुटित भएको छ। उनले आफ्ना चेतनाका समस्त भावहरूद्वारा आफ्ना गुरुका पावन चरणमा नमस्कार गर्दै यिनै चरणहरूले आफूलाई जन्म-मरणको भयबाट बचाएको कुरा उल्लेख गरेका छन्। आफ्ना गुरुका महिमाको वर्णन गर्दै उनी भन्छन्- गुरुले नै आफ्नो साक्षात्कारात्मक अनुभूतिको प्रकाशद्वारा आत्मामा रहेको अज्ञानको अन्धकारलाई हटाएर जन्म-मरणचक्रको भयङ्कर सागरबाट उद्धार गरेका हुन्। साथै उनले आफ्ना चरणहरूमा आश्रित शिष्यहरूलाई अपूर्व अन्तर्मुखी अनुभूति, मानसिक शान्ति एवं अनुशासित विनयको आशीर्वादबाट पनि अनुगृहीत गरे।[५]

यस सन्दर्भमा स्वयं आचार्य शङ्करका शिष्यहरूले पनि उनलाई परमगुरुभक्त भनी प्रमाणित गरेको कुरा विशेष उल्लेखनीय हुन आउँछ। आफ्ना गुरु आचार्य शङ्करलाई नमस्कार गर्दै शिष्य सुरेश्वराचार्यले उनलाई आफ्ना गुरुहरूप्रति महती श्रद्धा राख्ने तथा सदैव उनका मार्गमा नै चल्ने शिष्य भनेर उल्लेख गरेका छन्।[६]

३. गुरुको ईश्वरका साथ तादात्म्य- आध्यात्मिक गुरुको रहस्यात्मक अवधारणामा शिष्यले आफ्ना गुरुलाई केवल एक साधारण मनुष्यको रूपमा नेदेखेर गुरुका रूपमा अवतरित ईश्वर संझिनुका साथै उनको मर्त्य पार्थिव शरीरलाई आफ्ना इष्टदेवताका रूपमा मनमा एकाकार गराउनु नै यसको अत्यन्त विलक्षण एवं महत्त्वपूर्ण पक्ष हो। गुरुप्रति यस्तो असाधारण श्रद्धा विना साधकले कुनै आध्यात्मिक प्रगति र सिद्धि प्राप्त गर्न सक्दैन। त्यसैले ध्यानका मूलका रूपमा गुरुको मूर्ति, पूजाका मूलका रूपमा उनका चरण, मन्त्रका मूलका रूपमा उनका उपदेश र मोक्षका मूलका (आधारका) रूपमा उनका कृपालाई स्वीकार गरिएको छ।[७] यिनै कुराहरूलाई दृष्टिगत गरी गुरुलाई सामान्य मानव मान्न निषेध गरिएको छ।[८] विभिन्न प्राचीन ग्रन्थहरूले गुरुतत्त्वसम्बन्धी यस अवधारणालाई केन्द्रमा राखी यस तथ्यलाई अनेक रूपमा उपस्थापित गरेका छन्। सर्वप्रथम यस तथ्यतर्फ संकेत गर्ने प्राचीनतम ग्रन्थ श्वेताश्वतरोपनिषद् हो। ब्रह्मज्ञानको सैद्धान्तिक एवं व्यावहारिक पक्षहरूमा विस्तारपूर्वक विमर्श पश्चात् आध्यात्मिक यात्रा सफलतापूर्वक सम्पन्न गर्न ईश्वरप्रति भक्ति र गुरुप्रति समर्पणभावको आवश्यकतालाई रेखाङ्कित गर्दै उपनिषद्को निष्कर्ष छ- ईश्वरप्रति स्वयंलाई समर्पित गर्ने पराकाष्ठाको भक्तिसमान गुरुप्रति पनि पराभक्ति राख्ने व्यक्तिले नै यस ग्रन्थमा प्रतिपादित उदात्त सत्यलाई संझन र साक्षात्कार गर्न सक्दछ। यस्ता महात्माका अन्तश्चेतनाका समक्ष उपनिषद्मा वर्णित सम्पूर्ण रहस्यात्मक सत्यहरू स्वतः प्रभासित हुन्छन्।[९] त्यसैले गुरुलाई अज्ञानरूपी अन्धकारले ग्रस्त अन्धाका आँखालाई तत्त्वज्ञानरूपी गाजल (सुरमा) को ज्योतिले (ज्ञानाञ्जनशलाका) खोल्ने तत्त्वका रूपमा परिभाषित गरिएको छ।[१०] यस गुरुतत्त्वलाई ब्रह्मानन्दमय, सर्वोत्तम सुखदिने, विशुद्धज्ञानमूर्ति, सबै प्रकारका द्वन्द्वबाट रहित, सबै प्राणीका बुद्धिको साक्षीभूत, सबै भाव र त्रिगुणबाट अतीत, तत्त्वमसि आदि महावाक्यहरूको चरमलक्ष्यार्थभूत, नित्य, निर्मल अद्वैततत्त्वका साथ समीकरण गरेर प्रस्तुत गरिएको छ।[११] यसैगरी गुरुलाई जगन्माता

---

५. यत् प्रज्ञालोकभासा प्रतिहतिमगमत् स्वान्तमोहान्धकारो मज्जन्मजंश्च घोरे ह्यसकृदुपजनोदन्वति त्रासते मे।
यत्पादाश्रितानां श्रुतिशमविनयप्राप्तिरग्र्या ह्यमोघा तत् पादौ पावनीयौ भवभयविनुदौ सर्वभावैर्नमस्ये॥-आचार्य शङ्कर, माण्डूक्य कारिकाभाष्य।

६. गुरवोऽनुवृत्तगुरवः। - सुरेश्वराचार्य

७. ध्यानमूलं गुरोर्मूर्तिः पूजामूलं गुरोः पदम्। मन्त्रमूलं गुरोर्वाक्यं मोक्षमूलं गुरोः कृपा॥-गुरुगीता ७६

८. गुरुं न मर्त्यं ध्यायेत यदि बुद्धयेत तस्य तु। न कदाचिद् भवेत्सिद्धिर्न मन्त्रैर्देवपूजनैः॥-नित्यातन्त्र, वाचस्पत्यम्बाट उद्धृत।

९. यस्य देवे पराभक्तिर्यथादेवे तथा गुरौ। तस्मै ते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः॥-श्वेताश्वतरोपनिषद् ६/२३

१०. अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया। चक्षुरुन्मीलितं येन तस्मै श्रीगुरवे नमः॥- गुरुगीता ३४

११. ब्रह्मानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिं, द्वन्द्वातीतं गगनसदृशं तत्त्वमस्यादिलक्ष्यम्।
एकं नित्यं विमलमचलं सर्वदा साक्षीभूतं, भावातीतं त्रिगुणरहितं सद्गुरुं तं नमामि॥- गुरुगीता ८९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देवीको शरीरधारी रूप मानिएको छ।[१२] देवी जगन्माताको यो तादात्म्यभाव प्रत्यक्ष गुरुका साथै सम्पूर्ण पूर्वगामी गुरुपरम्परामा परिव्याप्त भएर रहेको कुरा उल्लेख गर्दै भास्करायले भगवान् शिवदेखि प्रत्यक्षगुरुसम्मका समस्त गुरु पङ्क्तिहरूको समष्टिलाई माताका स्वरूपको रहस्यात्मक रूपायन मानेका छन्। जगन्माताका स्वरूपको यो रहस्य गुरुहरूको यस अविच्छिन्न परम्परामा नै सुरक्षित रहेको छ र यो रहस्य ग्रन्थको माध्यमबाट कहिल्यै पनि प्रसारित गरिएन।[१३] योगिनीहृदयको वचनले पनि यसैलाई समर्थन गर्दछ।[१४]

भास्करायले एक अर्को प्रसङ्गमा यस तादात्म्यलाई नवीन र रोचक शैलीमा प्रस्तुत गरेका छन्। सुन्दरीतापनीयको श्लोक उद्धृत गर्दै उनको कथन छ– जसरी घट, कलश एवं कुम्भ यी सबै शब्दहरू एकै वस्तु घडाका वाचक हुन्, त्यसैगरी गुरु, देवता तथा मन्त्र यी सबै शब्दहरू पनि पर्यायवाची हुनुका साथै एकै वस्तुका बोधक हुन्।[१५] यही नै तादात्म्यको पनि तात्पर्य हो।

४. निष्कर्ष– सारांशमा भन्दा सत्यका सबै स्तरको बौद्धिकबोध र तात्त्विक साक्षात्कारका लागि गुरुको अवधारणा आधारभूत तत्त्वका रूपमा रहेको छ। यस अर्थमा सर्वोच्च रहस्यको परमज्ञान दिने गुरु नै एकमात्र सद्गुरु हुन्, अन्य सबै गुरुहरू दाक्षिण्यबाट अर्थात् शिष्टाचारवश (Courtesy) गुरु भनिएका हुन्। ती सबै तलका विद्यागुरुका श्रेणीमा आउँछन्। पारमार्थिक गुरुले त मौनको माध्यमबाट शिक्षा दिन्छन्।

अन्तमा गुरुको आध्यात्मिक अवधारणा र त्यसको महिमालाई सुस्पष्ट गर्ने एवं प्रायशः सबै हिन्दुहरूद्वारा पाठ गरिने गुरुगीताको सुपरिचित पद्य, जसले ब्रह्मा, विष्णु, शिव एवं परब्रह्मका साथ गुरुको साम्य उल्लेख गरी सगुणब्रह्मदेखि निर्गुणब्रह्मसम्मका भावहरूलाई समेटेर गुरुको क्रमिक समीकरण प्रस्तुत गर्दछ, लाई उद्धृत गर्दै यस लेखलाई यहीँ विराम दिने अनुमति चाहन्छु।

गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः।
गुरुः साक्षात् परं ब्रह्म तस्मै श्रीगुरवे नमः॥

सन्दर्भग्रन्थसूची

१. Radhakrishnan S. The Principal Upanishads. Harper Collins Publishers, India Pvt, Ltd. 1998

२. Minor works of sri Shankaracharya, Edited by Bhagavat H.R. Oriental Book Agency, 15 Shukrawar Poona 2, India 2nd Ed. 1952.

३. भास्करराय भारती दीक्षित व्यक्तित्व एवं कृतित्व प्रणेता एवं सम्पादक –आचार्य बटुकनाथ शास्त्री खिस्ते, सम्पूर्णनन्द संस्कृत विश्वविद्यालय, वाराणसी, सन् १९९३

४. ललितासहस्रनाम (सौभाग्यभास्कर टीका सहित) द्वितीय संस्करण निर्वाणसार प्रेस, मुम्बई, सन् १९१९

५. शास्त्री, जगदीशलाल (सम्पादक), मनुस्मृति, मोतीलाल बनारसीदास, सन् २००३

६. स्वामी, नित्यानन्द (सम्पादक/प्रकाशक) गुरुगीता (स्कन्दपुराण)

---

१२. गुरुरेव मूर्तिः = शरीरं यस्याः। ललितासहस्रनामको सौभाग्यभास्करटीकाबाट।

१३. गुरवः परमशिवादि–स्वगुरुपर्यन्ताः, तेषां मण्डलं परम्परा, सैव रूपं =निरूपणमस्याः।
अविच्छिन्नगुरुपारम्पर्यक्रमादागतमिदं रहस्यं, न तु पुस्तके विलिखित इति भावः।–ललितासहस्रनामको गुरुमण्डल– रूपिणीको सौभाग्यभास्करबाट।

१४. कर्णात्कर्णोपदेशेन सम्प्राप्तमवनीतलम्।– योगिनीहृदय सौभाग्यभास्करटीकाबाट।

१५. यथा घटश्च कलशः कुम्भश्चैकार्थ वाचकाः।
तथा मन्त्रो देवता च गुरुश्चैकार्थवाचकाः॥–सौभाग्यभास्कर गुरुमूर्तिः शब्दको व्याख्याबाट।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पाण्डुलिपिसम्पादन पद्धति

प्रा. डा. वेणीमाधव ढकाल

नेपालमा रहेका पुस्तकालय, व्यक्तिगत सङ्ग्रहालय र राष्ट्रिय अभिलेखालयमा उपलब्ध प्राचीन हस्तलेखहरूको सङ्ख्या ८४ हजारभन्दा बढी रहेको तथ्य खुल्न आएको छ। तीमध्ये केहीमात्र सम्पादित र प्रकाशित छन्। अरू महत्त्वपूर्ण ग्रन्थहरूको छनोट गरी सम्पादन र प्रकाशन गर्नु राष्ट्रिय गौरववृद्धि एवं संस्कृतको समुन्नति– यी दुवै दृष्टिबाट महत्त्वपूर्ण कार्य हो। नेपालमा रहेका हस्तलेखहरूको सम्पादन र प्रकाशनको महत्त्वबोध गरी अहिले बृहत्तररूपमा ग्रन्थसम्पादन कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ। ग्रन्थसम्पादन गर्दा सम्पादकहरूले व्यहोर्नुपर्ने समस्या र समाधानका उपायबारे दिङ्निर्देश गर्नु सान्दर्भिक भएकाले सम्पादनसम्बन्धी यस आलेखमा वैदिककालदेखि वर्तमानकालसम्मको लिपि एवं लेखन, पुस्तक, ग्रन्थ एवं पाण्डुलिपि, ग्रन्थसम्पादनको महत्त्व, ग्रन्थसम्पादनका समस्या र समाधान, ने. सं. वि. को ग्रन्थसम्पादन कार्यक्रममा उत्कर्षविधानजस्ता शीर्षकहरूमा केन्द्रित रहेर विचार प्रस्तुत गरिन्छ।

१. वैदिककालमा लिपि एवं लेखन– वैदिककालमा पनि अक्षरलेखनका लागि लिपिको अस्तित्व भएको तथ्य प्रमाणित भएको छ। अथर्ववेद आदि संहिताहरूमा लेखनको अर्थ द्योतन गर्ने लिख् धातुका अनेक रूपको प्रयोग पाइन्छ। लेखनक्रियामा पहिले रेखा कोरिन्थ्यो, त्यसपछि ती रेखालाई विभिन्न रङ्गका द्रव्यहरूको लेपन गरेर सजाइन्थ्यो। यसो भएर नै लोकव्यवहारमा लिपि र वर्णशब्दको प्रचलन भयो।

पाणिनिले दिवाविभानिशा. यस सूत्रमा लेखनकार्य गर्ने अर्थमा लिपिकर शब्दको प्रयोग गरेका छन्। सम्राट् अशोकद्वारा थापिएका अभिलेखहरूका लागि धर्मलिपि शब्दको प्रयोग गरिन्थ्यो। कौटिल्यले आफ्नो अर्थशास्त्रमा लिपिशब्दको प्रयोग गरेका छन्। वात्स्यायनले पनि कामसूत्रमा लेखनको विषयमा सङ्केत गरेका छन्।

यद्यपि ग्रन्थलेखन कार्य वैदिककालदेखि नै आरम्भ भएको हो तापनि ईशवीय सन् अरम्भ हुनुभन्दा पहिलेका हस्तलेखहरू आज उपलब्ध छैनन्। दोस्रो शताब्दीमा लेखिएको धम्मपदको हस्तलेख र शारदा लिपिमा लेखिएको गणितसम्बन्धी ग्रन्थ अहिले सर्वप्राचीन हस्तलेखका रूपमा चर्चित छन्। भारतमा लाखौंको सङ्ख्यामा रहे पनि पाकिस्तानको उत्तरी भागका गुफाहरूमा लेखिएका हस्तलेखहरू भारतमा प्राप्त हुने अभिलेखहरूभन्दा प्राचीन मानिन्छन्। पाकिस्तान, नेपाल, चीन, जापान र तिब्बतमा पनि भारतमा प्राप्त हस्तलेखभन्दा अझ प्राचीन हस्तलेख प्राप्त भएका छन्। राहुल सांकृत्यायनले नेपाल, पाकिस्तान आदि देशहरूबाट नै प्राचीन एवं दुर्लभ हस्तलेखहरूको सङ्ग्रह गरेका थिए। नेपाल त त्यस्ता हस्तलेखहरूको भण्डार नै मानिन्छ।

२. पुस्तक, ग्रन्थ अथवा पाण्डुलिपि–शिलापत्र, ताम्रपत्र, भोजपत्र, ताडपत्र, काष्ठपट्टिका, कागज आदि आधारमा लिपिको प्रयोग गर्दा लिखित सामग्रीको सङ्ग्रहलाई पहिले पुस्तकशब्दले व्यवहार गने प्रचलन थियो। पाणिनिले आफ्नो धातुपाठमा उक्त अर्थ बताउने पुस्त धातुको प्रयोग गरेका छन्। कागज आदि आधारमा लेखिएका लिपिपत्रहरूलाई एक–एक गरी धागोले उनेर गुम्फन गरिएको कारणबाट त्यस्ता पुस्तकहरूको नाम ग्रन्थ रहन गएको हो।

ऋग्वेद आदि प्राचीन वाङ्मयमा ग्रन्थशब्दको सोझै प्रयोग नपाइए तापनि ग्रन्थिनी शब्दको प्रयोग पाइन्छ। उपनिषद्हरूमा भने ग्रन्थशब्दका अनेक प्रयोग पाइन्छन्। एतावता, पत्रहरूको सन्धानलाई पुस्तक र त्यस्ता पत्रको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
सङ्ग्रहलाई धागोद्वारा उनिँदा ग्रन्थ भनिने कुरा स्पष्ट हुनआउँछ। पुस्तकका नामबाट चिनिने त्यस्ता हस्तलेखहरूका पाँच भेदहरूको प्राचीन ग्रन्थहरूमा चर्चा भएको छ–

१. गण्डी– गण्डी शीर्षकबाट चिनिने पुस्तक विस्तार र स्थूलताका दृष्टिले समान आकारका हुने गर्दछन्।

२. कच्छपी– कच्छपी शीर्षकबाट सम्बोधन गरिने पुस्तकहरू कछुवाको आकारका हुन्छन्।

३. वृत्ताकार– गोलाकार पुस्तकलाई वृत्ताकार भनिन्छ।

४. सम्पुटक– आरम्भ र अन्त्यमा दुवैतिर मोटो काठको पट्टाद्वारा सम्पुटित गरिने पुस्तकलाई सम्पुटक भनिन्छ।

५. सृपाटिका– लम्बाइ अधिक र चौडाइ कम भएको पुस्तकलाई सृपाटिका भनिन्छ।

भोजपत्र, ताडपत्र आदिमा लेखिएका पुस्तकका ती भेदहरू आज पनि प्राचीन हस्तलेख सङ्ग्रहालयहरूमा प्राप्त गर्न सकिन्छ। ग्रन्थसम्पादन जगत्मा अकारादि वर्णमालालाई मातृका भनिन्छ। सम्पूर्ण वाङ्मय वर्णहरूमै आश्रित हुने हुनाले वर्णमालालाई मातृका भन्नु स्वाभाविक नै हो। अहिले आएर मूल हस्तलेख र त्यसका प्रतिलिपिहरूलाई समेत मातृका नै भन्ने गरिएको छ।

याज्ञवल्क्यस्मृतिको मिताक्षरा टीकामा पाण्डुलेख शब्दको प्रयोग भएको छ। पहिले–पहिले काष्ठपट्टिकामा खरीद्वारा विषयवस्तु लेख्ने काम हुन्थ्यो। लेखिएको विषयवस्तुको विश्लेषण गरी प्रमाणित भएका महत्त्वपूर्ण तथ्यलाई सेतो खरीले चिह्नित गरेर ताडपत्र अथवा भोजपत्रमा सार्ने काम हुन्थ्यो। सेतो खरीले विषयवस्तुलाई चिह्नित गरेका कारण त्यस्ता लिपिहरूलाई पाण्डुलिपि भन्ने गरियो। त्यो पाण्डुलिपि शब्द नै पछि गएर हस्तलेख/पाण्डुपुस्तक/ग्रन्थ आदिको वाचक पनि भयो।

३. नेपालका महत्त्वपूर्ण पाण्डुलिपि– विभिन्न लिपिहरूमा लेखिएका हस्तलेख/पाण्डुलिपि अथवा पाण्डुग्रन्थ अनेक देशका पुस्तकालयहरूमा सुरक्षित छन्। नेपालका राष्ट्रिय अभिलेखालय एवं अनेक ग्रन्थागारहरूमा संसारमा कहीँ नपाइने दुर्लभ पाण्डुलिपिहरू रहेको तथ्य विद्वान्हरूबाट छिपेको छैन। वैदिकवाङ्मय, तन्त्रवाङ्मय, धर्मशास्त्र, वेदाङ्ग, दर्शन, पुराण, काव्य, नाटक, नीतिशास्त्र, आयुर्वेद, धनुर्वेद, राजनीतिशास्त्र, सङ्गीतशास्त्र, अर्थशास्त्र, प्राणीशास्त्र, वास्तुविद्या, कामशास्त्र, बौद्धदर्शन, बौद्धतन्त्र, बौद्धकर्मकाण्डजस्ता विषयमा आधारित ती हस्तलेखहरू हजारौंको सङ्ख्यामा छन्। तिनमा पनि विशेषतः ज्योतिष, आयुर्वेद, तन्त्र र बौद्धदर्शनसँग सम्बद्ध हस्तलेखहरूको बाहुल्य रहेको छ। ती हस्तलेखहरूमध्ये केहीमात्रको सम्पादन र प्रकाशन हुनसकेको छ। शिलापत्र, ताम्रपत्र, धातुपटल, भोजपत्र, काष्ठपट्टिका, वस्त्रखण्ड र कागजमा आधारित ती पाण्डुलिपि ब्राह्मी, खरोष्ट्री, पूर्वलिच्छवि, उत्तरलिच्छवि, शारदा, देवनागरी, मैथिली, वङ्गाली, सिंहली, नेवारी, रञ्जना, लितुमोल, क्वेमोल आदि लिपि र संस्कृत, पालि, प्राकृत, नेपाली, नेवारी आदि भाषामा लेखिएका छन्।

अन्यत्र दुर्लभ तर नेपालमा सुलभ पाण्डुलिपिहरूको सङ्ख्या पनि उल्लेखनीय छ। त्यस्ता दुर्लभ हस्तलेखमध्ये वैदिक वाङ्मयमा श्रौतसूत्र, गृहसूत्र आदिसँग सम्बद्ध हस्तलेख, राज्याभिषेक आदि कर्मकाण्डसँग सम्बद्ध हस्तलेख, व्याकरणमा परिभाषाप्रदीपार्चि, प्राचीनतम अष्टाध्यायी, उदयसारद्वारा प्रणीत भाषावृत्तिको सर्वप्रथम टीका, उदयङ्करको मितवृत्यर्थसङ्ग्रह, चन्द्रमती टीकायुक्त चान्द्रव्याकरण नेपालमा मात्र सुरक्षित छन्।

विष्णुधर्मपुराण, स्कन्दपुराणको अम्बिकाखण्ड, महाभारतको सबभन्दा प्राचीन पाण्डुलिपिका साथै बाह्रौं शताब्दीमा लेखिएको महाभारतको विषमपदभञ्जिका टीका पनि उत्तिकै महत्त्वपूर्ण छन्। योगदर्शनमा मैथिल पण्डितको योगसूत्र व्याख्या र नागार्जुनको योगशतक दुर्लभ हस्तलेख मानिन्छन्। प्रतिमालक्षणसारसमुच्चय अन्यत्र दुर्लभ तर नेपालमा सुरक्षित वास्तुशास्त्रीय हस्तलेख हो। यसको प्रकाशन पहिले नेपालबाट र त्यसपछि जापानबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भइसकेको छ। नेपालमा मात्र सुरक्षित रहेको काश्यपसंहिता आयुर्वेदको अर्को महत्त्वपूर्ण पाण्डुलिपि हो। विद्वच्छिरोमणि हेमराज पाण्डेयद्वारा सम्पादित भई यो पाण्डुलिपि विस्तृत भूमिकाका साथ बम्बईबाट प्रकाशित भएको छ। यसैगरी आयुर्वेदका सौश्रुतनिघण्टु, सिद्धसारसंहिताजस्ता हस्तलेख ग्रन्थहरू नेपालमा मात्र उपलब्ध छन्।

त्यस्तै, धर्मशास्त्रको नारदीयसंहिता र ज्यौतिष विषयका यवनजातक, भारद्वाजजातक, सुमतितन्त्रका साथै वेदाङ्गज्यौतिषसम्बन्धी हस्तलेख पनि नेपालमा मात्र सुरक्षित छन्। काव्यप्रकाशको सर्वप्राचीन टीका, नाट्यशास्त्र, अश्वघोषको सौन्दरनन्द, सागरनन्दीको नाटकलक्षणरत्नकोश, शुकसप्तति, संस्कृतमञ्जरी, सर्वरक्षितको महासंवर्तनी कथा, नागार्जुनको रत्नावली, रघुवंशमहाकाव्यको वल्लभनामक सर्वप्राचीन टीका, अमरकोशको ज्ञानरूप टीका र मधुमाधवीटीकाजस्ता साहित्यसँग सम्बद्ध दुर्लभ हस्तलेख नेपालमा मात्र पाइन्छन् भने सङ्गीतशास्त्रमा अन्यत्र कतै पनि नपाइने सङ्गीतचन्द्रनामक पाण्डुलिपि नेवारीटीकासहित यहीँ उपलब्ध छ।

यसैगरी वैष्णवागमको जयसंहिता, सौरतन्त्रको प्रतिपादक सौरसंहिताको प्राचीन पाण्डुलिपि, जयद्रथयामल, ब्रह्मयामल, कुब्जिकामत, कालोत्तरतन्त्र, निःश्वासतन्त्रजस्ता तन्त्रसम्बन्धी अनेक दुर्लभ पाण्डुपुस्तक नेपालमा मात्र पाइन्छन्। बौद्धवाङ्मयका अभिसमयालङ्कारको आलोकटीका, धारिणीसङ्ग्रह, शतसाहस्रिका प्रज्ञापारमिता, पञ्चविंशतिसाहस्रिका प्रज्ञापारमिता, कारण्डव्यूहमहायानसूत्रराज, वज्रयानी विनय, पालिभाषाविनय, निष्पन्नयोगावली, विचित्रकर्णिकावदान, हरिभट्ट र गोपभट्टको जातकमाला, पद्मसम्भवका अनेक ग्रन्थ, कमलशीलरचित अनेक ग्रन्थ र महायानसम्प्रदायका दुर्लभ हस्तलेख नेपालमा सुरक्षित छन्।

४. ग्रन्थसम्पादनको महत्त्व– प्राचीन ज्ञानराशिका आश्रय हस्तलेखहरू नै हुन्। तिनले इतिहास, कला, दर्शन, साहित्य, धर्म र संस्कृतिको गम्भीर एवं तलस्पर्शी चिन्तनलाई संवहन गर्दछन्। ती ग्रन्थहरूको सम्पादन, अनुवाद एवं प्रकाशन भएमा राष्ट्रवासी र विश्वका निवासीहरूसमेत लाभान्वित हुन्छन्। कुनै पनि देशका ग्रन्थागारहरूमा पाइने प्राच्य हस्तलेखहरूले त्यस देशको ज्ञानविज्ञानसम्बन्धी रचनात्मक क्रियाकलाप, धर्म, संस्कृत, साहित्य, दर्शन, कला, प्रविधि र इतिहासलाई आत्मसात् गरेका हुन्छन्। राष्ट्रले आफ्नो प्राज्ञिक क्षेत्रलाई विकासको अन्तिम क्षितिजमा पुऱ्याउन ती ग्रन्थहरूको सम्पादन, अनुवाद, विश्लेषण एवं प्रकाशन गर्नुपर्दछ। यसो गर्दा ज्ञानको विस्तारका साथै राष्ट्रको गौरव पनि प्रकाशित हुन्छ।

अहिले नेपालका संस्कृतसँग सम्बद्ध संस्थाहरूले राष्ट्रिय अभिलेखालय आदि ग्रन्थागारहरूमा रहेका प्राच्यविद्यासम्बन्धी पाण्डुग्रन्थहरूमा निहित ज्ञान, विज्ञान, प्रविधि, कला–कौशलसम्बन्धी ग्रन्थहरूको खोजी गरी सम्पादन एवं विश्लेषण गरेर प्रकाशन गर्दा ती विषयहरूको पाठ्यक्रम तयार गर्न सघाउ पुग्छ र अध्ययन–अध्यापन सञ्चालन गर्न सकिन्छ। त्यस्ता विषयहरूको शिक्षा प्रदायबाट उत्पादन गरिने जनशक्ति प्राच्य ज्ञानविज्ञानको मर्मज्ञ र जनकल्याणकारी कार्य गर्न समर्थ हुन्छ। यसबाट समाजलाई संस्कृतको महत्त्वबोध गराउन र प्राविधिक विद्याको विकास गर्न समेत सघाउ पुग्ने देखिन्छ। नेपाल संस्कृत विश्वविद्यालयले आफ्ना विद्वान्हरूको माध्यमबाट त्यस्ता पुस्तकहरूको अनुसन्धान, सम्पादन एवं प्रकाशन गराउनुपर्छ। यसो गराउँदा विद्वान्हरूलाई लिपिसम्बन्धी प्रशिक्षण दिनुका साथै ग्रन्थसम्पादनसम्बन्धी पद्धतिको पनि बोध गराउनुपर्ने हुन्छ।

ग्रन्थसम्पादन निरूपाधिक अथवा सोपाधिक पनि हुनसक्छ। दुवैथरी सम्पादन कार्यलाई उत्कर्षमा पुऱ्याउन विश्वविद्यालयले ग्रन्थसम्पादन एवं सम्पादित ग्रन्थहरूको अनुवाद, विश्लेषण तथा पाठ्यक्रमनिर्माणजस्ता कार्य सम्पन्न गर्नसक्ने जनशक्ति वृद्धि गर्न आवधिक कार्यक्रमहरू बनाई ग्रन्थसम्पादन प्रशिक्षण एवं लिपि प्रशिक्षणको व्यवस्था गर्नुपर्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. सम्पादकमा आवश्यक गुण– ग्रन्थसम्पादन ज्यादै गुरुतर र गहन कार्य हो। यो कार्य गर्न ग्रन्थसम्पादक अनुसन्धातामा लिपिज्ञान, भाषाज्ञान, शास्त्रबोध, युगबोध र प्रयोगात्मक प्रविधिको सीपजस्ता गुणहरूको आवश्यकता हुन्छ। विभिन्न पुस्तकालयमा रहेका हस्तलेखहरूको सूची तयार गरी सूचीकृत ग्रन्थहरूमध्ये महत्त्वपूर्ण ग्रन्थको छनोट गरेर ग्रन्थसम्पादकले अध्ययन आरम्भ गर्नुपर्दछ। लिपिकर अथवा लेखकहरूको असावधानीका कारण ग्रन्थको प्रतिलिपि बनाउँदा देखापर्न आएका दोषहरूलाई निराकरण गर्ने क्षमता पनि ग्रन्थसम्पादकमा हुनुपर्दछ। यसैगरी ग्रन्थसम्पादकले विषयकोश, संसारका ख्यातिप्राप्त पुस्तकालयहरूद्वारा प्रकाशित सूचीपत्र र आधुनिक विद्वान्हरूद्वारा लिखित सम्पादनविधिसम्बन्धी ग्रन्थहरूको पनि अनुशीलन गर्नुपर्दछ। ग्रन्थसम्पादकमा समुचित पात्रता भएन भने सम्पादित ग्रन्थ जतिसुकै महत्त्वपूर्ण भए पनि 'विनायकं प्रकुर्वाणो रचयामास वानरम्' भनेझैं त्यो ग्रन्थ विकृत, विकल र महत्त्वहीन बन्न पुग्दछ।

६. लिपिकरहरूद्वारा उद्भावित हस्तलेखसम्बन्धी दोषहरू– लिपिकरहरूबाट ग्रन्थको प्रतिलिपि बनाउँदा प्रमादवश त्रुटि हुनसक्छन्। त्यस्ता त्रुटिलाई सामान्यतया ११ प्रकारबाट वर्गीकरण गर्न सकिन्छ– १. अक्षरको अधिकता, २. अक्षरको न्यूनता, ३. वर्णलोप, ४. मात्राच्युति, ५. अक्षरच्युति, ६. उच्चारणभेदका कारण अनर्थज्ञान, ७. लिपिदोष, ८. वर्णविपर्यय, ९. पदच्छेदमा भ्रान्ति एवं श्लेष, १०. सादृश्य र ११. भाषान्तरविधान।

६.१ अक्षरको अधिकता– सम्पादकहरूले हस्तलेखवाङ्मयमा रहेका अक्षरको अधिकतासम्बन्धी दोषलाई निराकरण गर्न सावधान हुनुपर्दछ। जस्तै– उज्ज्वल शब्दमा दुई जकार भएको आधारमा अल्पज्ञ लिपिकरले प्रज्वल शब्दमा पनि दुई जकार गराएको पाइन्छ। उज्ज्वलमा दुई जकार हुनु उद् उपसर्ग र ज्वलको सन्धि नै हो। प्रज्वलमा त्यस्तो केही छैन। त्यसकारण त्यसमा दुई जकार हुने सम्भावना छैन। तर अल्पज्ञ लिपिकरहरूले उज्ज्वल शब्दको बनोटलाई आधार मानी प्रज्वल शब्दको लेखन पनि त्यसैगरी गर्दछन्। यसैगरी महत्त्व शब्दमा रहेका दुई तकारलाई आधार बनाई पञ्चत्वमा पनि दुई तकारको योजना गरेको पाइन्छ।

अक्षरको आधिक्यदोषका सन्दर्भमा एउटा आख्यान प्रसिद्ध छ– गोणिकाले सूर्यलाई अञ्जलि दिन लाग्दा पतञ्जलि एउटा सर्पबालकको रूप लिएर उनकै अगाडि खसे, आत्तिएर गोणिकाले भनिन्– कोर्भवान्। सर्पबालकका रूपमा रहेका पतञ्जलिले भने– सपोऽहम् । गोणिकाले सोधिन्– सर्पशब्दको रेफ कहाँ गयो ? पतञ्जलिले भने– भवन्मुखे। यहाँ प्रयुक्त कोर्भवान् अक्षराधिक्य दोषको उदाहरण हो, किनकि उक्त वाक्यमा रेफ अधिक छ। यसैगरी एउटा प्रसङ्गको बीचमा थाहै नपाईकन अर्को प्रसङ्गका शब्द वा वाक्यहरू घुस्दा पनि यो दोष हुनआउँछ।

३.२ अक्षरन्यूनता– कुनै लिपिकरले प्रमादले चिन्ताशब्द लेख्ने क्रममा नकार छोडिदिन्छ भने त्यो चिन्ता चितामा परिणत हुन्छ। यसबाट विपरीत अर्थबोध हुने कुरा स्पष्ट छ। यस्ता स्थलहरूमा हस्तलेखका सम्पादकहरूले सावधानीपूर्वक अर्थसङ्गति गरेर मात्र शुद्ध पाठको निर्णय गर्नुपर्दछ।

६.३ वर्णलोप– यद्यपि वर्णलोप र अक्षरन्यूनतामा स्थूल अन्तर हुँदैन तापनि पृषोदरादि शब्दहरूमा वर्णलोप भएजस्तै लिपिकरद्वारा प्रमादवश गरिने वर्णलोपलाई वर्णलोपदोषका रूपमा बुझ्नुपर्दछ।

रचितम्को स्थानमा रतम्, सूचितम्को स्थानमा सूतम्, शोषणम्को स्थानमा शोणम् गराउने काम लिपिकरबाट हुने गर्दछ। अर्कोतर्फ उद्द्योत शब्दमा दुई दकार देखेर खद्योतमा पनि दुई दकारको समावेश गरी खद्द्योत गराउने काम अल्पज्ञ लिपिकरहरूबाट हुन्छ। त्यस्तै, परिणामेऽमृतोपम्जस्ता वाक्यहरूमा रहेको खण्डाकारको वेवास्ता गर्दा परिणामे मृतोपमम् हुन गई अनर्थबोध हुन आउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.४ मात्राच्युति- ग्रन्थसम्पादन गर्दा सम्पाद्य ग्रन्थका विभिन्न स्थलहरूमा मात्रा खण्डित भएका हुन्छन् अथवा द्रुतगतिमा कलम चलाउँदा प्रमादवश मात्रा नै लेखिएको हुँदैन। त्यस्ता स्थलमा अर्थबोध गरी शुद्ध पाठ पहिल्याउनु कष्टकर हुन्छ। अन्य मातृका सुलभ भएमा समस्याको समाधान हुनसक्छ। तर त्यो मातृका एकल रहेछ भने सम्पादकले गम्भीर अध्ययन, चिन्तन र मनन गर्नैपर्ने हुन्छ। जस्तै-

(क) यागेन ब्रह्मप्राप्तिर्भवति।

(ख) पत्रेण स्वर्गमाप्नोति नरः।

(ग) न सर्वत्र सत्रमनुवर्तन्ते वार्त्तिकानि।

प्रथम उदाहरणमा ब्रह्मप्राप्ति शब्दको सान्निध्यबाट योगेन ब्रह्मप्राप्तिर्भवति भन्नुपर्नेमा लिपिकरको अज्ञानताका कारण यागेन ब्रह्मप्राप्तिर्भवति हुनपुग्यो। दोस्रो उदाहरणमा स्वर्गपदको सहयोग लिएर पुत्रेण स्वर्गमाप्नोति नरः भन्नुपर्नेमा पत्रेण स्वर्गमाप्नोति नरः हुनपुग्यो। तेस्रो उदाहरणमा वार्त्तिक पदका सान्निध्यका कारण न सर्वत्र सूत्रमनुवर्तन्ते वार्त्तिकानि हुनुपर्नेमा न सर्वत्र सत्रमनुवर्तन्ते वार्त्तिकानि हुन आयो। उक्त उदाहरणहरूमा क्रमशः ओकार, उकार र ऊकारको च्युति भएको छ । सम्पादकले सम्पाद्य ग्रन्थका यस्ता स्थलहरूमा विशेष ध्यान पुऱ्याउनुपर्दछ।

६.५ अक्षरच्युति अथवा अकारच्युति- सम्पाद्य ग्रन्थमा कतै अक्षर अथवा अकारको च्युति भएको पाइन्छ भने त्यसबेला अर्थनिर्णयमा समस्या पैदा हुन्छ। उदाहरणार्थ विषं खलु जीवनं भवे यस्तो प्रयोग सम्पादकका सामु देखापर्छ। यसको अर्थ 'संसारमा जीवन निश्चय नै विष हो' भन्ने हुनआउँछ। सम्पादकलाई यो अर्थ रुचिकर प्रतीत हुँदैन र त्यसको दृष्टि छन्दतर्फ जान्छ । छन्द पनि मिलेको देखिँदैन। सच्याउने उद्देश्यले खोजी गर्दा अन्य मातृका सुलभ हुँदैनन्। यस्तो अवस्थामा सम्पादकले सही अर्थ लगाउन चिन्तन गर्नुपर्ने हुन्छ। चिन्तनबाट संसारमा जीवन विष होइन अपितु आरोह-अवरोहका कारण जीवनलाई विषम भन्न सकिन्छ भन्ने निर्क्योल गरेपछि सम्पादकले उक्त पद्यांशमा रहेका विषम् पदको ठाउँमा विषमम् पदको प्रयोग गर्छ। त्यसो गर्दा- विषमं खलु जीवनं भवे हुनआउँछ, अर्थ पनि मिल्छ र छन्द पनि। वास्तवमा विषमम् पदको अन्तिमको मकार र बीचको मकारमा रहेको अकार च्युत भएकाले उक्त समस्या पैदा भएको हो। यस्तै अर्को उदाहरणलाई लिएर हेरौं- सदयो याति मानवः यस पद्यात्मक वाक्यमा लेखकले प्रमाद गरी सदय पदको दकारको खुट्टा काटिदिँदा त्यो पद्यात्मक वाक्य सद्यो याति मानवः का रूपमा परिणत भएको देखिएको छ। यसरी अकार च्युत हुँदा अर्थमा अनपेक्षित परिवर्तन आउँछ।

६.६ उच्चरण भेदबाट अप्रासङ्गिक अर्थको बोध- पाण्डुलेखहरूमा उच्चरण भेदबाट हुने शब्दका विविध रूपहरूको प्रयोग पाइन्छ। जस्तै- पाखण्डः -पाषण्डः, छुरः -खुरः, गुच्छकः -गुच्छकः, ऋक्षगन्धा -ऋष्यगन्धा, क्रिमिः -क्रिमिः, कलभः -करभः, कलशः -कलसः, कैलाशः -कैलासः, विकाशः -विकासः, पीयूषम् -पेयूषम्, शारिका -सारिका, पांशुः -पांसुः, करेणुः -गरेणुः, लेखः -लेषः, षडाननः -खडाननः

उक्त शब्दहरूमध्ये नमुनाका रूपमा पाखण्ड शब्दबारे विचार गरौं -यो पाखण्ड शब्द कहीं पाखण्ड र कतै पाषण्डका रूपमा लेखिएको पाइन्छ। प्राचीन समयमा एउटाले भन्ने र अर्कोले सुनेर लेख्ने प्रचलन थियो। त्यस क्षेत्रमा त्यो शब्दको जसरी उच्चारण गरिन्थ्यो, त्यही शैलीमा वक्ताबाट सुनेर लेखकले अक्षरविन्यास गर्दथ्यो। मल्लकालका नेपालका पाण्डुलिपिमा यस्ता धेरै उदाहरण पाइन्छन्। जस्तै- खलीकारः का स्थानमा खलीकालः, शौरसेनीको स्थानमा सौरसेनी, मयूखःको स्थानमा मयूषः, भामिनीको स्थानमा भाविनी आदि। यी सबै रूपान्तरहरू उच्चारणजनित दोषका परिणाम हुन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६.७ लिपिदोष- लिपिकरहरूको वर्णविन्यासिसम्बन्धी दोषका कारण पनि पाण्डुलिपिहरू दुर्बोध्य हुन्छन्। यस्ता दुर्बोध्य लिपिहरूमा नकार यकारका रूपमा, यकार पकारका रूपमा, वकार बकारका रूपमा, पकार चकारका रूपमा, चकार पकारका रूपमा, वकार पकारका रूपमा, पकार वकारका रूपमा, नकार तकारका रूपमा, तकार नकारका रूपमा, मकार यकारका रूपमा, यकार मकारका रूपमा, हकार डकारका रूपमा, डकार हकारका रूपमा, वकार घकारका रूपमा, घकार वकारका रूपमा, नकार लकारका रूपमा, लकार नकारका रूपमा, मकार सकारका रूपमा, सकार मकारका रूपमा, ककार चकारका रूपमा, चकार ककारका रूपमा लेखिएका हुन्छन्। यसैगरी वर्णमालाका अन्य वर्ण पनि समप्रकृतिका वर्णका रूपमा लेखिएका पाइन्छन्। खरोष्ट्री लिपिमा नकार र णकारलाई भ्रमवश शकारका रूपमा पढिने हुँदा कुणाल शब्द कुशालका रूपमा पढिएको तथ्य विशेषज्ञहरू बताउँछन्।

त्यसैगरी लिपि दोषबाट- मृष्टम् -भृष्टम् का रूपमा, नखरः -नरवरः का रूपमा, घटः -धटः का रूपमा, कविः -कपिः का रूपमा- घृतम्-धृतम् का रूपमा, वनीयकः -वनीपक का रूपमा, लुलापः -लुलायका रूपमा परिणत भएको पाइन्छ।

लिपिदोषका कारण कतिपय पुराणहरूका पाठहरू पनि सन्देहास्पद बनेको पाइन्छ। ब्रह्मवैवर्त पुराणको श्रीकृष्णजन्म खण्डमा लिपिपाठमा भ्रान्तिका कारण अनेक सन्देहास्पद स्थल देखिएका छन्। दुवै रूपमा अर्थसङ्गति हुनाले सही पाठ ठम्याउन विद्वान्हरूका निमित्त पनि जटिल विषय हुनआएको छ। जस्तै-

१. नगरं प्रविशेद् रक्तं समुद्रं वा सुरां पिबेत्। *पाठान्तर*— नगरं प्रविशेत् नक्तं समुद्रं वा सुरां पिबेत्।

२. तस्य श्रीः सर्वतोमुखी। *पाठान्तर*— तस्य श्रीः सर्वतः सुखी।

३. स्निग्धानं च लभेत् स्वप्ने। *पाठान्तर*— सिद्धान्नं च लभेत् स्वप्ने

४. शुक्लाहिं शुक्लशैलं च दृष्ट्वा श्रियमवाप्नुयात्। *पाठान्तर*— शुक्लाहिं शुक्लशैलं च दृष्ट्वा प्रियमवाप्नुयात् इत्यादि।

यस्ता स्थलहरूमा रहेका विषयसामग्रीको तुलनात्मक अनुशीलनबाट यथार्थ पाठ निर्धारण गर्नुपर्दछ।

६.८ वर्णविपर्यय-वर्णविपर्यय हुँदा हिंस सिंह बन्दछ भन्ने कुरा निरुक्तमा लेखिएको छ। श्रीस्वामीले मस् धातुले परिणाम अर्थ बुझाउँछ भन्ने अर्थमा मस् परिणामे लेखेका छन्। सायण, चन्द्रगोमी, जैनेन्द्र आदिले मस् परिमाणे लेखेका छन्। यस्ता स्थलमा निर्णय गर्न अत्यन्त गाह्रो पर्दछ निरुक्तमा मासः मानात् भनेकाले मस् धातु परिमाणवाचक रहेछ भन्ने कुरा बुझिन्छ। सम्पादकले यस्ता स्थलमा आफ्नो शास्त्रज्ञानको आश्रय लिएर यथार्थ पाठ निर्क्योल गर्न सक्दछ।

तत्र का परिदेवना गीताको प्रसिद्ध वाक्य हो। भण्डाकर प्राच्य विद्या संस्थानबाट प्रकाशित महाभारतमा भने तत्र का परिवेदना लेखिएको छ। यस्ता स्थल पाठनिर्णयका लागि दुरूह मानिन्छन्।

६.९ पदच्छेदजनित भ्रम अथवा श्लेष- संहिता पाठ आदिको लेखनमा पदच्छेदसम्बन्धी भ्रान्ति उन्पन्न हुन्छ। त्यसलाई सम्बद्ध विषयका ज्ञाताको सहयोगबाट निराकरण गर्न सकिन्छ। सामान्य संस्कृतका प्राचीन हस्तलेख पनि संहिता पाठसरह विराम आदि चिह्नविना लेख्ने पुरानो चलन भएकाले जोडिएका पदहरूलाई छुट्याउन सामान्य सम्पादकलाई गाह्रो पर्छ। मार्कण्डेय पुराणको कुनै प्रकाशनमा- शीतं जयन्ति धनदाः लेखिएको छ। त्यस वाक्यको- 'धनदान गर्नेले जाडो या ठण्डीमाथि विजय पाउँछ' भन्ने अर्थ हुन्छ। कुनै सम्पादकले त्यो अर्थ असङ्गत भएको विचार गरी अर्को मातृकाको अनुशीलन गर्दा त्यहाँ शीतं जयन्तीं धनदाः यस्तो पाठ फेला पऱ्यो। सामान्य हेराइमा यो पाठ पनि अशुद्धिपूर्ण देखियो। ती विद्वान्ले गम्भीर अध्ययनपछि पदच्छेदसम्बन्धी अज्ञानबाट त्रुटि हुनआएको ठम्याई जयन्तीं र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनदाः यी दुई पदको संश्लेषण गर्दा जयन्तींधनदाः हुन आयो। तिनले फेरि पदच्छेद गरे। यसो गर्दा शीतं जयन्ति इन्धनदाः हुन आयो। पूर्व सम्पादकले जयन्तीं माथि रहेको अनुस्वारलाई नकारको रूपमा परिणत नगर्दा यहाँ समस्या पैदा भएको तथ्य सम्पादकले महसुस गरे। त्यसपछि 'काठ, दाउरा दान गर्ने मानिसले जाडो-ठण्डीमाथि विजय प्राप्त गर्दछ' भन्ने अर्थ पनि सङ्गत हुनआयो।

सन्धान काव्यहरूमा विद्वान्हरूले श्लेषका लागि खास किसिमको पदयोजना गरेका हुन्छन्। जस्तै- सदाचरणतत्परः। यस पदका चार अर्थ हुन्छन्। क्रमशः-

१. सद् + आचरणः + तत्परः = सदाचारमा तत्पर विद्वान् ब्राह्मण

२. सदा + च + रणतत्परः = सदा युद्ध गर्न तत्पर हुने क्षत्रिय

३. सदा + चरणतत्परः = आफ्नो व्यवसायका लागि सर्वदा विचरण गर्ने वैश्य

४. सदा + चरणतत्परः = सर्वदा पाउको सेवा गर्न तत्पर हुने शूद्र

यस्ता पदयोजनाको अर्थबोधमा विशिष्ट ज्ञान र अभ्यास पनि अपेक्षित हुन्छ।

६.१० सादृश्य- पाण्डुलिपिहरूमा शब्दगत सादृश्यका कारण लिपिकरहरूले अनेक त्रुटि पैदा गरेका हुन्छन्।

उदाहरणार्थ- वार्त्तिकम्-वार्तिकम्

कार्त्तिकः - कार्तिकः

वार्तिक र कार्तिक यी दुवै शब्दहरू दुईथरीका हुन्छन्। वृत्ति शब्दबाट ठक् प्रत्यय गर्दा निष्पन्न हुने वार्त्तिक शब्दमा दुई तकार हुनु स्वाभाविक हो। तर वर्ती शब्दबाट ठक् प्रत्यय गर्दा निष्पन्न हुने वार्तिक शब्दमा एउटा मात्र तकारको प्रयोग हुन्छ। यसैगरी कृत्तिका शब्दबाट ठक् प्रत्यय गर्दा कार्त्तिक बन्दछ। तर कृति शब्दबाट ठक् प्रत्यय गर्दा भने कार्तिक मात्र निष्पन्न हुन्छ। लिपिकरहरूको असावधानीले दुवैथरी शब्दहरू समानरूपमा लेखिएको पाइन्छ। सादृश्यका कारण हुन आउने यस्ता दोषहरूलाई ग्रन्थसम्पादकले गम्भीर अध्ययनबाट छुट्याउनुपर्दछ।

६.११ भाषान्तरीकरण- संस्कृत भाषामा पालि, प्राकृत, नेपाली, हिन्दी आदि भाषाहरूका शब्दहरू आएर संस्कृतकै स्वरूपमा घुसेका हुन्छन्। सम्पादकले त्यस्ता शब्दहरूको पहिचान गर्नुपर्दछ। उपायन शब्द उपहारको वाचक हो। पालि भाषामा त्यो शब्द पायन र वायनका रूपमा परिणत भयो। पछि गएर त्यो वायन शब्द संस्कृतमा प्रवृष्ट भयो र त्यसलाई वायनम्का रूपमा प्रयोग गरियो। सम्पादकले यसै रूपमा प्रविष्ट भएका अन्य शब्दहरूको पनि अन्वेषण गरी मूल पाठ शुद्ध बनाउनुपर्दछ।

७. हस्तलेखहरूका खण्डित भागको परिपूर्ति- हस्तलेखहरूका बीच-बीचमा कहीं वर्ण, कहीं पद र कहीं वाक्यहरूसमेत खण्डित भएका हुन्छन्। काव्यहरूमा कतिपय पद्यहरूका केही चरणमात्र बाँकी रहेर अरू भाग खण्डित भएको पाइन्छ। त्यस्ता खण्डित वर्ण, पद वा वाक्यहरूको सही रूप निर्धारण गर्न गम्भीर विचार, प्रतिभा र ज्ञान आवश्यक हुन्छ।

पूर्वाचार्यहरूको ग्रन्थमा प्रयोग गरिएका तर संबद्ध स्थलमा खण्डित भएका पद्यहरूको पूर्ति भने पूर्वाचार्यका ग्रन्थहरू हेरेर गर्न सकिन्छ। तर कुनै आचार्यको मौलिक रचना र कुनै कविको मौलिक काव्य छ र त्यसका अरू मातृका छैनन् भने त्यस्ता स्थलहरूमा खण्डितांशको पूर्ति जटिल बन्दछ। खण्डित भागको पूर्ति गर्दा जुन ठाउँमा खण्डित भएको छ, त्यहाँ कोष्ठकभित्र कुरा गरिएको पद वा वाक्यको विन्यास गर्नुपर्दछ। हाम्रो नेपालका लिच्छविकालका केही अभिलेख र मल्लकालका केही रचनाहरू खण्डित अवस्थामा रहेका छन्। त्यस्ता खण्डित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
रचनाहरूको परिपूर्ति गर्न तलस्पर्शी ज्ञान र प्रतिभा भएका सम्पादकहरूमात्र समर्थ हुन्छन्। उदाहरणका रूपमा लिच्छविकालको पशुपतिको जयदेवको अभिलेखलाई लिन सकिन्छ। त्यस अभिलेखमा खण्डित भएको निम्नानुसारको पद्य रहेको छ–

भेजे ज़न्म ततो भगीरथ इति ख्यातो नृपोऽत्रान्तरे

भूपालान्.....रघुर्जातो रघोरप्यजः।

श्रीमान् तुङ्गरथस्ततो दशरथः पुत्रैश्च पोत्रैः समम्

राज्ञोऽष्यवपरान् विहाय परतः श्रीमानभूल्लिच्छविः॥

भगीरथपछि कतियौं पुस्तामा रघु पैदा भए भन्ने प्रश्नको सही उत्तरबाट मात्र उक्त पद्यको खण्डित भागको पूर्ति सम्भव हुन्छ भन्ने बोध भएपछि श्रीमद्भागवत महापुराणमा वर्णित इक्ष्वाकु वंशको अध्ययन गर्दा रघु सत्रौं पुस्तामा पैदा भएको परिज्ञान हुन्छ। उक्त रिक्त स्थलमा प्रविलङ्घ्य षोडश पदहरू थपिदिँदा खण्डित भागको पूर्ति गर्न सकिन्छ। यसरी पूर्ति गरेपछि उक्त पद्यको दोस्रो चरणलाई यसरी लेख्न सकिन्छ–

भूपालान् (प्रविलङ्घ्य षोडश) रघुर्जातो रघोरप्यजः।

८. खण्डित स्थलपूर्ति र लिपिदोष निवारणमा प्रसङ्गको भूमिका– सम्पाद्य स्थलमा रहेको खण्डित भागको पूर्तिका निमित्त उपयुक्त पद, पदावली वा वाक्यको चयन गर्न पूर्ववाक्य, पूर्वप्रसङ्ग, उत्तरवाक्य एवं उत्तरप्रसङ्गले सघाउ पुऱ्याउँछ। लिपिदोषको उदाहरण–

बृहदिश्वस्तृतीयोऽपि काम्पिल्याख्यश्चतुर्थकः।
पञ्चसजयोगम हीन्द्रियाणीव देहिनः॥– चं. सं. ९/४७

यस पद्यको रेखाङ्कित स्थललाई शुद्ध र सङ्गतिपूर्ण बनाउन पूर्वपद्य र उत्तरपद्यको अवतारणा गर्नु आवश्यक छ। पूर्वपद्य–

भर्म्याश्वस्य सुताः पञ्च बभूवुः पितृसम्मताः।
ज्येष्ठो मुद्गलनामा वै द्वितीयस्तु यवीनरः॥ चं. सं. ४६

उत्तरपद्य–

पुत्रेषु न्यस्य सर्वस्वं कीर्त्या संपूर्य मेदिनीम्।
विषयेभ्यो निवर्त्याऽसौ मनो हरिपदे न्यधात्॥ –चं. सं. ९/४८

पूर्व एवं उत्तरपद्यका साथै सम्पाद्य पद्यको समेत अध्ययनबाट राजा भर्म्याश्वका पाँच पुत्रमध्ये प्रथम पुत्र मुद्गल, द्वितीय पुत्र यवीनर, तृतीय पुत्र बृहदिश्व, चतुर्थ पुत्र काम्पिल्य र पञ्चम पुत्र जय नामबाट प्रसिद्ध भएको तथ्य खुल्न आउँछ। ती पाँच पुत्रहरूमा राज्य सुम्पेर राजा भर्म्याश्व विषयपराङ्मुख भई हरिभजनमा लागेको तथ्य पनि प्रष्ट हुनआउँछ। रेखाङ्कित स्थलमा लिपिकरको दोषका कारण दुर्बोध्य देखिएको पञ्चसजयोगमलाई पञ्चमस्तु जयो नाम बनाउँदा पाठ शुद्ध हुन्छ। त्यसपछि सम्पाद्य पद्यांशलाई यसरी लेख्न सकिन्छ –

पञ्चमस्तु जयो नाम हीन्द्रियाणीव देहिनः॥

९. ग्रन्थसम्पादनमा आकर स्थलको निर्देश– प्राचीन लेखन परिपाटीमा कसैले भनेको कुरा प्रमाणका रूपमा उपस्थापित गर्दा अध्याय, परिच्छेद, तिथिमिति, पृष्ठ संख्या आदि दिने चलन थिएन। त्यहाँ त तदुक्त श्रुतौ, तदुक्तं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकरणे, तदुक्तं मीमांसायाम् यस रूपमा आकर स्थलको निर्देश गर्ने प्रचलन थियो। ग्रन्थसम्पादकलाई कुन श्रुति ? कुन व्याकरण ? र कुन मीमांसा ? जिज्ञासा हुन्छ। यसको समाधान सरल छैन। किनकि अगाध संस्कृत वाङ्मय सागरमा रहेका सबै विषय सबैका दृष्टिपथमा आएका हुँदैनन्। त्यसो हुँदा यो कुन ग्रन्थको अंश हो भनी छुट्याउन गाह्रो पर्छ, यस्ता समस्या सुल्झाउन सम्बद्ध विषयका विषयकोश र क्याटलग आदिले सघाउँछन्।

आकरस्थलको निर्देश कहाँ गर्ने ? यस्तो प्रश्न हुनसक्छ। एकथरी विद्वान्हरू जहाँ प्रमाण दिइएका छन्, त्यहाँ नै कोष्ठकमा आकरस्थल निर्देश गर्नुपर्दछ भन्दछन्। अर्काथरी विद्वान्हरू भने आकरस्थल निर्देश पादटिप्पणीमा गर्नुपर्दछ भन्दछन्। वास्तवमा जहाँ प्रमाण दिइएको छ त्यहीं कोष्ठकमा स्थलनिर्देश गर्दा सम्बद्ध लेखकले नै निर्देश गरेको भान पर्न आउँछ। पादटिप्पणीमा दिँदा त्यस्तो भ्रान्ति हुँदैन। त्यसकारण आकरस्थल निर्देश पादटिप्पणीमा गर्नु नै उचित हुन्छ।

१०. पादटिप्पणी विन्यास– ग्रन्थसम्पादन गर्दा उपलब्ध मातृकाका प्रतिलिपिसमेत प्राप्त हुने स्थितिमा मातृकाहरूको ज्येष्ठताको आधारमा अथवा गुणस्तरीयताको आधारमा क. मातृका अथवा क. पुस्तक, ख. मातृका अथवा ख. पुस्तक यस रीतिबाट व्यवहारका लागि नामकरण गर्नुपर्दछ। जुन मातृकाको पाठ शुद्ध र सङ्गतिपूर्ण हुन्छ त्यसलाई मूलपाठमा समावेश गरी अशुद्ध, असङ्गत र अल्पसङ्गत पाठलाई पादटिप्पणीमा दिनुपर्दछ।

१. मातृकाविशेषका निमित्त टिप्पणी प्रयोग

[1]प्रारिप्सितस्य ग्रन्थस्य अविघ्नपरिसमाप्तये विषयप्रयोजने सूचयन् प्रथममिष्टदेवतावन्दनं करोति–

निदानं जगतां वन्दे वस्तुनी वाच्यवाचके। ययोः साहित्यवैचित्र्यात् सतां रसविभूतयः ॥

२. पाठाधिक्यका निमित्त टिप्पणी प्रयोग

सुश्लिष्टत्वं विभिन्ननां[2] श्लेष इत्यभिशब्द्यते।

३. मातृकाविशेषमा सम्बद्ध अंश नभएको स्थितिमा टिप्पणी प्रयोग

अथ माधुर्यम्[3]

मधुरं रसवत् प्रोक्तमेतद् वैवर्भजीवितम्।

४. पाठविशेषको औचित्यसूचन गर्न टिप्पणी प्रयोग

पाठः पूर्वोक्तसूक्तस्य पठितां[4] तां प्रचक्षते।

११. सम्पाद्य ग्रन्थको भूमिका र महत्त्व– ग्रन्थ सम्पादकले सम्पाद्य ग्रन्थलाई राम्ररी अध्ययन गरी अनेक मातृकाहरूको सहयोग र शास्त्रीय अध्ययनबाट पूर्ण र अविकल तुल्याएपछि भूमिकामा त्यस ग्रन्थमा प्रतिपादित विषयवस्तुको परिचय र विवेचन प्रस्तुत गर्नुपर्दछ। यसैगरी सम्पादित ग्रन्थमा प्रतिपादित सिद्धान्त र उद्धृत गरिएका प्रमाणहरूको समीक्षाका साथै त्यहाँ उल्लेख गरिएका प्राचीन लेखक, कवि, दार्शनिक आदिको परिचय दिनुपर्दछ। सम्पादित गन्थको भूमिकाको अध्ययनबाट पाठकले ग्रन्थको मर्म सहजरूपमा बुझ्न सकोस् भन्ने दृष्टि अँगालेर ग्रन्थसम्पादकले आफ्नो भूमिकालाई बोध एवं सूचनाप्रधान र वैदुष्यपूर्ण तुल्याउनुपर्दछ।

---

१. आरिप्सितस्य–इति ग.पु.पाठः।

२. गुणवत्तया– इत्यधिकः ख. पु. पाठः।

३. अथ माधुर्यमिति– क.पु.ग.पु. नास्ति।

४. पठितीम्– इति साधुः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वच्छिरोमणि हेमराज पाण्डेयद्वारा सम्पादित काश्यपसंहिताको जति महत्त्व छ, उहाँले लेख्नुभएको भूमिकाको पनि त्यत्तिकै महत्त्व रहेको छ। भारतका अनेक विश्वविद्यालयहरूमा विद्वच्छिरोमणि हेमराजले लेख्नुभएको भूमिका अत्यन्त महत्त्पूर्ण भएकै कारण पाठ्यग्रन्थका रूपमा समावेश गरिएको छ। स्तरीय भूमिकाबाट ग्रन्थको महत्त्वका साथै सम्पादकको पनि महत्त्व बढ्दछ।

१२. परिशिष्ट- सम्पादित ग्रन्थको मूलपाठपछि परिशिष्ट खण्डको योजना गर्नुपर्दछ। त्यहाँ श्लोकानुक्रमणिका, उदाहृतश्लोकानुक्रमणिका, भाषापद्यहरूको प्रयोग गरिएको स्थितिमा- भाषापद्यानुक्रमणिका, अन्य ग्रन्थहरूबाट पद्यांशहरूको उद्धरण भएको स्थितिमा- उद्धृत पद्यांशको पूर्ति, गद्यका उदाहरणहरू भएमा गद्योदाहरणानुक्रमणिका, त्यहाँका पद्यहरू ग्रन्थान्तरमा रहेको स्थितिमा- ग्रन्थान्तरमा उपलब्ध पद्यावलि, ग्रन्थान्तरबाट उद्धृत वाक्य रहेमा- ग्रन्थान्तरबाट उद्धृत वाक्यहरू, प्रमाणहरूको उद्धरण भएमा- प्रमाणसम्बन्धी उद्धरण, पारिभाषिक शब्दानुक्रमणिकाजस्ता शीर्षकमा विषयविन्यास गर्नुपर्दछ। यसरी उक्त विषयहरूको विन्यासबाट परिशिष्टको गुणवत्ताका साथै सम्पादित ग्रन्थको महत्तामा पनि वृद्धि हुन्छ।

१३. ने.सं.वि. को ग्रन्थसम्पादन कार्यक्रममा उत्कर्षविधान- ग्रन्थसम्पादन कार्यलाई उच्चस्तरीय र आकर्षक तुल्याउन नेपाल संस्कृत विश्वविद्यालयले ठोस नीति र कार्यक्रम बनाउनुपर्दछ। उक्त उद्देश्य पूर्तिका लागि निम्नानुसारका कार्य गर्नुपर्ने देखिन्छ-

१. ने.सं.वि.ले आफ्नो पाठ्यक्रममा पाण्डुलिपि सम्पादनसम्बन्धी सैद्धान्तिक र प्रयोगात्मक ज्ञान दिने पाठ्यांश र लिपिविज्ञान सम्बन्धी पाठ्यांशसमावेश गर्नुपर्दछ।

२. प्रत्येक वर्ष अनुसन्धान कार्यक्रम अन्तर्गत पाण्डुलिपि सम्पादनमा विद्यावारिधि गर्न चाहने अनुसन्धातालाई ग्रह्यता र प्राथमिकता दिनुपर्दछ।

३. प्रतिवर्ष पाण्डुलिपि सम्पादनमा आधारित एउटा गोष्ठी आयोजना गर्नुपर्दछ।

४. अन्तर्राष्ट्रिय जगत्मा पाण्डुलिपि सम्पादकहरूलाई भ्रमण गर्ने व्यवस्था मिलाई तिनलाई आधुनिक सम्पादन प्रविधिमा दक्ष तुल्याउनु पर्दछ।

५. ने. सं. वि.ले विषयका विशेषज्ञ सम्मिलित समिति बनाई त्यसले निधारण गरेको सूची अन्तर्गतका ग्रन्थलाई प्राथमिकता दिई सम्पादन गराउनुपर्दछ। पाश्चात्त्य विद्वान्हरूले निकालेको ग्रन्थसम्पादन र अनुसन्धानसम्बन्धी प्रविधिको अनुगमनबाट ग्रन्थसम्पादन आदि कार्य सञ्चालन गर्नुपर्दछ।

६. पाठ्यभार नभएका शिक्षकहरूलाई ग्रन्थसम्पादनसम्बन्धी प्रशिक्षण दिएर राष्ट्रका महत्त्वपूर्ण पाण्डुलिपिहरूको सम्पादन कार्यमा संलग्न गराउनुपर्दछ।

पर्यन्तवक्तव्य- लिपि र लेखनको परम्परा वैदिककालदेखि निरन्तर चल्दै आएको छ। विश्वमा दुर्लभ र प्राचीन पाण्डुलिपिहरूको सङ्ग्रह भएका कारण नेपाल प्राचीन हस्तलेखहरूको भण्डारका रूपमा विश्रुत छ। अन्तराष्ट्रिय अनुसन्धाताहरूले नेपालका प्राचीन हस्तलेखहरूको महत्त्वबोध गरी कतिपय पाण्डुलिपिहरूको सम्पादन र प्रकाशन गरेको तथ्य विद्वान्हरूबाट छिपेको छैन। त्यस्ता पाण्डुलिपिहरूको सम्पादन, अनुवाद, विश्लेषण र प्रकाशन गर्नु आजको आवश्यकता हो। यी सबै कार्य पूरा गर्न दक्ष जनशक्तिको खाँचो छ। त्यसको परिपूर्ति सोपाधिक र निरुपाधिक ग्रन्थसम्पादन कार्यक्रम सञ्चालनबाट मात्र हुनसक्छ। यस सन्दर्भमा नेपाल संस्कृत विश्वविद्यालयजस्ता आधिकारिक संस्थाहरूले लिपिप्रशिक्षण र ग्रन्थसम्पादन प्रविधिप्रशिक्षणजस्ता कार्यद्वारा अनुसन्धातालाई लिपिज्ञान र सम्पादनकलामा कुशल तुल्याउनुपर्दछ। प्राध्यापकहरू पनि आ-आफ्नो विषयशिक्षण र अनुसन्धानकार्यलाई प्रभावकारी र उपलब्धिमूलक तुल्याउन अनुसन्धान र ग्रन्थसम्पादनजस्ता कार्यमा सधैं दत्तचित्त हुनुपर्दछ भन्दै म आफ्नो भनाइ टुंग्याउँछु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्ग र देवता कवितालाई नियाल्दा

सहप्रा. भागवत ढकाल

विषय प्रवेश

बालकृष्ण सम १९५९-२०३०) आधुनिक नेपाली साहित्यका एक सशक्त हस्ती हुन्। लेखनाथ, लक्ष्मीप्रसाद र बालकृष्ण समलाई साहित्यिक त्रिवेणी पनि मानिन्छ। लेखनाथमा पूर्वीय दर्शन र छन्दप्रतिको आसक्तिबाट परिष्कृत रचना जन्मिएका छन्। देवकोटा पूर्वीय र पश्चिमी विचारलाई समयसापेक्ष तुल्याएर गद्य/पद्य दुबै शैलीमा स्वच्छन्द ढङ्गले व्यक्त गर्दछन्। यसैगरी दोस्रो प्रवृत्तिभित्र पूर्वीय र पश्चिमी द्वन्द्वलाई दार्शनिक बौद्धिक चेत दिएर परिष्कृत शिल्पमा पस्किने प्रतिभा हुन् बालकृष्ण सम। शैलीका दृष्टिले परिष्कारवाद लेखनाथसँग नजिक छ भने भावभूमि र प्रवृत्तिमा पूर्वीय र पाश्चात्त्य दर्शन देवकोटा नजिक छ। देवकोटामा भावपरकता सहृदयको उद्घाटन भएको हुन्छ भने सम आफ्नो अध्ययनको बौद्धिकतालाई दार्शनिक तुल्याएर प्रस्तुत गर्दछन्, यसैले समका कवितालाई पाठकहरू बढी बौद्धिक भनी टाढिन खोज्छन् भने देवकोटाका रचनामा भावको उच्छ्वास भेट्न जसकसैलाई गाह्रो छ। विश्वबन्धुत्व, राष्ट्रप्रेम, मानवताजस्ता भावलाई बौद्धिक जलप लगाएर प्रस्तुत गर्ने सम नेपाली नाट्यफाँटका विशिष्ट व्यक्ति हुन्। नाटकलाई समेत कवितात्मक शैलीमा प्रस्तुत गरेकाले उनको कवित्व कति उच्च छ भन्ने कुरा स्वतः सिद्ध हुन्छ। कवि व्यक्तित्वकै प्रवाहले गर्दा आगो र पानी एवं चिसो चुह्लोजस्ता क्रमशः खण्ड र महाकाव्यहरू जन्मिएका छन्। बालकृष्ण समका कविता (२०३८) नामक २२१ कविता सङ्कलित कृतिका उत्कृष्टतम कविताहरूमध्ये एक हो- स्वर्ग र देवता।

समको काव्ययात्रा

बालकृष्ण सम बहुमुखी प्रतिभा हुन्, यसर्थ उनको सिर्जनयात्रा पनि बहुमुखी अर्थात् विविध विधासँग सम्बन्धित रहेको छ। प्राप्तिका दृष्टिले उनलाई नाटककारका पंक्तिमा शीर्ष स्थान दिइए पनि उनले आफ्ना सम्पूर्ण प्राज्ञिक साधनालाई कविताको आराधना अन्तर्गत राखेकाले कविता नै उनको प्रथम प्रेम हो। उनको ८० वर्षे जीवनयात्रा (१९५९-२०३८) मा ७० वर्ष त उनी साहित्य सिर्जनामैं रमाए, त्यसमा पनि जीवनको उत्तरार्ध त काव्य सिर्जनामैं बढी सक्रिय रहेको थियो। वि. सं. १९६७-२०३८ को साहित्य यात्रामा प्रारम्भिक तथा आभ्यासिक सामग्रीका अतिरिक्त 'बालकृष्ण समका कविता' हुँदै 'आगो र पानी' खण्डकाव्य एवं चिसो चुल्हो 'महाकाव्यमा विस्तारित छ। जसलाई विभिन्न चरणमा राखेर वर्गीकरण एवं अध्ययन गर्न सकिन्छ :

चरण वा मोड	समयावधि वि. सं.
१. कविताको अङ्कुरण र प्रारूप	१९६७-७५
२. काव्य र पद्य नाटकको पूर्वाभ्यास	१९७६-८५
३. पद्य नाटक र कविताको प्रकाशन तथा कवितात्मक सङ्क्रमण	१९८६-२००३
४. कवितात्मक प्राप्ति तथा विस्तार	२००४-१८
५. कवितात्मक सिद्धि तथा पराकाष्ठा	२०१९-३०
६. कवित्वको शिथिलता र विश्रान्ति	२०३१-३८

बालकृष्ण समको काव्ययात्राका ६ चरणहरूमध्ये प्रारम्भिक ३ चरणले उनका कविताको पूर्वार्धलाई र पछिल्ला ३ चरणले उत्तरार्धलाई प्रतिनिधित्व गरेका छन्। पूर्वार्धका रचना नाटकहरूमा कवित्वको मूल्यको खोजी गर्नुपर्ने र लयचिन्तनमा प्रयोगशीलताको सङ्क्रमणकालीन समय हो। गद्य कवितात्मकता र आर्ष निरीश्वर अध्यात्म चेतको मुख्य पहिचान उनका उत्तरार्धका रचनाहरूमा भेटिन्छ। उत्तरार्ध चरणको प्रारम्भ गर्ने कविता हो 'स्वर्ग र देवता' (२००४)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्ग र देवता कविताको विश्लेषण

आमुख

हुनत बालकृष्ण सम नाटककारका रूपमा बढी चिनिएका छन् तर पनि सम्पूर्ण उनको जीवन दर्शन कवितामैं व्यक्त भएको छ। कविताको पूर्वार्ध र उत्तरार्धलाई विभाजन गर्ने विभाजक बनेर देखा परेको कविता हो 'स्वर्ग र देवता' (२००४)। २००५ मा नियमित आकस्मिकता, २०१० मा आगो र पानी (खण्डकाव्य) एवं २०१५ मा चिसो चुह्लो महाकाव्य लेखिए पनि यी सबै कृति र रचनाको बीज स्वर्ग र देवता कविताले छरेको हो, पछिल्ला कृति त्यसै बीजका फलरूप हुन्, यसर्थ सम के हुन् ? उनका विचार के हुन् ? उनका दृष्टिमा विश्व र मानवता के हो ? स्वर्ग र देवताका सम्बन्धमा उनका धारणा के हुन् ? जस्ता यावत् प्रश्नको जवाफ स्वर्ग र देवता कवितामैं लुकेका हुनाले यसलाई उद्घाटित गर्ने प्रयत्न यस लेखमा गरिएको छ।

'स्वर्ग र देवता' कविताका सम्बन्धमा स्थापित मान्यताहरू

तानाशर्मा

'स्वर्ग र देवता'को प्रकाशन समका कविताको विकासको महत्त्वपूर्ण घटना हो। यस कवितामा उनको उदार मानवतावादले अभिव्यक्ति पाएको छ..... आध्यात्मिक गुणहरूको विकास गरेर मानवले विज्ञानको सघाउ लिई उज्यालो र सुखी संसारको सृष्टि भविष्यमा अवश्य पनि गर्ने छन् भन्ने आशावादिता 'स्वर्ग र देवता'मा राम्ररी छर्लङ्गिएको छ। (२०४८ : ३६, ३७)

वासुदेव त्रिपाठी

.....समको यो स्वर्ग र देवता कविता तरल नभई खँदिलो, स्वस्फूर्त नभई आयोजित अनि हृदय संवेद्यभन्दा ज्यादा बुद्धिगम्य किसिमको उच्च, सशक्त र सुन्दर प्रगतिवादी क्लासिकल कविता सिद्ध हुन्छ। (२०३८ : ६२)

वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने, केशव सुवेदी (सम्पा.) सूर्य र पृथ्वीका बीचमा आफ्ना चकचके केयकेटीहरूका अतीत, वर्तमान र भविष्यबारेका सम्वाद वा वार्तालापको संरचनाका माध्यमबाट विकासवादी वैज्ञानिक दृष्टि अनुरूप मानव सभ्यताको विकास सम्बन्धी वतस्तुगत विचारको व्यञ्जना प्रस्तुत गद्य कवितामा गरिएको छ। (२०४८ : ३७)

भोजराज ढुङ्गेल, दुर्गाप्रसाद दाहाल

विश्वलाई अखण्ड मानवतावादी भावनाले मात्र उन्नत बनाउन सकिन्छ भन्ने कविभित्रको दार्शनिक सोचले यस कवितामा अभिव्यक्त हुने अवसर पाएको छ। (२०६० : ६२)

यी केही प्रतिनिधिमूलक भनाइ हुन्। समका बारेमा यथेष्ट शोध अनुसन्धान भइरहेका छन् उनलाई चिन्ने चिनाउने प्रयत्न भइरहेका छन् यसै सन्दर्भमा यी भनाइ पनि विवेच्य कवितासँग नजिक रहेकाले यिनलाई पृष्ठमूमिका रूपमा राख्नु नै उत्तम विकल्प थियो।

'स्वर्ग र देवता' कविताको शीर्षक

स्वर्ग मानव जीवनको समाप्ति पछिको गन्तव्य स्थल हो, जो सर्वसाधारण मानिसले देखे भोगेको प्राप्त गरेको थाह छैन, ईश्वरीय लोकका लागि स्वर्ग शब्दको प्रयोग गरिन्छ। अनन्त आनन्द र सुखोपभोगका लागि स्वर्गको परिकल्पना धर्मग्रन्थहरूमा यथेष्ट गरिएको छ। देवता त्यही स्वर्गका सञ्चालक र बासिन्दा हुन्, कविले यहाँ त्यसै अदृश्य लोकका देवतालाई होइन मानव जीवन भोगिरहेको यही पृथ्वीलाई स्वर्ग र यहींका प्रत्येक मानवलाई देवताका रूपमा रूपान्तरण भएको हेर्न चाहन्छन् असल मानव नै ईश्वर हो र असल मानवहरूको बस्ती नै स्वर्ग हो भन्ने ठम्याइ कवि बालकृष्ण समको छ। यसर्थ कविताको शीर्षक र कथ्यका बीच सोझो नभई प्रतीकात्मक सम्बन्ध छ।

स्वर्ग र देवता कविताको विषयवस्तु /भावभूमि

'स्वर्ग र देवता' सूक्ष्म आख्यान भएको लघु कविताको आयामभित्र भौतिक सृष्टि र मनुष्य सभ्यताको व्यापक विषयवस्तु संलग्न गरिएको एक उत्कृष्ट कविता हो। कवि बालकृष्ण समको ज्ञान विज्ञान, प्रकृति र मानव, अध्यात्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

र भौतिकवादका बीचको अन्तर्द्वन्द्वले चरम विकास प्राप्त गरेको अवस्थामा स्वर्ग र देवता कविता लेखिएको हो। भविष्यका आगो र पानी खण्डकाव्य एवं चिसो चुह्लो महाकाव्यका विचारको बीज रहेको यस कविताले कवि सम कस्तो समाज र विश्व चाहन्छन्, विगतबाट के कस्ता पाठ सिकेर वर्तमान र भविष्यलाई कसरी सुधार्न चाहन्छन् भन्ने यथार्थको प्रस्तुति यस कवितामा रहेको छ।

प्रकृतिको मानवीकारण गरी मूलतः कविताभरि विस्तारित रूपकमालाका आलङ्कारिक सहायताबाट सूर्य (बाबु) र पृथ्वी (आमा) का बीचमा आफ्ना चकचके केटाकेटीहरू (मानव)का अतीत, वर्तमान र भविष्यबारेका संवादका माध्यमबाट यो कविता लेखिएको छ। विकासवादी वैज्ञानिक दृष्टि अनुरूप मानव सभ्यताको विकास सम्बन्धी वस्तुगत विचारको व्यञ्जना विवेच्य गद्य संरचनाको कवितामा गरिएको छ। बादलको घुम्टो हालेर रोएकी पृथ्वीलाई देखेर सूर्यले सोधे प्रिया किन रोइरहेकी। अनि आमाको भूमिकामा रहेकी पृथ्वीले आफूले आफ्ना सन्ततिबाट भोग्नु परेका पीडा व्यथा र यहाँको हिंस्रक व्यवहार प्रति दुःखी बनेर आफ्ना गुनासा राख्छिन्। नाना, पापा, र चाचाको लागि झगडा गर्नु आफ्ना सन्ततिलाई सुधार्न नसकेकामा गुनासो गर्छिन्। बालुवाको घर बनाई मन्दिर र मस्जिद भन्दै लडेकोमा पृथ्वीलाई दिक्क लाग्छ, उनी भन्छिन् –

बालुवाको घर बनाई मन्दिर मस्जिद गिर्जा भन्दै, विभिन्न ममता घोकी मत्त भै झगडा गर्दछन्... *साझा कविता पृ. ५९*

आफ्ना बालबच्चाहरू युद्ध र हिंसामा लागेको देख्दा कुन आमाको मन नचिरिएला ? पृथ्वी माता पनि दिक्क हुँदै भन्छिन् :

मेरो छातीमाथि रातो गङ्गा बहाउन आपसमा काटाकाट मारामार गर्छन् (ऐजन)

आमाले आफूले जन्माएका करोडौँ सन्ततिहरूमध्ये सबै खराब पनि नरहेको केही अशोक, बुद्ध, गान्धीजस्ता असल सपूतहरू पनि जन्माएको प्रसङ्ग सम्झन्छिन्। सूर्य अर्थात् बाबु आशावादी छन्। केही असल खराब जहीँ पनि हुन्छन् :

तर पनि बच्चाहरू यस्तै हुन्, दुःख दिन्छन् तर धैर्य गर, बालकहरू यस्तै हुन्छन् चाँडै यिनीहरू हुर्कलान् (हामी नमर्दै) खेल र झगडा छोडी शान्तिसित पढ्लान् जान्लान् वैतरणीमा पौडी पौडी दुःखको पारी पुग्लान् (ऐजन)

कवि बालकृष्ण सम प्रकृतिलाई मानवीकरण अझ दैवीकरण गरी आदर्श समाजको परिकल्पनाको विचार पोख्छन्। समाजमा विद्यमान विरह, वेदना विकृत अवस्थालाई कविले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन्। विश्वकै मानव समुदायमा व्याप्त इर्ष्या विद्रोह, हिंसा, आपसी वैमनस्यत्व, धाकधम्की रक्तपात जस्ता विभत्स रूपको चित्रण यस कविताको भावभूमि हो।

स्वर्ग र देवता कवितामा पात्रविधान

चरित्र फुटकर कविताका लागि अनिवार्य तत्त्व होइन, तर पनि कवि बालकृष्ण समले आफ्नो स्वर्ग र देवता कवितामा प्रकृतिलाई मानवीकरण गरी चरित्रको कुशल संयोजन गरेका छन्। चरित्रका बीचमा संवाद बोलाएका छन् द्वन्द्व सिर्जना गरेका छन्। उनले पृथ्वीलाई एउटी आमाका रूपमा उपस्थित गराएर आफ्ना बच्चारूपी मानव समाजका सुखदुःखका पीडालाई कलात्मक रङ दिएर प्रस्तुत गरेका छन्।

दूध–पिउन छोडी ती सहोदरको रगत चुस्न घोक्रोमा दाँत गाड्छन्।
छातीमा एकातिर एक बालकको मृतलाश तेर्स्याई अर्कातिर अर्को स्तनपान गराइनँ भने....*(पृ. ६८)*

यसरी एउटी आमाको कारुणिक क्रन्दनलाई पिताको भूमिकामा रहेका सूर्यले सुन्दै र सान्त्वना पस्किँदै छन्। पिता सूर्य आशावादी चरित्र हुन् उनी बालकहरू यस्तै हुन्छन् प्रिया नरोऊ भनी सम्झाउँछन्, र अनन्त सम्भावनाका रेखाहरू कोर्छन्। पृथ्वीको उद्भव, शक्तिको उदयसँगै नयाँनयाँ आविष्कार हुँदै नातिनी दिवा (सिर्जना र उज्यालोकी प्रतीक) जन्म लेली भनी उनी पृथ्वीलाई सम्झाउँछन्। प्रत्यक्ष चरित्रका रूपमा पृथ्वी, सूर्य र हिमालले भूमिका खेलेका छन्, अप्रत्यक्ष भूमिकामा नातिनी दिवा, कृष्ण, राम, बुद्ध, गान्धी, ईशा, हरिततारा, नाइटेङ्गल, सेक्सपियर,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मार्क्स, आइन्स्टाइन जस्ता चरित्रहरू पनि यस कवितामा परेका छन्। हुनत ती प्रतीकात्मक चरित्र हुन् तापनि कवितालाई आख्यानीकृत गरी प्रस्तुत गर्ने क्रममा कवि समले चरित्रको जीवन्त संयोजन यस स्वर्ग र देवता कवितामा गरेका छन्।

स्वर्ग र देवता कवितामा द्वन्द्व

स्वर्ग र देवता कवितामा कविको जीवन दर्शन द्वन्दात्मक रूपमा प्रस्तुत भएको छ। विश्व मानव समुदायमा बढेको धार्मिक कलह, विखण्डन,, शक्तिको होडबाजी, विध्वंसात्मक प्रवृत्तिले एउटा पक्षको प्रतिनिधित्व गरेको छ भने अर्कातिर विश्वमा शान्तिको स्थापना, मानवता, दया, प्रेम, करुणा, क्षमा, आपसी सहयोग, मातृत्वले प्रश्रय पाउनु पर्ने जस्ता तर्कका बीच यस कवितामा द्वन्द्व गराइएको छ। विश्वमा सज्जनहरूका तुलनामा खराव व्यक्ति र सोचको बिगबिगी बढ्दै गएको एकतर्फी रूपमा हतियारमा साँध नलगाउञ्जेल यस समाजमा शान्ति सम्भव छैन भनी शान्ति र हिंसाबीचको अन्तर्द्वन्द्व पनि कवितामा सशक्त बनेको छ। वैज्ञानिक उन्नति प्रगति र आध्यात्मिक चेतनाका बीचमा समन्वयको वकालत गर्ने सम धर्म र विज्ञानका बीचमा पनि द्वन्द्व सिर्जना गर्छन्। साथै कवितामा प्रस्तुत चकचके मानवहरूका व्यवहार यसरी देखाउँछन्—

कोही भिन्नभिन्न कल्पित रूप खिच्छन्
कोही खिँच्दैनन....यत्तिकैमा, अप्रमाणित कुराहरूमा
एउटा विश्वास गर्छ अर्को गर्दैन ....एउटा त्यो खान्छ, एउटा त्यो खाँदैन
यत्तिमा ....(पृ. ६९)

यसरी सामान्य कुरामा पनि समाजमा द्वन्द्व छ, एकआपसमा अविश्वास छ, यस्तै यस्तै द्वन्द्वको संयोजनले एकातिर कवितालाई कलात्मक तुल्याएको छ भने अर्कातिर नाटकीयता प्रदान गरेको छ।

स्वर्ग र देवता कवितामा विज्ञान

विज्ञानले वस्तुसत्यको प्रतिनिधित्व गर्दछ। भौतिकवादसँग विज्ञानलाई नजिक राखेर हेर्ने पनि गरिन्छ। कवि बालकृष्ण समले पृथ्वीको उत्पत्ति र विकासका सम्बन्धमा आध्यात्मिक अवधारण भन्दा वैज्ञानिक अवधारणालाई बढी रुचाएका छन्।

जसरी जलअणुभित्र घुसी हाइड्रोजन भित्र पसी प्रोटन र इलेक्ट्रन पाए
फेरि प्रोटनभित्र छिरी न्युटन र पोजिटन पाए...*(पृ. ७०)*

यसरी पृथ्वी भित्रका शक्तिको विकासक्रम, विद्युत्को जन्म, प्रकाशको शक्ति, पानीको शक्ति आदि विज्ञानले प्रमाणित गरेका शक्ति सङ्घर्षका पाटालाई कवि समले यस कवितामा कलात्मक स्थान दिएका छन्। कवि स्वयं पनि विज्ञानका विद्यार्थी भएकाले होला उनलाई विज्ञानसम्मत तर्क मन पर्छ। काल्पनिक सत्यभन्दा वस्तुगत तथ्यमा उनी रमाउँछन्।

स्वर्ग र देवता कवितामा प्रकृति

स्वर्ग र देवता कवितामा प्रकृतिलाई नै मुख्य चरित्र बनाइएको छ। सूर्य, पृथ्वी, दिवा, हिमाल आदि; यसबाट पनि यो कविता प्रकृति निकट छ भन्ने तथ्य स्पष्ट हुन्छ। साथै प्रकृतिलाई मानवीकरण गरिए पनि उसमा आएका परिवर्तनलाई सहज ढङ्गले यहाँ प्रस्तुत गरिएको छ।

झरीको एक दिन थियो... बादलको घुम्टो हाली
पृथ्वी धुरुधुरु रोइरहेकी थिइन् *(पृ. ६७)*

प्रकृतिलाई रुवाउने, हँसाउने, नचाउने यावत् मानवीय स्वरूप प्रदान गर्ने कार्य यस कवितामा भएको छ। पृथ्वीको दुःखद अवस्थाको चित्रण गर्ने क्रममा कवि अश्रुसागरलाई महासागरसँग तुलना गर्छन्। जङ्गललाई कपाल,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मस्तकलाई चट्टान र बुटाबुटीलाई झम्टे परेलासँग गरिएको तुलनाबाट पनि उनको प्रकृति प्रेम र प्रकृतिको सूक्ष्म अङ्कनमा रहेको खुबी प्रकट हुन्छ। कविले सिङ्गो कवितालाई नै प्रकृति सम्बद्ध बनाएकाले उनी प्रकृतिचित्रणमा सफल कवि हुन्। प्रकृतिलाई कविताको मर्म अनुरूप हँसाउन, नचाउन, रुवाउन सक्नु उनको थप वैशिष्ट्य हो।

स्वर्ग र देवता कवितामा पूर्वीय दर्शन

सम पूर्वीय र पश्चिमी दर्शनको समन्वय चाहन्छन्, मानवमात्रको हितमा दुबै दर्शन केन्द्रित छन्। यति हुँदा हुँदै पनि ज्ञानको तहमा पूर्वीय दर्शनले मानवसेवा, विश्वबन्धुत्व र परोपकारलाई बढी प्रश्रय दिएको देखिन्छ। कवि भन्दछन् :

सूर उदिते ...पश्येम शरदः शतम्

जीवेम शरदः सहस्रम्... सर्वे सन्ति सुखिनः, सर्वे सन्ति निरामयाः

यी र यस्ता असल जीवन दर्शनलाई यस कवितामा यथेष्ट स्थान दिँदै पृथ्वीको अस्तित्व रक्षा हुनुपर्ने यसका लागि सबै मानिस असल बन्नु पर्ने, असल मानिस नै देवता हुने र देवताको बस्ने बास भए पृथ्वी नै स्वर्ग हुने पूर्वीय दर्शनको निचोड यस कवितामा व्यक्त भएको छ।

स्वर्ग र देवता कविताको प्रस्तुति पक्ष/शैली शिल्प

कविले फुटकर कवितालाई आख्यानीकृत गरी चरित्रको संयोजन गर्नु, पूर्वीय एवं पश्चिमी दर्शनको द्वन्द्व देखाउनु, प्राकृतिक चरित्रलाई सम्वाद गराउनु, विज्ञानजन्य र पूर्वीय दर्शनजन्य विचारलाई प्रयोग गर्नु जस्ता कैयन् नवीन पक्षको प्रस्तुतिले कवितालाई कलात्मक र नवीन तुल्याएको छ।

गद्य संरचनामा लेखिए पनि आन्तरिक साङ्गीतिक चेतले युक्त प्रस्तुत कवितामा विभिन्न सामाजिक, सांस्कृतिक एवं प्राकृतिक बिम्ब प्रतीकहरूको सहज स्वाभाविक प्रस्तुति छ। स्वर्ग र देवता दुबै प्रतीकात्मक छन्। अब जन्मिने दिवा पनि प्रतीकात्मक चरित्र हो। अतीतका विशिष्ट व्यक्ति र वर्तमानमा चकचक गर्ने समाजका सदस्यहरू पनि प्रतिनिधिमूलक चरित्र हुन्। यसरी कवि समले प्रस्तुति पक्षलाई पूर्णतया नवीनता दिँदै यो कविता लेखेका छन्।

बिसाउनु अघि

स्वर्ग र देवताको बारेमा वर्णन गर्नु सामान्य कुरा होइन। बालकृष्ण समजस्ता बौद्धिक प्रतिभाले जीवनयात्राको मध्याह्नमा थुप्रै ज्ञानविज्ञानको अध्ययनपछि लेखेको समीक्ष्य कविता उनका उत्कृष्टतम रचनाहरूमध्ये एक हो। कवि चाहना वैयक्तिक स्वार्थकेन्द्रित नभई विश्वमा शान्ति, सुव्यवस्था, दया, माया, विश्वबन्धुत्व र मानवताका माध्यमबाट शान्तिको स्थापना गर्नु हो। यसका लागि वैज्ञानिक सभ्यता र संस्कृतिलाई पनि सकारात्मक ढङ्गले संयोजन गर्नुपर्दछ। विज्ञानले सधैँ नराम्रो गर्ने वा सिकाउने होइन, त्यसका प्रयोक्ता हामी मानवले त्यसको दुरुपयोग नगरौँ, समाजलाई स्वर्ग बनाऔँ, प्रत्येक मान्छे देवता बनौँ बन्न सकौँ यसतर्फ प्रयत्न गरौँ भन्ने भावका साथ आएको यस कविताले नेपाली समाजलाई पक्कै पनि तरङ्गित पारेको थियो, छ र पार्ने छ।

सन्दर्भग्रन्थसूची

ढुङ्गेल, भोजराज, दाहाल दुर्गाप्रसाद, (२०६०) : नेपाली कविता र काव्य, काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स।

त्रिपाठी, वासुदेव (प्र. सम्पा.) (२०३८) वाङ्मय, २, २ काठमाडौं : नेपाली शिक्षण समिति।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०४६) नेपाली कविता भाग ४, काठमाडौं, साझा प्रकाशन।

बन्धु, चुडामणि (सम्पा.) (२०५८) (सातौं सं.) साझा कविता, काठमाडौं : साझा प्रकाशन।

शर्मा ताना (२०४८) (चौथो सं.) सम र समका कृति, ललितपुर : साझा प्रकाशन।

शर्मा, मोहनराज, श्रेष्ठ दयाराम डा. (२०४६) (तृतीय सं.) नेपाली साहित्यको संक्षिप्त इतिहास, काठमाडौं : साझा प्रकाशन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनशास्त्र र न्यायदर्शनसम्मत प्रमेयपदार्थ

सहप्रा. अच्युतप्रसाद लामिछाने

दर्शनशास्त्र मानवजातिको प्राचीनतम उपलब्धि हो। जहिलेदेखि मनुष्यले आफ्नो जीवन र जगत्प्रति सोच्न थाल्यो, त्यसै वेलादेखि नै दर्शनको उत्पत्ति भएको हामी अनुमान गर्न सक्छौँ। असम्भवप्रायः घटना पनि जीवनमा कहिले काहीँ घट्न जान्छन्। त्यस्ता घटनाबाट मनुष्य यदा कदा असन्तुष्ट, अशान्त र विचलित हुन पुग्छन् अनि मानसिक शान्ति र आध्यात्मिक सन्तुष्टिका लागि मानवले जीवन र जगत्को वास्तविकतालाई जान्न खोज्दछ, सोच्न थाल्दछ, यसै क्रममा दर्शनको उत्पत्ति हुन्छ। जीवनमा घट्ने अनेकौँ घटना दर्शन गर्दै, सांसारिक परं सुखसुविधा-(राजकीय सुविधा)बाट विचलित हुँदै मानसिक शान्ति र आध्यात्मिक सन्तुष्टिका लागि घरपरिवार त्यागी सिद्धार्थ गौतम सत्यको खोजी गर्न जंगल तर्फ लागेको कुरा हामीलाई थाहै छ। त्यसैले दर्शनको उत्पत्ति मानिसको जीवनको व्यावहारिक आवश्यकताको पूर्तिबाट हुन्छ जसले गर्दा दर्शन जीवनको एउटा बाटोका रूपमा देखापर्दछ।

मान्छे एउटा चिन्तनशील प्राणी हो। उसले आफ्नो वास्तविक जीवनको बारेमा जान्न, बुझ्न खोजिरहेको हुन्छ। म को हुँ ? कहाँबाट आएँ ? मरे पछि कहाँ पुग्छु ? आदि विभिन्न प्रश्नहरू मान्छेको मनमा कुनै पनि वेला उब्जन सक्दछ अनि मान्छेले आफ्नो वास्तविक स्वरूपको बारेमा चिन्तन गर्न थाल्दछ। त्यस किसिमको दार्शनिक चिन्तन वास्तवमै दर्शन[1] हो। संसारको स्वरूप के हो ? ब्रह्म के हो ? ईश्वर के हो ? सृष्टिको कारण के हो ? जीवनको कर्तव्य के हो ? अपवर्ग[2] कसरी हुन्छ ? इत्यादि प्रश्नहरूको सूक्ष्म रूपमा विवेचना जहाँ गरिन्छ त्यो वस्तुतः दर्शन हो। यसर्थ दर्शनको उत्पत्ति अन्वेषणशीलमस्तिष्कबाट पनि हुन्छ भन्न सकिन्छ। ब्रह्माण्डको उत्पत्ति कसरी भयो ? यसका निर्माता को हुन् ? ईश्वर हुन् अथवा यो अनादि कालदेखि नै थियो ? संसारमा पदार्थ वा आत्मा कसको पहिले उत्पत्ति भयो ? आत्माबाट पदार्थको उत्पत्ति भयो ? अथवा पदार्थबाट आत्माको[3] ? यस्ता अनेकौँ प्रश्नहरूबाट उब्जने चिन्तनको विकासको क्रममा दर्शनशास्त्रको उत्पत्ति भएको हो। त्यसैले यसको मूल आधार शुद्ध बौद्धिक चिन्तन हो जसले मूल रूपमा परमतत्वको सत्यज्ञान प्राप्त गर्ने उद्देश्य राखेको हुन्छ।

प्रकर्षपूर्वक ईक्षण गर्नु अर्थात् विचार गरेर देख्नु वा ज्ञान गर्नु दर्शनको वाच्यार्थ हो। दर्शन शब्दको अर्थ "निर्वर्णन, निध्यान, आलोकन, ईक्षण" भन्ने पनि हुन्छ। यो कुरा "निर्वर्णनन्तु निध्यानं दर्शनालोकनेक्षणम्[4]" अर्थात् निर्वर्णन, निध्यान, आलोकन, ईक्षण जस्ता दर्शनका पर्यायवाची शब्दबाट पुष्ट हुन्छ। दर्शनशब्द प्रायः आत्मदर्शनलाई लिएर प्रयोगमा आएको छ। "आत्मनस्तु कामाय सर्वं प्रियं भवति" अर्थात् आत्माकै लागि सबै प्यारो हुन्छ भन्ने आधारमा "आत्मा वाऽरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः[5]" भनिएको छ। अर्थात् आत्मा नै देख्नुपर्ने, सुन्नुपर्ने, गम्नुपर्ने र ठम्याउनुपर्ने भन्ने यसको तात्पर्य हो। त्यसैले आत्माको ज्ञान विषयवस्तुको बोधका प्रति मुख्य भएकोले दर्शन भन्नासाथ आत्मपरक विवेकज्ञान भन्ने बुझ्नुपर्दछ।

---

१. दर्शनशास्त्र एक परिचय, पृ. १२
२. मर्यादा अनुसन्धान विशेषांक, पृ. ३२
३. मीमांसादर्शन, पृ. ८
४. अमरकोश, तृतीयकाण्ड, सङ्कीर्णवर्ग, ३१ श्लोक
५. न्यायदीप, पृ. १८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ऋग्वेदकाल पछि दर्शनको चिन्तनधाराको विकासको क्रममा न्याय, वैशेषिक, साङ्ख्य, योग, पूर्वमीमांसा र उत्तरमीमांसा (वेदान्त) टङ्कारो रूपमा अगाडि देखिए। आस्तिक षट्दर्शन भनेका यी नै हुन्। असत्यबाट सत्यतिर, अन्धकारबाट प्रकाशतिर अनि मृत्युबाट अमरत्वतिर[६] लानु सबै दर्शनको मूल आशय हो।

आस्तिक षट्दर्शनमध्ये न्यायदर्शन एक हो। "नितरामतिशयेन इयते = अवगम्यते विवक्षितार्थसिद्धिरनेन"यो व्युत्पत्तिबाट न्यायदर्शनमा परेको न्यायशब्दको निष्पत्ति हुन्छ। न्यायदर्शन भनेको प्रमाण शास्त्र हो। त्यसैले "प्रमाणैरर्थपरीक्षणं न्यायः[७]" भनिएको छ। यो न्यायदर्शन अर्थात् न्यायविद्याको विशेष महत्त्व र उपयोगित्व पनि छ। कौटिल्यमहोदय निम्नलिखित श्लोकद्वारा यही कुराको निरूपण गर्छन् "प्रदीपःसर्वविद्यानामुपायः सर्वकर्मणाम्। आश्रयः सर्वधर्माणां सेयमान्वीक्षिकी मता[८] ॥" अर्थात् सम्पूर्ण विद्याको प्रदीप, सम्पूर्ण कर्मको उपाय र सम्पूर्ण धर्मको आश्रय यो आन्वीक्षिकी=न्यायविद्या हो। यसै न्यायविद्यालाई आन्वीक्षिकी विद्या भनिन्छ। प्रत्यक्ष र आगमप्रमाणमा आश्रित अनुमानप्रमाण अन्वीक्षा हो। त्यसैबाट अर्थात् प्रत्यक्ष र अनुमानद्वारा प्रवर्तित हुने आन्वीक्षिकी=न्यायविद्या=न्यायशास्त्र हो, न्यायदर्शन हो। यस कुराको पुष्टि भाष्यकारको निम्नलिखित पङ्क्तिबाट पनि हुन्छ— प्रत्यक्षागमाश्रितमनुमानम् सा अन्वीक्षा, प्रत्यक्षागममाभ्यामीक्षितस्यान्वीक्षणमन्वीक्षा, तया प्रवर्तते इत्यान्वीक्षिकी न्यायविद्या न्यायशास्त्रम्।[९]

न्यायदर्शन अर्थात् न्यायविद्याको प्रवृत्ति उद्देशलक्षणपरीक्षा यी तीन प्रकारले हुन्छ। यसमध्ये नामद्वारा मात्र वस्तुको उल्लेख गर्नु उद्देश हो, जस्तै— द्रव्य, गुण, कर्म, सामान्य आदि। वस्तुमा रहने असाधारण धर्मलाई लक्षण भनिन्छ, जस्तै— शीतस्पर्शवत्त्व केवल जलमा रहने असाधारण धर्म हो, त्यो नै जलको लक्षण हो। शीतस्पर्शवत्त्व जलको लक्षण हुन सक्दछ कि सक्दैन ? भन्ने विचार परीक्षा हो। यसको स्पष्टीकरण तर्कसङ्ग्रह ग्रन्थको 'पदकृत्यं' टीकाको निम्नलिखित पङ्क्तिद्वारा हुन्छ—नाममात्रेण वस्तुसंकीर्तनमुद्देशः। यथा द्रव्यं, गुण कर्म इति। असाधारणधर्मो लक्षणम्। यथा गन्धवत्वं पृथिव्याः लक्षणम्। लक्षितस्य लक्षणं सम्भवति नवेति विचारः परीक्षा।[१०] यसरी वस्तु सङ्कीर्तनको क्रममा न्यायदर्शनले आत्मशरीरेन्द्रियार्थबुद्धिमनः प्रवृत्तिदोषप्रेत्यभावफलदुःखापवर्गास्तु प्रमेयम्।[११]" भनी बाह्र (१२) भागमा प्रमेय विभाजन गरेको छ।

बाह्र प्रमेयमध्ये आत्मा सर्वप्रथम आएको छ। आत्मा वाऽरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः भन्ने उपनिषद्वचनानुसार हामीले जान्नुपर्ने आत्मा नै हो किनभने यस्मिन् विज्ञाते सर्वं विज्ञातं भवति[१२] अर्थात् जुन कुरा जाने पछि सबै कुरा जानिन्छन्। यसरी उपनिषद्ले महिमा गाएको विषय भएकोले पनि वेदवादी न्यायदर्शनले बाह्र प्रमेयमध्ये आत्मालाई प्रथम स्थान दिएको हुनु पर्दछ। यो आत्मा सम्पूर्णको द्रष्टा, भोक्ता, सर्वज्ञ र सर्वानुभवी छ। आत्मेन्द्रियाद्यधिष्ठाता करणं हि सकर्तृकम्[१३] अर्थात् इन्द्रियको अधिष्ठाता आत्मा हो। नाक, कान, आँखा, जिब्रो, छाला यी बहिरिन्द्रिय र अन्तरिन्द्रिय मन करण हुन् भने आत्मा चाहिँ कर्ता, चेतन, ज्ञानसुखादिवाला हो। यसलाई

---

६. मीमांशादर्शन, पृ.८
७. न्यायसिद्धान्तमुक्तावली, पृ. अस्मदीयं कथनम्
८. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम् वात्स्यायनसमयसमीक्षा, पृ.६
९. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, पृ.६
१०. तर्कसङ्ग्रहः, न्यायबोधिनीटीकासंवलित, पृ.१४०
११. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, पृ.२९
१२. न्यायदीप, पृ.१८
१३. न्यायसिद्धान्तमुक्तावली श्लोक ४७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यक्षप्रमाणद्वारा ग्रहण गर्न सकिँदैन, आगमप्रमाणद्वारा मात्र पनि ग्रहण गर्न खोजिँदैन, यसको प्रत्यक्ष अनुमान प्रमाणद्वारा हुन्छ। सर्वप्रथम यहाँ आत्मा छ भन्ने के प्रमाण ? यस्तो जिज्ञासा रहन सक्दछ। त्यसैमा सूत्रकार गौतममुनि निम्नलिखित रीतिद्वारा प्रमाण प्रस्तुत गर्छन् –इच्छाद्वेषप्रयत्नसुखदुःखज्ञानान्यात्मनो लिङ्गम्[१४] अर्थात् इच्छा, द्वेष, प्रयत्न, सुख, दुःख र ज्ञान आत्मा छ भन्नेमा हेतु हुन्। यी नै हेतुद्वारा आत्माको ग्रहण गरिन्छ। ज्ञान, इच्छा र प्रयत्न नै विशेषतः आत्मानुमापक हेतु हुन्। द्वेष, सुख र दुःखले चाहिँ संसारी आत्माको अनुमापन गर्दछ। संसारी आत्मा प्रतिशरीर भिन्न हुन्छ भने ज्ञानाधिकरणवाला जुन आत्मा हो त्यो सर्वज्ञ, व्यापक अनि एउटै हुन्छ। यही कुराको स्पष्ट निरूपण निम्नलिखित ज्ञानाधिकरणमात्मा, स द्विविधः, जीवात्मा परमात्मा चेति। तत्रेश्वरः सर्वज्ञः परमात्मा एक एव। जीवस्तु प्रतिशरीरं भिन्नो विभुर्नित्यश्च[१५] पङ्क्तिद्वारा तर्क सङ्ग्रहकारले गरेका छन्।

इच्छा, द्वेष, प्रयत्नादि लिङ्गद्वारा प्रतिपादित आत्माको भोगाधिष्ठान शरीर हो। त्यसलाई भोगायतन पनि भनिन्छ। त्यस्तै चेष्टेन्द्रियार्थाश्रयः शरीरम्[१६] अर्थात् चेष्टा, इन्द्रिय र अर्थको आश्रय पनि शरीर हो । यहाँ चेष्टाको अर्थ प्रवृत्ति हुन्छ। मान्छे प्रवृत्तिवशात् कुनै पनि काममा लाग्दछ, नभए लाग्दैन। त्यसैले प्रवृत्ति अर्थात् चेष्टाको आश्रय शरीर हो भन्ने मान्नुपर्दछ। जिब्रोरूपी इन्द्रियसँग रसवरीरूपी अर्थको सन्निकर्ष हुँदा सुखानुभव हुन सक्दछ भने तीतेकरेलोसँग इन्द्रिय सम्बन्ध हुँदा दुःख पनि हुन सक्दछ। यसरी हुने तिक्तरसानुभवजन्य दुःखाश्रय र मधुरसानुभवजन्य सुखाश्रय शरीरै हो भन्ने स्पष्ट हुन्छ किनभने इन्द्रिय र अर्थको भेट हुने ठाउँ शरीर बाहेक अर्को हुनै सक्दैन। यही नै चेष्टेन्द्रियार्थाश्रयः शरीरम्को तात्पर्य हो।

इन्द्रियको काम तत्तत् विषय ग्रहण गर्ने हो। इन्द्रियलाई भोगका साधन भनिन्छ। नाक, जिब्रो, आँखा, छाला र कान यी पाँच ज्ञानेन्द्रिय र अन्तरिन्द्रिय मन समेत गरी जम्मा छ किसिमको इन्द्रिय न्यायले मानेको छ। घ्राणेन्द्रिय-(नाक)ले गन्ध, रसनेन्द्रिय-(जिब्रो)ले रस, चक्षुरिन्द्रिय-(आँखा)ले रूप, त्वगिन्द्रिय-(छाला)ले स्पर्श र श्रोत्रेन्द्रिय-(कान)ले शब्द ग्रहण गर्दछ। रूपरसादिको ज्ञान यद्यपि विषयेन्द्रियसम्बन्ध भए पछि हुन्छ तापनि अन्तरिन्द्रिय मनसँग सम्बन्ध नहुन्जेल वास्तविक ज्ञान हुन सक्दैन। वास्तविक ज्ञान हुन विषय र इन्द्रियको सम्बन्ध भएपछि मनसँग पनि सम्बन्ध हुनु पर्दछ।

पृथिवी, जल, तेज, वायु र आकाश यी पञ्चमहाभूत गन्ध, रस, रूप, स्पर्श र शब्दका यथाक्रम कारण हुन् भने गन्ध, रस, रूप, स्पर्श र शब्द यिनीहरू पृथिव्यादि पञ्चमहाभूतका विशेषगुणहरू हुन्। यद्यपि विशेषगुणहरू–

बुद्ध्यादि षट्कं स्पर्शान्ताः स्नेहः सांसिद्धिको द्रवः।
अदृष्ट भावना शब्दा अमी वैशेषिका गुणाः ॥[१७]

अर्थात् बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, रूप, रस, गन्ध, स्पर्श, स्नेह, सांसिद्धिको द्रवः, अदृष्ट (धर्म र अधर्म), भावना र शब्द भेदले सोह्र किसिमका छन् तापनि पृथिवीको विशेषगुण गन्ध र घ्राणेन्द्रियको अर्थ अर्थात् विषय पनि गन्धै हो। जलको विशेषगुण रस र रसनेन्द्रियको अर्थ अर्थात् विषय पनि रसै हो। त्यसै गरी तेजको विशेषगुण रूप, वायुको विशेषगुण स्पर्श र आकाशको विशेषगुण शब्द हो। रूप, स्पर्श र शब्द यी यथाक्रम चक्षुरिन्द्रिय, त्वगिन्द्रिय र श्रोत्रेन्द्रियका अर्थ पनि हुन्।

---

१४. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, पृ.३०
१५. तर्कसङ्ग्रह, पृ.१०
१६. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, पृ.३२
१७. न्यायसिद्धान्तमुक्तावली, श्लोक ९०–९१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धिरूपलब्धिज्ञानमित्यनर्थान्तरम्[१८] अर्थात् बुद्धि, उपलब्धि र ज्ञान भन्नु अर्थान्तर नभई एउटै कुरा हो। न्यायको मतमा अनुभूति र स्मृतिको भेदले बुद्धि दुई किसिमको हुन्छ। प्रत्यक्ष, अनुमिति, उपमिति र शाब्दबोध गरी अनुभूति चार किसिमको हुन्छ। त्यसको करण पनि प्रत्यक्ष, अनुमान, उपमान र शब्द गरी चारै किसिमको हुन्छ। इन्द्रिय र अर्थको सन्निकर्षबाट जन्मने ज्ञानलाई प्रत्यक्ष, व्याप्तिज्ञानकरण पर्ने ज्ञानलाई अनुमिति, सादृश्यज्ञानकरण पर्ने ज्ञानलाई उपमिति र पदज्ञानकरण पर्ने ज्ञानलाई शाब्दबोध[१९] भनिन्छ। घ्राणजरासनचाक्षुषश्रावणस्पार्शनमानस[२०] भेदले प्रत्यक्ष छ किसिमको हुन्छ भन्ने अङ्गीकार गरिएको छ। त्यस्तै स्वार्थ र परार्थको भेदले अनुमान दुई किसिमको हुन्छ। त्यसमध्ये स्वार्थानुमानमा न्यायको प्रयोग हुँदैन। न्यायको प्रयोग हुने परार्थानुमान[२१]मा हो। यहाँ न्यायको अर्थ प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन हो। यही पञ्च अवयव प्रयोग हुने परार्थानुमान र नहुने स्वार्थानुमान भन्ने बुझ्नु पर्दछ। त्रैविध्यमनुमानस्य केवलान्वयिभेदतः[२२] यो कारिकाद्वारा अन्वयव्यतिरेकी, केवलान्वयी र केवलव्यतिरेकीको भेदले अनुमान तीन किसिमको हुन्छ भन्ने स्पष्ट हुन्छ। त्यसै गरी यथार्थ र अयथार्थको भेदले अनुभवात्मकज्ञान दुई किसिमको हुन्छ। संस्कारबाट मात्र जन्मने ज्ञान स्मृति[२३] हो। त्यसमा पूर्वानुभवकारण[२४] पर्दछ। यसरी बुद्धिनिरूपण पश्चात् क्रमप्राप्त मनो निरूपण प्रारम्भ हुन्छ–

साक्षात्कारे सुखादीनां करणं मन उच्यते।
अयौगपद्याज्ज्ञानानां तस्याणुत्वमिहोच्यते॥[२५]

बाहिरी वस्तुको साक्षात्कार बहिरिन्द्रिय र अर्थको सन्निकर्षबाट हुन्छ। सुखदुःखादिको साक्षात्कार अन्तरिन्द्रिय मनद्वारा हुन्छ किनभने मुखप्रसाद अथवा मुखमालिन्य देखे पछि मात्र अन्तरिन्द्रिय मनले सुख वा दुःख भएको अनुभव गर्न सक्दछ। इन्द्रिय र अर्थको सन्निकर्ष हुनासाथ वस्तुतः ज्ञान हुन सक्दैन। हुने भए रूपरसगन्धस्पर्शशब्दजन्य ज्ञान एकै पटक हुन्थे होलान् तर त्यसो हुँदैन। सेलरोटी खाँदा सेलको रूप, त्यसमा भएको रस, त्यसको गन्ध, त्यसको स्पर्श अनि त्यसकै चुरुम चुरुम गरेको शब्दको आवाज समेत एकै चोटि पाउँछौं जस्तो हामीलाई लाग्दछ तर त्यस्तो हुँदैन। मन ज्यादै सूक्ष्म भएको हुँदा एकै पटक सबै ज्ञान भएको जस्तो लागेको मात्र हो। वस्तुतः सेलरोटी खाँदा त्यसको रूपरसगन्धस्पर्शशब्दको ज्ञान हुन क्रमको अपेक्षा रहेको हुन्छ। सयवटा कमलपत्र जम्मा गरी सियोले रोप्दा पहिलो हुँदै सयौं पत्रमा पुग्न जसरी समयको अपेक्षा हुन्छ त्यसरी नै मन पनि ज्यादै सूक्ष्म भएकोले सेलरोटी खाँदा एकै पटक रूपरसगन्धस्पर्श र शब्दको ज्ञान भए जस्तो लागेको केवल उत्पलशतपत्रभेदनमा यौगपद्यभ्रान्ति भए जस्तै भ्रान्ति मात्र हो, सत्य होइन। अतः इन्द्रिय र अर्थको सन्निकर्षबाट हुने रूपरसादिको ज्ञान एकै पटक नभई मनको माध्यमले क्रमशः हुन्छ भन्ने बुझ्नु पर्दछ।

यसै गरी सातौं प्रमेयको नाम प्रवृत्ति हो। मान्छे आफ्नो इष्टसिद्धिको निम्ति मात्र कुनै पनि कार्यमा प्रवृत्त हुन्छ। अर्को अर्थमा भन्ने हो भने कार्यारम्भ नै प्रवृत्ति हो। कार्य, मन र वचन शरीरबाट आरम्भ हुन्छन्। त्यसैले कार्य, मन र

---

१८. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, पृ.३४
१९. न्यायसिद्धान्तमुक्तावली, श्लोक ५१–५२
२०. पूर्ववत् श्लोक ५२
२१. तर्कसङ्ग्रह, अनुमानपरिच्छेद, पृ.११८
२२. न्यायसिद्धान्तमुक्तावली, श्लोक १४२
२३. तर्कसङ्ग्रह, पृ.२१
२४. न्यायसिद्धान्तमुक्तावली, पृ.३२०
२५. पूर्ववत् पृ.३३२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वचनको भेदले प्रवृत्ति तीन किसिमको हुन्छ। मन र वचनद्वारा गरिने दुई किसिमको कर्ममा पुण्य र पाप पर्दछन्। त्यसमध्ये दोषद्वारा प्रयुक्त पापात्मिका प्रवृत्ति अधर्म अर्थात् पापको लागि हुन्छ र त्यो दश किसिमको छ। त्यस्तै शुभकर्म धर्म हो त्यो पुण्यको लागि हुन्छ र त्यो पनि दशै किसिमको छ भन्ने कुरा न्यायभाष्य द्वितीयसूत्रको व्याख्याद्वारा गतार्थ हुन्छ।

आठौँ प्रमेयमा दोष पर्दछ। प्रवर्तनालक्षणा दोषाः[२६] अर्थात् 'प्रवृत्तिजनकत्वं दोषत्वम्' यो दोषको लक्षण हो। राग, द्वेष र मोहबाट प्रवृत्ति हुन्छ। दोषहरू धेरै किसिमका छन् तापनि राग, द्वेष र मोह यी तीन किसिमका दोषले मान्छेलाई पुण्यकर्म र पापकर्ममा प्रवृत्त गराउँदछ। जहाँ मिथ्याज्ञान हुन्छ त्यहाँ राग, द्वेष र मोह रहन्छ। दोषहरू प्रत्यात्मवेदनीय हुन्छन् अनि त्यी कर्मबाटै लक्षित पनि हुन्छन्। रागादिदोषयुक्त मनुष्य आफूलाई सुख हुने कर्ममा मात्र प्रवृत्त हुन्छ जुन अर्काको निम्ति दुःखयुक्त पनि हुन सक्दछ।

प्रेत्यभाव- देह, इन्द्रिय, मन र बुद्धिको वेदनाबाट सम्बद्ध भई उत्पन्न भएका प्राणीको मृत्युपछि पुनरुत्पत्ति हुनु प्रेत्यभाव[२७] हो। यो नवौँ प्रमेयमा पर्दछ। मरेर फेरि जन्मनु पुनर्जन्म, त्यसको अर्को नाम हो प्रेत्यभाव। पुनर्जन्म अर्थात् प्रेत्यभाव आस्तिक दर्शनको प्रमुख सिद्धान्त हो। त्यही जन्म, मरणप्रबन्धको उच्छेदका लागि नै सारा आस्तिक दर्शन प्रवृत्त भएका छन्।

सुख र दुःखको संवेदनलाई 'फल'[२८] भनिन्छ। सुखविपाक र दुःखविपाक कर्मद्वारा हुन्छ। त्यो विपाक पनि देहेन्द्रिय र विषय भए मात्रै हुने हो अन्यथा हुँदैन। देहादिसँग फल सम्बद्ध हुन्छ। प्रकृत्तिजनित अर्थ भएको यो फल लिँदै छोड्दै, छोड्दै लिँदै गरिन्छ। यो फल लिएपछि नछोडिने र छोडेपछि नलिइने भन्ने कुनै टुङ्गो छैन। यही फलको लिने र छोड्ने प्रवाहले नै लौकिकव्यवहार चलेको छ।

बाधना लक्षणं दुःखम्[२९] अर्थात् पीडा नै दुःखको स्वरूप हो। यहाँ बाधना भन्नाले पीडा, ताप र वेदना जे लिए पनि हुन्छ। दुःखसँग सम्बद्ध कुरालाई पनि यहाँ दुःख भन्ने व्यवहार गरिन्छ। यो संसार दुःखै दुःखले युक्त छ। कसैलाई आध्यात्मिक दुःख छ भने कसैलाई आधिभौतिक अनि कसैलाई आधिदैविक। यिनका नाशका उपाय नभएका होइनन् किन्तु नाशपछि ती फेरि सधैँका लागि नफर्कने पनि होइनन्। फर्के भने त फेरि दुःखै हुन्छ। यहाँ पियनदेखि हाकिमसम्म, सामान्य जनतादेखि राष्ट्रपति सम्म तल माथि भन्ने तहको कुरा छ। ठूलो, सानो, तल, माथि भन्ने भावना रहे सम्म मनमा शान्ति हुँदैन। त्यो नहुनु दुःख हुनु हो। यही दुःखमय संसारबाट छुट्करा कसरी पाउने भन्ने विचारको क्रममा दर्शनको सूत्रपात भयो र सर्वं दुःखमयं जगत् भन्ने कुरा पनि दर्शनशास्त्रले विचार गऱ्यो। यही विचारकै क्रममा दुःख दर्शी संसारबाट विरक्तिने र विरक्तिपछि ज्ञानद्वारा मोक्षपदमा पुग्ने कुरा निर्विवाद छ। त्यसैले दुःख निवृत्तिपूर्वक नित्यसुखाभिव्यक्तिरूप मोक्षपदमा पुग्न सबैको प्रयत्न हुनु पर्दछ। यस पछि क्रमप्राप्त अपवर्गनिरूपण शुरु हुन्छ— यो अपवर्ग बाह्रौँ प्रमेय अर्थात् अन्तिम प्रमेय हो। जहाँ एकनिष्ठा छ, सबै शास्त्रको पर्यवसान छ, त्यो अपवर्ग हो। यसको अर्थ दुःखबाट अत्यन्त छुट्करा पाउनु अर्थात् नित्यरूपमा छुट्कारा पाउनु भन्ने हो। यही कुरा भाष्यकार यसरी प्रस्तुत गर्दछन्— तदत्यन्तविमोक्षोऽपवर्गः[३०] दुःखबाट अत्यन्त छुट्कारा पाउनु भन्ने

---

२६. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, पृ.३७

२७. न्यायदीप, पृ.२२

२८. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, पृ.३८

२९. पूर्ववत्, पृ.३८

३०. पूर्ववत् पृ.३९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थलाई न्यायले अपवर्ग मानेको छ। वस्तुतः लिएको जन्मको हान र अर्को जन्मको अनुपादान अपवर्ग हो। कुन कुन अवस्थाबाट पार हुँदै जाँदा अपवर्ग हुन्छ भन्ने जिज्ञासामा यसको स्पष्ट उत्तर गौतम–न्यायको दोस्रो सूत्रद्वारा हुन्छ। जस्तैः दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानामुत्तरोत्तरापाऽये तदनन्तरापायादपवर्गः[३१] अर्थात् सर्वप्रथम दोषको कारणरूप मिथ्याज्ञाननिवृत्ति हुनुपर्दछ। त्यसपछि राग, द्वेष र मोह निवृत्ति हुन्छ किनभने कारणनिवृत्ति पछि कार्यनिवृत्ति हुने प्रसिद्धै छ। त्यस्तै दोषनिवृत्ति पछि धर्म र अधर्मरूप प्रवृत्ति नाश हुन्छ। त्यसपछि जन्म नाश हुने स्पष्ट छ। जन्म नाश पछि सारा दुःख नाश हुने नै भए। दुःखको नाशपश्चाद् ज्ञानद्वारा अपवर्ग हुन्छ। यो अवस्थामा नपुगुञ्जेल अपवर्गविद्हरू अपवर्गको खोजीमा लागी रहन्छन्। वैशेषिकहरू द्रव्यगुणकर्मसामान्यविशेष र समवाय नामक षट्पदार्थको साधर्म्य–वैधर्म्यज्ञानद्वारा तत्त्वज्ञान[३२] भएपछि निःश्रेयसं अर्थात् मोक्ष हुन्छ भन्ने मान्दछन्। कसैले दुःखको अत्यन्ताभावलाई पनि मुक्ति मानेका छन्। यो कुरा दुःखेनात्यन्तं विमुक्तश्चरति, तमेव विदित्वाऽतिमृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय[३३] भन्ने श्रुतिद्वारा पनि पुष्ट हुन्छ। न्यायदर्शनले पनि यो कुरा स्वीकार गरेको छ।

यसप्रकार दर्शनशास्त्रको उत्पत्ति, त्यसको स्वरूपनिरूपण अनि न्यायदर्शनसम्मत प्रमेयपदार्थको बारेमा संक्षेपमा विवेचना गर्दै अहिलेलाई यहीँ कलम बन्द गर्न चाहन्छु।

सन्दर्भग्रन्थसूची

अन्नं भट्ट	तर्कसंग्रह, केदारनाथत्रिपाठी, 'दर्शनरत्नम्', मोतीलाल्लवनारसीदास, वाराणसी, द्वितीयसंस्करण, १९८५ वि.सं.।
कुलचन्द्रगौतम	अमरकोश, नारायणप्रसाद आचार्य, यशोदा पुस्तकालय, वाराणसी, २०१७ वि.सं.।
चूडानाथ भट्टराय	न्यायदीप, नेपालराजकीयप्रज्ञाप्रतिष्ठान, काठमाडौँ, नेपाल, २०२९ वि.सं.।
जगत् उपाध्याय	मर्यादा, अनुसन्धानविशेषाङ्क (पत्रिका), ने.सं.वि., वाल्मीकि, २०६७ वि.सं.।
वात्स्यायन	न्यायभाष्यम्, द्वारिकादास शास्त्री, सुधीप्रकाशन, वाराणसी, २०४३ वि.सं.।
डा. विनय	मीमांसादर्शन, डायमण्डपाकेटबुक्स प्रा.लि., दरियागञ्ज, नईं दिल्ली।
विद्यानाथ उपाध्याय/ पद्मप्रसाद भट्टराई (परिमार्जनकर्तारौ)	कक्षा १० (न्यायदर्शनम्), श्रीपञ्चसर्वकारः, शिक्षा तथा खेलकूर्दनमन्त्रालय, पाठ्यक्रमविकासकेन्द्रम्, सानोठिमी, भक्तपुरम्, प्रथमसंस्करण, २०५९ वि.सं.।
विश्वनाथपञ्चानन भट्टाचार्य	न्यायसिद्धान्तमुक्तावली, हरिरामशुक्ल, चौखम्बासंस्कृत संस्थान, वाराणसी, चतुर्थसंस्करण, २०४५ वि.सं.।
डा. वीरेन्द्रप्रसाद मिश्र	दर्शनशास्त्र एक परिचय, काठमाडौँ, २०४० वि.सं.।
शंकरमिश्र	वैशेषिकसूत्रोपस्कारः, चौखम्बा संस्कृत सीरिज आफीस, वाराणसी, प्रथमसंस्करण, २०२६ वि.सं.।

३१. प्रसन्नपदापरिभूषितं न्यायभाष्यम्, पृ.१३

३२. वैशेषिकसूत्रोपस्कारः, पृ.१६

३३. पूर्ववत् पृ.२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहहरूका दैनिक गति र वार्षिक गतिको विवेचना

सहप्रा. धनेश्वर नेपाल

पृष्ठभूमि : आकाशीय पिण्डहरूका गतिहरूको खोज अध्ययन प्रारम्भ भएको धेरै वर्ष व्यतीत भइसकेको छ। प्राचीन खगोलशास्त्रको इतिहासलाई अध्ययन गर्दा हामी यो निष्कर्षमा पुग्नसक्छौं कि पूर्वीय जगत्मा वैदिक कालदेखि नै ग्रहगतिको चिन्तन मनन प्रारम्भ भइसकेको थियो भने पाश्चात्त्य जगत्मा पनि आदिम कालदेखि नै यो परम्परा सुरु भएको थियो। आजभन्दा शताब्दीयौं पूर्वको समयमा मानिसहरूले खगोलीय पदार्थहरूको स्थिति तथा तिनका गतिहरूको नियमित रूपले दृष्टिगोचर गरेका थिए। मुख्यतया दैनिक व्यवहारको आवश्यकताले आदिम मानवहरूलाई त्यतातिर प्रेरित गराएको थियो (पाण्डेय, १९८२ : २)। ती थिए ऋतुहरूको परिवर्तन तथा वर्षमास, दिन आदिका काल विभाजन। मरुस्थल तथा समुद्रमा यात्राको लागि दिशाको ज्ञान र खेती, व्यापार यज्ञादि कार्यका निम्ति पनि ऋतु तथा दिशाको ज्ञान आवश्यक थियो। वैदिक कालमा धार्मिक कार्यहरूको सम्पादनका लागि पनि ज्योतिर्गणितको आवश्यकता पर्दथ्यो। धार्मिक अनुष्ठानका लागि उचित समयको ज्ञान आवश्यक पर्दथ्यो। यी सबै कुरा आकाशका ताराहरू एवं सूर्य र चन्द्रमाका गतिहरूको अवलोकनमा आधारित थिए। फलत : अति प्राचीन कालदेखि नै खगोलीय पिण्डहरूका वास्तविक गतिहरूको ज्ञान बटुल्ने कार्य प्रारम्भ भइसकेको थियो।

ग्रहको परिचय : जुन आकाशीय पिण्डहरूको दैनिक गति हुन्छ अर्थात् जुन पिण्डहरू चलायन् छन् तिनलाई ग्रह भनिन्छ। प्राचीन कालमा ताराको बीचमा आफ्नो स्थान परिवर्तन गर्नेवाला जुन जुन पिण्ड पहिचानमा आए तिनलाई ग्रहको नाम दिइयो। पछि खगोलविज्ञानको विकास र समयको परिवर्तनसँगै ग्रहलाई पहिचान गर्ने आधारहरू पनि परिवर्तन हुँदै गए। पूर्वीय र पाश्चात्त्य जगत्मा पनि लामो समयसम्म पृथ्वीलाई अचल पिण्डको रुपमा केन्द्रमा राखेर सूर्य लगायत्का ग्रहहरूले त्यसको परिक्रमा गर्छन् भन्ने मान्यता कायम थियो। यस आधारमा पृथ्वीको वरिपरि परिक्रमा गर्ने आकाशीय-पिण्डहरूलाई ग्रह मानियो। पछि आएर पश्चिमी खगोलविद् कपर्निकसले सूर्य सौरमण्डलको केन्द्रमा छ र पृथ्वीलगायत्का ग्रहहरूले सूर्यको चारैतिर नियमित रुपमा परिक्रमा गर्छन् भन्ने कुरा पत्ता लगाएपछि ग्रहको परिभाषासमेत बदलियो। त्यसपछि सूर्यको वरिपरि परिक्रमा गर्ने निश्चित आकार र परिणाम भएका पिण्डहरूलाई ग्रह भन्न थालियो।

ग्रहहरूको संख्या : खगोलविज्ञान वैदिक कालदेखि नै पूर्वीय दर्शनको एउटा अंगको रुपमा रहिआएको छ, महान ऋग्वेदको प्रारम्भदेखि नै खगोलसम्बन्धी सन्दर्भहरू सामवेद, यजुर्वेद र अथर्ववेदमा सन्निहित थिए। ती निर्देशहरूले सूर्य, चन्द्रमा, ग्रह र ताराहरूको गतिस्थितिवारे जानकारी दिन्छन् (शशिधरन, २००८: १४३)। आकाशीय पिण्डहरूका गतिस्थितिले त्यतिबेला समयको निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्थे। वेदमा रहेका ती निर्देशहरू पछि आएर ब्राह्मण, आरण्यक र पुराणमा प्रतिबिम्बित भए। वैदिक साहित्यमा सूर्य र चन्द्रमाका अतिरिक्त अन्य ग्रहहरूको उल्लेख स्पष्ट रुपमा भएको पाइदैन तापनि ठाउँठाउँमा देवताको रुपमा ग्रहहरूको प्रार्थना गरिएका मन्त्रहरू भने भेटिन्छन्। ऋक् संहितामा पञ्चदेव शब्द आएको छ (ऋक् संहिता : १०।५५।३)। पञ्चदेवको अर्थ पाँच ग्रह हुनसक्छ भन्ने विद्वानहरूको अनुमान छ। वेदाङ्ग ज्योतिषकालसम्म आइपुग्दा सातवटा ग्रहहरूको ज्ञान ज्योतिषीहरूले गरिसकेका थिए। अथर्वज्योतिषमा स्पष्ट रुपले सात वटा ग्रहहरूको उल्लेख भएको कुरा लोकमणि दाहालले उल्लेख गरेका छन् (दाहाल, २००३ : ४८)। :—

आदित्यः सोमो भौमश्च तथा बुध वृहस्पती।
भार्गवः शनैश्चरश्चैव एते सप्त दिनाधिपाः ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वराहमिहिर तथा कल्याण वर्मा आदि प्राचीन आचार्यहरूले सात वटा ग्रह मानेका छन् किनकि आकाशमा सातवटाको बिम्ब देखिन्छ, । परन्तु पछि आएर सूर्य र चन्द्रमा दुई निराकार कक्षाका दुई सम्पातलाई राहु र केतु नामक दुई ग्रह मानियो (पाण्डेय, २००६ : प्राक्कथन)। यज्ञवल्क्यस्मृतिमा ग्रह यज्ञको वर्णन गर्ने क्रममा राहुकेतु सहित नौ वटा ग्रहहरूको नाम आएको छ : –

सूर्य सोमो महीपुत्रः सोमपुत्रो बृहस्पतिः ।
शुक्रः शनैश्चरो राहुः केतुश्चैते ग्रहाःस्मृताः । *(याज्ञवल्क्यस्मृति १-२९५)।*

महाभारत कालमा ग्रहहरूको ज्ञान थियो। तलको श्लोकमा पाँचवटा ग्रहको उल्लेख छ –

सोमो वृहस्पतिः शुक्रो बुधोऽङ्गारक एव च।
इन्दो विवस्वान् दीप्तांशुः शुचिः शौरिः शनैश्चर : ॥ *(महाभारत, वनपर्व ३।१७)*

महाभारतमा सूर्य र चन्द्रमालाई ग्रहका रुपमा व्याख्या गरिएको छ :–

ते तु क्रुद्धा महेष्वासा द्रौपदेयाः प्रहारिणाः ।
राक्षसंद्रुद्रुबुः संख्ये ग्रहाः पञ्चापि यथा ॥ *(भीष्मपर्व,१०० अध्याय : २७२ श्लोक)*

पाश्चात्य जगतमा पनि प्राचीन काल र मध्ययुगका ज्योतिषीहरूले बुध, शुक्र, भौम, वृहस्पति, शनि यी पाँचवटा ताराग्रहसहित सूर्य र चन्द्रमा गरी सात वटा ग्रहहरू स्वीकार गरेको पाइन्छ। ग्यालिलियोको समयसम्म नागो आँखाले देखिने पिण्डहरू बुध, शुक्र, पृथ्वी, मंगल, वृहस्पति र शनिलाई ग्रहका रुपमा अंगीकार गरिएको थियो। सन् १७८१ मा ठूलो टेलिस्कोपको सहायताले हर्सलले यूरानस ग्रह पत्ता लगाए (Ball, 1911: 197)।

सामान्यतया प्राचीन र आधुनिक दुवै खगोलविद्हरूले स्वीकार गरेका ग्रहहरू वुध–शुक्र–भौम–वृहस्पति र शनि यी पाँच हुन्। पूर्वीय परम्पराका अनुयायी गणकहरूले आकाशमा रवि र चन्द्रमाको वृत्तात्मक भ्रमण मार्गका दुई सम्पातलाई पात संज्ञा दिएका छन् (द्विवेदी, १९९१ : ५) । सिद्धान्त ज्योतिषको गणितमा तिनको प्रथम सम्पातलाई राहु र द्वितीय संपातलाई केतु भनिन्छ। अन्य सबै ग्रहहरूको गति पश्चिमबाट पूर्वाभिमुख हुन्छ भने पातको गति त्यसको ठीक विपरित पश्चिमगामी हुन्छ। गोलपरिभाषा अनुसार रविले भ्रमण गर्ने वृत्तलाई क्रान्तिवृत्त र चन्द्रले भ्रमण गर्ने वृत्तलाई चन्द्र विमण्डल भनिन्छ। यी दुई भ्रमणवृत्तका दुइटा सम्पातलाई राहु र केतु भनिएको हो। आफ्नो खगोल परिभाषा नामक लघुग्रन्थमा नागेन्द्र पाण्डेय भन्छन् :–

चन्द्रवृत्त–भवृत्तस्य योगात्पातौ तु तौ सदा।
आद्यो राहुः समाख्यातः केतुस्तावद् द्वितीयक ॥ *(पाण्डेय, १९९१ : १९)*

फलित ज्योतिष तथा पुराणादि ग्रन्थमा जसप्रकार राहु र केतुलाई ग्रहणको कारणका रुपमा वर्णन गरिएको छ, त्यो वास्तविक होइन। कुनै असुरले अमृत पान गरिरहेको समयमा देवताहरूले आफ्नो अस्त्रद्वारा उसको शिर र त्यो भन्दा तलको भागलाई अलग गरिदिनाले शिरको भागबाट राहु र तलको भागबाट केतु जन्मिएको भन्ने पौराणिक कल्पना पनि यथार्थपरक होइन। त्यसै गरी राहु र केतुले नै छोपेर चन्द्र ग्रहण र सूर्यग्रहण हुन्छ भन्ने कुरा पनि यथार्थ होइन। पुराणहरूमा कल्पना गरिएका नामलाई नै खगोलीय ज्योतिषशास्त्रमा पातस्थानको नामकरण राहु र केतुको रुपमा गरिएको हो (पाण्डेय, १९९१ : २०)। पातबिन्दुमा जब पूर्णिमान्त कालको चन्द्रमा हुन्छ, त्यही समय चन्द्रग्रहण लाग्छ। शास्त्रकारहरूले राहु र केतुलाई छाया बिम्ब (ग्रह) मानेर यसको समाधान गरेका छन्। यस प्रकार राहु र केतुलाई पुराणमा ग्रहको रुपमा गरिएको कल्पनालाई लाक्षणिक मान्नु पर्दछ।

प्राचीन खगोलविद्हरूले पृथ्वीलाई अचल पिण्ड मानेका छन्। उनीहरूले रवि र चन्द्रमालाई ग्रहका रुपमा ग्रहण गरेका छन्। यसरी रवि र चन्द्र तथा राहु र केतु यी चार र अन्य पञ्च ताराग्रह (बुध, शुक्र, मंगल, वृहस्पति र शनि) गरी ग्रहहरूको संख्या ९ मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भारतीय ज्योतिषमा झैं त्यतिबेलाका युनानी ज्योतिषीहरूले पृथ्वी स्थिर छ र सूर्य लगायतका ग्रहहरूले पृथ्वीको भ्रमण गर्छन् भन्ने सिद्धान्तका आधारमा ग्रहहरूको गणना गर्थे। युनानका प्रसिद्ध ज्योतिषी पाइथागोरस र एरिस्टोटल दुवैले पृथ्वीलाई अचल र आकासको केन्द्रमा मान्थे। एरिस्टोटलपछिका खगोलविद् र प्रसिद्ध ज्योतिषी टलेमीले पृथ्वीलाई सौरमण्डलको मात्र नभएर सम्पूर्ण ब्रह्माण्डकै केन्द्र बिन्दु माने। उनको ग्रहगतिसम्बन्धी सिद्धान्त भूकेन्द्री सिद्धान्तका नामले प्रसिद्ध छ। भूकेन्द्री सिद्धान्तअनुसार सूर्य र अन्य ग्रह तथा ताराहरूले पृथ्वीको वरिपरि परिक्रमा गर्दछन् (Smart, १९२८ : ६)। पृथ्वीको वरिपरि परिक्रमा गर्ने पिण्डहरूलाई ग्रह मानिने त्यतिबेलाको परिभाषाअनुसार टलेमीले पनि सूर्यलाई ग्रह मानेको र पृथ्वीलाई अचल पिण्डका रुपमा स्वीकार गरेको स्पष्ट हुन्छ। पोल्याण्डका खगोलविद् कपर्निकस (१४७३ देखि १५४३ ई.) ले सौरमण्डलको केन्द्रमा सूर्य छ र त्यसको वरिपरि पृथ्वी लगायतका ग्रहहरूले परिक्रमा गर्छन् भन्ने नयाँ सिद्धान्त पत्ता लगाएपछि ग्रहको परिभाषा नै बदलियो। ग्रहगतिका विषयमा नयाँ सिद्धान्तको आविष्कार पनि भयो। त्यसपछि मात्र पृथ्वीलाई ग्रह र चन्द्रमा पृथ्वीको वरिपरि घुम्छ भन्ने पत्ता लागेपछि चन्द्रमालाई पृथ्वीको उपग्रह मान्न थालियो। यस अघिका खगोलविद्हरूले पूर्वीय जगतमा झैं सूर्य,चन्द्रमा र पाँचवटा ताराग्रहलाई ग्रहको रुपमा स्वीकारेका थिए। खिस्ताब्द १७८१ मा 'हर्सल' नाम गरेका वैज्ञानिकले शनिकक्षाभन्दा बाहिर रहेको नयाँ ग्रह पत्ता लगाए। त्यसको नाम हर्सल अथवा युरेनस राखियो। त्यसपछि खिस्ताब्द १८४६ मा 'लेवेरिए' नामका फ्रान्सेली गणितज्ञले वरूण कक्षाभन्दा बाहिर स्थित अर्को ग्रह देखे त्यसको नाम 'नेप्च्यून' राखियो (सहाय, १९९६ : ११६)। सन् १९३० मा लाबेलले स्थापना गरेको बेधशालाको उपयोग गरी 'टोम्बो' नाम गरेका कुनै कृषक युवकले उपलब्ध गरेको छायाचित्रबाट नेप्च्यूनको कक्षा बाहिर अर्को ग्रह पत्ता लाग्यो। कालान्तरमा यसलाई प्लुटो नामकरण गरियो।

यसरी आधनिक खगोलद्हरूले उल्लेखित पञ्चतारा ग्रहसहित पछि पत्ता लागेका अरूण, वरूण, यम र पृथ्वी समेत गरी नौवटा ग्रह स्वीकारेका थिए। तर सन् २००७ मा पाराग्वेमा सम्पन्न अन्तर्राष्ट्रिय खगोलीय युनियनको सभाले सौर्यमण्डलको अन्तिम ग्रह यमलाई ग्रहको स्तरमा नरहेको घोषणा गरिदिएपछि अन्य आठवटा पिण्डहरूले मात्र ग्रहको आधिकारिक मान्यता पाएका छन्। आधुनिक परिभाषा अनुसार कुनै पनि पिण्डले ग्रहको मान्यता पाउन त्यसले नियमित रुपमा सूर्यको परिक्रमा गरेको हुनुपर्दछ र गतिका क्रममा अन्य कुनै ग्रहको भ्रमणपथलाई त्यस ग्रहको कक्षाले पार गनुहुँदैन, साथै ग्रह हुन तोकिएको मापदण्डअनुसार त्यसको आकारप्रकार हुनुपर्दछ। किन्तु यम ग्रहले आफ्नो भ्रमणका क्रममा यी मापदण्डहरूको पालना नगरेको र सौरमण्डलमा पत्ता लागेका केही उपग्रहहरूभन्दा पनि यसको आकार सानो पाइएकाले यसलाई ग्रहको स्तरबाट झारिएको हो (साइन्स मनिटरिङ पत्रिका, २०६३ : १२)। यमको बहिर्गमनपछि सौरमण्डलको सबैभन्दा टाढाको ग्रह वरुण बन्न पुगेको छ।

दैनिक चाल वा अक्षभ्रमण : सौरमण्डलमा रहेका सबै ग्रहहरूले सूर्यको वरिपरि परिक्रमा गर्नुका साथै आ आफ्नो अक्षको वरिपरि पनि फन्को मार्दछन्। यसलाई अक्षभ्रमण वा चक्रभ्रमण पनि भन्दछन्। अक्षभ्रमण भनेको सम्बन्धित ग्रहले आफ्नो धुरी भ्रमण गर्नु हो। ग्रहले आफ्नो धुरी भ्रमण गर्न लगाउने समयलाई उसको दैनिक भ्रमण भनिन्छ (गोरखप्रसाद, १९५६ : ३६)। पूर्वीय जगतमा पृथ्वीले आफ्नो अक्षको वरिपरि घुम्छ भनेर भूभ्रमणबारे प्रथम पटक घोषणा गर्ने व्यक्ति आर्यभट हुन्। उनी पछिका खगोलविद्हरूले भने भूभ्रमणको प्रत्यक्ष अनुभव नभएकाले त्यसलाई अस्वीकार गर्दै आए। पूर्वीय मतअनुसार ग्रहहरूका दैनिक योजनात्मक गति बराबर हुने भए तापति आ आफ्नो कक्षाअनुसार ग्रहहरूका दैनिक गति भिन्दाभिन्दै हुन्छन् र सोही गतिअनुसार ग्रहहरूले राशिचक्रको भ्रमण गर्दै भगणपूर्ति गर्छन्। योजनात्मक गति साधनका विषयमा भास्कराचार्यले सिद्धान्तशिरोमणिमा लेखेका छन् :

कल्पोद्भवै : क्षितिदिनैर्गगनस्य कक्षा भक्ता भवेद्दिन गतिर्गगनेचरस्य।
पादोनगोऽक्षधृतिभूमितयोजनानि खेटा व्रजन्त्यनुदिनं निजवर्त्मनीमे॥ *(चतुर्वेद (सम्पा.), २०५५ : ६६)*

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबै ग्रहहरू कल्पतुल्य कालमा खकक्षायोजन बराबर चल्दछन् भन्ने संस्कृत खगोलशास्त्रको परिकल्पना छ। अतः कल्पकुदिनले त खकक्षा योजन पाउँछ भने एक दिनले कति ? यो अनुपातद्वारा ग्रहहरूको दिनगति योजनतुल्य आउँछ। ग्रहहरूका भ्रमणपथ समान नभएकाले उनीहरूको कोणात्मक गति या कलात्मक गति भिन्दाभिन्दै हुन्छन्। सूर्यसिद्धान्तको मध्यमाधिकारमा यो कुरा उल्लेख छ–

प्राग्गतित्वमतस्तेषां भगणै : प्रत्यहं गतिः।
परिणाहवशात् भिन्ना तद्वशात् भानि भुञ्जते॥

पाश्चात्य जगतमा पनि ईशा पूर्वका एरिस्टेटलका समकालीन हेराक्लीडले तत्कालीन समयमा प्रचलित मान्यता विपरित पृथ्वी आफ्नो अक्षमा पश्चिमबाट पूर्वतिर घुम्छ र यसले दैनिक भ्रमण गर्न २४ घण्टा लगाउछ भन्ने कुरा घोषणा गरे (Drayer, 1906 : 108–113)। तर उनको दूरदर्शी मतलाई उनीपछिका खगोलविद्हरूले अस्वीकार गर्दै आए। टलेमीको समयसम्म पृथ्वीलाई अचल पिण्ड मानिएकाले यसको अक्षभ्रमण र सूर्यको परिक्रमा दुवै किसिमिका गति हुँदैनन् भन्ने जनविश्वास कायम थियो। पछि कपर्निकसले सूर्यकेन्द्री ग्रहसंस्थाको आधारमा सौरमण्डलको नयाँ संरचना पत्ता लगाएपछि ग्रहहरूको दैनिक गतिका विषयमा पनि नयाँ तथ्यहरू फेलापरे। सबै ग्रहहरूका दैनिक गति फरक फरक छन्। पृथ्वीलाई आफ्नो अक्षको वरिपरि घुम्न २४ घण्टा लाग्छ। पृथ्वीको दैनिक गतिका कारणले नै यहाँ २४ घण्टाको एक दिन भएको हो । पृथ्वी गोलत्व र यसको धुरी भ्रमणका कारणले गर्दा यसका भिन्न भिन्न भाग भिन्न भिन्न गतिले घुमिरहेका हुन्छन् (दशोरा, १९९४ : ६४– ६५)। पृथ्वीको आभासी गतिका कारणले नै सूर्य र तारामण्डल पूर्वबाट पश्चिमतिर चलायमान देखिन्छन्। अत : ग्रहहरूको चालको अध्ययनार्थ हामीले पृथ्वीको गतिलाई पनि गणितमा अन्तभूत गराउनुपर्दछ। पृथ्वीको दैनिक गतिसितसम्बन्धित यी तथ्यहरू सर्वप्रथम कपर्निकसले नै पत्ता लगाएका हुन्।

ग्रहहरूका परिभ्रमण वा दैनिक गतिसम्बन्धमा तुलनात्मक विवेचना गर्दा सामान्यतया सौरमण्डलभित्रका पहिला चार ग्रहहरू बुध, शुक्र, पृथ्वी र मंगल ढिलो गतिले र पछिल्ला चार ग्रहहरू बृहस्पति, शनि, अरुण र वरुण तीव्र गतिले घुम्दछन् (स्थापित, २०५७ : ७०)। सबैभन्दा दूरीमा रहेको प्लुटोको चक्रगति झनै ढिलो छ, यद्यपि अहिले यो ग्रहको दायरामा छैन। सर्सर्ति हेर्दा सूर्यको नजिक रहेका ग्रहहरूको चक्रगति ढिलो र दूरवर्ती ग्रहहरूको चाँडो हुने देखिन्छ तापनि सबै ग्रहहरूमा यो नियम लागू हुने अवस्था छैन। किनकि सबैभन्दा नजिकको ग्रह बुधलाई आफ्नो अक्षभ्रमण गर्न ५९ दिन लाग्छ भने त्योभन्दा पछिको दोस्रो ग्रह शुक्रलाई २४३ दिन लाग्छ भने पाँचौ ग्रह वृहस्पतिलाई ९ घण्टा ४५ मिनेट लाग्दछ। उल्लिखित गतिहरूको आधारमा सबैभन्दा मन्द गतिले परिभ्रमण गर्ने ग्रह शुक्र र सबैभन्दा तीव्र गतिले भ्रमण गर्ने ग्रह वृहस्पति भएको स्पष्ट हुन्छ। यसबाट ग्रहहरूको अक्षभ्रमणमा एक रुपताको नियम लागू नभएर यसमा निकै अनियमितता रहेको स्पष्ट हुन्छ। तर यो परिभ्रमण गतिमा यति ठूलो विसंगति किन आयो भन्ने कुराको चित्तबुझ्दो जबाफ आजसम्मन कसैले पनि दिन सकको छैन। शुक्रको चक्रभ्रमण अवधि करिब २४३ दिनको छ जबकि कक्षाक्रममा त्यसपछि आउने पृथ्वीको मात्र १ दिन छ। यति नजिकका ग्रहहरूमा यति असाधारण अन्तर किन छ त ? जबकि आयतन, आकार, व्यास र धरातलीय गुरुत्वाकर्षण आदि धेरै कुराहरूमा यी ग्रहहरूमा समानता पाइन्छ (स्थापित, २०५७ : ७०)।

वार्षिक गति : ग्रहहरूले आफ्नो भ्रमणपथमा रहेर एक पटक सूर्यको परिक्रमा गर्न लाग्ने समयलाई परिक्रमा अवधि भनिन्छ। यही नै ग्रहको वार्षिक गति हो। पूर्वीयहरूले पृथ्वीलाई सौरमण्डलको केन्द्रमा राखेको हुनाले उसलाई सूर्यलगायत्का ग्रहहरूले वरिपरि परिक्रमा गर्न लाग्ने समयलाई भगणकाल भन्ने गरिन्छ । यो एक भगणपूर्ति गर्न लाग्ने समयावधि नै परिक्रमा अवधि वा वार्षिक गति हो। पृथ्वी दैनिक गतिअनुसार आफ्नो धुरीमा घुमिरहन्छ। यही क्रममा उसले सूर्यको पनि चारैतिर परिक्रमा गरिरहन्छ र एक चक्कर लगाउन उसलाई एक वर्ष लाग्दछ। यस कारण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताराहरूको सापेक्ष सूर्य चलायमान प्रतीत हुन्छ र सुविधाका लागि हामी सूर्यलाई नै चलायमान मान्दछौं (गोरखप्रसाद, १९५६ : ४०)। सूर्यको एक भगणपूर्ति काललाई हामी सौर वर्ष भन्दछौं।

ग्रहहरूको परिक्रमा अवधिलाई तुलनात्मक रुपमा विश्लेषण गर्दा सूर्यको परिक्रमा गर्न सूर्यको नजिक रहेका ग्रहहरूलाई कम समय र सूर्यदेखि टाढा रहेकालाई कक्षाक्रमअनुसार क्रमशः बढी लाग्ने कुरा स्पष्ट हुन्छ। जस्तो कि सूर्यको सबैभन्दा नजिक रहेको ग्रह बुध हो र यसको परिक्रमा अवधि ८८ दिन मात्र छ। सबैभन्दा टाढा रहेको नेप्च्युनको परिक्रमा अवधि करिब १६५ वर्ष छ। बुधपछि सौरमण्डलको संरचनामा रहेका शुक्र,मंगल, वृहस्पति, शनि, अरुण र वरुणको परिक्रमा अवधि क्रमश : २२६ दिन, ६८७ दिन, ११.८६ वर्ष, १९. ५ वर्ष, ८४ वर्ष र १६५ वर्ष रहेकाले यो आकडाको आधारमा सूर्यभन्दा टाढा रहेका ग्रहहरूको भगणकाल वा परिक्रमा अवधि दूरीको अनुपातमा क्रमशः बढ्दै गएको कुरा सिद्ध हुन्छ। त्यसैले ग्रहहरूका परिक्रमा अवधिमा वा वार्षिक चालमा यिनका दैनिक चालमा जस्तो विसंगति देखिदैन, संगति नै भेटिन्छ।

बुध सबैभन्दा निकटमा रहेको ग्रह भएकाले यसले सबैभन्दा छोटो अवधिमा सूर्यको परिक्रमा गरिसक्छ। त्यसैले यसलाई शीघ्र गतिक ग्रह भनिन्छ। प्राचीन आचार्यहरूले नांगा आँखाले बेध गरेर पत्ता लगाएका पाँच ग्रहहरूमध्ये शनि सबैभन्दा टाढाको ग्रह मानिन्छ। उनीहरूका विचारमा सबैभन्दा ढिलो घुम्ने ग्रह पनि यही थियो। पछि शनिको कक्षाबाहिर अरुण,बरुण र यम तीन वटा ग्रहहरू पत्ता लागे। किन्तु अब खगोलविद्हरूले यमलाई ग्रहको कोटिमा नराखेपछि सबैभन्दा टाढा रहेको ग्रह वरुणलाई मान्नुपर्दछ । यस आधारमा यो सबैभन्दा मन्द गति भएको ग्रह हो भन्न सकिन्छ। शीघ्रगतिक ग्रहहरूले छोटो समयमा र मन्द गतिक ग्रहहरूले लामो समयमा आफ्नो भगणपूर्ति गर्छन् भन्ने कुरा प्राचीन ज्योतिषीहरूले निकै अघि पत्ता लगाइसकेको विषय हो। जुन कुरा सूर्यसिद्धान्तमा व्यक्त भएको छ :

शीघ्रगास्तान्यथाऽल्पेन कालेन महताऽल्पगाः।
तेषां तु परिवर्तेन पौष्णान्ते भगणः स्मृतः॥ *(शास्त्री, २००६ : १७)*

मन्द गति भएको ग्रहको कक्षा ठूलो हुने भएकाले लामो कालमा र शीघ्र गतिका ग्रहको कक्षा सानो हुने भएकाले थौरै समयमा भगणपूर्ति हुन्छ। यो कुरालाई भास्कराचार्यले सिद्धान्तशिरोमणिको प्रत्यब्दशुद्धयध्यायमा यसरी दर्शाएका छन् :

कक्षा सर्वा : अपि दिविषदां चक्रलिप्ताङ्कितास्ता।
वृत्ते लघ्व्यो लघुनि, महतिर्स्युर्महत्यश्च लिप्ताः॥

तस्मादेते शशिजभृगुजादित्यभौमेज्यमन्दा।
मन्दाक्रान्ता इव शशधराद् भान्ति यान्त क्रमेण॥ *(चतुर्वेद, २०५५ : ८२)*

सूर्य निकट रहेका ग्रहहरूले छोटो समयमा र दूरस्थ ग्रहहरूले लामो समयमा सूर्यको परिक्रमा गर्छन् भन्नुको तात्पर्य सूर्य नजिकका ग्रहहरूको परिक्रमा अवधि कम र टाढा पर्ने ग्रहहरूको परिक्रमा अवधि बढी हुन्छ भन्ने हो। यो कुरा प्राचीन ज्योतिषीहरूले धेरै पहिले पत्ता लगाइसकेका थिए। तापनि पछि आएर यसलाई गणितीय आधारमा पुष्टि गर्ने काम पश्चिमी जगतका जोहन्स केपलरले गरेका हुन्। उनले आफ्नो गतिसम्बन्धी तेस्रो नियमका आधारमा यसको पुष्टि गरेका छन् (स्थापित, २०५७ : ५६)। उनको तेस्रो गति नियमअनुसार ग्रहहरूको परिक्रमा अवधिको वर्गलाई यिनीहरूका आ आफ्ना औसत दूरीको घनले भाग गर्दा निस्केका संख्याहरू उति नै स्थिर रहन्छन्।

निष्कर्ष : दैनिक व्यवहार र प्रयोजनका निम्ति गणनामा आउने ग्रहहरूका भ्रमणलाई प्राचीन आचार्यहरूले सामान्यतया दुई प्रकारले व्याख्या गरेका छन्। तिनका दैनिक भ्रमण र वार्षिक भ्रमणका रुपमा। प्राचीन आचार्यहरूले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरन्तरको आकाशीय अवलोकन र पिण्डहरूमाथि गरेको वेधका कारण लामो साधनबाट ग्रहका विभिन्न गतिस्थितिहरू पत्ता लगाउन सकेका थिए। सूक्ष्म प्रवधि र यन्त्रविना नै ग्रहगतिका विषमताहरूको खोजी गर्नु कम चुनौतीपूर्ण कार्य थिएन, तर अभ्यास र साधनाले यी सबै कुरालाई सम्भव बनाइ दियो। प्राचीन आचार्यहरूले ग्रहको वार्षिक भ्रमणका विषयमा सही तथ्य पत्ता लगाउन सके पनि ग्रहहरूको अक्षभ्रमण वा दैनिक गतिको वास्तविक रहस्य पत्ता लगाउन सकेका थिएनन्। प्राचीनकालमा ज्योतिषशास्त्रको अध्ययन गणनात्मकता र मोटामोटि निरीक्षणमा मात्र सीमित भएकाले ग्रहगतिको अध्ययनमा पनि अपेक्षाकृत सफलता प्राप्त हुननसकेको स्पष्ट नै छ। आधुनिक पाश्चात्य जगतले उच्चस्तरीय प्रयोग एवं अनुभवको आधारमा ग्रहगतिसम्बन्धी धेरै समस्याहरूको समाधान पत्ता लगाई ब्रह्माण्डलाई पनि राम्ररी चिन्ने प्रयासहरू थालेको कुरालाई नकार्न सकिदैन। वर्तमानमा आधुनिक खगोलविज्ञानले ग्रहका दैनिक र वार्षिक गतिका वारेमा गणितीय व्याख्यासहित यथार्थ तथ्य उद्घाटन गरिदिएको छ। यसलाई समयको उपलब्धी मानी सबैले स्वीकार गर्नुपर्दछ।

आज प्रमाणित भइसकेको कुरो हो – सूर्य हाम्रो सौरमण्डलको माझमा छ र पृथ्वी लगायत्का सबै ग्रहहरूले यसको चारैतिर चक्कर लगाइरहेका छन्। यो तथ्य पत्ता लगाउन र जनसमुदायले यसलाई स्वीकार गर्न लामो समय लाग्यो। यही कारणले भूकेन्द्री गति मान्यताले लामो समयसम्मन मान्यता पायो र त्यही मान्यताका आधारमा ग्रहगतिसम्बन्धी सिद्धान्तहरू प्रतिपादन गरिए। पश्चिमी जगतमा कपर्निकसले सौरमण्डलको नयाँ संरचना वा सूर्यकेन्द्री गति व्यवस्थाको आविष्कार गरेपछि सूर्यलाई केन्द्रबिन्दुमा राखेर ग्रहका समग्र गतिविधिहरूको अध्ययन अनुसन्धान हुनथाल्यो। त्यसपछि केपलरले ग्रहगतिसम्बन्धी तीनवटा गणितीय नियमहरूको प्रतिपादन गरी कर्पिनकसको सूर्यकेन्द्री सिद्धान्तमा नयाँ विकास ल्याउने काम गरे भने न्युटनले ग्रहहरू नियमित रुपले सूर्यको वरिपरि परिक्रमा गरिरहनुको वास्तविक कारण पत्ता लगाए। यसबाट ग्रहका दैनिक र वार्षिक गतिहरूको स्रोत र कारण के हो भन्ने सम्बन्धमा सही तथ्य पत्ता लाग्यो। अत : ग्रहका विभिन्न गतिचालहरूको वास्तविक ज्ञान र खगोलशास्त्रको विकासका क्रममा भएका उपलब्धिहरूलाई पूर्वीय र पाश्चात्य दुवै कोणबाट तुलनात्मक अध्ययन गर्नु जरुरी छ। अनि मात्र अतित र वर्तमानका उपलब्धिहरूको खोज र संरक्षणतर्फ जिज्ञासुहरूको ध्यान जानेछ।

सन्दर्भग्रन्थसूची

१. चतुर्वेद, मुरलीधर (सम्पा.), सिद्धान्तशिरोमणि, वाराणसी :सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, २०५५ वैक्रमाब्द
२. दशोरा, नन्दलाल, ब्रह्माण्ड और ज्योतिष रहस्य, हरिद्वार : धरणीधर प्रकाशन, ई.सं. १९९४ प्र.सं.
३. द्विवेदी, कृष्णचन्द्र, सूर्यग्रहणम्, वाराणसी : सम्पूर्णानन्द संस्कृतविश्वविद्यालय, ई.१९९१
४. दाहाल, लोकमणि, भारतीय ज्योतिषशास्त्रस्येतिहास, वाराणसी : चौखम्भा सुरभारती प्रकाशन, ई. २००३
५. पाण्डेय, श्रीचन्द्र, ग्रहगतिका क्रमिक विकास, बाराणसी : कृष्णदास अकादमी, ई. १९८२
६. पाण्डेय, नागेन्द्र, खगोल परिभाषा, वाराणसी : भारतीय विद्या संस्थान, प्र.सं., ई.१९९१
७. प्रसाद गोरख, सरल गणित ज्योतिष, इलाहाबाद : पोथीशाला प्राइवेट लिमिटेड, ई.१९५६
८. स्थापित मोतिकाजी, ब्रह्माण्ड र सौरमण्डल, काठमाडौं : तलेजु प्रकाशन, द्वि.सं. २०५७
९. शास्त्री, कपिलेश्वर (सम्पा.), सूर्यसिद्धान्त, बाराणसी : चौखम्बा संस्कृत भवन, ई.२००६
१०. साइन्स मनिटरिङ पत्रिका, नेशनल स्कुल अफ साइन्सेज, वर्ष ४ अंक ६, २०६३
११. सहाय, रमानाथ, अर्वाचीन ज्योतिर्विज्ञानम्, बाराणसीः सम्पूर्णानन्द संस्कृतविश्वविद्यालय, ई.१९९६
१२. Ball, Robert S, Great Astronomers, London : Sir Isaac $ Sons, Ltd, Barth And New York,1911 .
१३. Drayer, J.L.E., History Of The Planetary System, Cambridge : At the university press, 1906.
१४. Smart, W.M; The sun, The stars and the universe, Longmans Green And C0. Newyork,1928.
१५. Sasidharan, G.K., The great universe, Ram Nagar New Delhi : S. Chand and Company LTd. 2008.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बीपी. कोइरालाको साहित्यमा आध्यात्मिकता

सहप्रा. डा. नारायण चालिसे

१. विषय प्रवेश : विश्वेश्वरप्रसाद कोइराला (१९७१ भदौ २४–२०३९ साउन ६) नेपाली प्रजातान्त्रिक आन्दोलनका अग्रणी व्यक्तित्व हुन्। जन्म शताब्दीको पूर्वसन्ध्यामा उभिएर उनको साहित्यिक योगदानलाई अवलोकन गर्दा साँच्ची नै उनी शिखर पुरुष थिए भन्ने अनुभव हुन्छ। नेपाली साहित्यमा कोइरालाको साहित्यिक योगदानका विषयमा लामो विमर्श भइसकेको छ। साहित्यिक योगदानकै बारेमा कुरा गर्दा पनि उनको साहित्यिकताका विभिन्न विषयमा अध्ययन, अनुसन्धान भइसकेको अवस्था छ। मूलतः कथा, उपन्यास, कविता, पत्र र आत्मजीवनी विधामा व्याप्त कोइरालाको साहित्यिक व्यक्तित्व आख्यानमा विशेष सफल देखा परेको छ। कथा विधामार्फत् व्यक्ति जीवनका आन्तरिक र बाह्य अवस्थाहरूको मनोविश्लेषण गर्ने रुचि देखाएका कोइरालाले उपन्यास विधामा विचारका विभिन्न तहमार्फत साहित्यिक र दार्शनिक अवधारणाहरू प्रकट गरेका छन्। कोइरालाका साहित्यका धेरै तहहरूमा परिचर्चा भइसकेको यस परिप्रेक्ष्यमा कोइरालाको साहित्य विशेषतः उपन्यासमा अभिव्यक्त आध्यात्मिक मनोयोगका बारेमा यस प्रसङ्गमा छोटो चर्चा गरिएको छ।

२. बीपी. र आध्यात्मिकता : बीपी. कोइरालाको अध्यात्मप्रतिको धारणा के हो ? भन्ने विषयमा राजनीतिमा पनि चर्चा चल्ने गर्दछ। त्योभन्दा बढी साहित्यमा यो विषयले चर्चा पाउने गर्दछ। कोइरालाको आध्यात्मिकता प्रतिको दृष्टिकोण के हो ? भन्ने प्रश्न एकातिर उठिरहेकै छन् र अर्कोतिर आ–आफ्नै बुझाइ अनुरूपका उत्तरहरू पनि आइरहेकै छन्। कोइरालाका उपन्यांसहरूमा विभिन्न विचारहरू खाँदिएर आएका छन्। उनको राजनीतिक जीवनका आदर्शहरू पनि साहित्यमा प्रच्छन्न रूपले व्यक्त भएका छन् भने साहित्यिक विचार र दर्शनको साझा चौतारीका रूपमा कोइरालाका उपन्यासहरू देखा परेका छन्। कोइरालाले विचार र दर्शनको क्षेत्रमा कुरा उठाउँदा निकै अभिरुचिपूर्वक हेरेको पक्ष पूर्वीय दर्शन प्रतिको हेराइ हो। कोइरालाका उपन्यासहरूलाई सरसरी पढ्नेहरूले बनाएका केही धारणाहरूमा उनको अध्यात्म प्रतिको अविश्वास र भौतिकता प्रति आस्था भन्ने प्रतिक्रिया प्राप्त हुन्छ। तर उनी भौतिकता प्रति जति गम्भीर थिए, अध्यात्म प्रति पनि त्यत्ति नै गम्भीर थिए भन्ने कुरा उनका उपन्यासहरू, उनको जीवनी, आत्मवृत्तान्त र जेल जर्नल जस्ता ग्रन्थहरूको मिहिन अध्ययनबाट थाहा हुन्छ। आध्यात्मिक जीवन दर्शनको अध्ययन गर्ने क्रममा कोइराला र उनको साहित्यलाई हेर्न मुख्य दुई क्षेत्र अवलम्बन गर्नु पर्ने देखिन्छः– जीवनको सन्दर्भमा / साहित्यिक कृति र तिनमा व्यक्त धारणाका आधारमा।

२.१ जीवनको सन्दर्भमा : विश्वेश्वरप्रसाद कोइराला कुलीन आध्यात्मिक संस्कार सम्पन्न परिवारमा जन्मेहुर्केका व्यक्ति हुन्। ज्यादै सङ्घर्षशील, राजनीति सचेत, शासकीय स्वभावयुक्त, शिक्षित, स्वतन्त्र र कर्मशील परिवारमा जन्मेका कोइरालाको पुर्ख्यौली परम्परा गौरवशाली देखा पर्दछ। गुण दोषलाई पारख गर्न सक्ने परिवारका कोइरालामा परम्पराको अन्धानुशरण नगर्ने प्रवृत्ति देखा पर्दछ। कोइरालाले आफ्नो जीवनमा धर्मको कहिल्यै अभ्यास गरेको पाइँदैन। कोइरालाले मन्दिरमा गएर दर्शन गरे, व्रत वसे, पूजा गरेनन्। भगवान्सँग केही पाउने उद्देश्य पनि राखेनन्। अरु कसैले गरेका धार्मिक कार्यको निन्दा गर्दैनन्। न भक्ति न निन्दा [मानिसको सामर्थ्य पर्याप्त छैन यसभन्दा माथि कुनै शक्ति हुनु पर्दछ भन्ने मान्दछन् तर त्यसलाई ईश्वरीय रूप दिन चाहन्नन्। ईश्वर छैन पनि भन्दैनन् छ भनेर त्यसको उपासना पनि गर्दैनन् तर कुनै त्यस्तो तत्त्वको विषयमा सोचिरहन्छन्।

विश्वेश्वरप्रसाद कोइरालाले मानव अनुभूति र मानवलाई प्राप्त हुनसक्ने देव अनुभवको विश्लेषण गरिएका किताबहरूको अध्ययनले आफ्नो हृदयको धार्मिक र आध्यात्मिक व्यक्तित्व निर्माण भएको कुरा स्वीकार गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जेल जीवनमा लेखिएको *जेल जर्नल* कोइरालाको आध्यात्मिक दर्शनप्रति व्यक्त विचारको दस्तावेज जस्तो देखिन्छ। यसमा कोइरालाले आफू आध्यात्मिक विचार र दर्शनबारे के हुँ भन्ने स्पष्ट पार्ने प्रयत्न गरेका छन्। गीता, उपनिषद् र केही पौराणिक ग्रन्थहरूको अध्ययन गरेर आत्मशान्ति प्राप्त गर्न खोजेको तर ती ग्रन्थहरूले आफूलाई आश्वस्त पार्न नसकेको कुरा कोइरालाले व्यक्त गरेका छन्। ईश्वरप्रति आस्था राखौं भन्दा पनि ईश्वर भक्तहरूनै दुःखमा परेको देख्दा मन अड्याउन असजिलो परेको कुरा व्यक्त गरेका छन् (पाण्डे, २०६२:३९)। धार्मिक, आध्यात्मिक भावनाले अन्य कुनै चमत्कार गरि नहाले पनि केही नियम अनुशासनको अभ्यास हुने, अध्यात्मवादीहरू एउटा विश्वासले शक्ति पाएका जस्ता देखिने हुँदा आफूले अध्यात्मलाई अस्वीकार नगरेको कुरा कोइरालाले व्यक्त गरेका छन्। त्यतिमात्र होइन भोला चटर्जीलाई दिएको एउटा अन्तर्वार्तामा आफू नास्तिक वा अज्ञेयवादी नभएर अध्यात्मवादी नै भएको, प्रकृतिका कतिपय वस्तुको वैज्ञानिक व्याख्या र विश्लेषण मात्र पर्याप्त नभएकाले यसको कर्तृत्व कसैसँग हुनै पर्छ भन्ने धारणा राखेका छन् (चटर्जी, २०५१:११२)। कोइरालाले आफूमा जन्मबाट नै हिन्दु संस्कारको प्रारम्भिक प्रभाव रहेकाले अन्तस्करणमा त्यस्तो संस्कार सधैं विद्यमान रहेको धारणा समेत व्यक्त गरेका छन्। साथै कोइरालाले जीवन सम्झौताको शृङ्खला हो कतिपय कुराहरू आफूलाई रुचिकर नलागे पनि तिनका विरुद्ध जान नसकिने धारणा व्यक्त गरेर आफू सनातन परम्पराको समर्थक नै रहेको स्वीकार गरेका छन् (कोइराला, २०५४:१०२)। आफू वस्तुगत ज्ञानको प्रभावमा आउँदा भौतिकवादी बने पनि आध्यात्मिक आदर्श र व्यवहार त्याग्न नसकेको ठहर गरेका छन्। कोइरालाले भारतीय दर्शनको प्रारम्भ नैतिक जीवनको कुरूपतालाई मानेर प्रारम्भ भएको र यसको विपक्षमा तर्क गर्नु पाप हो भन्ने मान्यताका कारण यसले जीवनलाई तिरस्कार गरेर मृत्युको आराधना गर्न खोजेको प्रति संशोधन प्रस्ताव गरेका छन् तर हिन्दु दर्शन मूलतः अपार्थिव दर्शन हो, परमात्माद्वारा स्थापित भएको, यसको लक्ष्य जीवन नभएर मोक्ष हो। तसर्थ यसका दृष्टिमा त्यस्ता सबै काम असल हुन्छन् जसले परमार्थ सपार्दछ (कोइराला, २०५४:२०५) भनेर पारमार्थिक चिन्तनको आदर्शलाई उचो ठहऱ्याएका छन्।

कोइरालाको चिन्तनका सम्बन्धमा दधिराज सुवेदीले वैचारिक चिन्तनका धनी कोइरालाका कुनै देवी देवता र अन्य सम्प्रदाय थिएनन् तर उनी पूर्वीय जीवन, दर्शन र अध्यात्म विद्या वा नैसर्गिक अनुगामी थिए भनेका छन् (कोइराला (सम्पा.) २०५३:१४९-१५०)। मर्त्यलोकीय यथार्थलाई बुझेर जीवनको सुन्दरतामा पनि दृष्टि दिनु पर्ने मान्यता राख्ने कोइरालाले भौतिक शरीरको पनि सम्मान गर्नुपर्दछ, जीवन नै नरहे चिन्तन के का निम्ति ? भन्दै जीवनका प्रति विमुख बनाएर मृत्यु पक्षीय तुल्याउनु अध्यात्मको कमजोरी हो भन्ने धारणा राखेका छन् (कोइराला, २०५४:११९-१२३)। अध्यात्मतर्फको आफ्नो प्रारम्भिक झुकाव निकै आनन्ददायक रहेको प्रति सङ्केत गर्दै ईश्वरीय अनुभूति नै अध्यात्म हो भन्ने आशय प्रकट गरेका छन् (कोइराला (सम्पा.) २०५८:१५८। केही सीमाहरू अध्यात्मका छन् जसका कारणले अध्यात्म सर्वग्राह्य हुन सकेन भन्ने कोइरालाले के संयम मुक्ति हो ? संयम मात्रको चिन्तनमा भौतिकवाद पनि सहमत हुन सक्थ्यो। संयम होइन मुक्ति लक्ष्य हो भन्ने मान्यताले यसलाई कठोर बनाएको छ भन्ने नयाँ धारणा राखेका छन् (कोइराला २०५४:१२४)। त्यस्तै अध्यात्मवादीहरूले भौतिक सत्यलाई सत्य नमान्न गरेको अनुरोधलाई अप्रत्यक्ष स्वीकार गर्दै आफ्नै भाषामा भौतिकता पशुवृत्ति हो र अध्यात्म पशुवृत्तिबाट माथि उठ्ने प्रयत्न हो सम्म भनेका छन् (कोइराला, २०५४:१२४)। कोइरालाको व्यक्तित्वको चर्चा गर्दै आचार्यले कोइराला केवल राजनीतिक विचारमा मात्र होइन धार्मिक, सामाजिक, साहित्यिक एवं नैतिक मूल्यहरूका सम्बन्धमा पनि परम्परागत मान्यतासँग असहमत हुनु हुन्थ्यो (आचार्य २०५३:१६-२१) भनेर कोइराला परम्परामुक्त तर मौलिक विचारका धनी व्यक्ति भएको कुरा व्यक्त गरेका छन्। धरावासीले कोइराला पूर्वीय चिन्तनका पक्षपाती हुन् भन्दै कोइरालालाई अध्यात्म दर्शनभन्दा भिन्न राखेर मापन गर्नु अधुरो रहने धारणा व्यक्त गरेका छन् (कोइराला (सम्पा.) २०५३:२७-३१)। हामी पूर्वीय सभ्यता र संस्कृतिका अनुयायीहरू बाहिर जे जस्ता धारणा राखे पनि भित्रबाट अध्यात्मवादी नै हुन्छौं भन्ने मान्यता कोइरालामा पनि लागु हुन्छ। कोइराला कुनै कुरालाई तर्कसङ्गत ढङ्गले मात्र ग्रहण गर्ने हुनु पर्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri
भन्ने मान्दछन् र ती कुरा व्यावहारिक जीवनमा के कति सम्भव छन् त्यसका आधारमा हेर्नु पर्दछ; त्यति मात्र होइन मानव जीवनलाई सर्वोपरि राखेर मात्र यावत् सम्भावनाहरू खोज्नु पर्दछ भन्ने मान्दछन्।

२.२ साहित्यिक कृति र तिनमा व्यक्त धारणा : राजनीतिक जीवन जत्तिकै उच्च रहेको बीपीको साहित्यिक जीवनका विभिन्न पक्षमा विचार विमर्श भइरहेको छ। बीपीको साहित्यमा झट्ट हेर्दा सामान्यं जस्तो लाग्ने अध्यात्मवादी जीवन दर्शन सम्बन्धी विचार मूलतः उनका उपन्यासहरूको प्रमुख कथ्य नै हो भन्दा फरक पर्दैन। कथा साहित्यमा विशेष गरी व्यक्ति जीवनका आन्तरिक मनोदशाहरूलाई केलाएर व्यक्तिलाई निहार्ने र उसका जैविक अवस्थालाई उजागर गर्ने यौन मनोविश्लेषणात्मक प्रकृति अङ्गालेका कोइराला उपन्यासमा सशक्त विचारका प्रस्तावक हुन्। यस सन्दर्भमा कोइरालाले आध्यात्मिक जीवन दर्शनका सम्बन्धमा व्यक्त गरेका धारणाहरू कोइरालाका उपन्यासका मूल प्राप्तिहरू हुन्। कोइराला आफ्ना उपन्यासहरूमा आध्यात्मिक दर्शनका विषयमा खुलेर लागेका छन्। उनका सुम्निमा, मोदिआइन, हिटलर र यहुदी उपन्यास पूर्ण रूपले आध्यात्मिक विषयमै केन्द्रित छन् भने तीन घुम्ती, नरेन्द्र दाइ र बाबु आमा र छोरामा पनि अध्यात्मको प्रभाव छ। यी उपन्यासको विषय आध्यात्मिक छ र त्यसलाई चिन्तन र बहसको विषय बनाइएको छ। बहसको निम्ति दुई भिन्न धारका सशक्त पात्रहरू सिर्जना गरिएको छ।

कोइरालाका उपन्यासहरूबाट उनको आध्यात्मिक दृष्टिकोणलाई बुझ्न सजिलो पर्दछ। कोइरालाले उपन्यासमा विचार दिन चाहेका छन् त्यसैले उनी नयाँ नयाँ तथ्यका प्रस्तावक भएर देखा परेका छन्। उनी आध्यात्मिक छन् तर परम्परागत चिन्तनका विपक्षी भएर आध्यात्मिक छन्। बीपी कोइरालाको साहित्यमा अभिव्यक्त आध्यात्मिकता बुझ्न विशेषतः उनका उपन्यासहरूलाई आधार मान्नु पर्ने हुन्छ। उनका छवटै उपन्यासमा अध्यात्मको प्रभाव छ। त्यो प्रभाव भिन्न भिन्न शैली र सन्दर्भमा अवस्था र घटनाअनुरूप आएर सन्दर्भित भएका छन्। तर कोइरालाले भक्तिवादी दृष्टिले भन्दा विश्लेषण, विवेचन र उपयोगितावादी दृष्टिले अध्यात्मको चिन्तन गरेका हुँदा केही बुँदाहरूलाई आधार मानेर यस सम्बन्धी दृष्टिकोणलाई विवेचना गरिएको छ।

कसैले पुरुष, कसैले ब्रह्म, कसैले निर्वाण, कसैले जीव र कसैले शरीर (चार्वाक) कै रूपमा आत्माको अस्तित्वलाई स्वीकारेको पाइन्छ। त्यस्तै चेतन तत्त्वको वासस्थानका रूपमा शरीरको व्याख्या गरिएको छ। पूर्वजन्मको फल भोग्नका निम्ति जीवले मर्त्यलोकमा विभिन्न शरीर धारण गरेर जन्म लिन्छन् भन्ने आध्यात्मिक मान्यता रहेको छ।

शरीरको आधेय तत्त्व आत्मा र आत्माको आधेय तत्त्व शरीर रहेको र शरीर आत्मा एक अर्काका आधार तत्त्व रहेकाले शरीरलाई बिर्सेर गरिने आत्माको उपासना र आत्मालाई तिरस्कार गरेर सोचिने शरीरको सुखको कुनै अर्थ छैन। आत्मानिरपेक्ष शरीर र शरीर निरपेक्ष आत्माको कल्पना सम्भव कुरा होइन भन्ने मान्यता कोइरालाको मौलिक धारणा हो। यसको सशक्त दृष्टान्त कोइरालाको सुम्निमा उपन्यास हो। सुम्निमालाई आफ्नो जीवनबाट हटाएर परम साक्षात्कार (ब्रह्मप्राप्ति) को मार्ग प्रशस्त गर्न चाहने, शरीर निरपेक्ष आत्माको पक्षपाती सोमदत्त अन्धविश्वास र कठोर अव्यावहारिक हठ साधनाको भारीले ढाड भाँचिएर लड्नु परेको छ भने शरीर नै सम्पूर्ण हो भनी आफ्नो सुन्दर आकर्षक शरीरमा अहंकार गर्ने सुम्निमा जीवनभर मन भाँचिएर अधुरो भई बाँच्नु परेको छ। भोग र योग, शरीर र आत्मा, पुरुष र प्रकृति, जड र चेतन, ज्ञान र विज्ञानको समन्वयमा जीवन र जगत्को रूप निकै सुन्दर हुन्छ भन्ने व्यावहारिक मान्यतामा कोइरालाको आध्यात्मिक विचार प्रवल बनेर आएको छ। यो कुरालाई कोइरालाले मोदिआइनमा पनि पुष्टि गरेर देखाएका छन्। अझ मोदिआइनमा आत्माको अजरमरतालाई नै सिद्ध गरिएको छ। जन्मजन्मदेखि आफ्नो प्राणप्रिय पतिको प्रतीक्षामा बसेकी मोदिआइन, त्यसपूर्वकी मछुवारिन र त्यो भन्दा पनि अघिल्लो जन्मकी नारी तीनै पात्रमा एउटै आत्माको प्रवेश गराएर नारीका तीन जन्मका विविध रूप देखाउँदै वासांसि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीर्णानि... नवानि देही (गीता २।२२) भन्ने गीता दर्शनको जीवको पुनर्जन्म र आत्माको अमरतालाई कोइरालाले पुष्टि गरेका छन्। यहाँ पनि देह र आत्माको समन्वयमा मात्र जीवन सार्थक रहने कुराको संकेत नारीका विभिन्न जन्म पुरुष प्रतीक्षुकका रूपमा भएको देखाएर देह र आत्माको मिलनको अपेक्षा गरिएको छ।

मृत्युको नियति लिएर आएका कुरु क्षेत्रका सेना र यहुदीका मृत्युमा कोइरालाले दुःख प्रकट गरेका छन्। यी तमाम अवस्थाहरूमा कोइरालाको मनले पीडाबोध गरिरहेको छ र मानव हुनुको नाताले यी जघन्य कर्महरूको विपक्षमा कोइरालाका विचारहरू आएका छन् तर प्रारब्धको खटनलाई छेक्न, रोक्न वा सच्याउन नसक्ने मानिसको असमर्थ अवस्था र प्रारब्धको बलशाली पञ्जाबाट उम्किन नसक्ने यथार्थलाई गम्भीर किसिमले व्यक्त गर्ने काम कोइरालाबाट भएको छ।

२.३ प्राकृतिक ईश्वरको पक्षधरता : ईश्वरलाई अध्यात्मवादीहरूका आस्थाका केन्द्र मानिन्छ। विद्वान्हरूका अनुसन्धानले संसारका विभिन्न जातिहरूमा ईश्वरप्रति विश्वास गर्नेहरूको संख्या धेरै छ भन्ने देखाएको छ (प्रसाद, १९८२:१४९) ईश्वरलाई दार्शनिक विवेचना गर्ने र ईश्वरलाई विभिन्न धर्ममा विश्वासको रूपमा हेर्ने दुईथरी परम्परा देखिन्छ। हामी आफ्नै ज्ञान सीमिततालै गर्दा कर्तृत्वको भ्रम पाल्छौं (गीता ३/२७) भनी सृष्टिको नियन्ता प्रकृतिलाई मान्ने साङ्ख्य दर्शनको मान्यतासँग कोइराला बढी सहमत देखिन्छन्। यद्यपि प्रकारान्तरले प्राकृतिक नियमको पनि परिचालक हुने र त्यो कुनै अदृष्ट नै हुने कुरालाई यो नियमले अस्वीकार गरेको छैन र त्यो ठाउँमा पुगे पछि ईश्वरको कर्तृता सिद्ध हुन्छ तापनि ईश्वरवादीहरूले भनेझैँ यो सारा सृष्टिको आदिकारण ईश्वर हुन्। विश्वको कुनै न कुनै कारण हुन सक्छ। यस्तो कारण ईश्वर बाहेक अरु हुनै सक्दैन (प्रसाद, १९८२:२०२) भन्ने मान्यताले सिधै ईश्वरलाई आदिकारण मानेझैँ कोइरालाले ईश्वरको कर्तृत्वलाई स्वीकार गरेका छैनन् तर कुनै न कुनै नियन्ता छ भन्ने नियति/प्रारब्धवादी मान्यतामा भने कोइराला सहमत छन्। कार्यको नजिकै बसेको कारणलाई ईश्वर मान्ने कि प्रकृति मान्ने भन्ने महत्त्वपूर्ण प्रश्नमा बीपीले केही हदसम्म ईश्वर भयो भने पनि मूलतः यो प्राकृतिक नियम हो भन्ने माने तर प्राकृतिक नियमको नियन्ता को हुन् ? भन्ने गीता चिन्तनमा कोइराला प्रवेश गरेका छैनन्। ईश्वरमा हामी विश्वास गरौं वा नगरौं तर हामीभित्र ईश्वरका प्रति सदैव जिज्ञासा भइरहन्छ। यतिसम्म कि ईश्वरको उपादेयता, सत्यताका विषयमा हामी जे जस्ता विचार राखौं तर अधिकांश मानिसको मनले ईश्वरको अस्तित्वलाई अस्वीकार गर्न सकेको हुँदैन। यसकारण ईश्वरका विषयमा संसारमा धेरै वहसहरू हुने गरेका छन् (प्रसाद, १९८२:१४९) भन्ने मान्यता धेरै हदसम्म कोइरालामा पनि लागु हुन्छ। उनले ईश्वरलाई उपासनाको विषय बनाएका छैनन् तर ईश्वरवादी मान्यताभन्दा टाढा गएर विरोधमा विचार पनि राखेका छैनन्। बरु विभिन्न पात्रहरूका माध्यमले ईश्वरको अस्तित्वलाई स्थापित नै गर्न चाहेका छन्। सोमदत्त, पुलोमा, सुम्निमा, नारायणन्, भट्टाचार्य, गौरी जस्ता पात्रहरू ईश्वरकै पक्षमा खुलेर लागेका छन् भने अरु धेरै पात्रहरूले ईश्वरको अस्तित्व वा अनस्तित्वका बारेमा वहस गरेका छन्।

२.५ निष्काम कर्मयोगमा संशोधनको प्रस्ताव : श्रीमद्भगवद्गीताको मुख्य उपदेश कर्मयोग हो। आत्माको निरूपणको साथै ज्ञान प्राप्तिको उपदेशद्वारा निष्काम कर्म गर्ने उपदेश गीताले दिएको छ (मिश्र, १९७०:७) साथै वर्णाश्रम व्यवस्थाको निर्धारण गरी (गीता ४।१३) त्यागसहितको कर्म गर्ने उपदेश अर्थात् कर्मको त्याग नभएर कर्ममा त्यागको उपदेश दिइएको छ। मूलतः गीतामा वर्णित, स्वधर्म, कर्म र मानव धर्मसम्बन्धी धारणाको मूल्याङ्कन गर्दा जसलाई जे कुराको ज्ञान र दक्षता छ त्यसले त्यो कर्म गर्ने अनिवार्यतालाई स्वधर्म र मानव कर्म मानिएको छ र यसो गर्दा नै मानवजातिको कल्याण हुन्छ भनिएको छ (गीता १८।४७)।

बीपी कोइराला मानव धर्म र कर्मका विषयमा सचेत छन्। मानवलाई सुहाउने धर्म र मानवविहित कर्म दुवैमा कोइरालाका गहिरो आस्था छ। कर्म गर्नु पर्ने अनिवार्यता र कर्तव्य कर्मको कर्मयोगी मान्यतासँग कोइराला सहमत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्। कर्म गर, कर्म गर्ने स्वतन्त्रता तिम्रो हो, उपलब्धि/प्राप्ति तिम्रो अधीनमा छैन भन्ने मतसँग कोइराला पूर्ण सहमत देखिन्छन्। उनले परिणाम जे जस्तो आओस् मानिसले आफ्नो तर्फको कर्म गर्दै जानुपर्छ भन्ने मान्यता अनुरूप नै आफ्नो जीवनलाई दाउमा लगाएर राजनीति गर्दै रहे र त्यो परम्परालाई साहित्यमा पनि निरन्तरता दिने प्रयत्न गरे। साथै गेरुवा रङ्गको लुगा नलगाए पनि हामीले मनमा जोगीको जस्तो निष्काम प्रवृत्ति धारण गर्नु पर्दछ (कोइराला (सम्पा.) २०५८:३१३) भन्ने मान्यताले राजनीतिमा कार्यकर्ताहरूलाई प्रशिक्षण दिने कोइराला निष्काम कर्मयोगी नै थिए तापनि कर्ममा धेरथोर फल प्राप्तिको आकाङ्क्षा हुन्छ नै कर्म निष्काम मात्रै हुन सक्दैन भन्ने तर्कलाई पनि अघि सारे। कर्ममा योगी भाव त हुनुपर्दछ, अतिशय स्वार्थप्रेरित कर्ममा दोष रहन्छ तर कलिकर्म कसरी निष्काम नै हुन सम्भव छ र ? भनी व्यावहारिक जिज्ञासा प्रष्ट गर्ने काम कोइरालाले गरेका छन्।

स्वधर्म चर्चाका साथै स्वधर्म महत्त्व जसलाई आज मानव धर्म भन्न सकिन्छ। यसको भगवद्गीताको व्याख्या अनुरूपको धर्म र कर्मलाई कोइरालाले स्वीकार्दा स्वीकार्दै पनि कर्तव्य कर्म र मानवधर्मका नाउँमा गीतामा भएको युद्ध र मृत्युसम्बन्धी मान्यतामा कोइराला असहमत देखिएका छन्। मानिसले सुख दुःखको जस्तोसुकै अवस्थामा पनि कर्म गर्ने स्वतन्त्रता र कर्तव्यलाई भने सधैं पालन गरिरहनु पर्छ भन्ने दृष्टान्त कोइरालाका सबै उपन्यासहरू हुन् त्यसमाथि नियतिको बाघ पञ्जामा जकडिएका कोइरालाका सबै उपन्यासका नारी र पुरुष पात्रहरूलाई निराश नभई अघिल्ला कर्म गर्दै जान गरेको प्रेरणा, इन्द्रमाया, गौरी, मुनरिया, उमा, थियोडोरा, इल्जेहरूका व्यवहार र कर्मबाट प्राप्त गर्न सकिन्छ। यसरी बीपीले कर्म सिद्धान्तलाई सकाम, मानव जीवन सापेक्षा मान्नु पर्छ भन्ने कर्मवादी मान्यता राखेका छन्।

२.६ निष्कर्ष : कोइरालाको विचारको पृष्ठभूमि पूर्वीय र पाश्चात्य दर्शनको समन्वयबाट निर्माण भएको छ। पूर्वीय दर्शनको अध्ययनले विचारको भौतिकवादी तहमा केही कुरा थप हुन जाँदा पुरानो स्थापित विचार र बुद्धि, तर्क र चिन्तनले थपेको विचार खप्टिइँदा चेतनाका दुई बराबर महत्त्वका स्तर खडा भएका छन्। उपन्यांस लेख्ने क्रममा कोइराला विचारको आन्तरिक द्वन्द्वमा परेकाले दुवै खाले विचारलाई समान महत्त्वका साथ प्रस्तुत गरेका छन्। अध्यात्मवादी विचार अमूर्त र भौतिक जीवन दर्शन इन्द्रिय ग्राह्य भएको अवस्थामा प्रत्यक्ष भौतिक दर्शन र परोक्ष आध्यात्मिक दर्शनमा बनेका कोइरालाको आध्यात्मिक चिन्तन पनि कम शक्तिशाली देखिएको छैन। यथार्थका सामु आदर्श काल्पनिक अप्रामाणिक गतिहीन जस्तो देखिए पनि नदेखिएका कुरा जीवनमा बढी महत्त्वपूर्ण बनेर आएको पाइनाले कोइरालाले आध्यात्मिकतातर्फ रुचि बढाएका छन्। ईश्वर, आत्मा, स्वर्ग, मोक्ष, प्रारब्ध, नियति आदि विषयमा कोइरालाले तार्किक दृष्टिकोण अघि सारेर वैचारिक वहसको थालनी गरेका छन्। कतै समर्थन र कतै असमर्थन दुवै कोइरालाको तथ्यपरक दृष्टिकोण रहेको छ। भौतिकतालाई व्यक्त गर्दा आध्यात्मिकता र आध्यात्मिकतालाई व्याख्या गर्दा भौतिकता उपन्यासमा विचारको प्रतिपक्षी बनेर आएको छ। सारांशमा अध्यात्मवादी दर्शनलाई यति धेरै बहस र चिन्तनको विषय बनाइएको कुरा निकै महत्त्वपूर्ण मान्न सकिन्छ। कोइरालाले भौतिकता निरपेक्ष आध्यात्मिकता र आध्यात्मिकता निरपेक्ष भौतिकतालाई सफल हुन नसक्ने ठानेका छन्। भौतिकता र आध्यात्मिकता ज्ञान, विज्ञान, युद्ध, शान्ति आदि सबैमा समन्वयको सन्देश प्रवाह गर्न चाहेका छन्। धार्मिक, सामाजिक, सांस्कृतिक, दार्शनिक, साहित्यिक, समत्वमा जोड, अहिंसा, मानवता र कर्मवादलाई प्राथमिकता कोइरालाको साहित्यमा आध्यात्मिकताको मनोयोग हो भन्नु युक्तिसङ्गत ठहर्छ।•

सन्दर्भकृतिसूची

कोइराला, जीवनचन्द्र (सम्पा.) (२०५३), विश्वेश्वरप्रसाद कोइराला समालोचना र विचारमा, काठमाडौँः बीपी. अनुसन्धान तथा सेवा केन्द्र।

–(२०५८), बीपी. कोइरालाका छरिएका सामग्री, काठमाडौँः मनिका (ज्योति) कोइराला।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

–(२०४९), दोर्षा चस्मा, ते.सं., ललितपुरः साझा प्रकाशन।

–(२०५०), श्वेतभैरवी, दो.सं., ललितपुरः साझा प्रकाशन।

–(२०५०), मोदिआइन, ते.सं., ललितपुरः साझा प्रकाशन।

–(२०५०), बाबु, आमा र छोरा, दो.सं., ललितपुरः साझा प्रकाशन।

–(२०५१), सुम्निमा, चौ.सं., ललितपुरः साझा प्रकाशन।

–(२०५५), आत्मवृत्तान्त, दो.सं., (संक.) गणेशराज शर्मा, ललितपुरः जगदम्बा प्रकाशन।

–(२०५७), हिटलर र यहुदी, पा.सं., ललितपुरः साझा प्रकाशन।

–(२०५८), तीन घुम्ती, सा.सं., ललितपुरः साझा प्रकाशन।

–(२०६०), आफ्नो कथा, चौ.सं., ललितपुरः साझा प्रकाशन।

–(२०६१), नरेन्द्र दाइ, छै.सं., ललितपुरः साझा प्रकाशन।

–(२०६३), जेल जर्नल, चौ.सं., (सङ्क.) गणेशराज शर्मा, ललितपुरः जगदम्बा प्रकाशन।

कृपामय, कृष्ण (२०६२), श्रीमद्भगवद्गीता यथारूप, काठमाडौं: श्री राधाकृष्ण मन्दिर हरे कृष्णधाम।

चटर्जी, भोला (२०५१), बीपी. कोइराला एक क्रान्तिकारी व्यक्तित्व, काठमाडौं: साझा प्रकाशन।

चट्टोपाध्याय, सतीशचन्द्र र धीरेन्द्र मोहन दत्त (सन् १९८३), भारतीय दर्शन, (अनु.) हरिमोहन झा एवं नित्यानन्द मिश्र, पटनाः पुस्तक भण्डार।

चालिसे, नारायण (२०६९), पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास, दाङः बीपी. चिन्तन केन्द्र।

ढकाल, भूपति 'कमल' (२०५६), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष, पोखराः जय नेपाल प्रकाशन।

पाण्डे, ज्ञानु (२०६२), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद, काठमाडौं: नेपाली आख्यान समाज।

प्रसाद, राजेन्द्र (सन् १९८२), दर्शनशास्त्रकी रूपरेखा, पटनाः शुक्ला बुक डिपो।

मिश्र, उमेश (१९७०), भारतीय दर्शन, लखनऊः हिन्दी समिति सूचना विभाग।

शर्मा, चन्द्रधर (सन् १९९८), भारतीय दर्शन आलोचन और अनुशीलन, दिल्लीः मोतीलाल–वनारसीदास।

सरस्वती, मधुसूदन (२०६०), श्रीमद्भगवद्गीता, वाराणसीः चौखम्बा संस्कृत संस्थान।

सिह्ना, हरेन्द्रप्रसाद (सन् १९८३), भारतीय दर्शनकी रूपरेखा, दिल्लीः मोतीलाल वनारसीदास।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मीमांसादर्शनमा आत्माको स्वरूप

उपप्रा. नारायणप्रसाद नेपाल

वैदिक धर्म प्राकृतिक भौतिक वस्तुस्थितिका र गम्भिर तत्त्वचिन्तनका आधारमा वेद, वेदाङ्ग, स्मृतिशास्त्रहरूबाट व्यवस्थित ढङ्गबाट प्रकाशित गरिएको र चलाइएको धर्म हो। धर्म र मोक्षको यथार्थ ज्ञानको साधन अपौरुषेय शब्दराशी वेद हो। यसै वेदबाट नै संसारको भूत, भविष्य र वर्तमान सञ्चालित छ। अज्ञान-अल्पज्ञान-काम-क्रोध-लोभ-मोह-मद-मात्सर्य र पुरुष दोषरहित धर्म र मोक्षको प्रमाण भएको एकमात्र आधिकारिक ग्रन्थको रूपमा वैदिक आर्यहरूले आधारपूर्वक स्वाध्ययन गर्ने गरेका छन्।[१] वेद अनादि कालदेखि नै गुरुशिष्य परम्पराबाट आएको गुरुले उपनयन पूर्वक वेदाध्ययन गराई शुद्ध कूलिन ब्राह्मणादि त्रैवर्णिकहरूलाई अध्ययन गराउने परम्परा छ।

वेदमा धर्म र अधर्मको विषय प्रतिपादित छ। त्यसको विषयको बारेमा वर्णन गरिएको छ। यो काम यसरी गर्नु भनेर विधान गरिएको वाक्यलाई विधिवाक्य भनिन्छ। जस्तैः अग्निहोत्रं जुहूयात् स्वर्गकामः यहाँ स्वर्गकामको लागि अग्निहोत्र गरोस्। कुनै पनि अप्राप्त अर्थ प्राप्त हुने क्रियालाई विधि भनिन्छ।[२] त्यसै गरी वेदमा अधर्मको पनि चर्चा गरेको पाइन्छ। जस्तैः पुरुषले गर्ने कर्मको अनर्थ फल प्राप्त हुने हुनाले त्यो काम नगर्नु भनेर त्यसतर्फ निवृति गर्ने वा पुरुषार्थको लागि प्रवृति हुन नदिने वाक्यलाई निषेध भनिन्छ। जसमा न कलञ्जं भक्षयेत्। कलञ्ज वस्तु भक्षण गरेमा त्यसको फल अनिष्ट हुन्छ भनेर निवृति गराईएको छ।[३] यसै परिप्रेक्ष्यमा वेदमा भएका विभिन्न विचारहरूलाई लिएर वैदिक र अवैदिक गरी दर्शनहरू विभाजित भएका छन्।

वैदिक र अवैदिक- वैदिक दर्शनहरू छ वटा छन्। वेदको सत्तालाई मान्ने दर्शनलाई वैदिक दर्शन भनिन्छ भने वेदको सत्तालाई नमान्ने दर्शनलाई अवैदिक दर्शन भनिन्छ।[४] न्याय-वैशेषिक-सांख्य-योग-पूर्वमीमांसा-उत्तरमीमांसा यी वैदिक दर्शनहरू हुन्। अवैदिक दर्शनहरूमा चार्वाक-जैन-बौद्ध-(वैभाषिक-सौत्रान्त्रिक-योगाचार-माध्यमिक वा शून्यवादी) यी अवैदिक दर्शनहरू हुन्। अगाडिका वैदिक दर्शनहरूमा पनि पूर्व र उत्तरमीमांसाको मूल भने वेद नै हो। अरु सम्पूर्ण दर्शनहरूको मूल आगम वा सूत्रहरू हुन्।

पूर्वमीमांसादर्शन- पूर्वमीमांसालाई मीमांसा न्याय, धर्ममीमांसा, कर्ममीमांसा, अध्वरमीमांसा, वाक्यशास्त्र आदिले व्यवहार गरिन्छ। यसको आदिसूत्र अथाऽतो धर्म जिज्ञासा हो।[५] श्रुति स्मृतिका वाक्यहरूको तात्पर्यादिको निर्णय गर्नको लागि उपयोगी न्यायहरूको समुदायरूप कल्पशास्त्रको अनुगामी उपाङ्ग नै पूर्वमीमांसा हो।[६] यसका सूत्रकार जैमिनि मुनि हुन्। यीनले बाह्र अध्यायको जैमिनीय धर्मसूत्रको रचना गरेका थिए। जसमा प्रमाण-भेद-शेषत्व-प्रयुक्ति-क्रम-अधिकार-सामान्य-विशेष-ऊह-वाद-प्रसङ्ग गरी बाह्र अध्यायमा धर्मको निरूपण गरेका छन्। यिनको बाह्र अध्याय मध्येको प्रथम अध्यायको प्रथम पादलाई तर्कपाद भनिन्छ। यसै तर्कपाद भित्र आत्माको चर्चा गरिएको छ।

प्रतिपाद्य विषयहरू- यस दर्शनको मूल उद्देश्य भनेको संदिग्ध वेद वाक्यको परिशोधनद्वारा वाक्यार्थको निर्णय गर्नु हो। शब्द तथा अर्थको गरिमाले विशाल यस दर्शनमा अग्निहोत्रं जुहोति इत्यादि कर्मकाण्डको विचारले प्रवृत्त भएर पनि यो दर्शनको प्रतिपाद्य विषयहरू निम्न छन्। तत्त्व दर्शन, दर्शन सम्मत प्रमाण प्रमेयको विवेचन, यज्ञ प्रयोगको निरूपण, शाब्दबोधको उपयोगी न्यायको विवेचन। यसरी पूर्व मीमांसाको तत्त्व दर्शन अन्तर्गत आत्माको बारेमा वर्णन गरेको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वमीमांसामा प्रमा र प्रमाण- पूर्वमीमांसामा प्रमा भनेको ज्ञान हो र प्रमाण भनेको ज्ञानको साधन हो। पूर्वमीमांसामा ज्ञानलाई तत्त्व पनि भनिन्छ। अज्ञात वस्तुको ज्ञानलाई प्रमा भनिन्छ। प्रमाण र प्रमेय दुई वस्तुहरू हुन्छन्।

मानमेयविभागेन वस्तूनां द्विविधा स्थितिः।
अतस्तदुभयं ब्रुमः श्रीमत्कौमारिलाध्वना॥
प्रमाकरणमेवात्र प्रमाणं तर्कपक्षवत्।
प्रमा चाज्ञाततत्त्वार्थज्ञानमेवात्र भिद्यते॥[७]

अज्ञात पदले ज्ञान भएको स्मृति र अनुभव भएको अनुवादलाई निरस्त गरेर यथार्थ ज्ञानलाई जनाउँछ।[८] घट जान्नुलाई ज्ञान भनिन्छ। घट स्मृति हुनु ज्ञान हैन। यो घट हो, यो घट हो भनेर भन्दा प्रथम क्षणको घट ज्ञान हो भने द्वितीय क्षणको घट अनुवाद हो। पार्थसारथि मिश्रले पनि भनेका छन् : कारणदोषबाधज्ञानरहित-मगृहीतग्राहिज्ञानं प्रमाणम्।[९] तत्त्व पदले भ्रम र संशयको अयथार्थ ज्ञानको निरास गर्दछ वा भ्रम र संशयरहित यथार्थ ज्ञानलाई नै तत्त्व भनिएको छ।[१०]

पूर्वमीमांसामा प्रमेय- प्रमेयलाई विषय पनि भनिन्छ। मूलतः मीमांसाको प्रमेयहरू पाँच वटा छन्। ती हुन् द्रव्य-जाति-गुण-क्रिया-अभाव। तर कसैले शक्तिलाई पनि प्रमेय मानेका छन्।

वयं तावत् प्रमेयं तु द्रव्य जातिगुणक्रियाः।
अभावश्चेति पञ्चैतान् पदार्थानादियामहे॥[११]

एवं च द्रव्यगुणकर्मसामान्यसमवायशक्त्यभावाः सप्त पदार्थाः।[१२]
प्रसङ्गात् पदार्था निरूप्यन्ते- द्रव्यगुणकर्मसामान्यशक्त्यभावाः षट् पदार्थाः।[१३]

यसरी प्रमेय अन्तर्गत द्रव्यहरू एघारवटा छन्। जस्मा पृथिवी-जल-तेज-वायु-अन्धकार-आकाश-काल-आत्मा-मन-शब्द, यिनीहरू द्रव्यका भेद मानिन्छन्।

पृथिवी सलिलं तेजः पवमानस्तमस्तथा।
व्योमकालदिगात्मनो मनः शब्द इति क्रमात्॥
एकादशविधं चैतत् कुमारिलमते मतम्।
यथाशास्त्रं विधास्यामस्तत्स्वरूपनिरूपणम्॥[१४]

यसरी पृथिवी आदि एघारवटा द्रव्य मध्ये आत्मा पनि एक द्रव्य हो।

आत्माको स्वरूप- यस दर्शन अनुसार आत्मा चैतन्यको आश्रय हो, मानस प्रत्यक्ष गम्य, विभु र अनवयवी मानिएको छ। आत्मा शरीरदेखि भिन्न हो। किनकि यो मेरो शरीर हो भन्दा यसमा षष्ठी विभक्तिद्वारा शरीर आत्माको मेरो भन्ने भेद स्पष्ट छ। आत्मा इन्द्रिय भन्दा पनि भिन्न हो। किनकि मैले देखेको थिएँ, म स्पर्श गर्दछु, मैले अनुभव गर्दछु, म सुखी छु, म दुःखी छु आदि भान हुने भएकोले यागजन्य फलको भोक्ता अरु नभई आत्मा नै हुने र निषेध कर्म गर्दा नरकादिकर्मको फल भोक्ता आत्मा नै हुने हो। तसर्थ आत्मा कर्ता, भोक्ता र प्रमाता स्वरूप हो। अयमेव कर्ता अशनतानविहरणादिलौकिकव्यापाराश्रयः यागदानतपोहोमादिनिखिलकर्मणां तत्तत्कर्मजन्यस्वर्गनरकादिनिखिलफलभोक्ता च।[१५]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसको प्रपञ्चका साथ सम्बन्ध हुन्छ। प्रपञ्च भनेको शरीर, इन्द्रिय र विषयको सम्बन्ध हो। प्रपञ्चमा मानिसले भोग गर्दछ, त्यही भोगबाट सुख दुःखको साक्षात् अनुभव हुन्छ र बन्धनमा पर्दछ। ती कुराबाट उम्किएको उम्क्यै हुनु मोक्ष हो। अर्थात् सुख दुःखको आत्यान्तिक निवृत्ति मोक्ष हो। पहिलेको शरीर र इन्द्रियको नाश भएर विषयसँग सम्बन्ध नहुनु र फेरि नयाँ शरीर इन्द्रियहरूको उत्पत्ति नहुनु, यसरी पुरानोको नाश र नयाँको उत्पत्ति नभएमा समस्त संसारिक सुख दुःखको उच्छेद हुन्छ, त्यो हुन सबै धर्माधर्मको उच्छेद हुनुपर्छ। त्यसका निम्ति उत्पन्न भएको धर्माधर्मको फल भोग गरी, अधर्मको नित्य नैमितिक कर्म गरी, धर्माधर्म दुवैको ज्ञानाग्निमा होम गर्नुपर्छ भनेर श्रीमद्भागवत्गीतामा पनि बताइएको छ।

यथैधांसि समिद्धोऽग्निर्भस्मात्कुरुतेऽर्जुन।
ज्ञानाग्निः सर्वकर्माणि भस्मात्कुरुते तथा॥[१६]

आत्मा ज्ञातव्य इत्येतन्मोक्षार्थं न च चोदितम्।
कर्मप्रवृत्तियोग्यत्वमात्मज्ञानस्य लक्ष्यते॥[१७]

आत्माको प्रयोजन दई प्रकारबाट देखिन्छ : क्रत्वर्थ र पुरुषार्थ।आत्मा नित्य भोक्ता र कर्ता स्वरूप क्रत्वर्थ हो। त्यस प्रकारको आत्मा विना कर्ममा प्रवृत्ति हुँदैन लोक लोकान्तरमा वा देहान्तरमा आत्माको प्रकाट्य हुन्छ भन्ने प्रतीति नभईकन धर्माधर्मको प्रपञ्च व्यर्थ नहुनाले त्यसमा आत्मज्ञानको आवश्यकता छ।

टिप्पणीहरू

१. कतिपयवैदिकयज्ञपरिचयः, भूमिका पृ. ९, स्वाद्ध्यायशाला २०६७
२. मीमांसान्यायप्रकाशः, पृ. ५, चौखम्बा संस्कृत संस्थान, चतुर्थ संस्करण २०५८
३. पूर्ववत् पृ. १५७
४. शास्त्रदीपिका, भूमिका पृ. ९, श्री साधुवेला संस्कृत महाविद्यालय, वाराणासी २०३४
५. शास्त्रदीपिका, पृ. ३, श्री साधुवेला संस्कृत महाविद्यालय, वाराणासी, २०३४
६. वैदिक हिन्दु धर्मसंस्कृति, पृ. ८५, स्वाद्ध्यायशाला २०६५
७. मानमेयोदयः, पृ. २, चौखम्बा विद्याभवन, वाराणासी १९७८
८. पूर्ववत् पृ. २
९. शास्त्रदीपिका, पृ. ४५, श्री साधुवेला संस्कृत महाविद्यालय, वाराणासी, २०३४
१०. मानमेयोदय पृ. ५, चौखम्बा विद्याभवन, वाराणासी १९७८
११. पूर्ववत् पृ. १४२
१२. भाट्टचिन्तामणि, पृ. १७ चौखम्बा संस्कृत सिरिज, १९३३
१३. तन्त्रसिद्धान्तरत्नावली, पृ. ३८, वनारस हिन्दु यूनिभर्सिटी प्रेस, वनारस २००१
१४. मानमेयोदयः, पृ. १४४, चौखम्बा विद्याभवन, वाराणासी १९७८
१५. तन्त्रसिद्धान्तरत्नावली, पृ. ५३, वनारस हिन्दु यूनिभर्सिटी प्रेस, वनारस २००१
१६. श्रीमद्भागवत्गीता, ४/३७, गीताप्रेस गोरखपुर, २०५८
१७. दर्शनामृत, पृ. १३५संकटा प्रेस, टेबहाल काठमाडौँ, २०२५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा उच्च शिक्षा : सूचना र सत्यता

सहप्रा. शान्तिकृष्ण अधिकारी

शिक्षाको परिभाषा– सामान्यरूपमा शिक्षाभन्दा हामीहरूले निश्चित ज्ञान प्राप्तिका लागि गरिने अध्ययन अध्यापन सम्बन्धी प्रक्रियालाई सम्झन्छौँ। यसमा शिक्षक र विद्यार्थीहरूद्वारा निश्चित विषयको ज्ञान वा सीप प्राप्त गर्न वैयक्तिक एवं सामूहिकरूपमा गरिने प्रयासहरू पनि समाहित हुन्छन्। यसलाई शब्दान्तरमा भन्दा त्यस्तो नियमबद्ध अध्ययन, जसद्वारा कुनै विशेष कार्यमा भाग लिने क्षमता प्राप्त हुन्छ भनेर पनि व्यक्त गर्न सकिन्छ (गौतम, २०६९)।

नेपालमा शिक्षाको प्रारम्भ– इतिहास हेर्दा नेपालमा शिक्षालाई त्यति महत्त्व दिएको पाइँदैन। वि.सं. १९१० को दरबार हाई स्कूलको स्थापनाबाट मात्रै संस्थागतरूपमा शिक्षाको ज्योति फैलाउने कार्यको शुरुवात भएको भन्दा अत्युक्ति हुँदैन। त्यसबाहेक न नेपालको एकीकरणपूर्व न पश्चात् नै विधिवत् रूपमा शिक्षा आदानप्रदान भएको देख्न पाइन्छ। तर अनौपचारिक शिक्षा प्रदान गर्ने कार्यको इतिहास भने धेरै पुरानो छ। नेपालको शैक्षिक परम्पराका बारेमा उल्लेख गर्दै शैक्षिक सूचना, २०६९मा भनिएको छ – "नेपालमा परम्परागत हिन्दु–वैदिक शिक्षाको लामो इतिहास थियो। बौद्ध धर्म–दर्शनको प्रारम्भ भएपछि विहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरूमा बौद्ध धर्मदर्शनमा आधारित शिक्षा र हिन्दु–वैदिक शिक्षाअन्तर्गत विशेषतः गुरुकुल प्रणालीका शिक्षा सीमित मात्रामा प्रचलित थिए। नेपालको एकीकरण पूर्व र एकीकरणपछि पनि शिक्षालाई राज्यले आफ्नो दायित्वभित्र लिएको देखिँदैन। त्यस वेला धार्मिक सङ्घसंस्था, गुठी, व्यक्तिको दान, सरकारको अनुदान इत्यादिबाट शिक्षाका लागि खर्चको प्रबन्ध हुन्थ्यो।

नेपालमा परम्परागत संस्कृत र बौद्ध शिक्षाको प्रचलन रही रहेको बेला वि.सं. १९१० मा दरबार स्कुलको स्थापनासँगै नेपालमा अङ्ग्रेजी शिक्षा प्रणालीको सुरुआत भएको थियो। नेपालमा उच्चशिक्षाको औपचारिक सुरुआत भने वि.सं १९७५ मा त्रिभुवन चन्द्र कलेज (त्रिचन्द्र कलेज) को स्थापनाबाट भएको देखिन्छ।"

नेपालका उच्चशिक्षा प्रदायक संस्थाहरू– उच्च शिक्षाको इतिहासले नेपालमा ९४ वर्ष पार गरी सकेको छ। यो अवधिमा आइपुग्दा नेपालले बहुविश्वविद्यालयको अवधारणा अँगाल्न पुगेको छ। शैक्षिक सूचना २०६९ मा उल्लेख गरिएको छ – "उच्च शिक्षाअन्तर्गत हाल नेपालमा ९ ओटा विश्वविद्यालयहरू स्थापना भइसकेका छन् जसमध्ये त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालय गरी ६ ओटा विश्वविद्यालयहरूले शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिसकेका छन् भने कृषि तथा पशुविज्ञान विश्वविद्यालय, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय र मध्यपश्चिमाञ्चल विश्वविद्यालयले निकट भविष्यमा आफ्ना शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने तयारीमा रहेका छन्। त्यसैगरी विश्वविद्यालय सरहका बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (बीर अस्पताल) र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर चिकित्सा क्षेत्रमा उच्च शैक्षिक जनशक्ति उत्पादनका लागि सञ्चालित रहेका छन् भने अन्य मेडिकल कलेज र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू स्थापना हुने क्रममा रहेका छन्।"

यो अवस्थामा आइपुग्दा पनि उच्चशिक्षामा संलग्नहरूका बारेमा सही सूचना प्राप्त हुने व्यवस्था भने हुन सकेको देखिँदैन। शिक्षा मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग र सम्बन्धित विश्वविद्यालयहरूले आ–आफ्ना प्रतिवेदनहरू वर्षेनी प्रकाशित गर्दछन्। तर ती प्रतिवेदनहरूमा फरक फरक तथ्याङ्क देखिन्छ। यसबाट अध्ययनकर्ताहरूलाई अप्ठेरो पर्न गएको छ। यही प्रसङ्गमा केही उदाहरण हेरौँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल सरकार शिक्षा मन्त्रालय, शैक्षिक सूचना २०६९ का अनुसार "आर्थिक वर्ष २०६७/०६८ मा त्रिभुवन विश्वविद्यालयअन्तर्गत ६० ओटा आङ्गिक क्याम्पस र ८२६ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू सञ्चालनमा रहेका छन्। नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत १३ ओटा आङ्गिक क्याम्पस र ११ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् भने काठमाडौं विश्वविद्यालयअन्तर्गत ६ ओटा सङ्कायहरू र १५ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन्। पूर्वाञ्चल तथा पोखरा विश्वविद्यालयअन्तर्गत क्रमशः ३ र ४ ओटा आङ्गिक क्याम्पसहरू तथा क्रमशः १११ ओटा र ४९ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन्। लुम्बिनी बौद्ध विश्वविद्यालयले यसै आर्थिक वर्षदेखि बौद्ध अध्ययनसम्बन्धी विद्यावारिधिका कार्यक्रम सञ्चालन गरेको छ जसमा १७ जना विद्यार्थीले विद्यावारिधि गरिरहेका छन् भने नयाँ स्थापना भएका विश्वविद्यालयहरूले अझैसम्म कार्यक्रम सञ्चालन गर्न सकेका छैनन्।"

शैक्षिक तथ्याङ्क

तालिका १

विभिन्न प्रतिवेदनहरूमा देखाइए अनुसार नेपाल संस्कृत विश्वविद्यालयका क्याम्पस र शिक्षक संख्या प्रतिवेदनहरू

	सम्बन्धनप्राप्त क्या.	आङ्गिक क्याम्पस	शिक्षक संख्या
इएम्आइएस् रिपोर्ट	५	९	४१९
शैक्षिक सूचना	११	१३	७७०
नेपाल एजुकेशन इन फिगर्स	९	१२	४२३
ने.सं.वि.वार्षिक प्रतिवेदन	८	१३	

तालिका २

विभिन्न प्रतिवेदनहरूमा देखाइए अनुसार त्रिभुवन विश्वविद्यालयका क्याम्पस र शिक्षक संख्या प्रतिवेदनहरू

	सम्बन्धनप्राप्त क्या.	आङ्गिक क्याम्पस	शिक्षक संख्या
इएम्आइएस् रिपोर्ट	७२८	५६	१३२५९
शैक्षिक सूचना	८२६	६०	१३६७९
नेपाल एजुकेशन इन फिगर्स	७३२	६०	१३४११

इएम्आइएस् रिपोर्ट २०१० को पृष्ठ ८ को तालिकामा देखाइए बमोजिम ई. २००९–२०१० मा नेपाल संस्कृत विश्वविद्यालयले आङ्गिक ९ र सम्बन्धन प्राप्त ५ गरी जम्मा १४ विद्यापीठ सञ्चालन गरी रहेको देखाइएको छ। नेपाल संस्कृत विश्वविद्यालयकै वार्षिक प्रतिवेदन २०६६–६७ को पृष्ठ २४ र २५ मा हेर्दा विश्वविद्यालयले १३ वटा आङ्गिक र ८ वटा सम्बन्धन प्राप्त विद्यापीठहरू सञ्चालन गरेको देखिन्छ। शिक्षा मन्त्रालयबाटै प्रकाशित नेपाल एजुकेशन इन फिगर्स २०११ मा भने सोही विश्वविद्यालयले १२ वटा आङ्गिक र ९ वटा सम्बन्धनप्राप्त गरी जम्मा २१ वटा विद्यापीठ सञ्चालन गरेको बताइएको छ। त्यसैगरी इएम्आइएस् रिपोर्टमा शिक्षक ४१९, शैक्षिक सूचनामा ७७० र नेपाल एजुकेशन इन फिगर्समा ४२३ कार्यरत रहेको तथ्याङ्क पाइन्छ। त्रिभुवन विश्वविद्यालयको हकमा पनि त्यस्तै सूचना प्रकाशित गरिएको छ। इएम्आइएस् रिपोर्टमा त्रि.वि.मा १३२५९, शैक्षिक सूचनामा १३६७९ र नेपाल एजुकेशन इन फिगर्समा १३४११ शिक्षक कार्यरत रहेको देखाइएको छ। अन्य विश्वविद्यालयहरूका सन्दर्भमा पनि यस्तै सूचना देख्न पाइन्छ।

तथ्याङ्कको महत्त्व– जुनसुकै योजना तर्जुमा गर्दा पनि तथ्याङ्कको अति महत्त्व रहन्छ। थुप्रै आँकडाहरू केलाएर अध्ययन अनुसन्धान गरेपछि तर्जुमा गरिएका योजनाहरू मात्र सफल हुन्छन्। तसर्थ सूचना एवं तथ्याङ्कहरू सही र तथ्यपरक हुनु आवश्यक हुन्छ। अझ २१औं शताब्दीमा आइपुग्दा पनि निरक्षरहरूको ठूलो जमात रहेको हाम्रो जस्तो मुलुकमा त शैक्षिक तथ्याङ्क सही हुनै पर्दछ। माथि उदाहरणमा त क्याम्पस र शिक्षकको मिथ्याङ्क मात्र प्रस्तुत गरिएको छ। यसैबाट अन्य विषयमा पनि यस्तै भएको अनुमान गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै निकायले विक्रम संवत् र कुनैले इस्वी संवत्लाई आधार मानेर सूचना सम्प्रेषण गर्दा पनि अन्योलको वातावरण सृजित हुन पुगेको छ। सरकारी निकायहरूको आधार एउटै बनाउन पनि अनिवार्य देखिन्छ। यिनै तथ्याङ्कका आधारमा नेपालको शिक्षा नीति बन्ने हुँदा ध्यान दिन अत्यन्त जरुरी छ।

निष्कर्ष– नेपालको शिक्षा क्षेत्रमा मात्र नभई सबै क्षेत्रमा अनुमानका आधारमा र स्रोत विना नै सूचना सम्प्रेषण हुनाले योजना पनि आवश्यकता अनुरूप निर्माण हुन सकेका छैनन्। विश्वविद्यालय सम्बन्धी सूचना प्रसार गर्दा सम्बन्धित विश्वविद्यालयबाट विश्वविद्यालय अनुदान आयोगले जानकारी लिने र शिक्षा मन्त्रालयले अनुदान आयोगलाई स्रोत बनाउनु पर्ने हुन्छ। तथ्याङ्क विभागले शिक्षा मन्त्रालयबाट सूचना लिई प्रचार प्रसार गरेमा एकरूपता आउँदछ। सूचना सङ्कलनको नीति एकद्वार प्रणालीबाट हुनु पर्दछ। अन्यथा भ्रमपूर्ण तथ्यहरू प्रकाशित भई रहन्छन्।

सन्दर्भ सामग्री

एजुकेशन मेनेजमेण्ट इन्फरमेशन सिस्टम, (२०१२), रिपोर्ट अन हाइअर एजुकेशन २००९–१०,सानोठिमी, भक्तपुर : विश्वविद्यालय अनुदान आयोग।

गौतम, माधवराज, (२०६९), नेपाल संस्कृत विश्वविद्यालयको उत्तरमध्यमा तह व्यवस्थापन र चुनौती, अप्रकाशित कार्यपत्र, काठमाडौँ।

काठमाडौँ : शिक्षा मन्त्रालय, नेपाल सरकार, २०११, (असार २०६८), नेपाल एजुकेशन इन फिगर्स पृ. ११।

काठमाडौँ : नेपाल सरकार, (२०६९), शिक्षा मन्त्रालय, शैक्षिक सूचना, पृ. ५५–५६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराणमा नारी

उपप्रा. नवराज घिमिरे

प्राच्य संस्कृतिको इतिहासमा पुराणको विशिष्ट स्थान छ। सनातन धर्मको आधार स्तम्भ वेद हो। वेदको गूढार्थ सर्वसाधारणले बुझ्न सक्तैनन् भन्ने सम्झी वेदव्यासले पुराण–इतिहासको रचना गर्नुभएको हो।[1] इतिहास र पुराणले वेदकै अर्थ प्रष्ट्याएका हुन्। वेदको व्याख्यामा पुराणको स्थान स्पष्ट हुन्छ। यसैले होला पुराणलाई पञ्चम वेद भनिन्छ। पुराण शब्दको विग्रह यसरी गरिन्छ– पुरा पुरातनम् अनीति जीवयति बोधयति इति पुराणं ग्रन्थ विशेषः पूरा पूर्वकात् आदादिकात् अण् प्राणने इति धातोरचि णत्वे च कृते पुराण शब्दो निष्पद्यते। पद्मपुराणमा पुराणलाई यसरी प्रष्ट्याइएको छ– 'पुरा परम्परां व्यक्ति पुराणं तेन वै स्मृतम्।'[2] सर्वप्रथम शास्त्रहरूको स्मरण गर्ने प्रसङ्गमा पितामह ब्रह्माका मुखारविन्दबाट पुराणहरूको उच्चारण गरिएको प्रसङ्ग मत्स्यपुराण र वायुपुराणबाट प्राप्त हुन्छ। 'पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणा स्मृतम्।'[3] वैदिक रहस्यको ज्ञान हासिल गर्न पनि पुराणको अध्ययन अनिवार्य मानिन्छ। आख्यान, उपाख्यान, गाथा, कल्पशुद्धि आदिद्वारा पुराणको रचना गरिएको हो। 'आख्यानैश्चाप्युपाख्यानै गाथाभिः कल्पशुद्धिभिः। पुराणसंहितां चक्रे पुराणार्थविशारदः॥'[4]

पुराणहरूका रचयिता वेदव्यास हुन्। पुराणमा नारीका विषयमा तीन विभाग हुन सक्छन्–

१. देवीशक्तिहरू – लक्ष्मी, सरस्वती, पार्वती, दुर्गा इत्यादि।

२. अर्धदेवीशक्तिहरू – अप्सरा, गान्धर्वकन्या आदि।

३. सामान्य नारीहरू – धूतपापा, कन्दली, अरून्धती, अनसूया आदि।

डा. कोमलचन्द्र जैन महोदयले आफ्नो शोधप्रबन्धमा बौद्धहरूको आगममा नारी जीवनको बारेमा विस्तृत प्रकाश पार्नुभएको छ। महाभारत र रामायणमा चित्रित नारीमाथि अनेक महत्त्वपूर्ण अनुसन्धान भएका छन्। महाभारतका द्रौपदी, कुन्ती, गान्धारी, सावित्री, दमयन्ती तथा रामायणका सीता, उर्मिला, कौसल्या, मन्दोदरी आदि स्त्रीरत्नहरूको बारेमा को जान्दैन र ?

डा. प्रशान्त कुमारले "नैतिक साहित्यमा नारी" नामक ग्रन्थको रचना गरी वैदिक साहित्यसँग सम्बद्ध नारीहरूको चर्चा गर्नुभएको छ। वैदिक कालका नारीको अपेक्षा पौराणिकयुगका नारीको अधिकार धेरै देखिन्छ। नारीहरूको समस्त क्षेत्रमा पुराण युगमा चौतर्फी उन्नति भएको स्पष्ट देख्न सकिन्छ। यसै सन्दर्भमा नारीको महत्त्व दशाउँदै 'मनु' भन्नुहुन्छ –'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः। यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्रा फलाः क्रियाः॥'[5] अर्थात् जुनकुलमा नारीको आदर सम्मान हुँदैन त्यहाँ देवी देवताहरूको बास हुँदैन र जहाँ नारी नारीको आदर सम्मान पूजा हुन्छ त्यहाँ समस्त सत्कर्म र देवी देवताले बास गर्दछन्। संसारको सृष्टिको उपक्रममा स्वयं परमात्मा नै दुइ रूपमा विभक्त हुनुभएको हो, जसबाट पुरुष र नारी समाजको उत्पत्ति भएको हो।

'द्विधा कृत्वा ऽऽत्मनो देहमर्धेनपुरूषोऽभवत्। अर्धेन नारी तस्यां स विराजमसृजत् प्रभुः॥'[6]

नारी स्वरूपिणी आद्यशक्ति पराम्बा भगवतीको स्तुति गर्दै देवता भन्दछन्– विद्याः समस्ता तव देवि भेदाः। स्त्रियः समस्ताः सकला जगत्सु'।[7]

---

१ इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत्, महाभारत, आदि पर्व, १/२६७।

२ पद्मपुराण १, २, ५४।

३ मत्स्यपुराण, ३/३, वायुपुराण, १/६०।

४ विष्णुपुराण, ३, ६/१५।

५ मनुस्मृतिः, अ. ३, श्लो. ५६।

६ मनुस्मृतिः, अ. १, श्लो. ३२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे देवी ! समस्त जगत् हजुरकै भेद हो। विभिन्न मूर्ति पनि हजुर नै हो पराशक्तकी स्वरूप भएकी तपाईं नै समस्त नारी रूपमा र चराचर जगत्मा व्याप्त हुनुहुन्छ। नारीको स्थान कति महत्त्वपूर्ण छ भन्ने विषयमा यो निम्नलिखित श्लोकले पनि पुष्टि गर्छ–

'उपाध्यायाद् दशाचार्यं आचार्याणां शतं पिता। सहस्रं तु पितृन् माता गौरवेणातिरिच्यते ॥'[८]

जननीका रूपमा स्वर्गको भन्दा अधिक महत्त्व प्राप्त गरेकी छिन् नारीले। गृहिणीका रूपमा उनी गृहलक्ष्मी, सहधर्मिणी शक्ति, अर्धाङ्गिनी, जाया, भार्या आदि अनन्त नामले विख्यात छिन्।

हाम्रो भारतवर्षमा यस्ता यस्ता नारीको जन्म भएको छ जसको नाम लिंदा पनि हाम्रो शिर गर्वले सगरमाथा जस्तै उच्चो हुन्छ – जस्तै सतीदेवी, पार्वती, लक्ष्मी, सरस्वती, सावित्री, अदिती, शची, शतरूपा, देवहूती, अरून्धती, गार्गी, मैत्रेयी, मेनका, लोपामुद्रा, अनुसूया, शैव्या, मदालसा, दमयन्ती, सुनीति, सुकन्या, शकुन्तला, कौसल्या, सुमित्रा, सीता, उर्मिला, माण्डवी, श्रुतिकीर्ति, देवकी, यशोदा, रोहिणी, राधा, रूक्मिणी, सत्यभामा, जाम्बवती, कालिन्दी, मित्रविन्दा, भद्रा, सत्या, लक्ष्मणा, रेवती, कुन्ती, द्रौपदी, गान्धारी, सुभद्रा, उत्तरा, शवरी यिनीहरू पौराणिक युगका प्रख्यात नामहरू हुन् भने कलियुगका फ्लोरेन्स नाइटिङ्गेल, मेरी क्यूरी, एलिजावेथ, मीराबाई, झाँसीकि रानी, भृकुटी, इन्दिरा गान्धी, मदर टेरेसा, पारिजात, पासाङ ल्हामु शेर्पा, प्रतिभा पाटेल आदि नारीहरूको त्याग, तपस्या, वीरता र पतिव्रता धर्मका प्रभावले समस्त विश्व गौरवान्वित छ।

यो भूमण्डलको विस्तार समयमा नै स्वायम्भुव मनु पुरुष रूपमा र शतरूपा नारी रूपमा सृष्टि भएको देखिन्छ, वाम अङ्ग नारी र दायाँ अङ्गका रूपमा पुरूषलाई पुराणमा वर्णन गरिएको छ। जब कि दुवै अङ्गको महत्त्व बराबर छ।

नर क्रोध हो भने नारी शान्ति हो। नर यदि नद हो भने नारी नदी हो। नर भर्ता हो भने नारी भार्या हो, नर गृहपति हो भने नारी गृहलक्ष्मी हो। नर वेत्ता हो भने नारी विद्या हो। नर यदि बन्धक हो भने नारी शृङ्खला हो। नर मोचक हो भने नारी मुक्ति हो। नर कर्ता हो भने नारी क्रिया हो। सांख्य शास्त्रानुसार पनि प्रकृतिपुरूषका रूपमा सम्बन्ध नर नारीको देखिन्छ।

नारी शक्ति स्वरूपिणी हो, शक्ति विनाको पुरूषमात्र न भनौ केही पनि काम लाग्दैन। वैदिक समय, उपनिषद् समय र पौराणिक समयमा नारीहरू अत्यन्त विदुषी रहेका थिए भन्ने कुरा प्राप्त हुन्छ जस्तै– याज्ञवल्क्यकी पत्नी मैत्रेयीले याज्ञवल्क्यलाई ज्ञान सिक्न प्रेरित गरेकी थिइन्। विदेहराज जनकका सभामा शास्त्रार्थमा याज्ञवल्क्यलाई पराजित गर्ने गार्गी वाचग्नवी थिइन्। सुलभा वडवा प्रातिथेयी आदि नारीले दार्शनिक सिद्धान्त प्रतिपादन गरेका कथाहरू प्राप्त हुन्छन्।

काशकृत्स्नी नामक विदुषीले काशकार्त्स्न नामक मीमांसा सम्बन्धमा विचार व्यक्त गरेकी थिइन्। रामायणकालमा पनि – माता कौशल्या वैदिक मन्त्र उच्चारण गर्दै हवनादि गर्दथिन् भन्ने प्रसङ्ग रामायणमा प्राप्त हुन्छ। वाली पत्नी तारा मन्त्रविद् थिइन्। अशोक वाटिकामा सन्ध्या समय प्रवेश गरेका हनुमान् मनमनै विचार गर्दछन् – सन्ध्या समय भयो माता सीता अवश्य सन्ध्या गर्न नदी तटमा निस्कनुहुनेछ –

'सन्ध्याकालमनाः श्यामा ध्रुवमेष्यति जानकी। नदीं चेमां शिवजलां सन्ध्यार्थे वरवर्णिनी ॥'[९]

---

७ मार्कण्डेयपुराण, देवीमहात्म्य, अ. ११, श्लो. ५।

८ मनुस्मृतिः, २/१४५।

९ वाल्मीकि रामायण, सुन्दरकाण्ड, १४/४९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसले पुष्टि हुन्छ, माता सीता पनि विदुषी हुनुहुन्थ्यो। विदुला नाम गरेकी राजमाताले आफ्ना पराजित पुत्रहरूलाई क्षात्रधर्मको उपदेश गरी प्रोत्साहित गरेकी थिइन्। सुलभा नामक विदुषीले जनक राजालाई मोक्ष साधनाको उपदेश दिएकी थिइन्। महाभारतमा पनि धेरै शिक्षित नारीको चर्चा पाइन्छ। कुन्ती धेरै मन्त्रहरू जान्दथिन्। द्रौपदीले पाण्डवहरूसँग राजधर्मका बारे विस्तृत चर्चा गरेको प्रसङ्ग किरातार्जुनीयम् काव्यमा प्रष्ट उल्लेख छ। अझ पुराणसमयमा शिक्षित नारीको बाहुल्य नै छ। पुराणयुग भनेको धार्मिक युग हो। काव्यमाता (पौलोमी) अर्थात् भृगुपत्नीले आफ्नो तपोवल यसरी व्यक्त गरेकी थिइन् –

'एषा त्वां विष्णुना सार्धं दहामि मघवानिव। मिषतां सर्वभूतानां दृश्यतां मे तपोबलम्॥'[१०]

अर्थात् देवताबाट पराजित दैत्यहरू जब भृगुपत्नीका शरणमा पुगे तब भृगुपत्नीले उनीहरूलाई सान्त्वना दिंदै भनिन्– आज विष्णुसहित समस्त देवताहरूलाई डढाएर राख गरिदिनेछु। मेरो तपस्याको बल हेर र तिमीहरू पीर नमान। आतिथ्य संस्कारमा नारीहरूको प्रमुख भूमिका रहेको पाइन्छ। संगीत शिक्षामा नारीहरू अग्रणी स्थानमा छन्। श्रीमद्भागवतमहापुराणमा गोपिनीहरूद्वारा गाइएको गोपी गीत समस्त आर्य समाजमा प्रसिद्ध छ। चित्रकलामा - हस्तसिद्ध भएका नारीहरूको आख्यान पाइन्छ। जस्तै :– पद्मपुराणमा सारङ्ग नामक गोपकी पुत्री रङ्गवेणी चित्रकलामा अतीव निपुण रहेको कुरा पाइन्छ।

'सारङ्गनाम्नो गोपस्य कन्या ऽभूच्छुभलक्षणा। रङ्गवेणीति विख्याता निपुणा चित्रकर्मणि॥'[११]

वाणासुरकी पुत्री उषाकी सखी चित्रलेखा चित्रकलामा निपुण रहेको चर्चा श्रीमद्भागवत महापुराण र विष्णुपुराणमा पाइन्छ–

'दैत्यविद्याधरान्यक्षान्मनुजांश्च यथालिखत्॥ मनुजेषु च सा वृष्णीन् शूरमानकदुन्दुभिम्।'[१२]

अर्थात् स्वप्नमा रमण गरिएको पुरूषको मोहले आकृष्ट भएकी वाणासुरकी पुत्री उषाको विलाप सुनी मन्त्री कुम्भाण्डकी छोरी चित्रलेखा जो चित्रकलामा निपुण थिई उसले समस्त भूमण्डलमा रहेका श्रेष्ठ व्यक्तिहरूको चित्र निर्माण गरी कुन पुरूष हो जो हजुरको सतीत्व नष्ट गर्न स्वप्नमा आयो। म त्यसलाई हजुरका समक्षमा उपस्थित गराउँछु भनी प्रस्ताव राखेकी थिई। त्यसैक्रममा उसले दैत्य, विद्याधर, यक्ष, मानिसहरूमध्यमा श्रेष्ठ वृष्णीवंशको चित्र निर्माण गर्दै उषालाई देखाएकी थिई।

सोही प्रसङ्गलाई विष्णुपुराणमा पनि उल्लेख गरिएको छ –

'ततः पटे सुरान् दैत्यान् गन्धर्वांश्च प्रधानतः। मनुष्यांश्चाभिलिख्यास्यै चित्रलेखा प्रदर्शयत्॥'[१३]

यसरी विभिन्न नारीहरू चित्रकलामा पारङ्गत रहेका थिए भन्ने कुराहरू विभिन्न पुराणहरूमा पाइन्छ। यसैगरी नारीहरू राजनीति तथा सैन्यशिक्षामा पनि अग्रसर थिए भन्ने पाइन्छ – मार्कण्डेय पुराणमा करन्धमकी पत्नी "वीरा" ले राजधर्म क्षत्रधर्मको परिचय दिंदै करन्धमलाई युद्धमा पठाएकी थिइन्। यस्तै राजमहिषी इन्द्रसेनाले आफ्नो पुत्रलाई राजनीति विषयको उपदेश दिई युद्धका लागि प्रेरित गर्दथिन्। यो प्रसङ्ग पनि मार्कण्डेय पुराणमै पाइन्छ। मदालसाले आफ्ना पुत्र अलर्कलाई, धर्म, अर्थ, काम, मोक्ष र राजनीतिको पनि उपदेश दिएकी थिइन्। यी विवरणहरूले पुराणकालमा नारीहरू राजधर्मका मर्मज्ञ थिए भन्ने पुष्टि हुन्छ। कल्की पुराणका तृतीयांशमा स्त्रीद्वारा कल्किसँग युद्ध गरेका प्रसङ्ग पाइन्छन् –

---

१० वायुपुराण, अ. ९७, श्लो. १३५।

११ पद्मपुराण, पाताल खण्ड, ७२/२०।

१२ श्रीमद्भागवतमहापुराण, स्कन्ध १०, अ. ६२, १९–२०।

१३ विष्णुपुराण, अंश ५, अ. ३२, श्लो. १०५।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'नानाभरणभूषाढ्याः सन्नद्धा विशदप्रभाः। खड्गशक्तिधनुर्बाणवलयाक्तकराम्बुजाः॥
स्वैरिण्यो ऽप्यथ कामिन्यः पुंश्चल्यश्च पतिव्रताः। ययुर्योद्धुं कल्किसैन्यैः पतीनां निधनातुरा॥'[१४]

स्कन्दपुराणमा मुरदैत्य पुत्री कामकटङ्कटा युद्ध विशारद रहेको चर्चा श्रीकृष्णले गर्नुभएको छ। श्रीमद्देवीभागवत पुराण मार्कण्डेय पुराण देवी पुराण आदिमा जगन्माताले युद्ध गरी, चण्ड मुण्ड महिषासुर, शुम्भ, निशुम्भ आदि अनेकौं दैत्यहरूको अन्त्य गरेको अद्भुत प्रसङ्गहरू वर्णित छन्। नारी शक्ति स्वरूपिणी हुन् जसले समस्त जगत् उत्पत्ति स्थिति र नाश गर्दछिन्। पुराणमा यस्ता नारीहरू वर्णित छन् जसले "मृत" पतिलाई आफ्नो अभुतपूर्व कलाकौशल र पतिव्रता धर्मका प्रभावले बचाएका छन्। जस्तै :- उपबर्हणकी पत्नी मालावती, सत्यवान्की पत्नी सावित्री यिनीहरूले यमराजसँग तर्क गरी यमराजलाई प्रसन्न गरी आफ्ना पतिलाई बचाएका छन्।

अद्भुत रामायणमा भगवती सीताका देहबाट सहस्रमुखी नारी शक्ति प्रकट भई समस्त अनुचर सहित सहस्रमुखी रावणको अन्त्य गरेको प्रसङ्ग छ। नारी विना पुरूषलाई मात्र यज्ञानुष्ठान गर्ने अधिकार छैन। त्यसैले श्रीरामले सीताको परित्याग गरेका अवसरमा पनि स्वर्णमयी सीता निर्माण गरी यज्ञ गर्नुभएको चर्चा पाइन्छ।

जसरी एउटामात्र पहियाँले रथ चल्दैन, एकमात्र पखेटाले पंक्षी उड्दैन, त्यस्तै भार्या रहित पुरूष पनि अयोग्य नै मानिन्छ। 'एकचक्रो रथो यद्वद् एकपक्षो यथा खगः। अभार्यः पुरूषस्तद्वत् अयोग्य सर्वकर्मसु॥'[१५] पुराण र स्मृति ग्रन्थहरूमा नारीलाई पृथ्वीका रूपमा वर्णन गरिएको छ। मातृ शक्तिको महिमा ब्रह्मवैवर्त पुराणमा यसरी वर्णन गरिएको छ –

'जनको जन्मदातृत्वाद् पालनाच्च पितास्मृतः॥ गरीयान् जन्मदातुश्च योऽन्न दाता पिता मुने।
तयोः शतगुणे माता पूज्या मान्या च वन्दिता। गर्भधारण पोषाभ्यां सा च ताभ्यां गरीयसी॥'[१६]

नारीशक्तिका नाममा कालिका पुराण, देवीपुराण, देवी भागवत, मार्कण्डेय पुराण, ब्रह्मवैवर्तपुराण, शिवमहापुराण आदि पुराणहरूमा विशेष व्याख्या पाइन्छ। उनै आदि नारीशक्ति स्वरूपिणीका देहबाट ब्रह्मा, विष्णु, महेशको सृष्टि भएको प्रसङ्ग पाइन्छ। नारीलाई साक्षात् प्रकृतिस्वरूपा मानिएको छ –

'गणेश जननी दुर्गा राधा लक्ष्मीः सरस्वती। सावित्री च सृष्टिविधौ प्रकृतिः पञ्चधास्मृताः॥'[१७]

पौराणिक जगत्मा नारीको महत्त्व अपार थियो। ब्रह्मवैवर्तपुराणमा नारी शक्तिको महिमा श्रीकृष्णले यसरी दर्शाउनुभएको छ – 'त्वमेव सर्वजननी मूलप्रकृतिरिश्वरी। त्वमेवाद्या सृष्टिविधौ स्वेच्छया त्रिगुणात्मिका॥'[१८] अर्थात् तिमी नै सबैकी माता, मूलप्रकृति, ईश्वरी हौ। आद्य शक्ति, त्रिगुणात्मिका पनि तिमी हौ। निर्गुण भएर पनि प्रयोजनवशात् सगुण रूपमा देखिन्छ्यौ। शक्तिस्वरूपा नारीको महत्त्व चारै वेद, १०८ उपनिषद्, १८ पुराण, षड्शास्त्र अन्य काव्यहरू प्रायः जसो सबै ग्रन्थमा वर्णन गरिएको छ।

जगदम्बा भगवती पार्वती नै ब्रह्माका प्रार्थनाले साक्षात् श्रीकृष्ण रूपमा र शिव नै राधा रूपमा जन्म ग्रहण गरी भूभार हरण गर्नुभएको प्रसङ्ग देवीपुराणमा स्पष्ट उल्लेख छ।

'विधिना प्रार्थिता देवी वसुदेवसुतः स्वयम्। निजांस्येनाभवत्कृष्णो देवानां कार्यसिद्धये॥'[१९]

'शम्भुस्तु जन्मसंप्राप्य वृषभानुगृहे ततः। स्त्रीरूपं लीलया ऽऽ स्थाय राधेत्याख्यामुपागमत्॥'[२०]

---

१४ कल्किपुराण, अंश ३, श्लो. ११–१४।

१५ भविष्यपुराण, अ. ७, श्लो. ३०।

१६ ब्रह्मवैवर्तपुराण, गणपति खण्ड, अ. ४०, ८४–८६।

१७ ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, अ. १, श्लो. १।

१८ ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, अ. ६६, श्लो. ७–१०।

१९ देवीपुराण ५०, १।

२० देवीपुराण ५१, ३४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति विना एउटा पत्ता पनि हल्लन सक्तैन। गोलोकमा राधा, साकेतमा सीता, क्षीरोदसागरमा लक्ष्मी, कैलाशमा पार्वती, ब्रह्मलोकमा सावित्री, सरस्वती, गायत्री आदि जति अलौकिक शक्ति सम्पन्न देवीहरू भए पनि नारीकै दिव्यरूप हुन्।

नारीको स्थान र महत्त्व पुराणमा यसरी पनि झल्किएको छ। माता पिता एकत्र रहेका अवस्थामा पहिले मातालाई दण्डवत् गरी अनि मात्र पितालाई दण्डवत् गर्नुपर्दछ।

'मातरं पितरं चोभौ दृष्ट्वा पुत्रस्तु धर्मवित्। प्रणम्य मातरं पश्चात् प्रणमेत् पितरं गुरूम्॥'[२१]

यही प्रसङ्गलाई ब्रह्मवैवर्तपुराणमा यसरी प्रष्ट्याइएको छ।

'आदौ पुरूषमुच्चार्य पश्चात्प्रकृतिमुच्चरेत्। स भवेन्मातृघाती च वेदातिक्रमणे मुने॥'[२२]

अर्थात् माता पिता भन्नुपर्नेमा पिता माता भनी सम्बोधन गर्दछ भने त्यसलाई मातृघाती भनिन्छ र त्यसलाई वेदशास्त्र अतिक्रमण गरेको मानिन्छ।

पुराणमा नारीको विविध रूपमा वन्दना गरिएको छ। किनकि, हरेक रूपमा यो जगत्को सृष्टि, स्थिति र पालन गर्ने उनी नै हुन्। चेतना, बुद्धि, निद्रा, क्षुधा, छाया, शक्ति, तृष्णा, क्षान्ति, जाति, लज्जा, शान्ति, श्रद्धा, कान्ति, लक्ष्मी, वृत्ति, स्मृति, दया, तुष्टि, मातृ, भ्रान्ति, अधिष्ठातृ आदि विभिन्न रूपमा उनै जगज्जननी रहेकी छिन्। जो नारी शक्ति हुन्। यो प्रसङ्ग मार्कण्डेय पुराण देवी महात्म्य पञ्चम अध्यायमा वर्णन गरिएको छ।

प्रायः सबैजसो गृहस्थीका घरमा स्त्रीलाई लक्ष्मीका रूपमा मानिन्छ। जुन घरमा स्त्री जाति हुँदैनन् त्यो घरलाई जङ्गल समान मानिन्छ। घरलाई घर होइन नारीलाई घर भनिएको हो। प्रकृति विना पुरूष पङ्गुसमान हुन्छ। सृष्टि गरेर थाकेका ब्रह्माले नारी र पुरूषको रचना गरेपछि मात्र सन्तोष भएको थियो। ब्रह्माको यो सृष्टि सफल सृष्टि मानिन्छ। जसलाई मैथुनी सृष्टि अथवा मानवीय सृष्टि भनिन्छ।

आर्य शास्त्रमा ईश्वरलाई माता पिता दुवै रूपमा पूजिन्छ। हामी सर्वदा पहिले शक्तिकै उपासना गर्दछौं। जस्तै :- श्री गणेशाय नमः। श्री भन्नु नै आद्य शक्तिको आराधना हो। महाकाली, महालक्ष्मी, महासरस्वतीका रूपमा यो जगत्लाई सृष्टि, स्थिति र संहार गर्ने आद्यशक्ति पराम्बा भगवती नै हुन्। उनको महिमा अपरम्पार छ। स्वयं भगवान् शिवले आफ्नो शरीरलाई दुइ भाग गर्नुभएको थियो। जुन स्वरूपलाई अर्द्धनारीश्वरका रूपमा अद्यावधि पूजिन्छ।

आफ्नो क्षमता र नारीको शक्ति दर्शाउने क्रममा भगवती पार्वतीको एउटा दिव्य चरित्र शिवमहापुराणमा पाइन्छ। आफ्नो पुत्र गणेशलाई द्वारपालको काममा नियुक्त गरी स्नानार्थ स्नानागारमा व्यस्त रहेकी पार्वतीले शिवद्वारा प्रिय पुत्र गणेशको शिर काटिएको खवर सुनिन्। यो खबरले अत्यन्त क्रोधित पार्वतीले विकराल स्वरूप लिई उद्घोष गरिन्-

'मत्सुतो नासितश्चाद्य देवैः सर्वगणैश्तथा। सर्वांस्तान् नाशयिष्यामि प्रलयं वा करोम्यहम्॥'[२३]

अर्थात् मेरो पुत्रको नाश गऱ्यौ आज म सबैको नाश गरिदिन्छु अथवा म यो विश्व नै प्रलय गरिदिन्छु। पार्वतीका यी वचनले त्रसित देवगणहरू स्तुतिद्वारा उनलाई प्रसन्न गर्दछन्। देवगणले पार्वतीका प्रसन्नताका लागि पुत्र गणेशलाई हस्तिमस्तक जोडी वचाउँछन् र अग्रपूजा हुने वरदान पनि दिन्छन्। त्यसपछि मात्र पार्वतीको क्रोध शान्त हुन्छ। यो दिव्य चरित्रले पनि नारीशक्तिको पुष्टि गर्दछ।

सृष्टिक्रममा आद्य एवं प्रधान (प्रकृष्य) देवी हुनाले नै उनलाई प्रकृति भनिएको हो। उनी त्रिगुणात्मिका छिन्। प्रकृति शब्द प्र, कृ, ति यी तीन अक्षर क्रमशः सत्त्व, रज र तम यी तीन गुणका द्योतक छन्। पौराणिक समयमा

---

२१ बृहद्धर्मपुराण, पूर्वखण्ड, अ. २, श्लो. ४०।

२२ ब्रह्मवैवर्तपुराण, कृ.ज.ख., ५२/३९।

२३ शिवपुराण, रुद्रसंहिता, कुमारखण्ड, अ. १६, श्लो. ६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सतीप्रथा, सहमरण, अनुमरण, समूहमरण, व्यभिचार, अन्य सम्बन्ध, वेश्याहरूको उत्पत्ति आदि विषयमा कहीं कहीं वर्णन गरिएको पाइन्छ। यस्ता प्रसङ्गहरू प्रसङ्गवश आएका हुन्। त्यो समयमा नृत्य र सङ्गीतमा, मनोरञ्जनमा, द्यूतक्रीडामा, कन्दूकक्रीडामा, जलक्रीडामा नारीहरू निपूण रहेका प्रसङ्गहरू पाइन्छन्। यसरी विभिन्न कलामा पारङ्गत नारीहरूको चर्चा पौराणिक समयमा अधिकतम थियो। नारीको जीवन सदा-सर्वदा सङ्घर्षशील मानिन्छ। धैर्यधारण शक्ति र मातृत्व शक्तिका धनी, क्षमाका प्रतिमूर्ति रूपा नारीहरूको जति चर्चा गरे पनि कमै हुन्छ। यस्ता अलौकिक गुणखानी नारी शक्तिहरूका अनन्त कथाहरू पुराणमा वर्णित छन्। पाञ्चायन देवताका रूपमा पूजिने भगवतीको स्थान सर्वत्र उच्च रहेको पाइन्छ। सृष्टिकालतः अद्यावधि यो विश्व ब्रह्माण्ड पतिव्रता नारीहरूकै शक्तिले धारित छ।

'तस्मात् साध्व्यः स्त्रियः पूज्याः सततं देववन्नरैः। तासां राजन् प्रसादेन धार्यते वै जगत् त्रयम्॥'[२४]

अपवादका रूपमा पुराणहरूमा पनि कहीं कहीं चरित्रभ्रष्ट नारीहरूका केही प्रसङ्ग वर्णन गर्ने क्रममा नारीलाई अपहेलित शब्द प्रयोग गरेको पाइन्छ तर जसरी सबै पुरूष राम, लक्ष्मण, भरत, शत्रुघ्न, कृष्ण, बुद्ध, महात्मा गान्धी हुँदैन भने सबै नारी सीता, अनसूया, अरून्धती, देवहूति, यशोदा, देवकी, इन्दिरा गान्धी, पारिजात जस्ता हुँदैनन्। देवीभागवत, देवीपुराण, मार्कण्डेयपुराण आदि पुराणहरूले उनै नारीशक्तिस्वरूपिणी जगदम्बा भगवतीकै महिमा गान गरेको यथार्थ हाम्रो समाजमा छर्लङ्ग छ।

पौराणिक समयमा नारीहरूको विशिष्ट स्थान रहेको पाइन्छ। नारी र पुरूष रथका दुइ पाङ्ग्रा हुन्। रथमा दुवै पाङ्ग्राको बराबरी महत्त्व हुन्छ। नारी सृष्टिका मूल आधार हुन्। नारी विना विश्वब्रह्माण्डको परिकल्पना पनि गर्न सकिँदैन।

सन्दर्भग्रन्थसूची

व्यास वेद, महाभारत, रामनारायण शास्त्री (सम्पा.), ष.सं., २०४५ गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर।

शर्मा, वासुदेव (सम्पा.), ईशाद्यष्टोत्तरशतोपनिषद्, २०४०, व्यास प्रकाशन, वाराणसी।

वायुपुराण, नागशरण सिंह (सम्पा.), २०१२, नागपब्लिसर्स, जवाहरनगर, दिल्ली।

पद्मपुराण, नागशरण सिंह (सम्पा.), २००९, नागपब्लिसर्स, जवाहरनगर, दिल्ली।

मत्स्यपुराण, नन्दलाल मोर (सम्पा.), २०११, प्रकाशक, ५ क्लाइव रोड, कलकत्ता।

विष्णुपुराण, मुनिलाल गुप्त (सम्पा.), २०४४, गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर।

श्रीमद्भागवतमहापुराण, २०५४, गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर।

ब्रह्मपुराण, नागशरण सिंह (सम्पा.), तृ.सं., २००७, नागपब्लिसर्स, जवाहरनगर, दिल्ली।

कूर्मपुराण, प.सं. २०६७, गीताप्रेस, गोरखपुर।

मनुस्मृतिः, २०५२, चौखम्बा अमरभारती प्रकाशन, वाराणसी।

मार्कण्डेयपुराण, मनुसुखराय मोर (सम्पा.), २०१८, गोपाल प्रिण्टिङ्ग वर्क्स, कलकत्ता – ६।

वाल्मीकि रामायण, २०५०, तृ.सं., गीताप्रेस, गोरखपुर।

कल्किपुराण, २०६१, चौखम्वा विद्याभवन, वाराणसी।

भविष्यपुराण, राधाकृष्ण मोर (सम्पा.), २००९, ५ क्लाइव रोड, कलकत्ता।

ब्रह्मवैवर्तपुराण, राधाकृष्ण मोर (सम्पा.), २०१३, ५ क्लाइव रोड, कलकत्ता।

देवीपुराण, शक्तिपीठाङ्क, प.सं., २०६७, गीताप्रेस गोरखपुर।

बृहद्धर्मपुराण, चौखम्वा संस्कृत सीरिज, २०४९, वाराणसी।

शिवमहापुराण, रामतेज पाण्डेय (सम्पा.), २००८, चौखम्वा विद्याभवन, वाराणसी।

---

२४ मत्स्यपुराण, अ. २१४, श्लो. ४०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वार्थत्याग : एक परिशीलन

सहप्रा. नवराज कट्टेल

१. पुरोवाक्– पुष्कर समशेर (१९५८ काठ–२०१८। १। १८ जनकपुर) नेपाली साहित्यका स्वनामधन्य स्रष्टा हुन्। आइ. ए. सम्मको अध्ययन गरेका समशेर अंग्रेजी भाषासाहित्यका विशिष्ट अध्येता र संस्कृतका समेत ज्ञाता मानिन्छन्। उनको प्रथम रचना परिबन्द (विसं १९९५) कथा हो भने प्रकाशित कथासंग्रहचाँहि पुष्कर शमशेरका कथाहरू (२०४४) हो। लक्ष्यहीन (१९९९) एकाङ्की र नेपाली सजिलो व्यारण २००० पुष्करलाई चिनाउने सामान्य सामग्री असामान्य प्रभाव दिने कृति हुन्। शी उपन्यास (१९९८) र ओथेलो नाटक (२०१८) को नेपाली अनुवादले पनि पुष्करको अनुवादकीय क्षमता र व्यक्तित्वलाई उठाएको पाइन्छ। अङ्ग्रेजी नेपाली कोशले पुष्करको अङ्ग्रेजी भाषाको विज्ञतालाई प्रमाणित गरेको अनुभव हुन्छ।

२. कथावृत्तिका सन्दर्भमा पुष्कर– पुष्कर समशेर नेपाली साहित्यमा कथाकारका रूपमा नै चिनिन्छन्। यद्यपि यिनका कथा धेरै छैनन्, जम्मा ५ वटा कथा प्रकाशित छन् तर नेपाली कथा साहित्यको उठानमा तिनले थामको काम गरेका छन् (अर्याल, ०५५ : १७)। एकातिर उनको कथामा तार्किकता प्रबलरूपमा रहेको छ (भट्टराई : ०५६ : ३८१) भने अर्कोतिर वैचारिक कथाकारको रूपमा पनि उनको परिचय बनेको छ। विमर्शात्मकता (दुवै पक्ष केलाएर जुन पक्ष प्रबल छ त्यसको विजय गराउनु) का दृष्टिले पनि यिनका कथा सशक्त छन्। पुष्करका कथामा कार्यकारण शृङ्खलाबद्धता पाइन्छ भने उद्देश्य मूलकता पनि भेटिन्छ। पुष्करका कथा ज्यादै सरल छैनन्, अतः तिनमा परिष्कृत मस्तिष्क ग्राह्यता र जटिल समस्याको विश्लेषण रहेको पाइन्छ। घटनाको प्रधानता, सचेत पात्रको सन्निवेश, यथातथ्यता, रुढिगत चिन्तनमा नवचेतनाको प्रवेश, यिनका केही वैशिष्ट्य हुन्। पुष्कर सामाजिक कथाकार हुन् र यिनी सामाजिक समस्याप्रति जागरक देखिन्छन्। परम्परागत सोचमा उनी नयाँ दृष्टिकोण प्रस्तुत गर्दछन् र बौद्धिक उच्चता प्रदर्शित गर्दछन्। पुष्करका सबैजसो कथामा राजधानीको परिवेशमा कथाका उपकरणहरूको चयन र सृजना गरिएको पाइन्छ। स्वार्थत्यागमा व्यङ्ग्यात्मकतासमेत रहेको कुरा बरालले संकेत गरेका छन्। (बराल, ०३४ : ३२९) यिनका कथामा न्यायाधीश व्यक्तित्वको प्रभाव पाइन्छ भने तत्कालीन न्याय प्रणालीको कुत्सित पक्षको निदर्शनसमेत भएको छ। पुष्करका कथा रेखागणितका सूत्रजस्ता बद्ध छन् र स्वार्थत्याग, परिबन्द लोग्ने उहाँका अमर कृति हुन् (अर्याल ०५५, : १०) । अभिव्यक्ति प्रणालीमा आलङ्कारिकता (खास गरेर उनका कथाहरू साहित्यिक दृष्टिले परिपूर्ण) पाइन्छ भने भाषामा स्तरीयता, परिष्कारशीलता भेटिन्छ।

३. कथावस्तु– पुष्कर शमशेर सामाजिक कथाकार हुन्। उनका सबै कथाहरू सामाजिक विषयवस्तुमा आवद्ध छन्। उनका कथाहरू सामाजिक विषयवस्तुमा आधारित छन् र यसले राणाकालीन समाजको सेरोफेरोलाई व्यावृत्त गरेको छ। मोति र धनबहादुरको आदर्श प्रेम सुखद दाम्पत्य र उनीहरूकाबीच चलेको स्वार्थत्याग सम्बन्धी तर्कवितर्कको बौद्धिक खुराकबाट कथाको पहिलो परिच्छेद आरम्भ भएको छ। दोश्रो परिच्छेदमा पुगेर धनबहादुर र हरिकृष्णेका बीचमा झगडा भएको कुरा देखाइएको छ। यी दुई बीचको झगडा नै प्रस्तुत कथाको मूल समस्या हो। पानी रोकिएपछि पनि छाता ओडिरहेको देखेर धनबहादुरले हरिकृष्णेलाई जिस्क्याउँदा यी दुईका बीचमा भनाभन चर्कंदै गएर भीषण मारपिट हुन्छ कुस्ताकुस्ती चल्छ।

तेस्रो परिच्छेदमा कुस्ती भएको ११ औं दिनमा हरिकृष्णेको निधन हुन्छ र हरिकृष्णेको मृत्युको अभियोगमा धनबहादुरलाई पक्राउ गरिन्छ। मोती ज्यादै राम्री महिला भएकीले उनको सौन्दर्यबाट विमुग्ध बडाहाकिम उपयुक्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवसरको खोजीमा रहेको थियो, उनलाई के खोज्छस् काना आँखा भने जस्तो भयो र मोतीलाई बोलाउन पठायो। मोती पनि बडाहाकिमलाई भनेर आफ्नो लोग्नेलाई छुटाउन सकिन्छ कि भन्ने आशा लिएर त्यहाँ पुग्छे, न्याय र लोग्नेको बचाउका लागि अनुनय विनय गर्छे, न्यायको, दयाको र इज्जतको भिक्षा माग्छे तर भोगलिप्सामा चुर्लुम्म डुबेको नरपिचास बडाहाकिम नारीलाई भोग्य र मनोरञ्जनको साधन मात्र सम्झन्छ र मोतीको लोग्ने धनबहादुरलाई बचाउने भए उसले स्वार्थ त्याग गर्नु पर्छ– सतीत्वको स्वार्थ त्याग भन्दछ। सतीत्वको मूल्य चुकाएर स्वार्थ त्याग गर्नुभन्दा ऊ आत्माहत्या गर्नु श्रेयस्कर ठान्दछे र भ्यालतिर लाग्दछे। बडाहाकिम तिमीले आत्महत्या गर्दैमा कार्की बाँच्दैन भन्दछ र आफूले आत्माहत्या गर्नबाट नरोक्ने बताउँदै परिणामप्रति गम्भीर हुन संकेत गर्दछ। यसबाट मोतीको आत्माहत्याको विचारमा हलचल आउँछ र ऊ रोकिन्छे, त्यसपछि मोती र बडाहाकिमका बीच बौद्धिक स्तरका छलफल चल्दछन् र सतीत्वको आदर्श त्यागेर लोग्नेको प्राण बचाउनु नै वास्तविक स्वार्थ त्याग हो, यस्तो स्वार्थ त्याग कठिन पनि हुन्छ भन्ने बोध उसलाई हुन्छ। बडाहाकिमको कुराबाट मौन बनेकी मोती सतीत्वको त्यागको शर्तमा धनबहादुरको विरुद्धको मिसिल जलाउन लगाउँछे र आफ्नो लोग्नेको सकुशल मुक्तिका लागि आफ्नो यौवनमा बडाहाकिमलाई खेल्ने अनुमति दिएको संकेतका साथ कथावस्तु पनि टुङ्गिन्छ।

४. स्वार्थत्याग : राणाकालीन नारीका चिरहरणको कटु यथार्थ– पुष्करका महत्त्वपूर्ण कथाहरूमध्ये *'स्वार्थत्याग'* बौद्धिक दृष्टिकोणले निकै उच्च कोटीको मानिएको पाइन्छ । सामाजिक विषयवस्तुमा आधारित प्रस्तुत कथाले राणाकालीन समाजको सांस्कृतिक धार्मिक र परम्परागत मूल्यमान्यता, सामाजिक न्याय, प्रशासनिक अवस्थालाई संकेत गर्दै परम्परागत सतीत्वको अवधारणाप्रति प्रश्न उठाएको छ र नयाँ दृष्टिकोण प्रस्तुत गरेको छ। शरीर जोगाएर सतीत्वको रक्षा गर्नु सतीत्व हो कि ? शारीरिक शुद्धतालाई परित्याग गरेर भएपनि आफ्नो प्राणभन्दा प्यारो लोग्नेको (जन्मकैदको सजायाँबाट)जीवन रक्षा गर्नु सतीत्व हो भन्ने प्रश्न पाठक र समाज समक्ष प्रस्तुत गरिएको छ। शारीरिक शुद्धिलाई परित्याग गरेर भए पनि लोग्नेको प्राण रक्षा गर्नु नै सतीत्वको रक्षा हुने दृष्टिकोणसमेत प्रस्तुत गरिएको छ। शारीरिक शुद्धता कायम गरेर सतीत्वको रक्षा गर्ने विचारमा दृढ देखिएकी मोती आत्महत्या गरेपनि लोग्नेको जीवन रक्षा न हुने कुरा महसुस गरी बडाहाकिमसँग आफ्नो शरीर लुटाएर भएपनि लोग्नेको जीवन रक्षा गर्न स्वार्थ त्याग गर्न सहमत देखिन्छे। मोती गतिशील पात्र हो। ऊ परिस्थिति अनुसार निर्णय लिन्छे। मोती तर्कशील र समझदार देखिन्छे। धने र मोतीका बीचमा स्वार्थत्यागका विषयमा चलेको संवाद ज्यादै गम्भीर र मार्मिक रहेको छ। स्वार्थ त्यागप्रति गम्भीर तर्क वितर्क छन्। त्यस्तै मोती र बडाहाकिमका संवादमा पनि स्वार्थत्यागप्रति गम्भीर तर्कवितर्क प्रस्तुत गरिएको छ।

राणाकालीन परिवेश खडा गरेर अभिजात वर्ग र बडाहाकिमको चरित्र प्रस्तुत गरिएको छ। राणाकालीन हाकिमहरू मृत्युदूतका रूपमा कल्पित देखिन्छन्। सत्ता र शक्तिको आडमा उनीहरू जे पनि गर्न तयार देखिन्छन्। अपराधीलाई निरपराध र निरपराधीलाई अपराधी बनाउन सक्छन् भने उनीहरू महिलाको अस्मिता लुट्नुलाई सामान्य घटना ठान्दछन्। बडाहाकिमहरू कति कामुक र अन्यायी हुन्छन् भन्ने कुरा र राणाकालीन शासन संयन्त्रको पर्दाफास पनि गरेको छ यस कथाले। सत्ता र शक्तिको भरमा मान्छेलाई मार्न र बचाउन सक्ने कानूनी विकृतिप्रति पनि यहाँ व्यङ्ग्य गरिएको छ। त्यस्तै बडाहाकिममात्र होइन बडाहाकीमको बैठकेको छोरो हरिकृष्णेको समेत त्यत्रो तुजुक देखाएर राणाकालीन सामन्ती मनोवृत्ति सामन्ती शासन शैली प्रशासन संरचना एवं प्रवृत्ति माथि पनि व्यङ्ग्य प्रहार गरिएको देखिन्छ।

पुष्कर शमशेर ज.ब.रा उद्देश्यमूलक कथा लेख्दछन् र त्यसलाई कार्यकारणशृङ्खलामा प्रस्तुत गर्दछन्। यहाँ पनि त्यस्तो उद्देश्यमूलकता पाइन्छ। यहाँ मोती र कार्कीको गाढा प्रेम र हरि र कार्कीको झगडा कारणका रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तुत गर्दै स्वार्थ त्याग त्यसैको कार्यपरिणामको रूपमा देखाइएको छ। त्यस्तै कथामा मान्छे जतिसुकै बाध्य भएपनि उसको स्वाभिमान झट्टै हट्न सक्दैन भन्ने कुरा पनि प्रस्तुत छ। वास्तवमा मोतीले सतीत्व रक्षाको स्वार्थ परित्याग गरेर लोग्नेको प्राण बचाएकी छ। सतीत्व नष्टको प्रस्ताव आउँदा उसले सहजै स्वीकार्न सकेकी छैन भने कार्की र हरिको द्वन्द्वमा पनि एउटाको हुँकारले अर्काको स्वाभीमानलाई सहजै घोडा टेकाउन सकेको देखिँदैन। अर्को कुरा युवा सुलभ जोश र अहंकारको अग्निमा मानिस अन्धो हुन्छ, विवेक र संयम गुमाउँछ र जसले गर्दा अनपेक्षित परिणाम आउन सक्छ भन्ने कुरा पनि संकेतित छ। कार्की र हरिको झगडाको निहुँ सामान्य तर परिणाम असामान्य बन्न पुगेको छ। त्यही असामान्यताबाट सृजित घटनाबाट मोतीको अस्मिता हरणको अमानवीय कृत्य प्रदर्शित गरिएको छ ।

५. पात्र र परिवेश- प्रस्तुत कथाको प्रमुख चरित्र मोती हो। बडाहाकिम, धनबहादुर, हरिकृष्ण, सहायक चरित्र हुन्। बडाहाकिमको बैठके र पार्वती, बडाहाकिमको मान्छे आदि गौण चरित्रका रूपमा देखा पर्छन्। लिङ्गका आधारमा मोती र पार्वती बाहेक सबै पात्रहरू पुरुष छन्। कार्यका आधारमा मोती प्रमुख पात्र र धनबहादुर, हरिकृष्ण र बडाहाकिम सहायक पात्र एवं बाँकी सबै गौण पात्रका रूपमा देखा पर्छन्। प्रवृत्तिका आधारमा धन र मोती लगायतका अन्य पात्र अनुकुल छन् भने बडाहाकिम र हरिकृष्ण प्रतिकुल पात्र हुन्। स्वभावको आधारमा धनबहादुर र मोती गतिशील देखिन्छन् भने बडाहाकिम बैठके आदि गतिहीन पात्र हुन्। जीवन चेतनाको दृष्टिले मोती बाहेक सबैपात्रले वर्गीय चेतनाको प्रतिनिधित्व गरेका छन्। आसन्नताको दृष्टिले मोती, धनबहादुर,बडाहाकिम हरिकृष्णे पार्वती आदि मञ्चीय पात्र हुन् भने बडाहाकिमको वैठकके र बडाहकिमको छोरो अनासन्न (नेपथ्य पात्र हुन्।) मोती, धनबहादुर, बडाहाकिम, हरिकृष्णे बद्ध पात्र हुन् भने अन्य मुक्त पात्र हुन्।

यहाँ मोती र धनबहादुर इमान्दार, तार्किक, पढेलेखेका साक्षर, समझदार, मध्यम वित्तीय आर्थिक हैसियत भएका सुखद दाम्पत्य जीवनमा देखिन्छन् र मोती ज्यादै राम्री छ भने धनबहादुर बलियो ठट्यौलो पनि देखिन्छ। लोग्नेलाई बचाउन मोती ज्यान जोखिम मोल्न तयार देखिन्छे। बडाहाकिम, स्वार्थी, कामुक, कठोर दिलको कानूनी तिकडममा निपूण, आँटिलो, चलाख, अमानवीय स्वभावको देखिन्छ।

परिवेशको कुरा गर्दा प्रस्तुत कथा शहरिया अभिजात्य परिवेशमा आधारित छ। धनबहादुरको घर, धनबहादुर र हरिकृष्णेले कुस्ती खोल्नेको चौर र बडाहाकिमको घर-कोठाको वातावरण एवं परिवेश देखिन्छ। हिन्दी उपन्यासको सन्दर्भ हिन्दी प्रभावका विषयमा समेत चर्चा देखिएकोले नब्बेका दशकको राणाकालीन एवं शहरिया परिवेशको चित्रण भएको देखिन्छ।

६. भाषाशैली- *'स्वार्थ त्याग'* कथाको भाषा परिष्कृत, परिमार्जित, अलङ्कृत र साहित्यिक स्तरको रहेको पाइन्छ । पुष्कर कथाकार मात्र नभएर भाषाशास्त्री र कोशकार पनि हुन्। आवश्यकता अनुसार उखान तुक्का, निपात, भाषिक चिह्नहरू, आदिको प्रयोगले यसलाई निकै राम्रो र आस्वाद्य बनाउने चेष्टा गरिएको छ। हिन्दी र संस्कृतको श्लोक समेत प्रस्तुत भएको छ। तत्सम र तत्भव शब्दको पर्याप्त प्रयोग छ भने हिन्दी र अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग भेटिन्छ। संवादको प्रयोगले कथालाई जीवन्त, आत्मीय र आस्वाद्य पनि बनाएको पाइन्छ।

कथा ३ परिच्छेद र ११ पेजमा फैलिएको छ। लामा छोटा गरी करिब सय अनुच्छेदमा कथा विस्तार भएको पाइन्छ। कथाको आयातन लामै मान्नु पर्छ। कथा तृतीय पुरुष कथन ढाँचा (बाह्य दृष्टिकेन्द्र) मा संरचित छ।

७. निष्कर्ष- पुष्कर तार्किक कथाकार हुन्। सामाजिक विषय वस्तुलाई उनी तर्कपूर्ण शैलीमा प्रस्तुत गर्दछन्। यो विचार प्रधान कथा हो। यसमा गम्भीर विचार तर्कपूर्ण शैलीमा प्रस्तुत भएको पाइन्छ। *'स्वार्थ त्याग'* लाई तर्क पूर्ण शैलीमा व्याख्या गरिएको छ। राणाकालीन सामाजिक न्यायिक र प्रशासनिक प्रणालीमा कथाले केही प्रकाश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पारेको छ। राणाशासनमा ठूलावडाहरू कानून हातमा लिएर यौन प्यास शान्त गर्न कति तलसम्म गिर्न सक्छन् भन्ने कुरा यस कथामा देखाइएको छ। मोतीले आफ्नो लोग्ने जीवन रक्षाका लागि *'सतीत्व'* लुटाएर सतीत्वको *'स्वार्थ त्याग'* गरी प्रेममा उत्सर्ग गर्न सक्नुपर्छ भन्नेकुरा देखाइएकी छ। कथाले तत्कालीन न्याय र प्रशासनिक प्रणालीको ऋणात्मक पक्षको संकेत गर्दै यस्ता दुष्प्रवृत्तिमा सुधार गर्नुपर्दछ भन्ने आशय व्यक्त गरेको छ। त्यतिमात्र होइन राणाशासन सामन्ती प्रणालीको भएको हुँदा राणाहरूको मात्रै होइन राणाका नोकर चाकरको समेत संस्कारजन्य दुष्प्रवृत्तिको पर्दाफास गरिएको छ यस कथामा। पतिप्रेम र सतीत्वको नयाँ आदर्श पनि यस कथामा प्रस्तुत छ। पतिको प्राण संकटमा परेका वेला सतीत्व लुटाएर पनि पतिको रक्षा गर्नुपर्दछ, त्यो नै स्वार्थत्याग वास्तविक सतीत्वको रक्षा हो भन्ने नवीन दृष्टि पनि यस कथामा प्रस्तुत गरिएको छ।

सन्दर्भ सामग्री

श्रेष्ठ दयाराम २०४४ पुष्कर समशेरका कथाहरू, ललितपुर, साझा प्रकाशन,

अर्याल भैरवप्रसाद २०५५ साझा कथा, (नवौं स) काठमाडौं, साझा प्रकाशन,

प्रधान कृष्णचन्द्रसिंह २०३४ साझा समालोचना (दो.स), काठमाडौं, साझा प्रकाशन,

श्रेष्ठ दयाराम र शर्मा मोहनराज : २०४९ नेपाली साहित्यको संक्षिप्त इतिहास, (च.स) काठ. सा प्र.

भट्टराई घटराज २०५६ लेखक कोश, काठमाडौं, लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टाङ्ग योग र जीवनपद्धति

सहप्रा. वासुदेव खनाल

धर्म, संस्कृति, इतिहास, कला, साहित्य आदि कुनै पनि देशका अमूल्य निधि हुन्। यिनै अमूल्य निधि र धरोहरबाट नै मानव जीवन निर्देशित हुन्छ र हुनु पनि पर्दछ। कालान्तरमा यही नै कुनै पनि देशको इतिहास बन्दछ। अग्रजहरूले अंगालेको बाटो पछ्याउँदै त्यहाँ कहिं कतै गल्ती भएको छ भने त्यो गल्तीलाई नदोऱ्याई अगाडि बढ्नु नै सभ्य समाजको विशेषता हो र यो देश विकासको प्रमुख आधार पनि हो। आज हामीले हाम्रो गन्तव्यलाई बिर्सेका छौं जसले गर्दा हाम्रो गन्तव्य लक्ष्य विहीन बन्न पुगेको छ। यसो हुनुको कारण पुर्खाहरूले हामीलाई देखाएको बाटोलाई आफ्नो गन्तव्य नबनाउनु नै हो भन्दा अत्युक्ति हुने छैन। हाम्रा ती पूर्वजहरू जो विश्व मानव समाजकै निम्ति आदर्श बनेर रहेका थिए, उनीहरूले निर्माण गरेको चरित्ररूपी राजमार्ग विश्व मानव समुदायकै निम्ति अनुकरणीय थियो तर त्यस्तो राजमार्ग अहिले हाम्रो लागि अबरुद्ध हुन पुगेको छ। त्यो राजमार्गमा अहिले फोहोरको डुंगुर थुपारिएको छ। त्यो फोहोरको डुंगुर जहाँ आँखा लगाउँदा पनि पापको भागी भएको महसुस गर्ने पूर्वजहरूका सन्तान हामी र हाम्रो चरित्र कतिसम्म नांगिएको छ त्यो सबैले महसुस गरिरहेका छौं। भ्रष्टाचार, अनाचार र दुराचार नै अहिले हाम्रो दैनिकी भएको छ। दैनिक समाचारका पृष्टहरूमा पनि यस्ता कुराहरू छरपष्ट रूपमा लेखिएका छन् र यी कुराहरू पढ्न र आफै अनुभूति गर्न पाइरहेका छौं। आफ्नो स्वार्थको लागि मानिसले कतिसम्म गर्दो रहेछ भन्ने कुरा हालैका पत्रपत्रिकाहरू पढेर र टिभी च्यानलहरू हेरेर अनुभूति गरिरहेका छौं।

देशको नेतृत्व जसले गरेका हुन्छन्, उच्च ओहोदामा जो व्यक्तिहरू रहेका हुन्छन् तिनीहरू नयाँ पुस्ताका लागि अनुकरणीय हुन्। त्यस्ता अनुकरणीय व्यक्तित्वहरूको चरित्रको प्रभाव भावी पुस्तामा सिधै परिरहेको छ। देशलाई सही मार्गमा डोहोऱ्याउने हो भने प्रथमतः नेतृत्व वर्गको चरित्र तथा आचरणमा सुधार ल्याउनु आवश्यक देखिन्छ। जबसम्म अनुकरणीय व्यक्तित्वहरूमा नैतिक चरित्रले स्थान पाउँदैन तबसम्म समाजमा सुधारको अपेक्षा केवल अपेक्षा मात्र हुनेछ।

हाम्रा ती पूर्वजहरू जसले अपनाएको आचार तथा नैतिक चरित्र लगायतका कुराहरू विश्वमानव समुदायका निम्ति पनि अनुकरणीय थिए र कतिपय मुलुकहरूले अनुकरण पनि गर्न लागेको देखिन्छ। जसले अपनाएका मूल्य, मान्यता र आदर्शहरू आजको मानव समुदायका धरोहर हुन् यिनको संरक्षण, संवर्द्धन र यिनमा रहेका गूढ तत्त्वहरूको अन्वेषण गरी अनुशरण गर्नु र विश्वसमुदाय समक्ष प्रस्तुत गर्नु आजको आवश्यकता हो। ती ऋषिमहर्षिहरू जो यस क्षेत्रमा जन्मेर आफ्नो चरित्रका माध्यमबाट पृथ्वीका सम्पूर्ण मानव समुदायलाई शिक्षा दिएका थिए।[1] त्यस्ता ऋषिमहर्षिहरू जसले अपनाएको दैनिकी विश्वमानव समुदायकै निम्ति अनुकरणीय रहेको थियो र आज पनि विश्व मानव समुदायको निम्ति त्यत्तिकै अनुकरणीय रहेको छ तर हाम्रो समाज त्यसको विपरित भएको छ। हामी अधम कोटिका मानव बन्न पुगेका छौं, मध्यम र उच्चको त कुरै छाडौं नीतिहरूमा भनिएको छ– अधम कोटिका मानिसहरूले धनमात्र चाहन्छन्, मध्यम कोटिका मानिसले धन र मान दुवै चाहन्छन् भनें उत्तम कोटिका मानिसले केवल मान मात्र चाहन्छन् किनभनें महान् व्यक्तिहरूको धन भनेको नै मान हो।[2] आज मानलाई नै धन ठान्ने व्यक्तिको खाँचो समाजमा

---

१. एतद्देश प्रसूतस्य सकाशादग्र जन्मनः।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवा॥ मनुस्मृति।२।२०॥

२. 'अधमा धनमिच्छन्ति धनमानं च मध्यमा।
उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम्' ।।सुभाषित भाण्डागार,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको छ। आफनो चरित्रको माध्यमबाट देश तथा समाज समक्ष उदाहरण बन्नुको साटो चरित्रको क्षेत्रमा घृणाको पात्र बन्दै गएको महसुस सर्वत्र गरिदैछ। आफूले आफैलाई बिर्सेर हो, कर्तव्यलाई बिर्सेर हो या हाम्रा प्राचीन मूल्य, मान्यता र आदर्शलाई विर्सेर हो आज हामी दिनानुदिन अन्धकारतर्फ धकेलिदै छौं। यसको परिणाम विकास होइन विनाश हो र त्यही विनाशलाई हामीले निम्त्याइरहेका छौं। हामी को हौं, हाम्रा पूर्वजहरू कस्ता थिए भन्ने कुरा पनि हामीले बिर्सिसकेका छौं जसको परिणाम हामीले भोगिरहेका छौं। महामानवका सन्तान हामी आज दिनानुदिन परमुखापेक्षी हुँदै गएका छौं। दिनमात्र जानेका हाम्रा पूर्खाहरूका सन्तान हामीले आज लिन मात्र जानेका छौं दिन बिर्सिसकेका छौं। हामीले पनि विश्व समुदायलाई केही दिन सक्दछौं भन्ने कुरा हाम्रो मनमस्तिष्कमा आउन पनि छाडेको छ।

पूर्वीय शिक्षा पद्धतिको कुरा गर्ने हो भने प्राचीन कालमा विद्याआर्जन गुरुकुलमा हुन्थ्यो। गुरुकुलमा विद्याआर्जनका लागि आउने शिष्यको विधिपूर्वक उपनयन संस्कार गरिन्थ्यो। उपनयनको शाब्दिक अर्थ विद्यार्थीलाई गुरुको समीपमा लैजानु हो र यसरी गुरुको समीपमा ल्याइएको शिष्यलाई गुरुले महाव्याहृतिपूर्वक[३] गायत्री सुनाई वेदाध्ययनका साथसाथै शौचाचारको शिक्षा दिनुपर्दछ।[४] शौच (पवित्रता), आचार के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने सम्बन्धमा शिक्षा दिनु नै शौचाचार शिक्षा हो। वेद भनेको ज्ञान हो र त्यो ज्ञान विभिन्न क्षेत्र तथा शाखामा विभक्त रहेको छ। विभिन्न क्षेत्र तथा शाखाहरूमा विभक्त रहेको ज्ञान शिक्षार्थीको रुचि, क्षमता र आवश्यकतालाई ध्यानमा राखेर दिनुपर्दछ। हाम्रा ती पूर्वजहरूले कस्तालाई कस्तो ज्ञान दिनुपर्दछ भन्ने कुरालाई दृष्टिगत गरी शिक्षा दिने गर्दथे र शिक्षार्थीले शिक्षा आर्जन गर्दथे र यसरी आर्जन गरेको शिक्षाका आधारमा उसको जीवनको मार्ग निर्धारण हुन्थ्यो। शिष्यको रुचि, क्षमता र आवश्यकतालाई दृष्टिगत गरी समुचित शिक्षा दिनु गुरुको कर्तव्य तथा धर्म हो भने गुरुकुलमा रहेको विद्यार्थीले ब्रह्मचर्यमा रहेर विद्या आर्जन गर्नु विद्यार्थीको धर्म हो। त्यो पूर्वीय शैक्षिक परम्परा अहिले टुटिसकेको छ त्यसमा पनि शौचाचारको परम्परा टुटेको छ। हामीले पाश्चात्य शिक्षा प्रणालीलाई त अंगाल्यौं तर सम्पूर्ण रूपमा अंगाल्न पनि सकेनौं। शिक्षा प्रणालीलाई अनुकरण गरिसकेपछि सम्पूर्ण रूपमा अनुशरण पनि गर्न सक्नुपर्दथ्यो तर सकिरहेका छैनौं यहीं नै त्रुटि भएको छ। त्यो त्रुटि भनेकै शौचाचार सम्बन्धी शिक्षालाई हाम्रा शिक्षा प्रणालीबाट अलग्याउनु हो।

धर्म शब्द धृञ् धातुबाट बनेको हो। यसको अर्थ धारण गर्नु वा पालन गर्नु भन्ने हुन्छ। यो संसार चलाउनका लागि संसारमा रहेका प्राणीहरूको यथार्थ स्वभावको आधारको रूपमा रहेको धर्म सबै प्रकारका अभ्युदयको कारण समेत रहेको छ। जसमा केही गडवडी भयो भनें यो संसार राम्ररी चल्न सक्दैन। निरुक्तमा धर्म शब्दको अर्थ 'नियम' हुन्छ। जुन नियमबाट यो संसार चल्दछ त्यही नै धर्म हो। जो व्यक्ति जुन अवस्था(वर्ण तथा आश्रम)मा रहेको हुन्छ त्यसले त्यो अवस्थामा पालन गर्नुपर्ने विशेष किसिमको धर्म हुन्छ त्यो विशेष धर्मलाई कर्तव्य संझेर गर्नुपर्दछ। जस्तो विद्यार्थीले गर्नुपर्ने धर्म, गृहस्थले गर्नुपर्ने धर्म, एउटा शासकले गर्नुपर्ने धर्म, एउटा शिक्षकले विद्यार्थीप्रति गर्नुपर्ने धर्म आदि यस्ता धर्म अन्तरगत पर्दछन्। याज्ञवल्क्यस्मृतिको मिताक्षराटीकामा छ किसिमका धर्म बताइएको छ। वर्णधर्म, आश्रमधर्म, वर्णाश्रम धर्म, गुणधर्म, निमित्त धर्म र साधारण धर्म जसलाई स्मार्तधर्म भनिन्छ।[५] यी छ किसिमका धर्ममा जन्मेदेखि मृत्युपर्यन्त हामीले के गर्नु हुन्छ र के गर्नु हुँदैन, हाम्रो कर्तव्य के हो भन्ने कुरा अन्तरभाव गरिएको छ।

याज्ञवल्क्यस्मृतिको मिताक्षराटीकामा उल्लेख गरिएका छ वटा स्मार्तधर्महरूमध्ये छैठौं साधारणधर्मलाई यहाँ उल्लेख गर्ने प्रयत्न गरिएको छ। साधारणधर्म भनेको मानवजातिले अपनाउनुपर्ने धर्म हो। यो धर्म सार्वभौमिक रहेको

---

३. भूः ॐ भुवः ॐ स्वः ॐजनः ॐ महः ॐ तपः ॐ सत्यम्॥

४. उपनीय गुरुः शिष्यं महाव्याहृतिपूर्वकम्।
वेदमध्यापयेदेनं शौचाचाराञ्च शिक्षयेत्॥ याज्ञवल्क्यस्मृति१।१५॥

५. धर्मशब्दः षड्विधस्मार्तधर्मविषयः। तद्यथा–वर्णधर्म आश्रमधर्मो वर्णाश्रमधर्मो गुणधर्मो निमित्तधर्मः साधारणधर्मश्चेति।
याज्ञवल्क्यस्मृति मिताक्षराटीका।१।१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ अर्थात् सबै देशका सबै मानव जातिका लागि मान्य रहेको छ। यो साधारण धर्मको अभ्यासमा सबै मानवजाति क्रियाशील हुने हो भने व्यक्ति–व्यक्तिबीच, समाज–समाजबीच र राष्ट्र–राष्ट्रबीच भइरहेको वैमनस्यताको अन्त्य भई विश्वमै शान्ति छाउने थियो। सबै मानवजातिका लागि उपयुक्त यी साधारणधर्मलाई संसारमा रहेका सबै मानव समुदायले आत्मसात गर्ने हो भनें सबै प्रकारका विद्वेष, वैमनस्य, हिंसा, अन्याय, चोरी आदि जे जति पापहरू छन् लोप भई सर्वत्र सुख–समृद्धि फैलिनुको साथै संसारमा भइरहेको धार्मिक विद्वेष, वैमनस्य, फूट आदि सबै शान्त हुने थियो। यी साधारण धर्मलाई सर्वोपरि ठानेको खण्डमा अनेकताका बीच एकता कायम भई संसारका सबै प्राणीहरू एउटै ईश्वरका सन्तान हौं भन्ने भावना फैलिई विश्वमानव जगतलाई एकताको सूत्रमा बाध्नका लागि महत्त्वपूर्ण योगदान मिल्ने थियो। अरुको दुःखलाई आफ्नो दुःख संझेर अरुको सुखलाई आफ्नो सुख संझी अगाडि बढेको खण्डमा निश्चय पनि विश्ववन्धुत्वको भावना फैलिन्छ। योगिश्वर याज्ञवल्क्यले आश्रम धर्मको कारण होइन, जे गरिन्छ त्यो नै धर्म हो र जुन कुरा गर्दा आफूलाई नराम्रो लाग्दछ अरुका लागि पनि त्यस्तो किसिमको आचरण नगरोस् भनेका छन्।[६] मन, वचन र शरीरले कुनै पनि प्राणीलाई कुनै किसिमको कष्ट नदिनु अहिंसा, सत्य बोल्नु, अन्यायबाट अरुको धनपैसा न लिनु, पवित्रता र इन्द्रियहरूको निग्रह यी साधारण धर्म हुन् र यी साधारण धर्म मनुले सबै वर्णका लागि विधान गरेका हुन्।[७] सबै वर्णका लागि विधान गरिएका यी साधारण धर्मलाई महर्षि पतञ्जलीले योगका आठ अंगमध्येको एक 'यम' अन्तरगत राखेका छन्। जसरी योगानुष्ठान विश्वव्यापी र सार्वजनीन रहेको छ त्यसैगरी धर्म पनि विश्वव्यापी र सार्वजनीन रहेको छ। योगका विभिन्न अंगहरूको अनुष्ठानबाट अपवित्रताको नाश भई अन्तरहृदयदेखि ज्ञान प्रदीप्त हुन्छ जसका कारण मानिसमा विवेकको आविर्भाव हुन्छ।[८] योगसूत्रमा बताएको लक्ष्यमा पुग्नका लागि पहिले शरीर र मनलाई संयमित गर्नु आवश्यक हुन्छ तब मात्र हामीले त्यो लक्ष्य हासिल गर्न सक्दछौं। त्यो लक्ष्य प्राप्तिको लागि विभिन्न साधन आवश्यक हुन्छन्। ती साधन भनेका यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि गरी आठ प्रकारका रहेका छन् जसलाई 'अष्टांग योग' पनि भनिन्छ।[९] यी अष्टांग योग जाति, देश, काल र समयमा नबाँधिएका हुनाले यिनहरूलाई सार्वभौम महाव्रत पनि भनिन्छ।[१०] मानवका साधारण धर्मसंग जोडिएका यी अष्टांग योगका अंगहरूलाई यहाँ एक एक गरी उल्लेख गर्दा सान्दर्भिक देखिएकोले संक्षिप्त रूपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ।

१. यम– पातञ्जल योगशास्त्रमा अहिंसा, सत्य, अस्तेय (चोरी नगर्नु) ब्रह्मचर्य र अपरिग्रह (कुनै पनि वस्तुको संग्रह नगर्नु) लाई यम भनिएको छ।[११] पतन्जलीले योगशास्त्रमा यी पाँचलाई यम भनेर उल्लेख गरेका छन् भने धर्मशास्त्रीय ग्रन्थहरूमा यमको क्षेत्रलाई अझ व्यापक बनाइएको पाइन्छ। योगिश्वर याज्ञवल्क्यले यी पाँचमा अरु पाँच थपेर ब्रह्मचर्य, दया, क्षमा, ध्यान, सत्य, अपरिग्रह, अहिंसा, चोरी नगर्नु, मधुरता र दमलाई 'यम' भनेका छन्।[१२] मनुस्मृतिमा नियमहरू (तल उल्लेखित)को अपेक्षा यी यम धर्मलाई मानिसले नित्य पालन गर्नुपर्ने र यी यम धर्मको

---

६. नाश्रमः कारणं धर्मे क्रियमाणो भवेद्धि सः।
अतो यदात्मनोऽपथ्यं परेषां न तदाचरते॥ याज्ञवल्क्यस्मृति।३।६५॥

७. अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः।
एतत्सामासिकं धर्मं चातुर्वर्ण्येऽब्रवीन्मनुः॥ मनुस्मृति।१०।६२॥

८. योगांगानुष्ठानादशुद्धिक्षये ज्ञानदीप्तिराविवेकख्याते॥ पातन्जल योगसूत्रम्॥२।२८॥

९. यमनियमासनप्राणायामप्रत्याहारधारणाध्यानसमाधयोऽष्टावंगानि॥ पातन्जल योगसूत्रम्॥२।२९॥

१०. जातिदेशकालसमयानवच्छिन्नाः सार्वभौमा महाव्रतम्॥ पातन्जल योगसूत्रम्॥२।३१॥

११. अहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहा यमाः॥ पातन्जल योगसूत्रम्॥२।३०॥

१२. ब्रह्मचर्यं दया क्षान्तिर्ध्यानं सत्यमकल्कता।
अहिंसा स्तेयमाधुर्ये दमश्चेति यमाः स्मृताः॥ याज्ञवल्क्यस्मृति।३।१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पालन नगरेमा पतीत हुने कुरा पनि उल्लेख गरिएको छ।[१३] यसको अर्थ नियमहरू पालन नगरे पनि हुन्छ भन्ने होइन यी दुईको तुलना गर्दा यमधर्म अझ महत्त्वपूर्ण रहेको पुष्टि गर्नका लागि नै यो कुरा उल्लेख गरिएको हो।

२. नियम– पातञ्जल योगशास्त्रमा बाह्य एवं आन्तरिक शौच (पवित्रता), सन्तोष, तपस्या, स्वाध्याय र ईश्वरोपासनालाई नियम भनिएको छ।[१४] अपवित्र व्यक्ति कहिल्यै पनि योगी हुन सक्दैन र धार्मिक पनि हुन सक्दैन तसर्थ धर्मशास्त्र र योगशास्त्र दुवैमा पवित्रतालाई जोड दिइएको छ । पवित्रता दुई किसिमको हुन्छ एउटा वाह्य र अर्को आन्तरिक। वाह्य शौच तथा पवित्रता सावुन पानीले हुन्छ भने आन्तरिक पवित्रताका लागि अन्तःकरण शुद्ध हुनुपर्दछ। अन्तःकरण शुद्धिका लागि धर्मशास्त्र तथा योगशास्त्रमा उल्लेख गरेका यम तथा नियमहरूको पालन आवश्यक छ। योगिश्वर याज्ञवल्क्यले 'यम'मा अरु पाँच कुराहरू थपे जस्तै नियममा पनि अरु पाँच कुराहरू थपेर स्नान, मौनता, उपवास, यज्ञ, स्वाध्याय, उपस्थनिग्रह(इन्द्रियनिग्रह), गुरुसुश्रुषा, शौच, अक्रोध, अप्रमादलाई नियम भनेका छन्।[१५] यसरी योगशास्त्र र धर्मशास्त्रको सम्बन्ध नङ र मासुको जस्तै रहेको छ। यी दुबै शास्त्र पृथ्वीमा रहेका सबै मानव जातिका निम्ति उपयुक्त रहेका छन् र मानव कल्याणकै निम्ति नै यी शास्त्रहरूको निर्माण गरिएको हो।

३. आसन– अष्टांग योगमध्ये यम र नियमपछि आसन पर्दछ। यम तथा नियममा उल्लेख गरिएका कुराहरूलाई व्यवहारमा उतार्दै सहज आसनमा बसेर जबसम्म योगसाधनाका माध्यमबाट उच्चअवस्थामा पुगिदैन तबसम्म योगशास्त्रमा बताइएको विधिअनुसार प्रत्येक दिन शारीरिक तथा मानसिक क्रियाकलापहरू गर्नुपर्दछ। जसको लागि दीर्घकालसम्मका लागि एकै आसनमा बस्न सक्नुपर्दछ त्यसका लागि अभ्यासको आवश्यकता पर्दछ। योगसाधनाको क्रममा जसलाई जुन आसनमा सुविधा हुन्छ त्यही आसनमा वसेर अभ्यास गर्न योगशास्त्रमा निर्देश गरिएको छ। एक व्यक्तिलाई एक किसिमको आसन सुविधाजनक हुन्छ भनें अर्को व्यक्तिको लागि अर्को किसिमको आसन तर यसरी अभ्यास गर्दा मेरुदण्डलाई सहज तरिकाले राख्नु आवश्यक हुन्छ। सिधा वसेर छाति, घाँटी र टाउकोलाई सिधा राखेर शरीरको सारा भार आसनमा पर्ने गरी राख्नुपर्ने कुरा योगशास्त्रमा उल्लेख गरिएको छ। यसरी दृढासनमा बसेर योगाभ्यासमा तल्लिन भएको खण्डमा साधक एक न एक दिन आफ्नो लक्षमा पुग्न सक्ने भएकोले योगीहरूले धेरै वर्षको अभ्यासबाट प्राप्त आफ्नो अनुभवलाई धर्मशास्त्र तथा योगशास्त्रका माध्यमबाट अभिव्यक्त गरेका हुन्।

४. प्राणायाम– सहजासनमा बसिसकेपछि योग साधक प्राणायाममा क्रियाशील गर्नुपर्दछ। प्राणायामबाट शरीरमा रहेका नाडीहरू शुद्ध हुन्छन् । साधक लक्ष्यमा पुग्नका लागि प्रथमतः नाडीहरू शुद्ध हुनुपर्दछ र तो नाडीहरूको शुद्धि प्राणायामका माध्यमबाट सम्भव हुन्छ भन्ने सम्बन्धमा योगशास्त्रमा व्याख्या गरिएको छ। प्राण भनेको श्वास हो भने आयाम भनेको संयम हो । श्वासप्रश्वासको संयम नै वास्तवमा प्राणायाम हो। प्राणायामका सम्बन्धमा श्वेताश्वतर उपनिषद्मा चर्चा गरिएको छ। सो उपनिषद्को शांकरभाष्यका अनुसार– मैलो भएको मन प्राणायामका माध्यमबाट ब्रह्ममा स्थिर हुन्छ भनेर शास्त्रमा निर्देश गरिएको छ। प्राणायामका माध्यमबाट पहिले नाडि शोधन गर्नुपर्दछ त्यसपछि मात्र प्राणायाम गर्ने शक्ति प्राप्त हुन्छ। दायिने हातको दायिने बूढी औंलाले नाकको दायिने प्वाल दबाउनुपर्दछ र बायाँ प्वालबाट यथाशक्ति वायु भित्र खिच्नुपर्दछ त्यसपछि तुरुन्त वायाँ प्वाल बन्द गरेर दायिने प्वालबाट विस्तारै वायु वाहिर निकाल्नुपर्दछ। फेरि दायिने प्वालबाट वायु खिंचेर वायाँबाट बाहिर निकाल्नुपर्दछ। वायाँबाट दायाँ र दायाँबाट बायाँ यसैगरी यो अभ्यास दिनमा चार पटक विहान, दिउसो, साँझ र राती गर्नुपर्दछ। यसरी अभ्यास गर्दै जाँदा पन्ध्र

---

१३. यमान्सेवेत सततं न नित्यं नियमान्बुधः ।
यमान्पत्यत्यकुर्वाणो नियमान्केवलान्भजन् ॥ मनुस्मृतिः ।४।२०४॥

१४. शौचसन्तोषतपःस्वाध्यायेश्वरप्रणिधानानि नियमाः ॥ पातन्जल योगसूत्रम् ॥२।३२॥

१५. स्नानं मौनोपवासेज्यास्वाध्यायोपस्थनिग्रहाः ।
नियमो गुरुशुश्रूषा शौचाक्रोधाप्रमादता ॥ याज्ञवल्क्यस्मृतिः ।३।१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन या एक महिनामा नाडीहरू शुद्ध हुन्छन् त्यसपछि प्राणायाममा अधिकार हुन्छ।[१६] प्राणायामका अन्य तरिकाहरू पनि रहेका छन्। जसमध्ये पुरक, कुम्भक र रेचक पनि एक हो। जुन प्रणालीमा एउटा नाकको प्वाल बन्द गरी अर्को प्वालबाट सकेसम्म श्वास भित्र खिचिन्छ त्यो पुरक भयो र त्यो श्वासलाई सकेसम्म रोक्ने प्रयास गरिन्छ त्यो कुम्भक भयो भनें यसरी रोकेको श्वासलाई विस्तारै अर्को प्वालबाट बाहिर सकेसम्म पठाउने कार्य रेचक हो। यसरी प्रत्येक दिन अभ्यास गर्दै जाँदा नाडीहरू शुद्ध भई लक्षमा पुग्न सकिन्छ।

५.प्रत्याहार- प्राणायामपछि प्रत्याहारको आवश्यकता पर्दछ। प्रत्याहार भनेको मनलाई संयमित गर्नु हो। मन अत्यन्त चञ्चल हुन्छ र यो मनलाई विभिन्न इन्द्रियहरूका साथ संयुक्त हुन न दिनु नै प्रत्याहार हो। हाम्रा जो इन्द्रियहरू छन् तिनीहरूको आ-आफ्नै चाहना हुन्छ र तिनीहरूको प्राप्तिका लागि इन्द्रियहरू क्रियाशील भइरहन्छन् र मनलाई त्यो चाहना पूर्तिका लागि ती इन्द्रियहरूले अभिप्ररित गरिरहेका हुन्छन्। इन्द्रियहरूको त्यो चाहनालाई रोक्नका लागि मनलाई नियन्त्रणमा ल्याउनुपर्दछ। मनलाई नियन्त्रण गर्न त्यति सहज छैन यसका लागि धेरै अभ्यास आवश्यक हुन्छ। एक दिन दुई दिनको अभ्यासबाट मनलाई विभिन्न इन्द्रियहरूबाट अलग गर्न सकिदैन। यसका लागि महिनौं मात्र होइन वर्षौं पनि लाग्न सक्दछ। लगातार अभ्यास गरेर मात्र यो विषयमा सफलता प्राप्त गर्न सकिने कुरा योगशास्त्रमा चर्चा गरिएको छ। यसरी मनलाई विभिन्न इन्द्रियहरूबाट अलग राखिने अभ्यासबाट नै प्रत्याहार सिद्ध हुन सक्दछ।

६.धारणा- धारणा भनेको मनलाई देहभित्र होस् या बाहिर कुनै स्थान विशेषमा स्थापना गर्नु हो। अर्को शब्दमा भन्दा मनलाई शरीरबाट अलग गरेर निर्दिष्ट स्थानमा बलपूर्वक लगाउनु नै धारणा हो। जब चित्तवृत्ति तथा मन कुनै निर्दिष्ट स्थानमा आवद्ध हुन्छ त्यसैलाई नै धारणा भनिन्छ। यो धारणा अनेक प्रकारले पनि गर्न सकिन्छ। धारणाको अभ्यास गर्दा कुनै कल्पनाको पनि सहायता लिन सकिने कुरा योगशास्त्रमा उल्लेख गरिएको छ। योगशास्त्रका अनुसार यसको प्रारम्भिक अभ्यासका क्रममा हृदयको कुनै एक बिन्दुमा मनलाई लगाई निरन्तर अभ्यास गर्नुपर्दछ। मनलाई हृदयको कुनै एक बिन्दुमा लगाएर कार्यरूपमा परिणत गर्न निरन्तर अभ्यास गर्नुपर्दछ। मनलाई कुनै केन्द्रबिन्दुमा लगाएर कार्यरूपमा परिणत गर्ने कार्य त्यति सहज छैन तर पनि निरन्तर प्रयासरत रहँदा र अभ्यास गर्दै जाँदा एक न एक दिन सफल पनि भइन्छ। योग साधकहरूले हृदयमा कमलको परिकल्पना गर्दै त्यो कमल एक ज्योति समान बोलिरहको छ र त्यो ज्योतिबाट चारैतिर प्रकाश फैलिरहेको छ भन्ने परिकल्पनाका साथ त्यही स्थानमा मनलाई धारण गर्नु नै धारणा भएको कुरा बताएका छन्।

७. ध्यान- धारणाको अभ्यासको क्रममा कुनै बिन्दुमा मनलाई स्थिर राख्नका लागि जुन किसिमको प्रशिक्षण दिइन्छ। त्यो प्रशिक्षणको माध्यमबाट मनलाई त्यो बिन्दुमा अविच्छिन्न रूपमा रहनका लागि टिकिरहने जुन शक्ति प्राप्त हुन्छ त्यही अवस्था नै 'ध्यान' हो। यसरी अभ्यास गर्दै जाँदा ध्यानशक्ति यति तीव्र भएको हुन्छ कि मन अनुभूतिको बाहिरी भागलाई छाडेर केवल उसको अन्तरभाग अर्थात् अर्थतर्फ केन्द्रित हुन्छ। कल्पना गरिएको शरीरको हृदकमलमा होस् या बाहिरको कुनै एक बिन्दु त्यसमा मनलाई स्थिर राख्नका लागि मनलाई जस्तो प्रशिक्षण दिइन्छ त्यो प्रशिक्षणबाट मन त्यो बिन्दुमा टिकिरहन सक्दछ र यही अवस्थालाई नै ध्यान भनिन्छ। अर्को शब्दमा भन्दा मनलाई कुनै एक बिन्दुमा टिकाउन सक्ने क्षमता नै ध्यान हो।

८. समाधि- ध्यानशक्तिको परमोच्च अवस्था नै समाधि हो। अर्को शब्दमा भन्दा अभ्यास गर्दै जाँदा ध्यानशक्ति यस्तो अवस्थामा पुगेको हुन्छ कि मन अनुभूतिको वाहिरी भागलाई छोडेर उसको अन्तरभाग अर्थात् अर्थमा नै केन्द्रित हुन पुग्दछ यही अवस्था नै 'समाधि' हो। धारणा, ध्यान र समाधिबीच गहिरो अन्तर सम्बन्ध रहेको छ। यी तीनलाई

---

१६. प्राणायामक्षयितमनोमलस्य चित्तं ब्रह्मणि स्थितं भवतीति प्राणायामो निर्दिश्यते। प्रथमं नाडीशोधनं कर्तव्यम्। ततः प्राणायामेऽधिकारः। दक्षिणनासिकापुटमंगुल्यावष्टम्य वामेन वायुं पूरयेत् यथाशक्ति। ततोऽनन्तरमुत्सृज्यैवं दक्षिणेन पुटेन समुत्सृजेत्। सव्यमपि धारयेत्। पुनर्दक्षिणेन पूरयित्वा सव्येन समुत्सृजेत् यथाशक्ति। त्रिः पंचकृत्वो वा एवं अभ्यस्यतः सवनचतुष्टयमपररात्रे मध्याह्ने पूर्वरात्रे च पक्षान्मासात् विशुद्धिर्भवति॥ श्वेताश्वतरोपनिषद्, शांकरभाष्य ॥२।८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एक शब्दमा 'संयम' भन्न सकिन्छ। मनलाई कुनै वस्तुमा एकाग्र बनाउनु, त्यही वस्तुमा मनलई टिकाइरहनु र त्यसपछि दीर्घ एकाग्रता अर्थात् त्यस वस्तुको अर्थमा मनलाई केन्द्रित गर्नु जुन वास्तविक ध्येय वस्तु हो त्यसैमा अविच्छिन्न रूपले लगाउन सक्ने क्षमता नै समाधि हो। समाधि नै योगको लक्ष हो र यही नै सुखानुभूति तथा परमानन्दानुभूति हुन्छ। यमदेखि लिएर समाधिसम्मको जुन शृंखला रहेको छ त्यही नै योग हो र यी आठ योगका अंगहरू हुन् यिनैलाई नै अष्टांग योग भनिन्छ।

सनातन धर्मको महान् ग्रन्थ मनुस्मृतिमा धृति (धैर्य), क्षमा (क्षमाभाव अर्थात् सहनशीलता), दम (मन, वुद्धि आदि अन्तस्करण निग्रह गर्नु अर्थात् आत्मसंयम), अस्तेय (चोरी नगर्नु), शौच (वाह्याभ्यान्तर पवित्रता), इन्द्रिय निग्रह, धी (पवित्र आस्तिक्य वुद्धि), विद्या 'सा विद्या या विमुक्तये' अर्थात् विद्या त्यही हो जसले मुक्ति दिलाउँछ जसले जीवनबाट पार लगाउँछ सत्य र अक्रोध गरी दश धर्मका लक्षण हुन् भनिएको छ।[१७] अष्टांग योग जस्तै मनुस्मृतिमा उल्लेखित यी दश साधारण धर्म कुनै एक व्यक्ति, समुदाय, क्षेत्र तथा देशका नभएर सार्वजनीन र सार्वभौमिक रहेका छन्। मनुस्मृतिमा उल्लेखित यी साधारण धर्मलाई पनि संक्षिप्तमा एक एक गरी यहाँ यसरी प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

सन्दर्भग्रन्थहरू

मनुस्मृतिः- श्रीकुल्लुकभट्टविरचितया मन्वर्थमुक्तावल्या व्याख्यया समुपेता, मोतीलाल बनारसीदास दिल्ली, फ़ष्ट एडिसन सन् १९८३
याज्ञवल्क्यस्मृतिः-विज्ञानेश्वरप्रणीतमिताक्षराव्याख्यासंबलिता, निर्णयसागरमुद्रणयन्त्रालय, तृतीयावृत्ति सन् १९२६
नित्यकर्म-पूजाप्रकाश, लेखकः पं.श्रीरामभवनजी मिश्र श्रीलालबिहारीजी मिश्र सत्रौं संस्करण वि.सं.२०५५, गीताप्रेस, गोरखपुर
श्रीमद्भगवद्गीताः- यथारूप, स्वामी प्रभुपाद, आठवाँ संस्करण, सन् १९८६
कल्याणः-आरोग्य- अंक, गीताप्रेस, गोरखपुर, सन् २००१
धर्मशास्त्रको इतिहास, मूल लेखक डा.पाण्डुरंग वामन काणे
अनुवादक, अर्जुन चौवे काश्यप, उत्तरप्रदेश हिन्दी संस्थान् चतुर्थ संस्करण सन् १९९२
कल्याणः-नारी अंक, बाईसौं वर्षको विशेषांक, गीताप्रेस गोरखपुर, सातौं संस्करण, वि.सं.२०५५
कल्याणः-उपनिषद् अंक, तेइसौं वर्षको विशेषांक, गीताप्रेस गोरखपुर, पाँचौं संस्करण, वि.सं. २०५७
कल्याणः-हिन्दुसंस्कृति अंक, चौवीसौं वर्षको विशेषांक, गीताप्रेस गोरखपुर, छठौं संस्करण, वि.सं. २०५९
कल्याणः-नीतिसार अंक, ७६ वाँ वर्ष, गीताप्रेस गोरखपुर, सन् २००२
धर्मसिन्धुः काशीनाथः उपाध्यायः, खेमराज-कृष्णदास, बम्बै-४,ई.१९८४
वैशेषिकसूत्रम्(षडदर्शनसूत्रसंग्रह) कणादः, सम्पादकः स्वामी द्वारिकादास शास्त्री, सुधीप्रकाशनम् वाराणसी, वि.सं.२०४१
गौतमधर्मसूत्रम्, गौतमः, टीकाकार हरदत्तः, चौखम्बा संस्कृत संस्थान,वाराणसी, वि.सं.२०४३
दायभागः, जीमूतवाहनः,टीकाकार सुब्रह्मण्यशास्त्री, मोतीलाल बनारसीदास, बंलो रोड, जवाहरनगर, दिल्ली, १९८२
कात्यायनश्रौतसूत्रम्, कात्यायनः, चौखम्बा संस्कृत सीरीज, वाराणसी, द्वितीयसंस्करणम् २०२९
पराशरस्मृतिः,पराशर, खेमराज श्रीकृष्णदास,बम्बै, १९५८
पाणिनिः, अष्ठाध्यायीसूत्रपाठः, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सप्तमसंस्करणम्, वि.सं. १९३२
पारस्करगृहसूत्रम्, पारस्करः, टीकाकार हरिहरः, चौखम्बा अमरभारती प्रकाशन, वाराणसी, १९८०
धर्म-कर्म रहस्य, इंडियन प्रेस, लिमिटेड, प्रयाग १९२९

---

१७. धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥ *मनुस्मृतिः* ६/९२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरुक्तकार यास्कको धातुज-सिद्धान्त : एक विवेचना

सहप्रा. डा. ऋषिराम रेग्मी

१. प्राक्कथन- शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी वेदका छ अङ्गशास्त्रमध्ये गणनाका क्रममा चौथो स्थान प्राप्त गर्ने निरुक्त वेदपुरुषको श्रोत्रस्थानीय शास्त्र मानिन्छ। निरुक्त-ग्रन्थका वृत्तिकार दुर्गाचार्यले पहिला चौध प्रकारका निरुक्त भएको सङ्केत गरे पनि वर्तमानमा चाहिँ यास्कद्वारा विरचित एकमात्र निरुक्त उपलब्ध छ। यसलाई निर्वचनविज्ञान, भाषाविज्ञान र शब्दार्थविज्ञानको सबैभन्दा प्राचीन ग्रन्थका रूपमा लिइन्छ। 'निरुक्त'को पूर्वाधार 'निघण्टु' हो भने 'निघण्टु' एक प्रकारको वैदिक शब्दकोष हो; जुन हालसम्म उपलब्ध शब्दकोशहरूमा संसारकै सर्वप्राचीन शब्दकोश मानिन्छ। यसलाई कठिन वैदिक शब्दहरूको वर्गीकृत सङ्ग्रह भन्न सकिन्छ। 'निघण्टु'मा सङ्ग्रह गरिएका यस्ता कठिन (सामान्य व्याकरण-प्रक्रियाद्वारा निर्वचन गर्न नसकिने) वैदिक शब्दको निर्वचनमूलक अर्थ प्रस्तुत गर्नु नै 'निरुक्त'को मूल कार्य हो। त्यसैले 'निरुक्त' 'निघण्टु'मा आधारित मानिन्छ। 'निघण्टु'का सङ्ग्रहकर्ता यास्क वा अन्य कुनै आचार्य हुन् भन्ने कुरा स्पष्ट नभए पनि यसका व्याख्याता अर्थात् निर्वचनकर्ता चाहिँ यास्क नै हुन्। यास्कको समय मोटामोटी ई.पू. ७०० वा ईसापूर्व सातौं शताब्दी मानिन्छ। यास्ककृत निरुक्त मूलतः १२ अध्याय र परिशिष्टसहित १४ अध्यायमा विभक्त छ। यस ग्रन्थको पूरै प्रथम अध्याय र द्वितीय अध्यायको प्रथम पादसम्मको अंशलाई भूमिकाभाग वा विषयप्रवेश भन्न सकिन्छ। यस भागमा यास्कले भाषासम्बन्धी गम्भीर चिन्तन र निर्वचनका प्रमुख सिद्धान्तहरू प्रस्तुत गरेका छन्। यसपछिका पाद र अध्यायहरूमा अर्थात् द्वितीय अध्यायको द्वितीय पाददेखि ग्रन्थको अन्त्यसम्म (२-१२ अध्यायसम्म) उनले 'निघण्टु'मा सङ्गृहीत मूलतः 'गौ'देखि 'देवपत्नी'सम्मका (१७६७ वा १७७३?) कठिन वैदिक शब्दहरूमध्ये केही शब्दको (६५७ शब्दको?) निर्वचन र केही अवान्तर विषयहरूको विस्तृत चर्चा गरेका छन्।

निरुक्तको मुख्य अभिप्राय कठिन वैदिक शब्दहरूको निर्वचन गरी तिनको अर्थ केलाउनु हो तापनि यसको भूमिकाभाग भाषाशास्त्रीय दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ। त्यसैले निरुक्तकार यास्कले आफ्नो ग्रन्थको भूमिका(भागमा उल्लेख गरेका 'पदविभाग, नाम र आख्यातको परिभाषा, शाब्दबोध-प्रक्रिया (भावको वाचकत्व), शब्दनित्यत्वको चर्चा, भावविकार, उपसर्ग र निपातको वाचकत्व तथा वर्गीकरण, नामशब्दको आख्यातजत्व (धातुजत्व), निरुक्तशास्त्रको उपादेयता, वैदिक मन्त्रको अर्थवत्व, निर्वचनका आधारभूत सिद्धान्त र नियम'जस्ता प्रमुख विषयहरूमध्ये प्रस्तुत आलेखमा समग्र निरुक्त र आधुनिक भाषाविज्ञानको आधारशिलाका रूपमा रहेको यास्कको धातुज-सिद्धान्तका बारेमा चर्चा गर्ने जमर्को गरिएको छ।

२. धातुज-सिद्धान्तको पृष्ठभूमि- संस्कृत व्याकरण-शास्त्रको आरम्भ र विकास-प्रक्रियाको सिंहावलोकन गर्दा प्रथमतः सबै शब्द अव्याकृत वा अव्युत्पन्न रहेका र पछिमात्र प्रकृति-प्रत्ययांशको परिकल्पना र विभाजन गरी शब्दको व्युत्पत्ति गर्न थालिएको साक्ष्य तैत्तिरीय-संहितामा प्राप्त हुन्छ। उक्त संहितामा भेटिने साक्ष्यलाई आधार मान्दै वेदभाष्यकार सायणले प्रकट गरेको अभिमतअनुसार प्राचीन कालमा वाणी वा भाषा अव्याकृत (व्युत्पत्तिविधानरहित) रूपमा नै बोलिन्थ्यो र देवताका अनुरोधमा इन्द्रले वायुको सहायता लिई ती अव्याकृत शब्दलाई माझबाट तोडेर सम्भवतः 'प्रकृति (धातु) + प्रत्यय'को विभाजनद्वारा व्याकृत गरी व्याकरण बनाएका हुन्[1]। यसबाट अव्याकृत (अव्युत्पादित) प्राग्भाषाका शब्दहरूको व्युत्पादन गर्दै संस्कृत व्याकरण-परम्परा आरम्भ भएको तथ्य स्पष्ट हुन्छ।

---

१. द्र.- तैत्तिरीयसंहिता ६.४.७.३। -सायण, वेदभाष्यभूमिका, पृ. ५१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी अव्याकृत भाषालाई व्युत्पत्ति दिने जुन व्याकरण-परिपाटी थालियो त्यसले सबै नाम-शब्द धातुज हुन् भन्ने निरुक्त-परम्पराको निर्माणमा आधारभूत भूमिका खेल्यो।

व्युत्पत्ति-प्रक्रियाका प्रारम्भिक चरणमा अव्यय वा निपात पदकै पनि व्युत्पत्तिको प्रयास भएको बुझिन्छ। शाकपूणि भन्ने विद्वान्ले 'अच्छ' शब्दको व्युत्पत्ति बताएको उल्लेख यास्कले गरेका छन्[२] र यास्क पनि यदाकदा 'स्वाहा, उच्चैः, नीचैः'जस्ता शब्दको व्युत्पत्ति खोज्न पुगेका छन्[३]। यसअतिरिक्त उणादिप्रकरणअन्तर्गत पनि कतिपय अव्यय-निपातको व्युत्पत्ति-प्रयास भेटिन्छ। यसबाट के बुझिन्छ भने अव्याकृत वाणीलाई व्युत्पत्ति दिने व्याकरण-शास्त्रको उत्थान भएपछि नामका साथै अव्यय-निपातको पनि निर्वचन खोज्ने जुन प्राचीन प्रयास थालियो त्यसैको उत्तराधिकारमा यास्कको निर्वचन-सिद्धान्त प्रकट भएको छ; तर उनी निपातका निर्वचनतर्फ त्यति प्रवृत्त नभई सबै नामशब्द धातुज हुन् र निर्वचनीय छन् भन्ने ऐतिहासिक निरुक्त-बिन्दुमा नै अवस्थित देखिन्छन्।

यसरी सम्भवतः 'मूलधातु'का समेत सन्दर्भमा निर्वचन गर्ने उत्साह पल्लवित भएको ऐतिहासिक परिप्रेक्ष्यमा यास्कको दृष्टिकोणको मर्म बुझ्न सकिन्छ र (शाकटायनको?) उणादि-प्रवचनको रहस्य पनि अवगत हुन्छ। तर प्राचीन 'मूलधातु'को क्रमिक विलोप हुँदै आएको वस्तुस्थितिमा निर्वचन-कार्य कठिन र दुस्साध्य देखापर्न लाग्यो भने यस दुस्साध्य कार्य वा अतिव्युत्पत्तिसँग असन्तुष्ट विद्वद्वर्ग पनि प्रकट भयो र त्यसले धातुज (व्युत्पन्न) र अधातुज (अव्युत्पन्न) दुवै प्रकारका प्रातिपदिकहरू स्वीकारी सन्तुलित दृष्टिकोण अँगाल्न पुग्यो। यस्तो सन्तुलित वा मध्यममार्गी दृष्टिकोण अँगाल्ने विद्वान्हरूमा निरुक्तकार गार्ग्य र पाणिनिप्रभृति धेरैजसो व्याकरणकारहरू देखापर्छन्।[४]

३. विषयप्रवेश- निरुक्तकार यास्कले आफ्नो ग्रन्थको प्रथम अध्यायको चतुर्थ पादमा सबै नामशब्द आख्यातज (आख्यातबाट जन्मिएका) हुन् भन्ने सिद्धान्त प्रतिपक्षी गार्ग्यका तर्कको खण्डनपूर्वक स्थापित गरेका छन्। निरुक्त-परम्पराका साथै व्याकरणकारहरू मध्ये शाकटायन पनि सम्पूर्ण नामशब्द आख्यातबाट उत्पन्न भएका हुन् भन्ने पक्षमा भएको तथा अन्य व्याकरणकारहरू र निरुक्तकार गार्ग्य चाहिँ त्यसका विपक्षमा भएको कुरा यास्कले बताएका छन्[५]। यास्कको 'आख्यातज'को तात्पर्य 'धातुज' नै हो भन्ने कुरा 'उणादयो बहुलम्' सूत्रको व्याख्यामा महाभाष्यकार पतञ्जलिले "निरुक्तमा (यास्कले) र व्याकरणमा शकटका पुत्रले (शाकटायनले) नामलाई धातुज भन्छन्"[६] भनी गरेको उल्लेखबाट स्पष्ट हुन्छ। यस सन्दर्भमा उपसर्ग, निपात तथा आख्यात (क्रिया, जुन धातुसँग आख्यात-विभक्तिका योगबाट स्वतः बन्दछन्) बाहेक सम्पूर्ण नाम वा प्रातिपदिकहरू धातुबाट बनेका हुन् भन्ने यास्कको दृष्टिकोण रहेको बुझिन्छ। यसका साथै धातुज अर्थात् धातुबाट उत्पन्न हुनाले सबै प्रातिपदिक वा नामशब्दहरू यौगिक वा व्युत्पन्न हुन् भन्ने निष्कर्ष पनि निस्कन्छ[७]।

३.१ पूर्वपक्षी गार्ग्यका आपत्तिहरू- सम्पूर्ण नामशब्दलाई आख्यातज (धातुज) र निर्वचनीय मान्दा पर्न आउने सम्भाव्य कठिनाइहरू निरुक्तकार गार्ग्य र शाकटायनलगायतका केही वैयाकरणहरूले यसरी प्रस्तुत गरेका छन्।

---

२. अच्छाभेः, आप्तुम् इति शाकपूणिः।-निरुक्त ५.२८.२।

३. निरुक्त ८.२१.१ र ४.२४.१।

४. त्रिपाठी, वासुदेव, यास्कको निर्वचन-सिद्धान्त र उपादेयता, पच्चीस वर्षका भाषिक चर्चा, काठमाडौं : ने.रा.प्र.प्र., २०३९, पृ. १९६, १९९, २०५।

५. निरुक्त १.१२.२-३।

६. नाम च धातुजमाह निरुक्ते व्याकरणे शकटस्य च तोकम्।-महाभाष्य ३.३.१।

७. त्रिपाठी, वासुदेव, यास्कको निर्वचन-सिद्धान्त र उपादेयता, पच्चीस वर्षका भाषिक चर्चा, काठमाडौं : ने.रा.प्र.प्र., २०३९, पृ. १९५-१९६।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.१.१ रूढशब्दको व्युत्पत्ति हुन सक्तैन– जुन नाममा उदात्तादि स्वर, प्रकृति–प्रत्ययादि संस्कार (धातु, प्रत्यय, लोप, आगमजस्ता व्याकरणिक प्रक्रिया) र प्रादेशिक गुण (क्रियावाचक धातु अथवा व्याकरणसम्मत विकार) स्पष्ट छन् त्यस्ता नाम आख्यातज हुन् भन्ने कुरा सबै एकमतले स्वीकार्छन् अर्थात् त्यसमा कुनै सन्देह छैन, तर 'गौः, अश्वः, पुरुषः, हस्ती'जस्ता नामशब्दमा स्वर, संस्कार, प्रादेशिक गुण स्पष्ट नहुने भएकाले (प्रकल्प्य क्रियायुक्त नाम भएकाले) यसप्रकारका नामशब्द धातुज नभएर रूढ (संविज्ञात) हुन्, जसको कुनै व्युत्पत्ति हुन सक्तैन।[८]

यहाँ पूर्वपक्षीले उठाउन खोजेको तात्पर्य के हो भने प्रत्यक्षक्रियायुक्त नामशब्द धातुज भए पनि अन्य नाम धातुज हुन सक्तैनन्। अर्थात् नामशब्द मुख्यतः तीन किसिमका हुन्छन्– क) प्रत्यक्षक्रिय, ख) प्रकल्प्यक्रिय र ग) अविद्यमानक्रिय। जसमा क्रियाको प्रकृति–प्रत्यय स्पष्ट थाहा पाउन सकिन्छ त्यस्ता नामशब्द प्रत्यक्षक्रिय हुन्छन्। जस्तै : कर्ता (कृ + तृच्), हर्ता (हृ + तृच्), कारकः (कृ + ण्वुल्), हारकः (हृ + ण्वुल्)। जसमा क्रियाको प्रकृति–प्रत्यय स्पष्ट थाहा पाउन सकिँदैन तर कल्पना गर्न सकिन्छ, त्यस्ता नामशब्द प्रकल्प्यक्रिय हुन्छन्। जस्तै : गौः, अश्वः, पुरुषः। यस्ता शब्दको 'गम्लृ गतौ' धातुबाट 'गच्छतीति गौः', 'अशूङ् व्याप्तौ' धातुबाट 'अश्नुते मार्गं यः सः अश्वः', 'शीङ् स्वप्ने' धातुबाट 'पुरि शेते इति पुरुषः' भन्ने व्युत्पत्तिअनुसार क्रियाको कल्पनासम्म गर्न सकिने भए पनि पाणिनीय अष्टाध्यायीको नियमानुसार यिनीहरूको व्युत्पत्ति हुँदैन। तसर्थ यस्ता शब्द रूढ हुन् भन्ने मान्यता वैयाकरणहरूको छ। यसैगरी जसमा क्रियाको कल्पना पनि गर्न सकिँदैन त्यस्ता नामशब्द अविद्यमानक्रिय हुन्छन्। जस्तै : डित्थः, डवित्थः, अरविन्दः, वार्विण्डः। त्यसैले सबै नाम धातुज हुन सक्तैनन् भन्ने चिन्ता पूर्वपक्षीले यहाँ व्यक्त गरेका हुन्।

३.१.२ अनेक वस्तुका एउटै क्रियासम्बद्ध अभिधान हुन सक्ने दोष आइपर्छ– यदि सबै नाम आख्यातज हुने भए जं–जसले त्यो कर्म (क्रिया) गर्छन् ती सबैको नाम सोही कर्मअनुसार (धातुनिष्पन्न नामअनुसार) रहनुपर्थ्यो[९] तर त्यस्तो देखिँदैन। जस्तै : 'अशूङ् व्याप्तौ' धातुबाट 'अश्व'शब्द बनेको मानेर 'अश्नुते मार्गं यः सः' भन्ने व्युत्पत्ति गरेमा ज–जसले मार्गलाई व्याप्त गर्छन् (जे–जति मार्गमा हिंड्छन्) ती सबैलाई 'अश्व' भन्नुपर्थ्यो तर घोडालाई मात्र अश्व भनिन्छ। त्यसैले 'अश्व'शब्द अव्युत्पन्न (रूढ) हो। यसैगरी 'तृणु अदने' अथवा 'तृदिर् हिंसानादरयोः' धातुबाट 'तृण'शब्द बनेको मानेर 'तृन्द्यते तम्' भन्ने व्युत्पत्ति गरेमा तर्दनक्रियाका योग भएका चुँडाइने सबै वस्तुलाई 'तृण' भन्नुपर्थ्यो तर निश्चित वस्तुलाई मात्र तृण भनिन्छ। त्यसैले सबै नाम आख्यातज (व्युत्पन्न) हुन सक्तैनन्।

३.१.३ एक वस्तुका अनेक क्रियासम्बद्ध अभिधान हुन सक्ने दोष आइपर्छ– यदि सबै नाम आख्यातज हुने भए कुनै वस्तु जे–जति क्रियासँग सम्बद्ध हुन्छ ती क्रियाहरूको बोधक कुनै पनि शब्दबाट त्यस वस्तुको बोध हुनुपर्थ्यो[१०] तर हुँदैन। जस्तै : हामी स्थूणालाई (खाँबोलाई) डोब वा खाडलमा गाड्छौं अनि त्यसमाथि बाँस आदि काठ राखेर सजाउँछौं। यसरी एउटै वस्तुको फरक–फरक क्रियासँग सम्बद्धता भएकाले 'दरशया' ('दरे श्वभ्रे शेते = डोब वा खाडलमा सुत्छ' भन्ने व्युत्पत्तिका आधारमा), 'सञ्जनी' (सज्यतेऽस्यां वंशः, पशुर्वा) इत्यादि शब्दबाट पनि 'स्थूणा'को बोध हुनुपर्थ्यो तर हुँदैन। अतः सबै नाम आख्यातज होइनन्।

३.१.४ सबै नाम व्युत्पत्तिगम्य छैनन्– यदि सबै नाम आख्यातज हुने भए शब्दहरू जसरी व्युत्पत्तिगम्य हुन्छन् (पाचक, लावकझैं) त्यसरी नै ती शब्दको नाम रहनुपर्थ्यो[११]। जस्तै : पुरुषलाई 'पुरिशयः' (पुरि शेते इति), अश्वलाई 'अष्ट्य' (अश्नोति असौ इति (अश भोजने), तृणलाई 'तर्दनम्' (तृन्द्यते तमिति, तृद्यतेऽनेनेति, तर्द्यतेऽनेनेति वा) भन्ने हो

---

८. निरुक्त १.१२.४।

९. ऐजन १.१२.५।

१०. ऐजन १.१२.६।

११. ऐजन १.१३.१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भने शब्दमा व्याकरणिक नियम र क्रियाअनुसारको गुण (न्यायवान् कार्मनामिक संस्कार) स्पष्ट प्रतीत हुन्थ्यो तर यसो भनिंदैन। अतः सबै नाम आख्यातज होइनन्।

३.१.५ सबै नामको व्युत्पत्ति युक्तिसङ्गत हुँदैन- धेरै पहिलादेखि निष्पन्न र व्यवहारमा प्रयोग हुँदै आएका (अभिव्याहृत) शब्दको व्युत्पत्ति (निर्वचन) पछि गर्नु युक्तिसङ्गत हुँदैन। किन्तु शाकटायनजस्ता वैयाकरणहरू 'प्रथनात् पृथिवी' भनी मानवभन्दा पहिलादेखि नै अस्तित्ववती पृथिवीको व्युत्पत्ति (निर्वचन) पछि गरेर त्यसमा 'प्रथ विस्तारे' धातुको योग देखाउन खोज्छन्। वस्तुतः सबै नाम आख्यातज भएका भए तिनको निर्वचन पनि पहिलादेखि नै गरिएको हुन्थ्यो तर पहिलादेखि नै चलिआएका नामको निर्वचन पछि गर्नु कुनै तर्कसङ्गत विषय हुन सक्तैन। जसको नाम स्वभावतः 'पृथिवी' रह्यो त्यस्ती पृथिवीलाई कसले फैलायो वा फैलाउन सक्छ? समस्त प्राणीहरूको आधार/प्रतिष्ठाभूत पृथिवीलाई फैलाउने आधारभूमि कहाँ थियो? इत्यादि प्रश्नहरूको उत्तर शाकटायनादिसँग छैन। अतः कसैबाट पनि पृथिवीको प्रथन (विस्तार) नै हुन नसक्ने भएकाले अर्थात् पृथिवीमा प्रथन-क्रियाको योग नै नभएकाले सबै नाम धातुज हुन् भन्ने भनाइ निराधार छ।[१२]

३.१.६ सम्पूर्ण नामको अतिव्युत्पत्ति मान्य हुँदैन- शाकटायनादि धातुजवादीहरूको अर्को दोष के छ भने जहाँ शब्द र अर्थको अन्विति देखिँदैन अर्थात् संस्कार्यमाण शब्दले पनि अर्थको अनुगमन गर्न सक्तैन र शब्दमा प्रादेशिक विकार (धातुसम्बन्धी विकार) पनि देखिँदैन त्यस्ता अनन्वित अर्थवाला र प्रादेशिक गुण (नामअनुसारको धातु वा व्याकरसम्मत विकार) स्पष्ट नभएका नामशब्दहरूमा यिनीहरू विभिन्न आख्यातपदबाट पदका आधा-आधा हिस्सा लिएर पदसिद्धि गर्दछन्[१३]। जस्तै :

यिनीहरूले 'सत्यम्' शब्द सिद्ध गर्नका लागि 'इण् गतौ' धातुको णिजन्त कारित रूप 'आययति'बाट यकार लिएर त्यसलाई मकारान्त गरी सत्य-शब्दको आधा हिस्सा 'यम्' सिद्ध गर्छन्। त्यसपछि 'अस् भुवि' धातुको शुद्ध रूप (अन्तिम तकार र आदि सकार 'सत्' शतृप्रत्ययान्त?) ग्रहण गरी सत्य-शब्दको पूर्वार्ध 'सत्' सिद्ध गर्छन्। यसपछि स्वभावतः अस्-धातुको 'त्' इण्-धातुको 'य'मा अधिरोहण गरी 'सत्यम्' यस्तो रूप बन्दछ। यसरी बनेको सत्य-शब्दको अर्थ यस्तो हुन्छ- 'सन्तमर्थमाययति प्रत्याययति गमयतीति सत्यम्' अर्थात् विद्यमान अर्थलाई जसले बुझाउँछ त्यही सत्य हो।

यसप्रकार शाकटायनजस्ता वैयाकरणहरू र गार्ग्यभिन्न निरुक्तकारहरू विभिन्न धातुका केही हिस्सा (अवयव) लिएर एउटा नामशब्द सिद्ध गर्छन्। वस्तुतः शाकटायनले अँगालेको यस्तो सिद्धान्त (एउटै नामशब्द विभक्त गरी अनेक धातुबाट सिद्ध गर्ने कुरा) उनीपूर्वका कुनै पनि विद्वान्बाट अनुमोदित भएको देखिँदैन। तसर्थ शाकटायनले आफ्नो पण्डित्याइँ प्रदर्शन गर्न धातुलाई नचाहिँदो किसिमले तोडमोड गरी नामशब्दलाई जसरी पनि धातुज सिद्ध गर्ने जुन प्रयास गरेका छन् त्यो सर्वथा अन्यायपूर्ण र युक्तिरहित कुरो हो भन्ने पूर्वपक्षी गार्ग्यको आपत्ति छ।

३.१.७ परवर्ती भावद्वारा पूर्ववर्ती द्रव्यको संज्ञाकरण अयुक्त हो- शब्दशास्त्रवेत्ता अभियुक्तहरूको मान्यताअनुसार पहिला द्रव्य र त्यसपछि भाव हुन्छ। अर्थात् द्रव्यको (सत्त्व/नामको) अस्तित्वपछि मात्र त्यसलाई अभिहित गर्ने भावको (क्रियाको) जन्म हुन्छ। अतः यस मान्यताअनुसार पहिला उत्पन्न भइसकेका द्रव्यको नामकरण (प्रदेशन) पछि निष्पन्न भाव-(क्रिया)द्वारा गरिनु अनुचित हो। अर्थात् उत्तरकालीन क्रियाद्वारा पूर्वकालीन द्रव्यको संज्ञाकरण युक्तिसङ्गत हुँदैन।[१४]

---

१२. ऐजन १.१३.२।

१३. ऐजन १.१३.३।

१४. ऐजन १.१३.४।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ पूर्वपक्षीले उठाएको तात्पर्य के हो भने कुनै पनि द्रव्य वा वस्तुको उत्पत्ति क्रियाको निरपेक्षतामा भएको हुन्छ र शब्दार्थसम्बन्ध नित्य भएकाले उत्पत्तिसँगै त्यसले आफ्नो अभिधान प्राप्त गर्दछ। तसर्थ द्रव्यको उत्पत्तिपछि त्यसलाई कुनै क्रियासँग सम्बद्ध गराउन खोज्नु उपयुक्त होइन। उदाहरणका लागि जब घोडाले मार्गको व्यापन गर्छ (मार्गमा दौडन्छ) तबमात्र उसको नाम 'अश्व' राखिने भए 'अश्नुते मार्गं यः सः' भन्ने निर्वचन गर्न मिल्थ्यो र यस आधारमा 'अश्व' नामलाई धातुज भन्न सकिन्थ्यो तर व्यवहारमा यस्तो हुँदैन। पहिला अश्वको अस्तित्व हुन्छ र पछिमात्र उसले मार्गको व्यापन गर्ने (दौडने) भएकाले 'अश्व'जस्ता नामशब्दलाई धातुज भन्न सकिँदैन। यसप्रकार पूर्वपक्षी गार्ग्यले सबै नामलाई धातुज भन्दा आइपर्ने विभिन्न चुनौति प्रस्तुत गर्दै त्यस्ता चुनौति वा कठिनाइ सामना गर्न सजिलो नहुने तथा व्युत्पत्ति र अर्थका बीच असामञ्जस्य उत्पन्न हुन सक्ने खतरा भएकाले त्यसो नगर्न उत्तरपक्षीलाई सुझाव दिएका छन्।

३.२ उत्तरपक्षी यास्कका समाधानहरू– सम्पूर्ण नामशब्दलाई धातुज ठान्ने यास्कले गार्ग्यका पूर्वोक्त आपत्तिहरूलाई असमर्थ हेतु भन्दै तिनीहरूको समाधान उत्तरपक्षअन्तर्गत यसरी प्रस्तुत गरेका छन्।

३.२.१ सबै नाम अर्थयुक्त व्युत्पत्तिद्वारा गम्य छन्– स्वर–संस्कार र प्रादेशिक गुण स्पष्ट नभएका नामशब्द धातुज होइनन्, यी गुण स्पष्ट भएका चाहिँ धातुज हुन् भन्ने पूर्वपक्षीको भनाइ हो भने यसमा विमति नै देखिँदैन। किनकि हाम्रो (उत्तरपक्षीको) मान्यताअनुसार सबै नाम प्रादेशिक गुणले युक्त छन्। अर्थात् संसारमा कुनै यस्ता शब्द छैनन् जसको व्याकरणिक प्रक्रियाअनुसार रूपसिद्धि गर्न नसकियोस्। यसप्रकार सबै नामशब्द व्याकरणिक प्रक्रियाअनुसार व्युत्पादन गर्न सकिने भएकाले हाम्रो मान्यतामा पूर्वपक्षीको आक्षेप (उपालम्भ) नै लाग्दैन। अर्थात् आक्षेप लगाउने ठाउँ नै छैन[१५]।

३.२.२ एकक्रियासम्बद्ध अनेक वस्तुमध्ये एउटाको मात्र क्रियानुरूप अभिधान हुन्छ– कुनै एउटा क्रियासँग अनेक वस्तुको सम्बद्धता भएपछि ती सबै वस्तु सम्बद्ध क्रियाबाटै अभिहित हुनुपर्छ भन्ने कुनै नियम छैन। धेरैले समान कर्म गरे पनि अर्थात् धेरै वस्तुको योग एउटै क्रियासँग भए पनि तीमध्ये कुनै एक वस्तुको मात्र क्रियासम्बद्ध अभिधान हुने गर्दछ, सबैको हुँदैन[१६]। एउटा क्रियासँग अनेक वस्तुको योग होस् अथवा एउटा वस्तुसँग अनेक क्रियाको योग होस् कुनै एक क्रियाद्वारा कुनै एक वस्तुको बोध गराउनु नै शब्दको स्वभाव हो।

लोकव्यवहारमा काठ आदिको तक्षण कार्य (ताछ्ने, काट्नेजस्ता काम) धेरैले गरे पनि तक्षण–क्रियासँग सम्बद्ध 'तक्षा' शब्दले सिकर्मीलाई मात्र बुझाउँछ। यसैगरी परिव्रजन (चारैतिर/यताउति घुम्ने काम) धेरैले गरे पनि व्रजन-क्रियासम्बद्ध 'परिव्राजक' शब्द सन्यासीमा, 'भूमिज' (भूमिबाट उत्पन्न हुने) शब्द वृक्ष अथवा अङ्गारक-(भौमग्रह)मा, 'पङ्कज' (हिलोबाट उत्पन्न हुने) शब्द कमलको फूलमा र 'जीवन' (जीवनदायक) शब्द उखुको रसमा रूढ छन्। वस्तुतः काठ ताछ्ने र घुम्ने काम क्रमशः सिकर्मी र सन्यासीले मात्र गर्दैनन् अर्थात् तक्षण र व्रजन क्रिया धेरै मानिसले गरे पनि (एउटा क्रियासँग धेरै वस्तुको योग भए पनि) क्रियाअनुरूपको नाम चाहिँ एउटा वस्तुको (क्रमशः सिकर्मी र सन्यासीको) मात्र रहेको छ। त्यसैले कुनै एउटा क्रियासँग अनेक वस्तु वा व्यक्तिको योग हुँदैमा सबैको नाम क्रियाअनुरूपकै हुनुपर्छ भन्ने नियम लोकव्यवहारमा कतै देखिँदैन।

३.२.३ एक वस्तु अनेक क्रियासँग सम्बद्ध भए पनि नाम एकक्रियासम्बद्ध हुन्छ– पूर्वपक्षीको तेस्रो आपत्तिको समाधान पनि माथिको दोस्रो उत्तरबाटै हुन्छ[१७]। वस्तुतः सिकर्मीले काठ ताछ्ने र सन्यासीले घुम्ने काममात्र गर्दैनन्

---

१५. ऐजन १.१४.१।

१६. ऐजन १.१४.२।

१७. ऐजन १.१४.३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Nepal Digital Archive Project. Digitization by eGangotri

अर्थात् उनीहरू तक्षण र व्रजन-क्रियाबारेमा अवैज्ञानिक अवधारणा सम्बद्ध भएका हुन्छन् तापनि उनीहरूको नाम चाहिँ एउटा-एउटा क्रियासँग मात्र सम्बद्ध छन्। त्यसैले एक वस्तु अनेक क्रियासँग सम्बद्ध भए पनि त्यसको अभिधान प्रत्येक क्रियाअनुरूप हुने दोष आउँदैन।

३.२.४ व्युत्पन्न मानिएकै शब्दमा पनि स्पष्ट अर्थ-प्रतीति हुँदैन- शब्दहरू जसरी व्युत्पत्तिगम्य हुन्छन् त्यसरी नै ती शब्दको नाम रहनुपर्थ्यो भन्ने पूर्वपक्षीको आपत्ति युक्तिसङ्गत देखिँदैन। गार्ग्यादि आचार्यहरूले नै स्पष्टार्थप्रतिपादक (तुरुन्त अर्थप्रतीति हुने) भनी स्वीकारेका कतिपय कृदन्त शब्दहरू पनि एकपद प्रकरणअन्तर्गत पढिएका (ऐकपदिक) तथा अस्पष्टार्थक देखिन्छन् र यिनीहरूको प्रयोग अत्यन्त कम हुन्छ[१८]। जस्तै : व्रततिः (लता), दमूनाः (अग्नि वा अतिथि), जाट्यः (जटावान्), आट्णारः (भ्रमणशील), जागरूकः (जागरणशील), दर्विहोमी (डाडुले होम गर्ने) इत्यादि ऐकपदिक काण्डमा पढिएका शब्दहरू अत्यन्त कठिन र अनियमित मानिन्छन्। यद्यपि निरुक्तवृत्तिकार दुर्गाचार्यले उपर्युक्त शब्दलाई प्रतीतार्थक्रिय र नियमानुकूल बनेका भनेका छन् तथापि यस्ता शब्दको अर्थप्रतीति 'कारक, पाचक' इत्यादि शब्दमा जस्तै सजिलै हुन सक्तैन।

वस्तुतः शब्दको स्वभावअनुसार तिनीहरू आख्यापित हुन्छन्। हामीले चाहेजस्तो जसरी अर्थ-प्रतीति हुन्छ त्यसरी नै शब्दको निर्माण भएको हुनुपर्छ भन्ने कुरा असङ्गत हो। शब्दका कर्ता हामी होइनौं, न त हामी वैदिक शब्दका प्रथम प्रयोक्ता नै हौं। हामीले त आ-आफ्ना अवस्थामा रहेका शब्दहरूको अन्वाख्यान मात्र गर्ने हो। वैदिक शब्दलाई इच्छाअनुसार परिवर्तन गर्ने अधिकार हामीमा छैन। त्यसैले कुनै शब्द प्रतीतार्थ र कुनै अप्रतीतार्थ हुनु हाम्रो अथवा शास्त्रको दोष होइन। आफ्नै अवस्थामा रहेका शब्दलाई शास्त्रसम्मत ढंगले प्रतीतार्थ बनाउनु हाम्रो काम हो।

३.२.५ वस्तुको अभिधानपछि मात्र निर्वचन (योगपरीक्षा) गरिन्छ- धेरै पहिलादेखि निष्पन्न र व्यवहारमा प्रयोग हुँदै आएका (अभिव्याहृत) शब्दको व्युत्पत्ति पछि गर्नु हुँदैन भन्ने पूर्वपक्षीको तर्क निराधार हो। वस्तुतः कुनै पनि वस्तुको अभिधानविना त्यसको निर्वचन (योगपरीक्षा) हुनै सक्तैन[१९]। जब शब्द निष्पन्न भई व्यवहारमा प्रयोग हुन्छ (अभिव्याहृत हुन्छ) तबमात्र त्यसको प्रकृति-प्रत्यय इत्यादिका बारेमा विचारविमर्श गरिन्छ। अर्थात् नामको प्रयोगविना त्यसको निर्वचन गर्ने आधार नै हुँदैन। अतः पहिलादेखि नै अस्तित्ववती पृथिवीको व्युत्पत्ति (निर्वचन) पछि गर्नु शास्त्रसम्मत कुरा हो। पृथिवीलाई कसले विस्तार गऱ्यो? त्यसको आधार के थियो? भन्ने पूर्वपक्षीको भनाइ पनि तर्कहीन देखिन्छ। यदि पृथिवीलाई कसैले विस्तार गरेको होइन भने किन यिनी पृथु (विस्तृता) देखिन्छिन् त? अर्थात् पृथिवीको विस्तार कसैले गरेको होइन भन्ने माने पनि हेर्दा त यिनी फैलिएकी नै देखिन्छिन्[२०]। यसप्रकार प्रत्यक्ष देखादेखै पनि पृथिवीको पृथुत्व नस्वीकार्ने हो भने सबै प्रत्यक्ष-वचन लोकप्रवाद (किंवदन्ती, अफवाह) वा अपलाप (ढाँट कुरा) ठहर्छन्[२१] र कसैले पनि प्रत्यक्ष वस्तुलाई नस्वीकार्दा अनिष्ट हुन जान्छ। अतः पृथु देखिएका कारण 'प्रथ विस्तारे' धातुको योगबाट 'पृथिवी'शब्द निष्पन्न हुन्छ भन्ने देखाउनु शास्त्रको काम हो। पृथिवी कहिले विस्तारित भयो? कसले फैलायो? भन्ने कुराले निर्वचनका प्रसङ्गमा कुनै अर्थ राख्तैन।

३.२.६ अर्थको अन्वयविना जबर्जस्ती व्युत्पत्ति गर्ने व्यक्ति दोषभागी भए पनि व्युत्पत्तिशास्त्र निन्दित हुँदैन- कसैले अनन्वित (असम्बद्ध) अर्थमा विभिन्न आख्यातका केही अवयव लिएर पदसिद्धि गर्छ भने त्यो पुरुष नै

---

१८. ऐजन १.१४.४।

१९. ऐजन १.१४.५।

२०. ऐजन।

२१. ऐजन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निन्दनीय हुन्छ, शास्त्र निन्दनीय हुन सक्तैन[२२]। कुनै आशिक्षित पुरुषले बहुधातुज त के, एकधातुज शब्दलाई पनि बुझ्न सक्तैन। 'कारक, हारक'जस्ता प्रत्यक्षक्रिय शब्द पनि कसरी निष्पन्न हुन्छन् भन्ने कसैले जान्दैन भने त्यो पुरुषको दोष हो, व्युत्पत्तिशास्त्रको होइन। शाकटायनले एकभन्दा बढी धातुबाट 'सत्य'शब्द निष्पन्न भएको देखाए पनि उनको व्युत्पत्ति अनुगत अर्थमा नै भएकाले[२३] यहाँ उनको कुनै दोष देखिँदैन।

३.२.७ परवर्ती भावद्वारा पूर्ववर्ती द्रव्यको संज्ञाकरण लोकमा पनि हुन्छ– लोकमा पनि कहीँ परवर्ती भावद्वारा (पछि हुने क्रियाका आधारमा) पूर्ववर्ती द्रव्यको नामकरण भएको देखिन्छ भने कहीँ देखिँदैन[२४]। अर्थात् क्रियाका आधारमा कुनै द्रव्य वा वस्तुको नामकरण गर्दा त्यसको अस्तित्व भावभन्दा अगाडि थियो वा थिएन भन्ने प्रश्नले कुनै महत्त्व राख्तैन। कुनै एक क्रियाका आधारमा कुनै एक वस्तुको अभिधान रहनु नै मुख्य कुरा हो। जस्तै : 'बिल्वादः' (बेलको फल खाने एक पक्षी), 'लम्बचूडकः' (लामो चूडा/शिखा भएको मयूर आदि पक्षिविशेष) जस्ता शब्दहरू लोकमा पनि प्रसिद्ध छन्। वस्तुतः जन्मदाबित्तिकै कुनै पक्षीले बेल खाँदैन अर्थात् उसले बेल खाने काम पछिमात्र गर्दछ। यसैगरी मयूरआदि पक्षीविशेषको लामो चूडा पछिमात्र बन्दछ तर क्रिया सम्पन्न नहुँदै भविष्यत्कालिक क्रियालाई आधार मानेर पहिला नै वस्तुको नामकरण गर्ने प्रक्रिया लोकमा पनि देखिने भएकाले परवर्ती भावद्वारा पूर्ववर्ती द्रव्यको संज्ञाकरण अयुक्त हुन सक्तैन। त्यसैले सबै नाम धातुज हुन्।

४. निष्कर्ष– यसप्रकार पूर्वपक्षी र उत्तरपक्षीहरूले माथि औंल्याएका कुराहरूलाई सारांशमा भन्नुपर्दा गार्ग्यले अतिव्युत्पत्तिको खतरा एवं व्युत्पत्ति र अर्थका बीचको असामञ्जस्यबाट आइपर्ने समस्यालाई मुख्य रूपमा उठाएका छन् भने यास्कले निम्नलिखित तीन बुँदामा विशेष जोड दिएका छन्– (क) सबै नामशब्दको अर्थतात्त्विक व्युत्पत्तिको सम्भाव्यता, (ख) अर्थ र व्युत्पत्तिका बीच सङ्गतिका सम्भाव्य सीमाहरू र (ग) शाकटायनको व्युत्पत्ति–प्रक्रियाभन्दा बढी विश्वसनीय व्युत्पादनको आश्वासन। उपर्युक्त पूर्वपक्षी र उत्तरपक्षीका भनाइमा यद्यपि ओठे सवाल–जवाफको बान्की झल्किन्छ तथापि यो तार्किक पद्धतिमा आधारित भएकाले यिनीहरूका प्रश्नोत्तरमा दुवै पक्षका मूल मान्यताहरू राम्ररी उद्घाटित भएका छन्।

सन्दर्भग्रन्थसूची

त्रिपाठी, वासुदेव, यास्कको निर्वचन–सिद्धान्त र उपादेयता, पच्चीस वर्षका भाषिक चर्चा (सम्पा. पोखरेल, बालकृष्ण), काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०३९।

पतञ्जलि, पाणिनीयव्याकरणमहाभाष्य (तृतीय भाग), दिल्ली : सन् १९८७।

भट्टोजिदीक्षित, सिद्धान्तकौमुदी (अष्टाध्यायी–सूत्रपाठ तथा पाणिनीय–धातुपाठसहित), दिल्ली : मेहरचन्द लछमनदास, सन् १९८५।

यास्क, निरुक्त (दुर्गावृत्तिसहित), मुम्बयी : क्षेमराज श्रीकृष्णदास, वेङ्गटेश्वर यन्त्रालय, वि.सं. १९६८।

....., निरुक्त (संस्कृत–हिन्दी टीकासहित), दिल्ली : मेहरचन्द लछमनदास, सन् १९९३।

....., निरुक्त (सम्पा. उमाशङ्करशर्मा 'ऋषि'), वाराणसी : चौखम्बा विद्याभवन, सन् २००८।

सातवलेकर, दामोदर (सम्पा.) कृष्णयजुर्वेदीय–तैत्तिरीयसंहिता, पारडी (जि. बलसाड) : स्वाध्याय मण्डल, १९९९।

सायण, वेदभाष्यभूमिकासङ्ग्रह, वाराणसी : चौखम्भा संस्कृत संस्थान, वि.सं. २०४२।

---

२२. ऐजन १.१४.६।

२३. 'सन्तमेव ह्यर्थमाययति प्रत्याययति गमयतीति सत्यम्' अर्थात् विद्यमान अर्थलाई जसले बुझाउँछ त्यही सत्य हो।

२४. निरुक्त १.१४.७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाहार द्वन्द्वको प्रसङ्ग

सहप्रा. डा. विष्णु दहाल

'च' को प्रयोग र अर्थ– 'च' शब्द र उक्तिलाई जोड्न प्रयोग गरिन्छ। 'च' काव्य रचनामा पादपूर्तिका लागि समेत प्रयोग गरिन्छ। यसका अर्थहरू निश्चय, निर्धारण, निस्सन्देह, ठीक, सर्वथा, एकदम आदि हुन्छन्। द्वन्द्व समासमा 'च' आवश्यक[1] ठानिन्छ। अव्ययको अर्थमा प्रयोग गरिने 'च' विद्यमान दुई वा दुईभन्दा बढि सुबन्त पदहरूको सम्बन्धलाई जोड्न व्यवहारमा ल्याइन्छ। व्याकरणमा 'च' ले विशेष अर्थ राख्छ। द्वन्द्व समासमा यसको प्रयोग विशेष ढंगले हुन्छ। द्वन्द्व समासमा 'च' का चार अर्थ हुन्छन्।

१. समुच्चय– परस्पर निरपेक्ष अनेक पदहरूको एकै क्रियामा अन्वय हुनुलाई समुच्चय भनिन्छ। यसको उदाहरण हो 'ईश्वरं गुरुं च भजस्व'। ईश्वर र गुरु परस्पर निरपेक्ष शब्द हो। एउटाले अर्कोसँग अपेक्षा राख्दैन। दुवैको स्वतन्त्ररूपले भजन क्रियामा अन्वय भएको देखिन्छ। समासको शाब्दिक अर्थ हो 'एक साथ रहनु'। परस्पर सम्बन्धार्थक पद नै एक साथ रहन सक्छ। पदविधि विषयक समुच्चयार्थक द्वन्द्वमा 'च' को प्रयोग भएता पनि पदविधि समर्थाश्रित हुने भएकाले सामर्थ्यको अभावमा समुच्चयार्थक द्वन्द्वमा समास हुँदैन।

२. अन्वाचय– समुच्चीयमान पदहरूमध्ये एकको अप्रधान रूपले अन्वय भयो भने अन्वाचय हुन्छ। प्रधान कार्यलाई भनेर गौणकार्यलाई पनि भनिदिनु। मुख्य पदार्थका साथमा गौण पदार्थलाई पनि जोड्नु। मुख्य तथ्यलाई कुनै गौण तथ्यसँग मिलाउनु । यसको उदाहरण हो 'भो भिक्षाम् अट गां च आनय'। यस वाक्यमा भिक्षाका लागि घुम्दै गर्दा गाईलाई पनि लिएर आउनु भन्ने आदेश दिएको बुझिन्छ। यहाँ मुख्य उद्देश्य भिक्षा हो। गाईलाई पनि लिएर आउनु गौण कार्य हो। भिक्षाटन र गवानयन यी समुच्चीयमान पदार्थहरूमा गवानयन (गाई ल्याउनु) रूप अप्रधान पदार्थको अन्वय हुनाले 'च' को अर्थ यहाँ अन्वाचय हुन्छ। सामर्थ्य नभएका कारण अन्वाचयमा पनि समासको अभाव रहन्छ।

३. इतरेतरयोग– पारस्परिक सम्बन्ध जोडेर अघि बढ्न सक्ने, स्व–स्व अस्तित्वको बोध गर्दै समान ढङ्गले दुवैको अर्थ निर्धारण गर्न सक्ने, समर्थवान् अन्यको समर्थवान् अन्यसँग सम्बन्ध गाँस्न सक्नेलाई इतरेतरयोग भनिन्छ। यसलाई मिलेको अन्वय[2] पनि भनिन्छ। यसको उदाहरण हो 'धवखदिरौ' (धवश्च खदिरश्च तौ समुदितौ)। अन्वय मिलेको हुनाले सामासिक पददेखि द्वित्व विवक्षामा द्विवचन आउँछ। समास भनेकै दुई वा दुईभन्दा धेरै पदहरूको मध्यमा रहने विभक्तिको लोपविधि हो। समस्त पद निर्माण गर्ने प्रक्रिया हो। इतरेतरयोग आफैंमा समर्थवान् हुन्छ। द्वन्द्व समासमा यसलाई सरल मानिन्छ। पछिल्लो पद अनुसार यसको लिङ्ग निर्धारण हुन्छ।

४. समाहार– 'सम्' उपसर्ग + 'आ' उपसर्ग + 'हृञ्' धातु + 'घञ्' प्रत्यय मिलेर समाहार बन्छ। यसका अर्थहरू हुन्छन् संग्रह वा एकत्र, समष्टि वा संघात, संघ वा मिलाप, संकुचन, शब्दरचना, शब्द र वाक्यको संयोजन, सम्मिश्रणको निर्माण, द्विगु र द्वन्द्व समासको समष्टि विधायक एक उपभेद। समाहारमा अनेक वस्तुहरूको समूह वा संग्रहको भाव प्रदर्शित हुन्छ। समाहार द्वन्द्वमा समस्यमान पदार्थगत संख्या ओझेलमा पर्छ। पृथक् विभक्तिको सत्ता हराउँछ। समुदाय एकरूपात्मक समष्टि हुनाको कारण समाहारमा सधैं एकवचन र नपुंसकलिङ्ग हुन्छ। द्वन्द्व समासमा पदको भिन्नतालाई 'च' ले सूचित गर्छ। त्यसमा सबै पदको महत्त्वपूर्ण स्थान हुन्छ। विभक्ति र लिङ्ग अन्तर हुँदैमा त्यस भित्रका पूर्वपदहरूको स्वतन्त्र अर्थ मेटिँदैन। समाहार विशेष विधि हो। भगवान् पाणिनिले समाहार द्वन्द्वको

---

१ चकारबहुलो द्वन्द्वः – द्वन्द्व समास प्रकरण (सिद्धान्तकौमुदी)

२ मिलितानामन्वय इतरेतरयोगः (सिद्धान्तकौमुदी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसङ्गलाई उन्नत ढङ्गले प्रस्तुत गर्नु भएको छ। प्रकृति पर्यावरण, जीवनदर्शन, विशिष्ट अध्ययन र समाज विकासका अवयवहरूको अन्वेषण गर्दै स्पष्ट र रहरलाग्दो ढङ्गले छोटो र मिठो तरिकाले समाहार द्वन्द्वको संयोजन गर्न भ्याउनु भएको छ। केही सूत्रहरू अर्थ र उदाहरण सहित प्रस्तुत गरिएका छन्।

सूत्र- द्वन्द्वश्च प्राणितूर्यसेनाङ्गानाम् २।४।२

अर्थ- जीवित वा जीवधारी कुनै जन्तुको अङ्ग, वाद्ययन्त्रको अङ्ग र सेनाको संघटक अङ्ग वाचक शब्दहरूको समाहार द्वन्द्वमा एकवद्भाव हुन्छ।

उदाहरण- १. पाणिपादम्- पाण्योः पादयोश्च समाहार इति (प्राणिको अवयव हात खुट्टा)। २. मार्दङ्गिकपाणविकम्- मार्दङ्गिक पाणविकयोः समाहार इति (बजाउने मादल र तम्बुरा)। ३. रथिकाश्वारोहम्- रथिकानामश्वारोहाणां च समाहार इति (घोडचरी र रथवाला)। सेनाको संघटक भाग नै सेनाङ्ग हो। आज सेनाले प्रयोग गर्ने शस्त्र र यानहरूमा पर्याप्त अन्तर आइसकेको छ। त्यसैले यसलाई नयाँ ढङ्गले बुझ्नु पर्ने हुन्छ। आधुनिक आयुध विज्ञानको विकास हुनुपूर्व प्राचीन समयमा सेनाङ्ग गन्तीमा चार[३] थिए। अव प्रसङ्ग सूत्रमा लैजाउँ-समाहार द्वन्द्वको विशेषताको निदर्शन यसै सूत्रबाट आरम्भ हुन्छ। कतिपय स्थलहरूमा हुने एकवद्भावको माध्यम बुझ्न, समाहार द्वन्द्वको ध्यानपूर्वक परिभाषा बनाउने प्रक्रियाका लागि, यसै सूत्रलाई आधार मानिन्छ। समाहार द्वन्द्वको निर्देशन गर्ने सन्दर्भका लागि यही सूत्रलाई प्रस्तुत गर्ने गरिन्छ। एकवद्भावको प्रयोजन देखाउनुको तात्पर्य हो दुईमा दुईवचन, धेरैमा बहुवचन, नभएर एकवचन नै होस्। यहाँ के पुष्टि गर्न खोजिएको छ भने प्राणि आदि अङ्गहरूको समाहार अर्थमा द्वन्द्वसमास हुन्छ। इतरेतरयोगमा हुँदैन।

सूत्र- अनुवादे चरणानाम् २।४।३

अर्थ- अवगत अर्थको प्रतिपादन गर्दा चरणवाचक शब्दहरूको समाहार द्वन्द्वसमासमा एकवचन प्रयोग गरिन्छ।

उदाहरण-१. उदगात्कठकालापम्- कठाश्च कालापाश्च तेषां समाहार इति (वैशम्पायनको शिष्यद्वारा प्रवर्तित यजुर्वेदको एक शाखा र व्याकरण सम्बन्धी नियमहरूको ज्ञाताको उदय भयो)।

२. प्रत्यष्ठात्कठकौथुमम्- कठाश्च कौथुमाश्च तेषां समाहार इति (वैशम्पायनको शिष्यद्वारा प्रवर्तित यजुर्वेदको एक शाखा र सामवेदको एकशाखाको प्रतिष्ठा बढ्यो)। व्याख्यात्मक आवृत्ति, पूर्वकथित कुराको उल्लेख सहित विधिको व्याख्यालाई अनुवाद भनिन्छ। जीवनचर्या, चालचलन, नैतिक व्यवहार, श्लोकको एक पंक्ति, वेदको एक शाखा वा सम्प्रदायलाई चरण भनिन्छ। सिद्ध वस्तुको कथन गर्दै गर्दा शाखाहरूको अध्ययन सन्दर्भ जोडिन्छ भने समाहार द्वन्द्वमा एकवद्भाव हुन्छ। कुन नैतिक व्यवहारको व्याख्या भनेर किटान गरिएको छैन। ब्राह्मणग्रन्थहरूमा समेत यो नियम लागू हुन्छ। वेदमा विकसित सबै सम्प्रदायहरूमा समाहार द्वन्द्वको अतिदेश लागू हुने देखिन्छ।

सूत्र- अध्वर्युक्रतुरनपुंसकम् २।४।४

अर्थ- अजुर्वेदमा क्रमबद्ध गरिने नपुंसकलिङ्ग रहित पदहरूको समाहार द्वन्द्वमा एकवद्भाव हुन्छ।

उदाहरण- अर्काश्वमेधम्- अर्कस्य चाश्वमेधस्य च समाहार इति (प्रकाश किरणहरू छोड्ने सूर्य सम्बन्धी महायज्ञ र प्रसिद्ध अश्वमेध यज्ञ) यहाँ अध्वर्यु शब्द अध्वर्यु कर्मलाई व्यवस्थित गर्ने यजुर्वेदपरक छ। ऋत्विक् पुरोहित आदिमा अध्वर्यु शब्द रूढ छ। होता, उद्गाता, ब्रह्मा र अध्वर्यु शब्द यज्ञ अनुष्ठानहरूमा पुरोहितले गर्ने विधि विशेषमा प्रयोग गरिन्छ। विशेष धार्मिक संस्कारहरूमा पनि अध्वर्युको आवश्यकता महसुस हुन्छ। 'अध्वानं सत्पथं राति अथवा

---

३ हस्त्यश्वरथपादातं सेनाङ्गं स्याच्चतुष्टयम्- अमरकोष क्षत्रियवर्ग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न ध्वरति कुटलो नभवति- अध्वर 'ध्वरतिहिंसाकर्मा तत्प्रतिषेधो निपातः' यसरी गरिने विग्रहबाट अध्वरको अर्थ अहिंसक भन्ने बुझिन्छ। यसै अध्वर प्रकृतिबाट अध्वर्यु बन्छ। एकवद्भावको अतिदेश यजुर्वेदमा विधान गरिने शब्दहरूमा मात्र लागू हुन्छ। त्यसैले सामवेदमा निर्देश गरिने विधिहरूमा यो नियम लाग्दैन। जस्तै 'इषुव्रजौ'। यहाँ इतरेतरयोग द्वन्द्व देखिन्छ।

सूत्र- अध्ययनतोऽविप्रकृष्टाख्यानाम् २।४।५

अर्थ- पढाइका कारणले सामीप्य अर्थ बुझाउने शब्दहरूको समाहार द्वन्द्वसमासमा एकवचन हुन्छ।

उदाहरण- पदकक्रमकम्- पदकानां क्रमकाणां च समाहार इति (पढ्न आरम्भ गर्ने र नियमित पाठ्यक्रमको अध्ययन गर्ने विद्यार्थी) 'पदान्यधीयते पदकाः, क्रमान् अधीयते क्रमकाः'। वेदमा पदपाठको अध्ययनपछि क्रमपाठ आरम्भ हुन्छ। अध्यययनको हिसाबले त्यसका अध्येताहरू नजिक हुन्छन्। जस्तै एककक्षामा अध्ययन गर्ने विद्यार्थीको नजिक दुई कक्षामा अध्ययन गर्ने विद्यार्थी हुन्छ। भखरै सिक्न थालेको र सिक्ने बानी परेको विद्यार्थी अध्ययनको तारतम्यताका कारण नजिक मानिन्छ। पहिलो वर्ष पढ्न आरम्भ गर्ने विद्यार्थीमा पढ्ने बानी परिसकेको हुँदैन। ऊ नियमित नहुन सक्छ। अघिल्लो कक्षाको विद्यार्थीलाई हेर्दै ऊ नियमित हुने हो। त्यहाँ शिक्षा मनोविज्ञानले काम गरिरहेको हुन्छ।

सूत्र- जातिरप्राणिनाम् २।४।६

अर्थ- प्राणिभिन्न जातिवाचक शब्दहरूको समाहार द्वन्द्वसमासमा एकवचन हुन्छ।

उदाहरण- धानाशष्कुलि-धानाश्च शष्कुल्यश्च तासां समाहार इति (भुटेको जौ र जुलेवी)। सास फेर्नेलाई प्राणि भनिन्छ। त्यस्तो अनुभव गर्न नसकिने जातिवाचक शब्दको यहाँ चर्चा छ। प्राणिवाचक जाति (विट्शूद्राः) गुणवाचक जाति (रूपरसौ) र क्रियावाचक जातिमा (गमनाकुञ्चने) एकवद्भाव हुँदैन। द्रव्यवाचक जाति त्यसभित्र पनि जाति प्राधान्य छ भने मात्र यो अतिदेशको नियम लागू हुन्छ। त्यसैले द्रव्य विशेष (बदरामलकानि) हुँदैमा एकवचन आउँदैन। द्रव्यबाट ग्रहण गर्न सकिने भएपनि जाति प्रधान नभएकाले एकवचन भएन।जाति जोड्न प्रयत्न गरियो भने फेरि फल जाति हुन्छ। यो चाहनाको विषय भएन। सूत्रमा पढिएको जातिमा षष्ठी बहुवचन हुनुपर्ने हो। प्रत्ययका कारणले प्रथमा भएको बुझिन्छ। यथार्थमा यो 'जातिः' नभएर 'जातिवाचिनाम्' हो।

सूत्र - विशिष्टलिङ्गो नदीदेशोऽग्रामाः २।४।७

अर्थ- गाउँवाचक शब्दलाई छोडेर असमान लिङ्ग हुने नदीवाचक र देशवाचक शब्दहरूको समाहार द्वन्द्वसमासमा एकवद्भाव हुन्छ।

उदाहरण- १. उद्ध्येरावति- उद्ध्यश्च इरावती च समाहार इति (उद्ध्य र इरावती नदी)। यी प्राचीन नदी हुन्। उद्ध्यको वर्तमान नाम उज्झ हो। यो जम्मू प्रान्तको जसरोटा क्षेत्र हुँदै पंजाबको गुरुदासपुरमा बग्ने रावी (इरावती) को दाहिने किनारमा मिल्न गएकाले समाहारको उदाहरण बन्न गएको छ।

२. गङ्गाशोणम्- गङ्गा च शोणश्च समाहार इति (प्रसिद्ध गङ्गा नदीमा मिल्ने सोनभद्र नदी)

३. कुरुकुरुक्षेत्रम्- कुरवश्च कुरुक्षेत्रं च इति (कुरुदेश र कुरुक्षेत्र नगर) यहाँ देशवाची पुंलिङ्ग र नगरवाची नपुंसकलिङ्ग छ। भिन्न लिङ्गको मात्र परस्पर समाहार हुन्छ। समानलिङ्गक नदीवाचक (गङ्गायमुने) र समानलिङ्गक देशवाचक (मद्रकेकयाः) शब्दहरूको समाहाद्वन्द्व हुँदैन। दुवैको एउटै लिङ्ग भयो भने इतरेतरयोग हुन्छ। समानविवक्षा रहन गए दुईवचन हुन्छ।

सूत्र- क्षुद्रजन्तवः २।४।८

अर्थ- साना जीवहरूको समाहार द्वन्द्वसमासमा एकवचन हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उदाहरण- यूकालिक्षम्- यूकाश्च लिक्षाश्चेति विग्रहः (जुम्रा र लिखा)। हलुका, साना, तुच्छ, दुष्ट, अधम, क्रूर, गरीब र दरिद्र जीवहरूलाई क्षुद्रजन्तु भन्न खोजिएको छ। कुन तहका जीवहरूलाई क्षुद्रशब्दबाट सम्बोधन गर्ने सकिन्छ भन्नेमा महाभाष्यकार स्पष्ट छन्। आनकुलात्क्षुद्रजन्तवः (नकुलपर्यन्ताः क्षुद्रजन्तवः) न्याउरी मुसोभन्दा साना जीवहरू क्षुद्रजन्तुमा पर्छन् भन्ने स्पष्ट छ।

सूत्र- येषां च विरोधः शाश्वतिकः २।४।९

अर्थ- जुन जीवहरूको बीचमा परस्पर स्वाभाविक विरोध देखिन्छ, ती जीववाचक शब्दहरूको समाहार द्वन्द्वसमासमा एकवचन हुन्छ।

उदाहरण- १ अहिनकुलम्- अहयश्च नकुलाश्चेति विग्रहः (सर्प र न्याउरी मुसो)। २ गोव्याघ्रम्- गावश्च व्याघ्राश्च तेषां समाहार इति (गाई र बाघ)। ३ काकोलूकम्-काकाश्च उलूकाश्च तेषां समाहार इति (कौवा र उल्लू) नित्य चिरस्थायी कलह वा असहमतिमा एकवद्भावको नियम लागू हुन्छ। सनातन र नैसर्गिक विरोध, सतत र सदाका लागि स्वाभाविक विरोध प्रसिद्ध छ उदाहरणमा आएका शब्दहरूमा। विरोध भनेको वैर हो। सँगै नबस्ने मात्र भनेको होइन। यदि त्यस्तो हो भने घामछायामा एकवचनको प्रसङ्ग उठ्न सक्छ। विरोध आक्रामक देखिन्छ। केहीमा दुवै पक्षबाट, केहीमा एकपक्षबाट मात्र।

सूत्र- शूद्राणामनिरवसितानाम् २।४।१०

अर्थ- बहिष्कारमा नपर्ने शूद्रवाचक शब्दहरूको द्वन्द्वसमासमा एकवचन हुन्छ।

उदाहरण- तक्षायस्कारम्- तक्षाणश्च अयस्काराश्च तेषां समाहार इति (बढई र लोहार) काठको काम गर्ने मानिस र फलामको काम गर्ने मानिस। यो सूत्रको व्याख्या गर्न प्रवृत्त भइरहँदा मलाई बडो अप्ठ्यारो महसुस भइरहेको छ। कारण कि 'वैदिक साम्यवाद'को व्याख्या र विश्लेषण गर्दै शैव र पाशुपत सम्प्रदायको आलोकमा मानवतावादी दृष्टिकोणबाट 'संसार नै आफन्त' भन्ने सिद्धान्त आत्मसात् गरिरहँदा समाज भित्रको हेयभाव प्रकट गर्न नपरोस्। प्रकट गर्नु पर्ने अप्ठ्यारोलाई बढि संवेदनशील ठानेको छु । इतिहासको कुनै कालखण्डमा वर्णभेद कति निर्ममतापूर्वक आएको रहेछ, यसको पुष्टि यो सूत्रले गर्छ। सूत्रमा उल्लेखित अनिरवसित शब्दको अर्थ अबहिष्कृत गरिएको छ। यसको तात्पर्य शूद्रलाई दुई श्रेणीमा विभाजित गर्ने परम्परा पाइन्छ। यहाँ स्मृति प्रतिपादित नियमहरूमाथि पनि ध्यान दिन प्रेरित गरिएको छ। त्रैवर्णिक (ब्राह्मण क्षत्रिय वैश्य) अतिरिक्त वर्णका लागि सामान्यतया शूद्रको प्रयोग भेटिन्छ। त्यसमा पनि केही ग्राह्य र केही अग्राह्य मानिएका छन। ग्राह्य र अग्राह्यमा कारण खाना खाएका जुठा भाँडाको शुद्धता र अशुद्धतालाई लिएर छ। जुन शूद्रले खाना खाएको जुठा भाँडा अमिलो, नून र खरानी मिश्रित तातो पानीले माझेर शुद्ध हुँदैन त्यो निरवसित हो। जुन शूद्रले खाना खाएको जुठा भाँडा अमिलो, नून र खरानी मिश्रित तातो पानीले माझेर शुद्ध हुन्छ त्यो अनिरवसित[४] हो। निरवसित बहिष्कृत हो। यसमा चाण्डाल आदिको गणना हुन्छ। मलाई लाग्छ, जघन्य र अक्षम्य सामाजिक अपराध गर्ने व्यक्तिलाई उपेक्षित गर्न यो कठोर नियम बनाइएको हो। ऊ कसै गरे पनि चोखो नहुने। उसले खाएका भाँडा जसो गरेपनि सफा नहुने। बहिष्कृत शूद्रवाचक शब्दहरूको समाहार द्वन्द्वसमास हुँदैन।

सूत्र- गवाश्वप्रभृतीनि च २।४।११

अर्थ- गवाश्व गणमा पढिएका शब्दहरूको समाहार द्वन्द्वसमासमा एकवचन हुन्छ।

उदाहरण- गवाश्वम्- गावश्च अश्वाश्च तेषां समाहार इति (गाई र घोडा) 'गवाश्वम्' पशुवाचक शब्दलाई २।४।१२ सूत्रले प्राप्त वैकल्पिक एकवद्भावको प्रकृतसूत्रले निपातन बाध गरेको देखिन्छ। 'गो+अश्वम्' यहाँ 'सर्वत्र

---

४ यैर्भुक्ते पात्रं संस्कारेण शुध्यति ते अनिरवसिताः। यैर्भुक्ते पात्रं संस्कारेणापि न शुध्यति ते निरवसिता इति। महाभाष्य २।४।१०

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विभाषा गोः' ६.१.१२२. सूत्रले पाणिनि प्रकृतिभाव र प्रकृतिभाव अभावपक्षमा 'एङः पदान्तादति ६.१.१०९ सूत्रले गर्ने पूर्वरूप, दुवै सन्धिविभिलाई समेत निषेध गरेको देखिन्छ। गवाश्व गणमा यी शब्दहरू पर्दछन्- गवाश्वम् गवाविकम् गवैडकम् अजाविकम् कुब्जवामनम् कुब्जकिरातम् पुत्रपौत्रम् श्वचण्डालम् स्त्रीकुमारम् दासामाणवकम् शाटीपटीरम् शाटीप्रच्छदम् शाटीपट्टिकम् उष्ट्रखम् उष्ट्रशशम् मूत्रशकृत् मूत्रपुरीषम् यकृन्मेदः मांसशोणितम् दर्भशरम् दर्भपूतीकम् अर्जुनशिरीषम् अर्जुनपुरुषम् तृणोपलम् दासीदासम् कुटीकुटम् भागवतीभागवतम्।

सूत्र- विभाषा वृक्षमृगतृणधान्यव्यञ्जनपशुशकुन्यश्ववडवपूर्वापराधरोत्तराणाम् २।४।१२

अर्थ- रुख मृग घाँस अन्न व्यञ्जन पशु पक्षि अर्थ बुझाउने सात र अश्ववडव पूर्वापर अधरोत्तर तीन शब्दहरूको समाहार द्वन्द्वसमासमा विकल्पले एकवचन हुन्छ।

उदाहरण- १ प्लक्षन्यग्रोधम्- प्लक्षाश्च न्यग्रोधाश्चेति विग्रहः (पाखवरी र वर) प्लक्षश्च न्यग्रोधश्च (प्लक्षन्यग्रोधौ)। २ रुरुपृषतम्-रुरवश्च पृषताश्चेति विग्रहः (कालो हिरण) रुरुश्च पृषतश्च (रुरुपृषतौ)। ३ कुशकाशम्-कुशाश्च काशाश्चेति विग्रहः (कुश र काँश)। ४ व्रीहियवम्- व्रीहयश्च यवाश्चेति विग्रहः (धान र जौ) व्रीहिश्च यवश्च (व्रीहियवौ)। ५ दधिघृतम्-दधिघृते = दधि च घृतं चेति विग्रहः (दही र घिउ)। ६ गोमहिषम् - गोमहिषाः = गावश्च महिषाश्चेति विग्रहः (गाई र भैंसी)। ७ शुकबकम्-शुकाश्च बकाश्चेति विग्रहः (सुगा र बकुल्ला), तित्तिरिकपिञ्जलम्-तित्तिरयश्च, कपिञ्जलाश्चेति विग्रहः (तित्रो र काकाकुल), हंसश्च चक्रवाकश्च=हंसचक्रवाकौ (हाँस र चखेवा)। ८ अश्ववडवम्-अश्वाश्च वडवाश्चेति विग्रहः (घोडा र घोडी) अश्वश्च वडवा च (पूर्ववदश्ववडवौ २.४.२७)। ९ पूर्वापरम् -पूर्वापरे = पूर्वं च अपरं चेति विग्रहः (पहिलो र अन्तिम)। १० अधरोत्तरम्-अधरोत्तरे=अधरं च उत्तरं चेति विग्रह (तल र माथिको)। केही विशेष शब्दहरूको सम्बन्धमा एकवद्भावको प्रयोजन स्पष्ट गरिएको छ। एकवचन नभएको अवस्थामा इतरेतरयोगको नियम लागू हुन्छ। इतरेतरयोग द्वन्द्वसमासमा पछिल्लो शब्द अनुसार सामासिक शब्दको लिङ्ग निर्धारण हुन्छ। यो कुरा द्वन्द्व विश्लेषणमा चर्चा गरिसकिएको छ। वार्त्तिककार कात्यायनको भनाइ अनुसार विग्रह अवस्थामा बहुवचन[५] सूचित गर्ने शब्दहरूको मात्र द्वन्द्व समासमा एकवचन हुन्छ। त्यस्ता शब्दहरूको उनले परिगणन गरेका छन्। उनले निर्देश गरेका शब्दहरूको एकवचन र द्विवचनान्त विग्रह अवयव देखाएर द्वन्द्वसमास भयो भने एकवचन हुँदैन। जस्तै बदरामलकम् (बदराणि आमलकानि च) यहाँ विग्रहमा बहुवचन देखाइएकोले एकवचन हुन्छ। बदरामलके (बदरं च आमलकं च) यहाँ विग्रहमा एकवचन देखाइएकोले समाहार भएन। इतरेतरयोग भयो। 'विभाषा वृक्षमृग'...२.४.१२. सूत्रले तदन्तर्गत आएका शब्दहरूको 'जातिरप्राणिनाम्' २.४.६. र 'द्वन्द्वश्च प्राणितूर्यसेनाङ्गानाम्' २.४.२. ले प्राप्त नित्य एकवचनलाई विकल्पमा परिणत गरिदियो। मृगको मृगका साथमा, पक्षिको पक्षिका साथमा मात्र वैकल्पिक एकवद्भाव हुन्छ। रुरुशुकाः (मृग र सुगा) मा एकवद्भाव हुँदैन।

सूत्र- विप्रतिषिद्धं चानधिकरणवाचि २।४।१३

अर्थ- परस्पर प्रतिकूल अर्थ दिने अमूर्त पदार्थवाची शब्दहरूको द्वन्द्वसमासमा विकल्पले एकवचन हुन्छ।

उदाहरण- शीतोष्णम्- शीतं च उष्णं च (चिसो र तातो), सुखदुःखम्, जीविततमरणम्। 'विभाषा' अनुवृत्तिको मुख्य अपेक्षा रहेकाले पूर्वसूत्रको वैकल्पिक एकवद्भावको नियम यहाँ नि लागू हुन्छ। समाहारद्वन्द्व नभएको अवस्थामा इतरेतरयोग हुन्छ। (शीतोष्णे, सुखदुःखे, जीवितमरणे) अधिकरण शब्दले द्रव्य अर्थ बुझाउँछ।

---

५ 'फलसेनावनस्पतिमृगशकुनिक्षुद्रजन्तुधान्यतृणानां
बहुप्रकृतिरेव द्वन्द्व एकवदिति वाच्यम्' (वा. १५४०)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Prof. Dr. Kanak Dixit Collection. Digitization by eGangotri

अधिकरण शब्द कुनै मूर्त पदार्थको लागि प्रयोग गरिन्छ र गुणको भने यहाँ बोध हुँदैन। सूत्रमा पठित अनधिकरण[६] शब्दले अमूर्त पदार्थको जानकारी गराउन खोजेको छ। 'चार्थे द्वन्द्वः' २.२.२९ सूत्रमा 'च'को प्रयोगले वैकल्पिक समाहार द्वन्द्व प्राप्त नै थियो। यसले विरुद्ध अर्थ दिने शब्दहरूको द्वन्द्व समास हुन्छ भने द्रव्य अर्थ भिन्नको मात्रै हुन्छ भन्छ। यसकारण यो नियामक सूत्र हो। विप्रतिषिद्ध भनेको समानरूपले महत्त्वपूर्ण दुई परस्पर विषयको विरोध हो। समानरूपले महत्त्पूर्ण दुई नियमको टक्कर हो। दुई असंगत वेमेलको संघर्ष हो। वैपरीत्य सिद्ध गर्ने आँट उल्टो, असम्बद्ध, बाधित अर्थ, विपरीत अर्थ भयो भने विप्रतिषेध[७] हुन्छ। विधेयांसको पूर्णता अनुवर्तमान पदबाट सम्भव भएकाले त्यसको समाधान भइसकेपछि यो सूत्र नियामक भएर चरितार्थ हुन्छ। सारमा यसले भन्छ 'यदि परस्पर प्रतिकूल अर्थ दिने शब्दहरूको समाहार द्वन्द्व समास हुन्छ भने अमूर्त पदार्थवाची शब्दहरूको बीचमा मात्रै होस्'। जाडो र गर्मी परस्पर विरोधी हो। अमूर्त पदार्थवाची पनि हो। त्यसकारण विकल्पले नपुंसक एकवचन भयो।

सूत्र- विभाषा समीपे २।४।१६

अर्थ-मूर्तपदार्थको निश्चित संख्यासँग नजिक भएर अर्थ किटान हुन्छ भने समाहार द्वन्द्वको नियम विकल्पले लागू हुन्छ।

उदाहरण- उपदशम् दन्तोष्ठम्- दशानां समीपे, दन्ताश्च ओष्ठाश्च (नौ वा एघार दाँत र ओठ)। सूत्रार्थ निर्धारण गर्दा अतिरिक्त शब्दको अपेक्षा महसुस हुन्छ। यसर्थ 'अधिकरणैतावत्त्वे च' २.४.१५ बाट 'अधिकरणैतावत्त्वे' ल्याउने। अनुवर्तन गरेर ल्याइएको पदको अर्थ हुने भयो 'द्रव्यको निश्चित माप या परिमाण', 'द्रव्यको सीमित संखया'। नजिकको अर्थमा अव्ययीभाव समास अनुकूल थियो। भन्दै जाँदा द्वन्द्व समासमा पनि समीपको प्रसङ्ग उठिहाल्यो। त्यसकारण सीमित संख्याको नजिक अर्थ बुझिन्छ भने समाहार द्वन्द्व हुन्छ भन्ने अतिदेश गरियो। द्रव्यसंख्याको बुझाइमा पूर्वसूत्रले निषेध गरेको थियो। समीप अर्थ थपिएको अवस्थामा विकल्पले समाहार लागू भयो।

सदन्र्भसूची

वैयाकरणसिद्धान्तकौमुदी-श्रीमद्भट्टोजिदीक्षित (व्याख्याकार श्रीगोपालदत्तपाण्डेय) चौखम्बा सुरभारती प्रकाशन वाराणसो -सन् २००९
संस्कृत हिन्दी शब्दकोश- वामन शिवराम आप्टे-मोतीलाल बनारसीदास पब्लिशर्स प्रा. लि. दिल्ली सन् १९८९
धातुपाठ- जे. एल. शास्त्री-मोतीलाल बनारसीदास दिल्ली सन् १९८४
अमरकोश- कुलचन्द्रगौतम- यशोदापुस्तकालय दुर्गाघाट वाराणसी
ईशादिदशोपनिषदः (शाङ्करभाष्यसहित) मोतीलाल बनारसीदास दिल्ली सन् १९७८
महाभाष्य महामुनि पतञ्जलि

६ अधिकरणं वक्ति इति अधिकरणवाचि न अधिकरणवाचि-अनधिकरणवाचि-सिद्धान्तकौमुदी
७ तुल्यबलविरोधो विप्रतिषेधः -शब्दकोश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

Copyright: Prof. Madhav Prasad Lamichhane. Digitization by eGangotri

कविशिरोमणि लेखनाथ पौड्यालको तरुण तपसी को नव्य काव्यत्व

सहप्रा. गणेशप्रसाद घिमिरे

कविशिरोमणि लेखनाथ पौड्यालको जन्म वि.सं. २०४१ सालमा भएको हो (त्रिपाठी, २०३४:२)। मध्यमासम्मको शिक्षा प्राप्त गरेका लेखनाथको उत्तरार्ध चरणमा देखापरेको काव्यका रुपमा **"तरुण तपसी"**लाई लिईएको छ (घिमिरे, २०६६:७८)। कविशिरोमणिको जीवनगत उपलब्धी हो **"तरुण तपसी"**। यसमा आफ्नो जीवनको परिवेशलाई कविले अभिव्यक्त गरी पाठक सामु पुऱ्याएका छन्। काव्यको संज्ञात्मक परिस्थितिमा स्वयं उनले नव्यकाव्य को संज्ञा दिन पुगे। नव्यकाव्य कविको काव्यसिर्जनामा निक्लेको नामाकरण हो । यस नामसंग सहमत हुनु नहुनु पाठक र समीक्षाको विवेक हो। यस पक्षलाई कृष्ण गौतम कविको समीक्षा जगतमा गरिएको हस्तक्षेप मान्दछन्। काव्य नयाँ या पुरानो के हो? सो छुट्याउने अधिकार समीक्षकलाई हुन्छ त्यो कविले समीक्षा जगतमा गरेको ठाडो हस्तक्षेप गौतम मान्दछन् (सम्पा. चापागाँई, सुवेदी, २०५२:३६४)। यो कविले समालोचनामा गरेको विरोध हो भन्नु भन्दा पनि नव्यकाव्य को संज्ञा किन आयो र उत्तरवर्ती समयमा समीक्षा जगतले उक्त काव्यलाई काव्य सिद्धान्तको कुन कोटिमा राख्यो सो को खोज गर्नु आवश्यक मानिन्छ। अतः उक्त काव्यको नामाकरणका रुपमा देखिएको समस्याको समाधान गर्नु उचित मानिन्छ।

पूर्वको काव्यचिन्तनलाई नियालेर राम्रोसंग अध्ययन मनन गरेका लेखनाथले उक्त काव्यको नामाकरण कविताको विधागत पहिचानलाई लिएर संज्ञा प्रदान गरे। महाकाव्यीय धरातललाई पालन गर्न नसकेको र खण्डकाव्यको परम्परालाई उछिनेको हुनाले यस्तो गरिएको देखिन आउँछ। तर, पूर्वको काव्यशास्त्रलाई गहिरो ढङ्गबाट हेर्ने लेखनाथले नव्यकाव्य को नाम दिनु युक्तिसंगत नमानिने आधार भने प्रसस्त देखिन्छन्।उत्तरवर्ती समयमा उक्त काव्यलाई लिएर गरिएका समीक्षाको ऐतिहासिक इतिवृत्तमा लेखनाथ पौड्याल नव्यकाव्यकार बनेर नेपाली साहित्यकाशमा उदीयमान रहे। सर्वप्रथम **शाकुन्तल (२००२)** महाकाव्यका रचनाकार **"तरुण तपसी"** को भूमिका लेख्ने अवसरबाट वञ्चित भएकोमा दुःख व्यक्त गर्छन् र तरुण तपसी प्रदक्षिणा लेखेर समीक्षा जगतमा उभिन्छन् (सम्पा सुवेदी, २०५७:८)। भूमिका लेख्न नसके पनि प्रस्तुत काव्यका सन्दर्भमा आफ्नो टिप्पणी उनले दिएको पाईन्छ। कालिदासको मेघदूत काव्य जस्तो बग्न नसके पनि संगठनको सुदृढताका कारण यो अल्प महाकाव्यको कोटीमा पर्ने धारणा देवकोटाले सखेको देखिन्छ (सम्पा. सुवेदी, २०५७:९)। आधुनिक महाकाव्यको ऐतिहासिक परम्परामा प्रथम आधुनिक महाकाव्यका स्रस्टा देवकोटाको विवेकले प्रस्तुत **"तरुण तपसी"** काव्यलाई अल्प महाकाव्यको संज्ञा प्रदान गरेको देखिन्छ। कवित्वको प्रबलता र आफ्नो प्रतिभाको प्रचूरताले देवकोटाको उक्त काव्य नेपाली साहित्यमा अग्रणी अवस्थामा प्रतिष्ठित हुने काव्य मानिन्छ। दुष्यन्त नायक र शकुन्तला नायिका बनेर कविताका प्रातिभ बनेका देवकोटाको प्रज्ञाले अल्पमहाकाव्यको कोठरीमा **"तरुण तपसी"** लाई राखेको प्रतीत हुन्छ।

आदर्श रघव (२००५) का स्रस्टा पण्डितराज सोमनाथ सिग्द्याल नेपाली महाकाव्य परम्परामा देवकोटा पछि देखापरेका महाकाव्यकार मानिन्छन्। लेखनका दृष्टिले (१९७६–१९८६) रहे पनि देवकोटाको शाकुन्तल र सुलोचना को प्रकाशन पछि उक्त महाकाव्य नेपाली कविता जगतले पाएको देखिन्छ (आचार्य, २०४१:९१)। नेपाली महाकाव्यको इतिहासमा विद्वतता र शिल्पको प्रर्दशनीका कारण पूर्वीय महाकाव्य मान्यतालाई यसले अक्षरशः अवलम्बन गरेको देखिन्छ (आचार्य, २०४१:९१)। नेपाली महाकाव्यको इतिहासमा पूर्वीय महाकाव्य सिद्धान्तको कसीमा महाकाव्य सिर्जना गरेका गरेका सोमनाथले लेखनाथ को **"तरुण तपसी"** लाई खण्डकाव्यको कित्तामा राखेर हेरे (शर्मा, २०५८:९२)। एउटा रुखको इतिवृत्तलाई बताईएको, नायक नायिकाको उपस्थिति नदेखिएको, एकटुक्रे जीवनवृत्तमा अडिएको, एकरातको घटनावृत्तमा समेटिएको हुँदा यसलाई खण्डकाव्यको नामाकरणमा सोमनाथले राखेको देखिन्छ। नेपाली कविताको इतिहासमा प्रयोगवादी महाकाव्य रचना गरेर क्रान्तिको विगुल फुक्ने बालकृष्ण समले **तरुण तपसी** को भूमिका लेखेका छन्। लेखनाथको कवित्वलाई प्रशंसा गर्ने उनले कालिदासको मेघदूत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काव्यसँग "तरुण तपसी" को तुलना गरेका छन् (पौड्याल, २०५०:घ)। संस्कृत काव्य साहित्यको इतिहासमा सर्वगुण सम्पन्न सौन्दर्यशास्त्रका पुजारी कालिदासलाई मानिएको छ। भावको प्रवाह,शब्दचयन र वाक्यविन्यासमा मीठास,कवित्वको प्रबलताका कारण समले लेखनाथलाई कालिदाससंग तुलना गरेको प्रतीत हुन्छ। लेखनाथको काव्यसौन्दर्यलाई हेरेर समको दृष्टिकोण कालिदासको सौन्दर्यबोधमा अडिएको हो भन्ने आधार नै भूमिका लेखनको आधारबिम्ब मानिएको देखिन्छ।

लेखनाथ पौड्यालका कवितालाई लिएर विद्यावारिधि गर्ने वासुदेव त्रिपाठीले नेपाली कविता रीतिकै इतिहासमा नव्य शब्द विशेषणका रुपमा आएको मान्दछन्। नव्य शब्द विशेषण मानेर हेर्दा नेपाली कविताको ऐतिहासिक सन्दर्भमा "तरुण तपसी "नव्यकाव्य हो भन्ने धारणामा त्रिपाठी पुगेको देखिन्छ (त्रिपाठी, २०३४:२६४)। नेपाली कविताको विकासलाई लिएर गरिएका व्याख्या र सन्दर्भले **"तरुण तपसी"** नव्यकाव्य ठहर्ने धारणामा उनी पुगेको देखिन्छ। विचारको नवीन भित्ती र मानवताको दह्रो उपस्थिति तथा आर्य संस्कृतिकोप्रतिको सदासयता नै नयाँ मान्यता हो।त्यसकारण **"तरुण तपसी"** नव्यकाव्य मान्ने पक्षमा त्रिपाठी पुगेको देखिन्छ। कवि लेखनाथको व्यक्तित्वका सन्दर्भमा नभई लक्ष्मी प्रसाद देवकोटाका महाकाव्यको अध्ययन गर्ने कुमारबहादुर जोशीले **"तरुण तपसी"** को कथानक,पात्रहरूको अभाव आदिका कारण महाकाव्य मान्ने आधार साहित्य सिद्धान्तले दिंदैन तर रुखको जीवनीसंग कविको आत्मवृतान्त गाँसिएको हुँदा उक्त काव्य महाकाव्य समकक्षी मानेको देखिन्छ। नेपाली कविताको ऐतिहासिक पर्यालोचनमा परिष्कारवादी धारामा देखिएको पहिलो महाकाव्य समकक्षी उनले मानेका छन् (जोशी, २०४५:१५६)। वस्तुतः नेपाली कविताको ऐतिहासिक सन्दर्भलाई गहिरो ढङ्गबाट अध्ययन गर्ने त्रिपाठीले लेखनाथको "तरुण तपसी"लाई नव्यकाव्य नामाकरणबाट सम्मानित गर्न चाहेको देखिन्छ।

यसरी नै नेपाली कविताको इतिहासलई अध्ययन गरेर **"तरुण तपसी"** को पुनर्मूल्याङ्कन गर्ने समीक्षक केशवप्रसाद उपाध्यायले एकार्थक महाकाव्यको रुपमा प्रस्तुत काव्यलाई लिएका छन्। खण्डकाव्य भन्दा आकार,उद्देश्य,परिवेश, प्रकृति वर्णनमा विविधता भएको र सामाजिक समस्याको उद्बोधन गरेकाले यो एकार्थक महाकाव्य हो। तर, कथानकको एकाङ्गीपनले यसलाई महाकाव्यको कोटिमा पुऱ्याउन सकेन त्यसकारण यो एकार्थक महाकाव्य हो भन्ने धारणामा उपाध्याय पुगेको देखिन्छ (उपाध्याय, २०५८:४२-४३)। केशवप्रसाद उपाध्यायको दृष्टि कविको नामाकरण भन्दा भिन्न बनेर आएको देखिन्छ। समीक्षक दैवज्ञराज न्यौपानेले "रुण तपसी" लाई खण्डकाव्य भन्दा माथि र महाकाव्य भन्दा तल्लो स्तरमा राखेर उपमहाकाव्यको संज्ञा प्रदान सजगता अपनाईएको देखिन्न तर खण्डकाव्योचित परिवेशलाई काव्यले उच्च प्रवृत्तिसाथ आत्मसाथ गरी आकारमा बृहद्रूप प्राप्त गरेका कारण प्रस्तुत काव्य एकार्थक महाकाव्यको कोटिमा पर्ने भएकाले यसलाई उपमहाकाव्य मानेको देखिन्छ (न्यौपाने, २०५५:५४)। लेखनाथ पौड्यालको **"तरुण तपसी"** लाई लिएर गरिएका समीक्षात्मक मान्यताहरूले उक्त काव्यको गरिमालाई अझ निखारमा ल्याएको पाईन्छ। यसै सन्दर्भमा कविशिरोमणिको कविता र काव्यको मूल्याङ्कन गर्ने क्रममा माधव वियागी आफ्नो धारणा अघि सार्छन्। प्रकृतिलाई मानवीकरण गरेर उक्त काव्यको रचना गरिएको छ। लेखनाथीय काव्य चिन्तनको उत्कृष्ट नमूना **"तरुण तपसी"** हो। लेखनाथले आफ्ना विचार र भावनाहरूलाई **"तरुण तपसी"** का माध्यमबाट सहज रुपमा पोखेका छन्। लेखनाथको विचार,भावना,कवित्वको पहिचान,सामाजिक सचेतता,मानवीय संवेदना तथा अनुभूति गम्यताका कारण उक्त काव्य महाकाव्यीय समकक्षी रचना मानिएको तथ्य उनले अघि सारेका छन् (वियोगी, २०५९:७४)। रविलाल अधिकारीको दृष्टि भने यो भन्दा भिन्न खालको देखिन्छ। आध्यात्मिक चेतनाबाट समताको संसार खोजिएको छ । विषयवस्तुका साथै काव्यानन्दको उत्कर्ष देखाइएको छ। शिल्पगत संरचनामा मीठास थपेर पाठकसामु पस्किएको छ । जनपक्षीय मानवतावादलाई यथेष्ठ स्थान प्रदान गरिएको छ। यी माथी उल्लेख गरिएका सन्दर्भलाई हेर्दा **"तरुण तपसी"** खण्डकाव्य,अल्पमहाकाव्य,महाकाव्यसमकक्षी रचना नभई नेपाली कविताका इतिहासमा देखिएको उत्कृष्ट नमूना हो (अधिकारी, २०५९:३०-३१)। लेखनाथ पौड्यालको **"तरुण तपसी"** लाई लिएर गरिएका यी चर्चाहरूले काव्यको स्वरूप निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्यो। तर, काव्यको यथोचित मूल्याङ्कन लेखकको भावना भन्दा भिन्न भएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आएको देखिन्छ। कविले उक्त काव्यलाई नव्यकाव्यको संज्ञा प्रदान गरे,समीक्षाले लेखनाथीय विचारसँग सहमति जनाउन सकेन र बेग्लाबेग्लै दृष्टिकोणको अवधारणामा काव्यको नामाकरण सम्वन्धीरुपलाई उभ्याएर हेऱ्यो। आधुनिक नेपाली महाकाव्यको ऐतिहासिक पर्यालोचन गर्ने सन्दर्भमा महादेव अवस्थीको धारणा भिन्न खालको देखिन्छ। उनी **"तरुण तपसी"** लाई अल्प महाकाव्य,कृश महाकाव्य,दीर्घ काव्य मान्न तयार देखिन्छन्। विषय,शिल्प, श्लोकगत विस्तारका कारण उक्त काव्यको नामाकरण गरिएको तर्क उनी अघि सार्छन् (अवस्थी, २०६४:१३४)।

संस्कृत काव्यशास्त्रको इतिहासमा महाकाव्यमा हुनुपर्ने केही आवश्यक र अनिवार्य तत्त्व छन्। आचार्य भामहदेखि कविराज विश्वनाथसम्म आइपुग्दा महाकाव्यको रचना,विषय तथा त्यसभित्र समाहित गरिनुपर्ने कथ्यवस्तुले व्यापकतालाई अवलम्बन गरेको देखिन्छ। महाकाव्य सर्गबन्धमा हुनुपर्ने, महान्हरूको महान् गुणगाथालाई महाकाव्यले गाउनुपर्ने धारणा आचार्य भामहमा देखापरेको प्रथम बीज हो **सर्गबन्धो महाकाव्यं महतां च महच्च यत् (भामह, २०४२ : ११४)**। भामहको यो महाकाव्य सम्बन्धी दृष्टिकोण उत्तरवर्ती समयमा विस्तारित हुँदै गयो र महाकाव्यलाई पद्यसाहित्यकै सर्वोत्तम उपलब्धी मानेर काव्यकोटीमा विराम लियो। नेपाली कविता साहित्यको इतिहासमा लेखनाथको उपस्थिति दह्रो र प्रतिभा सम्पन्न देखापरेको छ। **"तरुण तपसी"** ले यी महाकाव्यका सम्वन्धमा देखापरेका लक्षणहरूलाई पालन गऱ्यो वा गरेन भन्ने प्रश्न २०१० साल देखि नै साहित्यमा देखिएको हो। **"तरुण तपसी"** सर्गबन्धमा नभई विश्रामबन्धमा गाँसिएको काव्य हो। सर्गान्तमा छन्द परिवर्तनलाई आत्मसात् यसले गरेको छ।कविले गाथाका रुपमा विभिन्न प्राकृतिक सुन्दरताको वर्णन गरेका छन्। लेखनाथ पौड्यालको **"तरुण तपसी"** ले महानतम गुणगाथालाई गाएको छैन। एउटा रुखको जीवनवृत्तमा काव्यले समाहार पाएको देखिन्छ। कथावस्तु र पात्रको चयनगत कमजोरीलाई हेर्दा उक्त काव्यले महाकाव्यको उचाई छुन सकेको देखिन्न। प्रस्तुत काव्यले पूर्वीय काव्य परम्पराको आधारस्तम्भ महाकाव्य मान्यतालाई अक्षरशः पालन नगरेको भए पनि महाकाव्यमा हुनु पर्ने केही अवधारणाहरू आफूभित्र समेट्न सफल भएको छ। कविशिरोमणि लेखनाथ पौड्यालले लक्ष्मीप्रसाद देवकोटाको **"शाकुन्तल"**(२००२) तथा पण्डितराज सोमनाथ सिग्द्यालको **"आदर्श राघव"**(२००५) महाकाव्यका अगाडि **"तरुण तपसी"** लाई महाकाव्यको संज्ञा प्रदान गर्न नसकेको देखिन आउँछ। **"शाकुन्तल"** कथानक तथा कायामा **"तरुण तपसी "** भन्दा बृहदाकारको रहेको पाइन्छ। **"आदर्श राघव"** ले पूर्वीय महाकाव्यको कसीमा आफूलाई खरो उतारेको छ। यी दुबै काव्यहरूको मध्यबिन्दुबाट काव्यको संज्ञा निर्धारण गर्नु परेकाले लेखनाथले यस काव्यलाई नव्यकाव्य भन्न रुचाएको देखिन्छ।

कविशिरोमणि लेखनाथ पौड्यालले **"तरुण तपसी"** लाई महाकाव्यको कोटीमा पुऱ्याउन किन सकेनन् भन्ने सन्दर्भमा नरेन्द्र चापागाँईंको दृष्टि भने भिन्न किसिमको देखिन्छ। उनले **"शाकुन्तल"** रचना गरेर देवकोटा पहिला भए,**"आदर्श राघव"** साहित्यलाई सुम्पेर सोमनाथ पहिला भए,**"चिसो चुह्लो"** दिएर बालकृष्ण सम पहिला भए भने **"तरुण तपसी"** दिएर लेखनाथ पहिला नै भए भन्ने धारणा राखेका छन् (चापागाँईं, २०५१:२७७)। कविशिरोमणि लेखनाथ पौड्याललाई नेपाली साहित्यका फाँटमा पहिला बन्ने धुनले सताएको होइन। उक्त काव्यमा विषयको नवीनता, शैली शिल्पगत नवीनता, भावप्रकाशनको नवीनता,लेखनाथको दर्शनलाई व्यक्त गर्ने परम्परामा नवीनता,तरुण नै तपसी बनेको नवीनता देखापरपेको छ। उनले काव्यको विषयगत उचाइबाट प्रकृतिको मीठो सम्झनाकासाथै वृक्षमा मानवताको चित्कार देख्न पुगेका छन्। उनले आर्य सभ्यता, विज्ञानले गरेको बृहत्तर प्रगति, मानवीय सभ्यताको विकास,मान्छेमा बढदै गएको लोभानी र पापानी जस्ता प्रवृत्तिलाई प्रख्यात कथावस्तु लिएर पाठकसामु अघि सार्न सक्दैनथे। त्यसकिसिमको प्रख्यात कथानकबाट आर्य सभ्यता र प्राचीन राजपरम्पराको दैलो मात्र उघारिन पुग्दथ्यो। यस धर्तीमा देखिएको असमान व्यवहार,भेदभावपूर्ण नीति,लौकिक मर्यादाको खिल्ली उडाउने जस्ता प्रवृत्तिलाई बृद्ध तपसीले देख्न सक्ने अवस्था रहदैंन। यसप्रकारको अभद्रतालाई तरुण तपसी ले मात्र देख्न सक्ने धारणामा लेखनाथ पुगेको देखिन्छ। **"तरुण तपसी"** काव्यको तरुणले समाजमा विद्यमान रहेको असमान परिवेशलाई उद्घाटन गरेको छ। तपसी विशिष्टतालाई बोकेर मानवीय संवेदनालाई चियाएर वर्तमान समाजको पर्यवेक्षण गर्ने,सांस्कृतिक धरोहरको रक्षा गर्ने उपाय बताउने,मानवमानवका बीच वैमनस्य हटेर सदभाव हुनुपर्दछ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitized by eGangotri

भन्ने ठहर गर्ने "तरुण तपसी" ले विश्वमानवमा देखिएको आत्मा गरिएको उप्काउने "तरुण तपसी" वस्तुतःनव्यकाव्यको नामाकरणमै उपयुक्त ठहर्दछ। बृक्षभित्र मानवीय अन्तश्चेतनाको समावेश गर्नु वा सापेक्षित अचेतनमा सजीवता प्रदान गरी संसारका यावत पक्षलाई चियाउनु नै नव्यकाव्यको संकेत मानिन्छ (भट्टराई, २०४६:३)। प्राचीनताका पुजारी, आर्यसभ्यताका उपासक, लेखनाथले नेपाली समाजको सामाजिक सन्दर्भलाई आफ्नो जीवनगाथाको सापेक्षतामा राखेर हेरेका कारण प्रस्तुत काव्यको संज्ञागत स्वरूप नव्यकाव्य ठहर्दछ।

नेपाली कविताका इतिहासमा वि. सं. २०१० सालमा प्रकाशित **"तरुण तपसी"** लाई कविशिरोमणि लेखनाथ पौड्यालले नव्यकाव्य को संज्ञा प्रदान गरेका छन्। उक्त काव्यलाई नेपाली साहित्यका समीक्षकहरूले नव्यकाव्य, अल्पमहाकाव्य, खण्डकाव्य, एकार्थक महाकाव्य कृष महाकाव्यको रुपमा मानेको तथ्यलाई माथि उल्लेख गरिसकिएको छ। कान्ताविरहको शोकमा डुबेका कवि एकान्त चौतारोमा झकाएका बेला अलौकिक तपसी देखापरेको तथ्य अघि सार्दछन्। तत्पश्चात तरुको बाल्यकाल र उसले ऋतुपरिवर्तनमा भोगेका दुःख,कष्ट, पीडा, व्यथा आदिलाई व्यक्त गरेको पाइन्छ। वसन्तश्रीको आगमनसंगै पलाएको तारुण्यले, प्राकृतिक सुन्दरताले,जीवनको परिधिमा नयाँपन आएको संकेत काव्यमा देखापरेको छ । तत्पश्चात वयमा आएको परिवर्तनसंगै र वसन्त ऋतुले दिएको सौन्दर्यले काव्यको नामाकरण गरिएको संकेत कविशिरोमणि यसरी व्यक्त गर्दछन् :

त्यहाँदेखी मेरा जति जति बिते जीवन –घडी
उती खुल्दै–आये क्रमसित विपत्का हतकडी।
यता यो पृथ्वीमा निरतिशय सौन्दर्य भरियो
उताको खातामा तरुण तपसी नाम दरियो ४।२५

यसरी नामाकरण गरिएको कृतिलाई काव्यकारले नव्यकाव्यको संज्ञा प्रदान गरे। **"तरुण तपसी"** ले तरुको जीवनीलाई व्यक्त गरेको छ, मानवताको वकालत गरेको छ, कारुणिक क्रन्दन पठाएको छ, वैज्ञानिक चमत्कारले देखाएको प्रगतिप्रति असन्तोष व्यक्त गरेको छ। आर्ष सभ्यताको ढोका उघारिएको, सामाजिक समभावको कल्पना गरिएको, मानवीय चेतनाको सन्देश बोकेको प्रस्तुत काव्य नव्यकाव्य कै संज्ञात्मक रूपमा स्थापित भएको काव्य मान्नुपर्ने देखिन्छ।

सन्दर्भसूची

अधिकारी, रविलाल,(२०५९) तरुण तपसीको महाकाव्यत्व,**गुञ्जन**,वर्ष ६ अङ्क ३।

अवस्थी,महादेव (२०६४) **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श** इन्टेलेक्चअल्स बुक प्यालेस।

आचार्य, नरहरि (२०४१) **पण्डितराज सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना**, पं सोमनाथ सिग्द्याल शतवार्षिक समारोह समिति।

उपाध्याय, केशवप्रसाद(२०५८) **तरुण तपसीको पुनमूल्याङ्कन**,दोस्रो संस्करण,ललितपुर साझा प्रकाशन।

घिमिरे, गणेशप्रसाद (२०६६)कविशिरोणि लेखनाथ पौड्यालको काव्ययात्रा र काव्यप्रवृत्ति **प्रज्ञाप्रवाह** वर्ष १ अङ्क १।

चापागाँई, नरेन्द्र (२०५१) **केही सिद्धान्त केही विश्लेषण** पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

चापागाँई, सुवेदी (सम्पा) (२०५२) **काव्य समालोचना** पूर्वाञ्चल साहित्य प्रतिष्ठान

जोशी, कुमारबहादुर (२०५५) **देवकोटा र उनका महाकाव्य** दोस्रो संस्करण,ललितपुर साझा प्रकाशन।

न्यौपाने, दैवज्ञराज (२०५५) कविशिरोमणि लेखनाथ पौड्यालको तरुण तपसी,**कुञ्जिनी** वर्ष ६ अङ्क ४।

पौड्याल, लेखनाथ (२०६२) **तरुण तपसी**, बाह्रौं संस्करण,ललितपुर, साझा प्रकाशन।

भट्टराई, विश्वनाथ (२०४६) **साहित्यिक प्रतिभा र मूल्याङ्कन** पूर्वाञ्चल प्रतिष्ठान।

भामह (२०४२) काव्यालङ्कार, चौखम्बा सुरभारती

शर्मा, सोमनाथ (२०५८) **साहित्य प्रदीप** विद्यार्थी पुस्तक भण्डार।

सुवेदी, राजेन्द्र (सम्पा) २०५८ **स्रष्टा देवकोटा द्रष्टा परिवेशमा** ललितपुर साझा प्रकाशन

त्रिपाठी, वासुदेव (२०३४) **लेखनाथ पौड्यालका कवित्वको विश्लेषण तथा मूल्याङ्कन** पाठ्यक्रम विकास केन्द्र।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रमा दीक्षाको महत्त्व

उपप्रा. माधवप्रसाद लामिछाने

१. विषय प्रवेश– विस्तार गर्नु भन्ने अर्थलाई वहन गर्ने संस्कृतको तन् धातुमा ष्ट्रन् प्रत्ययको योगले तन्त्र शब्दको निर्माण हुन्छ। विस्तारको अर्थ फैलाउने काम वा विशालता भन्ने हुन्छ।[1] विस्तारको अंग्रेजी पर्यायवाची शब्द Expansion ले पनि "आकार, संख्या वा महत्त्वलाई ठूलो बनाउने कार्य" भन्ने अर्थ बुझाउँछ।[2] वास्तवमा जब कुनै वस्तुको विस्तार हुन्छ तब त्यसको आकार, संख्या वा महत्त्व बढ्ने कुरा सबैले बुझेकै विषय हो। उदाहरणका लागि जब कुनै बीजको विस्तार हुन्छ, तब त्यो विशाल वृक्षका रूपमा परिणत हुन्छ, एउटै बीजबाट सयौँ वृक्षहरूको विस्तार हुन्छ। यसरी आकार र संख्या बढ्दै गएपछि त्यसले वस्तुको महत्त्वलाई पनि निश्चय नै बढाउँछ।

ज्ञानशक्ति नै विस्तारको क्रममा क्रियाशक्तिको रूपमा परिणत हुन्छ अर्थात् Knowledge को स्थूल अभिव्यक्ति नै Action हो। जसरी सूक्ष्मतम बीज फैलने वा ठूलो बन्ने क्रममा अङ्कुर, पात, हाँगाबिँगाका रूपमा व्यक्त हुँदै विशाल वृक्ष बन्छ र त्यसको परिणामका रूपमा पुनः बीजलाई नै उत्पादन गर्छ त्यसरी नै ज्ञानशक्ति पनि बाहिर विस्तारित हुने क्रममा क्रियाशक्तिको रूपमा प्रकट हुन्छ र त्यसका माध्यमबाट पुनः ज्ञानको उदय हुन्छ त्यसैले वस्तुतः जीव र वृक्षमा तात्त्विक अन्तर नभएजस्तै ज्ञानशक्ति र क्रियाशक्ति पनि अभिन्न हुन्छन्। आधुनिक सन्दर्भमा यसलाई कसरी बुझ्न सकिन्छ भने विज्ञान (Science) जब स्थूल रूपमा अभिव्यक्त हुन्छ तब त्यसले प्रविधि (Technology) को रूप धारण गर्दछ अर्थात् Science को क्रियात्मक वा व्यावहारिक प्रयोग Technology[3] भएजस्तै अध्यात्मविज्ञानको व्यावहारिक प्रयोग वा क्रियात्मक विज्ञान नै तन्त्र हो। त्यसैले जसले तत्त्व एवं मन्त्रले युक्त विपुल ज्ञानराशिलाई विस्तार गर्छ र उक्त विस्तारित क्रियात्मक प्रयोगका माध्यमबाट साधकहरूको अभीष्ट पूर्ति गरी उनीहरूको रक्षा गर्छ त्यस शास्त्रविशेषलाई तन्त्र भनिन्छ।

विषयवस्तुको प्रतिपादनका दृष्टिले सर्ग, प्रतिसर्ग, मन्त्रनिर्णय, देवताहरूको संस्थान, तीर्थहरूको वर्णन, आश्रमधर्म, ब्राह्मणहरू र प्राणीहरूको संस्थान, यन्त्रहरूको निर्णय, ऋषि र कल्पवृक्ष आदिको उत्पत्ति, पौराणिक कथा, व्रतहरूको निर्णय, शौचाशौचको निर्णय, नरकहरूको बयान, राजधर्म, दानधर्म, युगधर्म, व्यवहारवर्णन, अध्यात्मवर्णन आदि लक्षणहरूले युक्त शास्त्र नै तन्त्र हो।[4] तन्त्रमा माथि उल्लेख गरिएका यिनै विषयवस्तुहरूलाई प्रसङ्गवश उपस्थापन गरी योग, जप, ध्यान, पूजा, औषध आदि क्रियात्मक प्रयोगका माध्यमबाट लौकिक र पारलौकिक अभीष्ट सिद्धिका साथै मोक्षको पनि लक्ष्य राखिएको हुन्छ। सो लक्ष्यप्राप्तिका लागि सुयोग्य गुरुबाट दीक्षा ग्रहण गरी निरन्तर साधना र अभ्यास गर्नु आवश्यक हुन्छ। अतः प्रस्तुत लेखमा तन्त्रमा दीक्षाको के–कस्तो महत्त्व र उपयोगिता रहेको छ त्यस विषयमा चर्चा गर्ने जमर्को गरिन्छ।

२. दीक्षाको परिचय– दीक्षा भनेको आत्मसंस्कार अर्थात् आत्मालाई शुद्ध र परिष्कारसम्पन्न बनाउने क्रियाविशेष हो। शास्त्रमा दीक्षाका विभिन्न परिभाषाहरू पाइन्छन्। कुलार्णवतन्त्रले दीक्षाको परिभाषा दिंदै भनेको छ – दिव्यभाव प्रदान गर्ने, कल्मष आदि दोषलाई पखाल्ने र संसाररूपी बन्धनबाट मुक्ति दिलाउने क्रियाविशेषलाई दीक्षा

---

१ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), नेपाली बृहत् शब्दकोश, (काठमाडौं, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान,वि. सं. २०५५), पृ. १२३८।

२ Sally Wehmier and others (Editior), Oxford Advanced Learner's Dictionary,New York,Oxford University Press,7th edition, 2005 A.D., page no. 533.

३ पूर्ववत्, पृ. १५७६।

४ तारानाथ भट्टाचार्य (सङ्कलक), वाचस्पत्यम् (वाराणसी : चौखम्भा संस्कृत सिरिज अफिस, १९६२ ई.सं.) पृ.३२२३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छ।[५] त्यसैगरी तन्त्रचिन्तामणि नामक ग्रन्थले सद्गुरुको मुखबाट प्राप्त हुँदाखेरि जसले ज्ञान प्रदान गर्दछ र पापको समूहलाई नष्ट गर्दछ त्यसलाई दीक्षा भनिन्छ भनेर दीक्षाको परिभाषा गरेको छ।[६] दीक्षाको अर्को परिभाषा यस्तो छ - जसबाट ज्ञान दिइन्छ र पशुवासनालाई नष्ट गरिन्छ त्यस्तो दान र क्षपणयुक्त क्रियालाई दीक्षा भनिन्छ।[७] माथिका परिभाषाहरूबाट दीक्षाका सम्बन्धमा मूलतः तीनवटा कुराहरू महत्त्वपूर्ण देखा पर्दछन्। ती हुन् - १. दीक्षाका माध्यमबाट ज्ञानको अभिव्यक्ति हुन्छ, २. दीक्षाले पशुवासनाको नाश गर्दछ, ३. दीक्षा असल गुरुको मुखबाट प्राप्त गरिन्छ।

यी तीनवटा कुराहरूबाहेक दीक्षाका सम्बन्धमा ख्याल गर्नुपर्ने अर्को कुरा हो दीक्षा प्राप्त गर्ने व्यक्ति वा शिष्य। दीक्षाका लागि कस्तो व्यक्ति अधिकारी हुन्छ भन्ने कुराले पनि विशेष महत्त्व राख्दछ। त्यसैले यिनै विषयवस्तुहरूको सेरोफेरोमा रही प्रस्तुत लेखमा दीक्षाको परिचय, यसको महत्त्व र अनिवार्यतालाई स्पष्ट्याउने उद्देश्य राखिएको छ।

२.१ ज्ञान अभिव्यक्तिको साधनका रूपमा दीक्षा- मिथ्याज्ञान वा अपूर्ण ज्ञान जन्ममरणरूप संसारको मूल कारण हो भने उक्त अपूर्ण ज्ञान वा मिथ्याज्ञानको विरोधी तत्त्वज्ञान संसारको प्रतिपक्षरूप मोक्षको एक मात्र कारण हो।[८] उक्त ज्ञान पौरुष र बौद्ध भेदले दुई प्रकारको मानिएको छ।[९]

२.१.१ पौरुष ज्ञान- बाह्यइन्द्रिय तथा अन्तःकरण (मन, बुद्धि र अहंकार) को निरपेक्षतामा आत्मा र चैतन्यशक्तिको नित्य सम्बन्धबाट उत्पन्न हुने निर्विकल्पक ज्ञानलाई पौरुष ज्ञान भनिन्छ। परमेश्वरसँग परम तादात्म्य प्राप्त भएपछि सम्पूर्ण विश्वब्रह्माण्ड र यावत् पदार्थमा निर्विकल्प भावले पूर्णतया आफ्नोपनको बोध हुनु अथवा आफूलाई शिवमय ठान्नु नै यस ज्ञानको लक्षण हो। गुरुबाट दीक्षा प्राप्त गरेर वेद तथा आगम आदि शास्त्रहरूको श्रवण, अध्ययन, जप, याग, आदिको अधिकार प्राप्त भएपछि तिनै शास्त्रहरूको अध्ययन, मनन, निदिध्यासनपूर्वक निश्चयात्मक बौद्ध ज्ञानको उदय हुन्छ। त्यसपछि मात्रै पौरुष ज्ञानको उदयका लागि बाटो खुल्दछ त्यसैले निर्विकल्पक पौरुष ज्ञानको उदयका लागि दीक्षाको महत्त्वपूर्ण भूमिका देखिन्छ।

२.१.२ बौद्ध ज्ञान- वेद एवं तन्त्र तथा आगम आदि शास्त्रहरूको श्रवण, अध्ययन, मनन र निदिध्यासनबाट शरीर, इन्द्रिय, प्राण आदि आत्मा होइनन् भन्ने जुन निश्चयात्मक ज्ञानको उदय हुन्छ त्यसलाई बौद्ध ज्ञान भनिन्छ। शास्त्रको अध्ययनपूर्वक हेय (त्याज्य) र उपादेय (ग्राह्य) को विश्लेषण, विधिनिषेधमीमांसा आदिका माध्यमबाट बौद्ध ज्ञानको उदय हुन्छ। वेद तथा आगम आदि शास्त्रहरूको श्रवण र अध्ययनका लागि दीक्षा लिनु अनिवार्य मानिएको छ। दीक्षा नलिइकन आगम आदि शास्त्रहरू श्रवण गर्ने अधिकार प्राप्त हुँदैन किनभने दीक्षा नलिएका व्यक्तिहरूका अगाडि शैवशास्त्रको उच्चारण पनि नगर्नू भन्ने शास्त्रको वचन पाइन्छ।[१०] शैवशास्त्रको उच्चारण नगर्नू भन्ने वचनबाट अन्य शास्त्रको हकमा पनि सोही नियम लाग्छ भन्ने बुझ्नुपर्दछ किनभने बिरालोबाट दूध जोगाउनू भन्नुको तात्पर्य बिरालोबाट चाहिँ जोगाउनू तर कुकुर, काग आदि आएर खाए भने हेरिरहनू भन्ने अर्थ कदापि बुझिँदैन। गुरु अथवा शिक्षकबाट नसिकिकन कुनै विषयमा प्रवृत्त हुँदा त्यसबाट लाभ हासिल हुनुको साटो हानि नै हुने तथ्य लोकमा

---

५ परमहंस मिश्र(व्याख्याकार), कुलार्णवतन्त्र, (वाराणसी : चौखम्भा सुरभारती प्रकाशन, प्रथम संस्करण, २००२ ई.सं.), १७ उल्लास, ५१ श्लोक, पृ.३२।

६ विद्यानाथ उपाध्याय (सम्पादक), तन्त्रचिन्तामणि,(दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय, वि. सं.२०५४),२ प्रकाश, ९५ श्लोक, पृ. ३२।

७ राधेश्याम चतुर्वेदी (सम्पादक) श्रीतन्त्रालोक, प्रथम भाग (वाराणसी : चौखम्बा विद्याभवन, २००२ ई.सं.),१ आह्निक,पृ. ६७।

८ पूर्ववत्, २२ श्लोक, पृ. ४५।

९ पूर्ववत्, ३६ श्लोक, पृ. ६१।

१० पूर्ववत् , पृ. ६९।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभवसिद्ध छ त्यसैले निश्चयात्मक बौद्ध ज्ञानको उदयका लागि दीक्षा लिनु अनिवार्य देखिन्छ। यसप्रकार निश्चयात्मक बौद्ध ज्ञानको उदयका लागि दीक्षा प्रारम्भिक सर्तका रूपमा देखिन्छ भने दीक्षापूर्वक बौद्ध ज्ञानको उदय भएपछि बौद्ध अज्ञानको विस्तार समाप्त हुँदामात्र निर्विकल्पात्मक पौरुष ज्ञानको उदय सम्भव हुने भएकाले पौरुष ज्ञानको उदयमा पनि दीक्षाको भूमिका अनिवार्य देखिन्छ।

२.२ पशुपाशविमोचक शक्तिका रूपमा दीक्षा– मलरूप पाशले बाँधिएकाले नै आत्मालाई पशु भनिएको हो। पारमार्थिक दृष्टिले आत्मा पूर्ण तथा शिवस्वरूप भए तापनि त्यसलाई अपूर्ण, परिच्छिन्न र शुभ एवं अशुभ वासनाले युक्त बनाउने काम पाशले नै गर्दछ। पाश मुख्यत : तीन प्रकारका छन्। ती हुन् – आणव, मायीय र कार्मरूप पाशको आवरण रहनु नै पशुवासना हो।

२.२.१ आणवमल– आत्माको ज्ञानशक्ति र क्रियाशक्तिलाई अवरोध गर्ने र पारमार्थिक दृष्टिले पूर्ण र शिवत्वसम्पन्न आत्मालाई संकुचित गर्ने पाश (बन्धन) लाई आणवमल भनिन्छ। असीम, पूर्ण, व्यापक शिवलाई अणुरूप (ससीम, अपूर्ण, देश र कालबाट परिच्छिन्न) बनाउने भएकाले यसलाई आणव मल भनिएको हो। स्वातन्त्र्यशक्तिले युक्त आनन्दात्मक स्वयंप्रकाशस्वरूप शिवतत्त्व जव संसारदशामा उल्लसित बन्न चाहन्छ तब आफ्नो असीम स्वातन्त्र्यशक्तिका माध्यमबाट आफैँमा विभिन्न पाशरूप मलको सिर्जना गरी आफ्नो सर्वज्ञत्व र सर्वकर्तृत्व रूपलाई ढाकी पशुवासनाले युक्त पुरुषको रूपमा संसारी बन्छ भन्ने अद्वैत शैवदर्शनको मत रहेको छ। त्यसैले शिवको आफ्नै स्वातन्त्र्यशक्तिद्वारा उत्पन्न ज्ञानशक्ति र क्रियाशक्तिको अवरोधक अपूर्ण ज्ञानस्वरूप आणव मल पौरुष र बौद्ध भेदले दुई प्रकारको छ।

२.२.१.१ पौरुष अज्ञान– आत्मामा अनात्माको अभिमानरूप अज्ञानलाई पौरुष अज्ञान भनिन्छ अर्थात् नित्य, शुद्धबुद्ध, चैतन्य, स्वप्रकाशरूप आत्मामा आत्मबोध नहुनु नै पौरुष अज्ञानको लक्षण हो। पौरुष अज्ञानरूप आवरणका कारण नै जीवमा आफ्नो परिपूर्ण स्वातन्त्र्य र शिवत्वको बोध हुँदैन। दीक्षाद्वारा साक्षात्रूपमा यस किसिमको पौरुष अज्ञानको क्षय हुन्छ।[११]

२.२.१.२ बौद्ध अज्ञान– शरीर, इन्द्रिय, प्राण आदि अनात्मामा आत्माको अभिभानरूप अज्ञानलाई बौद्ध अज्ञान भनिन्छ। बौद्ध अज्ञानका कारण नै आत्मामा संकोच पैदा हुन्छ र उसको पूर्ण स्वातन्त्र्यको अभिव्यक्ति हुँदैन। जब गुरुबाट दीक्षा प्राप्त गरेपछि वेद तथा आगम आदि शास्त्रहरूको श्रवण र अध्ययनको अधिकार प्राप्त हुन्छ तब शास्त्रको अध्ययन र मननबाट शरीर, इन्द्रिय, प्राण आदि आत्मा होइनन् भन्ने निश्चयात्मक बौद्ध ज्ञानको उदय हुन्छ। निश्चयात्मक बौद्ध ज्ञानको उदय भएपछि अनात्मालाई आत्मा ठान्ने जुन बौद्ध अज्ञान हो त्यसको विस्तार समाप्त हुन्छ। त्यसपछि बौद्ध अज्ञानका कारण उत्पन्न हुने भेदप्रथा (बौद्ध अज्ञानका कारण नै जीवमा शिव र आफूमा भेद देख्ने मायारूप पाशको उदय हुन्छ, यसैलाई शास्त्रीय शब्दमा भेदप्रथा भनिन्छ) समाप्त हुन्छ र शिवसँग आफ्नो एकत्वको बोध हुन्छ। यस प्रकार बौद्ध अज्ञानको निवृत्तिका लागि सद्गुरुबाट दीक्षा प्राप्त गरी वेद एवं आगम तथा तन्त्रशास्त्रहरूको श्रवण, अध्ययन र मननमा अधिकार प्राप्त गर्नु अनिवार्य देखिन्छ।

२.२.२ मायीय मल– पौरुष र बौद्ध अज्ञानरूप आणव मलद्वारा ढाकिएपछि असीम, परिपूर्ण, व्यापक शिव जब ससीम, अपूर्ण र देश एवं कालबाट परिच्छिन्न भएर जीवभावमा प्राप्त हुन्छ तब ऊ आफूलाई शिवबाट भिन्न ठान्न थादल्छ। यही भिन्नवेद्यप्रथा नै मायीय मल हो। आफूलाई शिवबाट भिन्न ठान्न थालेपछि ऊ मायासहित मायाका पाँचवटा कञ्चुक (चोलो) रूप काल, कला, विद्या, राग र नियतिद्वारा ढाकिन्छ। त्यसको फलस्वरूप उसको पूर्ण कर्तृत्व र ज्ञातृत्व सीमित बन्न पुग्छ, निरभिलाषस्वरूपबाट सीमित विषयवासनाप्रति भोगको अभिलाषा राख्ने बन्न पुग्छ र शुभ एवं अशुभ कर्मले दिने नियत फल भोग्न विवश हुँदै पशुभावमा प्राप्त हुन्छ।

---

११ पूर्ववत्, पृ. ७२।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२.२.३ कार्म मल– मायीय मलको आवरणले ढाकिएपछि जब जीवको पूर्ण कर्तृत्व र ज्ञातृत्व सीमित बन्न पुग्छ र विश्वभुक् (विश्वलाई नै भोग गर्ने) अर्थात् असीम स्वरूपबाट सीमित विषयवासनाप्रति भोगको अभिलाषा राख्ने सीमित भोक्तृत्वावस्थामा प्राप्त हुन्छ तब धर्म तथा अधर्मरूप कर्मको वशीभूत भएर सुख र दुःखलाई झेल्दै कर्मबन्धनमा फस्दछ। सोही सुख र दुःखको लक्षणले युक्त पुण्य एवं अपुण्य वासनात्मक कर्म नै जन्म तथा विषयभोगको कारण हो र त्यही नै बन्धन हो त्यसैले यसलाई कार्म मलको संज्ञा दिइएको छ। कर्म नै शरीर, विषय र इन्द्रियको मुख्य कारण भएकाले[१२] कर्मबाट जन्मिएको बन्धनलाई कार्म मल भनिएको हो।

यसप्रकार मुख्यतः आणव, मायीय र कार्मरूप तीन प्रकारका पाशहरूले जेलिएर सर्वज्ञत्व सर्वकर्तृत्वसम्पन्न शिवभावबाट पशुभावमा परिणत हुँदै जीव संसारी बन्छ र पशुवासनाको संस्कारले पटकपटक संसारचक्रमा घुमि-रहन्छ। त्यसैले पशुवासनाको क्षय नभएसम्म सर्वज्ञत्व र सर्वकर्तृत्वरूप शिवभावको अभिव्यक्ति हुन सक्दैन। यस्तो पशुवासनालाई नष्ट गर्ने काम दीक्षारूप शिवको क्रियाशक्तिबाट नै सम्भव हुन्छ भन्ने शास्त्रको वचन रहेको छ।[१३]

३.दीक्षाविधानमा गुरु– मायिक जगत्मा मिथ्याज्ञान वा अपूर्ण ज्ञानका कारण कर्मबन्धनमा परी पशुरूप आत्मा अनादिकालदेखि पुण्य एवं अपुण्यात्मक कर्म गर्दै र तदनुरूप फल भोग्दै संसारचक्रमा घुमिरहेको छ। जबसम्म अपूर्ण ज्ञानको क्षय हुँदैन र आफूलाई शरीर, इन्द्रिय, प्राण आदिबाट भिन्न पूर्ण स्वतन्त्रतासम्पन्न सच्चिदानन्दमय रूपमा बोध गरिँदैन तबसम्म जन्ममरणरूप संसारको निवृत्ति सम्भव छैन। अनादि कालदेखि अज्ञानको वशीभूत भएर संसारचक्रमा फसेको जीवलाई जसले अनुग्रहपूर्वक ज्ञान प्रदान गरी अज्ञानबाट मुक्त गर्दछन् र आत्मामा रहेको सम्पूर्ण संकोचलाई पन्छाई सर्वज्ञत्व सर्वकर्तृत्वरूप पूर्ण स्वातन्त्र्यको अभिव्यक्ति गराई शिवका साथ अभिन्नता बोधद्वारा शिवानन्दको अकृत्रिम अनुभूतिमा सहयोग गर्दछन् उनैलाई गुरु भनिन्छ।

आत्मामा रहेको संकोचको अपसारण भई आफ्नो पूर्ण स्वातन्त्र्यको अभिव्यक्ति नै शिवज्ञान हो। जुन शिवबाट नै उत्पन्न हुन्छ र जसले जीवलाई पुनः शिवरूपमा नै स्थापित गर्दछ त्यसैले वस्तुतः शिव नै गुरु हुन्, गुरु नै शिव हुन्। स्वयं परमेश्वर शिव नै गुरुको शरीरमा अधिष्ठित भएर कृपापूर्वक दीक्षाका माध्यमबाट शिष्यरूप पशुआत्माको सम्पूर्ण बन्धनहरूलाई छेदन गर्दछन् र पूर्ण ज्ञानको अभिव्यक्ति गराउँछन्।[१४] योग्य शिष्यको उद्धार गर्नु र अयोग्यलाई योग्य बनाएर उसलाई संसाररूपी बन्धनबाट मुक्त गर्नु नै गुरुको कार्य हो। गुरुले विवेकवैराग्ययुक्त वेदान्तयुक्तिद्वारा अपद्यलाई पनि पद्यरूपमा परिणत गराउँछन् र उसलाई तत्काल ज्ञानका माध्यमबाट जगाउँछन्।[१५]

यसप्रकार स्वयं परमेश्वर शिवले नै गुरुका रूपमा आफ्नो क्रियाशक्तिरूप दीक्षाका माध्यमबाट शिष्यरूप पशुमा रहेको पशुवासनालाई नष्ट गरी अधिकार र योग्यताको तारतम्यले पुन : आफ्नो पूर्ण ज्ञत्व र कर्तृत्वरूप शिवभावमा स्थापित गर्ने भएकाले दीक्षाविधानमा गुरुको महत्त्व घामजत्तिकै छर्लङ्ग देखिन्छ।

४. दीक्षाविधानमा शिष्य– दीक्षा भनेको गुरुले शिष्यको आत्मसंस्कारका लागि सम्पन्न गर्ने क्रियाविशेष भएकाले दीक्षाविधानमा शिष्यको पनि महत्त्वपूर्ण भूमिका रहन्छ। दीक्षाबाट प्राप्त हुने परिणाम दीक्षा प्राप्त गर्ने व्यक्तिको योग्यता र उसको फलको आकांक्षामा निर्भर रहन्छ। त्यसैले गुरुले शिष्यको राम्ररी परीक्षा गरेर वा ऊ भोगको इच्छुक हो या मोक्षको ? त्यो सोधेर अधिकारपूर्वक दीक्षाकर्म गर्नू भनिएको पाइन्छ।[१६]

यसको तात्पर्य के हो भने खराब शिष्यलाई ज्ञान दिनु शास्त्रको अपमान गर्नु र ज्ञानको दुरूपयोग गर्नु हो। विभेत्यल्पश्रुताद्वेदो मामयं प्रहरिष्यति अर्थात् अल्पज्ञले मलाई प्रहार गर्छ भनेर वेद डराउँछ रे। खराब व्यक्तिको

---

१२ मधुसूदन कौल (सम्पादक), ईश्वरप्रत्यभिज्ञाविवृत्तिविमर्शिनी, (दिल्ली :बुयला एन्ड कम्पनी, १९८४ ई.सं.) आगमाधिकार, आह्निक २, पृ. २२८।

१३ पूर्ववत्।

१४ गोपीनाथ कविराज, भारतीय संस्कृति और साधना, (पटना : विहार राष्ट्रभाषा परिषद्, १९९६ ई.सं.) पृ. २५९।

१५ पूर्ववत् पृ. २६१।

१६ राधेश्याम चतुर्वेदी(सम्पादक) श्रीतन्त्रालोक, प्रथम भाग (वाराणसी : चौखम्बा विद्याभवन, २००२ ई.सं.),१५ आ., २० श्लो. पृ. ६७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हातमा परेको असल कुरा पनि खराब काममा उपयोग हुन्छ भन्ने अनुभवसिद्ध कुरा हो। उदाहरणका लागि सर्पले दूधलाई पनि विषमा परिणत गरिदिन्छ तर गाईले घाँसलाई दूधमा परिणत गरिदिन्छ। त्यसैले शिष्यको राम्ररी परीक्षा गरेर मात्र उसलाई दीक्षा दिनू भन्ने शास्त्रको कथन युक्तिसंगत देखिन्छ। शारदातिलक नामक तन्त्रग्रन्थका अनुसार दीक्षा प्राप्त गर्न योग्य हुनका लागि शिष्यमा निम्नलिखित गुणहरू हुनु आवश्यक छ।[१७] १. कुलीन २. शुद्ध स्वभाव भएको ३. पुरुषार्थमा लागेको (अल्छीपनलाई त्यागेको) ४. निर्देश गरिएको कार्य दक्षतापूर्वक सम्पन्न गर्न सिपालु ५. कामवासनादेखि टाढा रहेको, ६. सम्पूर्ण प्राणीको कल्याण चाहने ७. ईश्वरमा आस्था भएको ८. स्वधर्ममा श्रद्धापूर्वक लागेको ९. आमाबाबुको कल्याणमा तत्पर रहने १०. तन, मन र धनले गुरुको सेवासुश्रूषा र आज्ञापालनमा तत्पर रहने ११. जाति, विद्या र धनको घमण्ड नभएको १२. मन्त्र पूजा आदिको रहस्यलाई गोप्य राख्ने र १३. आगमशास्त्रवेत्ताहरूप्रति नतमस्तक रहने आदि।

जसमा यी गुणहरू विद्यमान छैनन् तिनीहरूले निश्चित समयसम्म गुरुको सान्निध्यमा रहेर गुरुको सेवा, सुश्रूषा र उपदेशबाट माथि भनिएका गुणहरू आफूमा विकसित गरी दीक्षाका लागि आफूलाई सुयोग्य बनाउन सकिने व्यवस्था तन्त्रशास्त्रमा उल्लेख गरिएको छ।[१८]

त्यसैले आफूमा योग्यता र अधिकार नभईकन फलको आकांक्षाले शास्त्रमर्यादाविपरीत दीक्षाग्रहण गर्दा र गराउँदा पनि त्यसले हानि गर्ने हुनाले शिष्यले धैर्य र तत्परतापूर्वक आफूलाई सुयोग्य बनाउनुपर्दछ र गुरुले पनि शिष्यको राम्ररी परीक्षा गरी सुयोग्य शिष्यलाई दीक्षा प्रदान गर्नुपर्दछ। यसो भयो भने मात्र शास्त्रीय परम्पराको निर्वाह भई अभीष्ट फल प्राप्त गर्न सकिन्छ।

५. उपसंहार– ज्ञान प्रदान गर्ने र पशुवासनालाई नष्ट गर्ने दीक्षारूप क्रियाविशेष परम शिवको क्रियाशक्ति हो। वस्तुतः ज्ञानशक्ति नै विस्तारित हुँदै क्रियाशक्तिको रूपमा स्फुरित हुन्छ भने संहारक्रममा क्रियाशक्ति नै ज्ञानशक्तिमा लय हुन्छ। जब दीक्षाका माध्यमबाट पशुवासनाको क्षय भई ज्ञानको उदयका लागि मार्ग प्रशस्त हुन्छ तब दीक्षा रूप क्रियाशक्ति ज्ञानशक्तिमा एकाकार हुन्छ र पूर्ण अद्वैत भावको बोध भई शिवानन्दको अभिव्यक्तिस्वरूप मोक्षलाभ हुन्छ त्यसैले आध्यात्मिक साधनामा दीक्षालाई विशेष महत्त्व दिइएको पाइन्छ। अतः भोग र मोक्षरूप दुवै फलको कामना राख्ने व्यक्तिले आफूमा दीक्षा प्राप्त गर्ने योग्यता हासिल गरी सद्गुरुको आश्रय लिएर दीक्षाका माध्यमबाट अभीष्ट सिद्ध गर्नु उचित देखिन्छ।

सन्दर्भग्रन्थसूची

१. कविराज, डा. गोपीनाथ : भारतीय संस्कृति और साधना, पटना, विहार राष्ट्रभाषा परिषद्, ई.सं. १९९६।

२. कौल, मधुसूदन (सम्पादक) : ईश्वरप्रत्यभिज्ञाविवृत्तिविमर्शिनी, दिल्ली, बुयला एण्ड कम्पनी, ई.सं. १९८४।

३. चतुर्वेदी, डा. राधेश्याम (सम्पादक) : श्रीतन्त्रालोक, वाराणसी, चौखम्बा विद्याभवन, ई.सं. २००२।

४. झा, मुकुन्द (सम्पादक) शारदातिलक,(वाराणसी : चौखम्भा संस्कृत सिरिज अफिस, १९६३ ई.सं.।

५. बौमेर, बेटिना (सम्पादक) : श्रीपरात्रींशिका, दिल्ली, मोतीलाल बनारसीदास, ई.सं. १९८८।

६. भट्ट, विद्यानाथ उपाध्याय (सम्पादक) : तन्त्रचिन्तामणि, दाङ, महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५४।

७. भट्ट, विद्यानाथ उपाध्याय : तन्त्रविद्यालोक, काठमाडौं, अन्नपूर्णा उपाध्याय भट्ट, वि.सं. २०६२।

८. विद्यारत्न, तारानाथ र वुडरुफ, सरजोन(सम्पादक) : कुलार्णवतन्त्र, दिल्ली, मोतीलाल बनारसीदास, ई.सं. १९७५।

१०. त्रिपाठी, वासुदेव र अन्य(सम्पादक) : नेपाली, वृहत् शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०५५।

११. Sally Wehmier and others (Editior), Oxford Advanced Learner's Dictionary,7th edition, New York, Oxford University press, 2005 A.D.

---

१७ मुकुन्द झा (सम्पादक) शारदातिलक, (वाराणसी : चौखम्भा संस्कृत सिरिज अफिस, १९६३ ई.सं.), २ पटल, १४५–१५२ श्लोक, पृ. ६८–६९।

१८ पूर्ववत्, १५३ श्लोक,पृ. ७०।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौटिल्यको शक्ति सिद्धान्त

सहप्रा. डा. लालमणि पाण्डेय

परिचय

शक्तिको अध्ययन वर्तमान राजनीतिशास्त्रको अत्यधिक महत्त्वपूर्ण विषय मानिन्छ। राज्य र सरकारको अध्ययन गर्ने शास्त्रको रुपमा परिभाषित राजनीतिशास्त्र शक्तिको अध्ययन गर्ने शास्त्रको रुपमा बदलिएको छ। शक्तिसंग सम्बन्धित मानव व्यवहारको अध्ययन गर्ने शास्त्रको रूपमा राजनीतिशास्त्रको परिभाषा गरिएबाट नै शक्ति राजनितिशास्त्रको अध्ययनको केन्द्रविन्दु बन्न पुगेको स्पष्ट हुन्छ। राजनीतिक चिन्तनको प्रारम्भदेखि नै पूर्वीय एवं पाश्चात्य चिन्तकहरुले शक्तिको अध्ययनलाई महत्त्वपूर्ण स्थान दिएको पाइन्छ। पाश्चात्य राजनीतिक चिन्तन ई. पू. चौथो शताब्दीमा ग्रिसमा प्रारम्भ भएको मानिन्छ। त्यस समयमा ग्रिक चिन्तक सोक्रेटस, प्लेटो र अरस्तुले शक्तिको महत्त्व स्वीकार गरेका छन्। आधुनिक कालमा मेकियावेलीले शक्तिका विषयमा प्रकाश पारेका छन्। (Max Weber, 1864, 192) ले निश्चित भूभाग भित्र आदेश पालना गराउन प्रयोग हुने सत्ता र शासनको अध्ययनलाई नयाँ उचाइमा पुऱ्याए। क्याटलिन, चार्लस मेरियम, हेरल्ड लास्वेल, हेन्स जे मरगेन्थाउ आदि विद्वान्हरुले शक्तिलाई मौलिक सिद्धान्तको रुपमा स्वीकार गरेका छन्। Harold Lasswell ले राजनीतिशास्त्रलाई शक्तिको स्वरूप निर्धारण गर्ने तथा शक्ति हिस्सेदारीबारे (The study of the shaping and sharing of power) अध्ययन गर्ने शास्त्र भनेका छन्। (Lasswell and Kaplan,1950, 240) Hans J Morgenthau ले बीसौँ शताब्दीमा आएर अन्तराष्ट्रिय राजनीतिलाई शक्ति प्राप्त गर्न र त्यसको प्रयोग गर्नका निम्ति राज्यहरु बीचको संघर्ष (Struggle for and use of power among nations) (Morgenthau, 1954, 14) मानेका छन्।

हिन्दु राजनीतिक चिन्तनमा शक्तिको चर्चा पाश्चात्य चिन्तन भन्दा धेरै पहिले देखिनै भएको पाइन्छ। संस्कृतमा राजनितीशास्त्रलाई दण्डनीति भनिन्छ। दण्डनीतिका साथै राजधर्म, अर्थशास्त्र, नीतिशास्त्र र नयशास्त्र पनि राजनीतिशास्त्रको निम्ति प्रयोग भएका शब्दहरू हुन्। तर दण्डनीति रानीतिशास्त्रको सबभन्दा प्राचीन र धेरै चिन्तकहरूले प्रयोग गरेको नाम हो। वामन शिवराम आप्टेले दण्ड शब्दको अर्थ राजदण्ड, राज्य सत्ताको प्रतीक (the sceptre of a king, the rod is a symbol of authority and punishment) का रुपमा गरेका छन्। कौटिल्यका अनुसार समस्त सांसारिक जीवनको मूल आधार दण्ड हो। (कौटिल्य, २०००, १, ३) दण्ड वा राज्य सत्ताको प्रयोग सम्बन्धी ज्ञान गराउने शास्त्रको नाम दण्डनीति हो। यस बाट हिन्दुहरुको राजनीतिक चिन्तनको केन्द्रविन्दु शक्ति र सत्ता रहेको कुरा स्पष्ट हुन्छ। यतिमात्र होइन शक्तिको परिभाषा, किसिम र यसबाट प्राप्त गर्न सकिने उपलब्धीका सम्बन्धमा इ पू चौथो शताब्दीको अन्त्यतिर अर्थात Aristotle का समकालीन कौटिल्यले आफ्नो राजनीतिक अर्थशास्त्रमा लेखिएको पुस्तक अर्थशास्त्रमा स्पष्ट उल्लेख गरेका छन्। कौटिल्य पछिका लेखकहरु कमन्दक, चण्डेश्वर आदिले पनि शक्तिको उल्लेख गरेका छन्। कौटिल्यको शक्ति सिद्धान्त माथि प्रकाश पार्ने उद्देश्यले प्रस्तुत लेख शक्ति सिद्धान्तका विश्लेषणमा केन्द्रित रहेको छ।

शक्तिको परिभाषा

राजनीतिक विश्लेषण शक्ति, शासन र सत्ताको परिवेशमा केन्द्रित रहन्छ। प्रत्येक व्यक्तिले आफ्नो इच्छा पूरा गर्न प्रयत्न गर्दछ। यसको निम्ति व्यक्तिले अरुको इच्छालाई नियन्त्रण गर्नु पर्ने हुन्छ। अरुको इच्छालाई नियन्त्रण गर्ने र आफ्नो अनुकुल कार्य गराउन सक्ने क्षमतालाई शक्ति भनिन्छ। Bertrand Russell का अनुसार त्जभ अबउबअष्तथ तय ष्लागिभलअभ तजभ बअतष्यलक या यतजभचक नै शक्ति हो। ९च्गककभर्गि, झढघठ० राजनीतिशास्त्रमा शक्ति भन्नाले राजनीतिक शक्ति भन्ने बुझ्नु पर्दछ। राज्य र सरकारले शक्तिको प्रयोग गर्दछन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राजनीतिक शक्ति राज्यको सैनिक शक्ति भन्दा भिन्न हुन्छ। सैनिक शक्ति राजनीतिक शक्तिको पृष्ठभूमीमा रहन्छ र राजनीतिक शक्तिको अंग मानिन्छ। बल र शक्ति समान चिज होइनन्। बल प्रयोग गर्न सक्ने क्षमता शक्ति हो तर कौटिल्यले बललाई राज्य शक्तिको आधार मानेका छन्। लक्ष्य प्राप्त गर्न शक्तिको प्रयोग गरिन्छ र लक्ष्य भनेको सुख प्राप्ति हो।[1] (कौटिल्य, २०००, ६, ९७, २) शक्तिको प्रयोगबाट नै लक्ष्य प्रप्त हुन्छ भन्ने कौटिल्यको मत छ । तर वर्तमान राजनीतिशास्त्रमा शक्ति र बलमा अन्तर मानिन्छ। शक्ति बलको प्रयाय होइन। बल शक्तिको प्रकट रुप हो। शक्ति अप्रकट तत्व हो। शक्ति भित्र बल रहन्छ। शक्ति बलको तुलनामा व्यापक हुन्छ।

कौटिल्यले शक्ति र सत्तामा कुनै अन्तर देखाउँदैनन्। शक्तिको समुचित प्रयोग हिन्दु राजनीतिक चिन्तनको महत्त्वपूर्ण विषय रहेको देखिन्छ। शक्ति प्रयोगको निम्ति चार उपाय हिन्दु राजनीतिक चिन्तनमा प्रस्ताव गरेको पाइन्छ। साम, दान, भेद र दण्ड चार उपाय हुन्। यिनीहरुको प्रयोग क्रमशः गर्नु पर्ने बृहस्पतिको मत छ।[2] (बृहस्पति, १९२४, ५, ८) कौटिल्यले शक्ति प्रयोगका उपायहरू मध्ये साम कमजोर उपाय र क्रमशः दान, भेद र दण्ड शक्तिशाली उपाय मानेका छन्। (कौटिल्य, २०००, ९, १४४, ६) हिन्दु राजनीतिक चिन्तनमा राजालाई शक्ति विस्तार गर्ने प्रयत्न गर्ने सल्लाह दिइएको छ। शक्तिको वैधानिकता ९ीभनष्तष्बअथ० को समस्या प्राचीन हिन्दुहरूको राजनीतिक चिन्तनमा देखिँदैन। शास्त्रीय मर्यादा वा धर्म पूर्वक शक्तिको प्रयोग गर्न राजा स्वतन्त्र छन्।

शक्तिका प्रकार र स्रोत

शक्तिका स्रोत र प्रकारको अध्ययनबाट शक्तिको अर्थ स्पष्ट पार्न सहज हुन्छ। वस्तुत शक्ति अनेक स्रोतबाट उत्पन्न भएर विभिन्न रूपमा प्रकट हुन्छ। विद्वान्हरुबीच अत्यधिक मतभेद रहेको हुँदा शक्तिका स्रोतहरुको पूर्ण सुची दिन सम्भव छैन। राज्यको भूगोल प्राकृतिक सम्पदा, आर्थिक विकास, नेतृत्व, मनोबल, प्रविधिको ज्ञान, कुटनीतिक क्षमता, सूचना, सैनिक शक्ति आदि आधुनिक मान्यता अनुसार राष्ट्रिय शक्तिका स्रोतहरु हुन्। हिन्दु राजनीतिक चिन्तनमा तीन किसिमका शक्तिको विवेचना गरेको पाइन्छ। कौटिल्यका अनुसार मन्त्र शक्ति, प्रभुशक्ति र उत्साह शक्ति तीन प्रकारका शक्ति छन्। ज्ञानको बललाई मन्त्रशक्ति, कोशदण्ड बललाई प्रभुशक्ति र विक्रमबललाई उत्साह शक्ति भनिन्छ। (कौटिल्य, २०००, ६, ९६, १) कामान्दकले तीन प्रकारका शक्तिमा मन्त्र, प्रभाव र उत्साह शक्तिको उल्लेख गरेका छन्। (कामन्दक, २०२८, १२, १७, ७)। यसरी शक्तिको वर्गीकरण स्रोतका आधारमा गरिएको देखिन्छ।

ज्ञानबलं मन्त्रशक्तिः

मन्त्रशक्ति भनेको परामर्शदाताको परामर्श वा सल्लाह हो। परामर्शको स्रोत ज्ञान हो। ज्ञानी व्यक्तिहरुको परामर्शबाट उचित मार्गदर्शन प्राप्त हुने र उपयुक्त निर्णय गर्न सकिने हुँदा राज्य शक्तिको आधार दण्डनीतिको उचित ज्ञान हो। अन्य शक्ति भन्दा मन्त्रशक्ति महत्त्वपूर्ण मान्ने गरेको पाइन्छ। (कामन्दक, २०२८, १२, १७, ७) वर्तमान राजनीतिशास्त्रमा पनि ज्ञानलाई शक्तिको महत्त्वपूर्ण स्रोत मानिन्छ।

कोशदण्डबलं प्रभु शक्तिः

कोश र दण्डको बललाई प्रभु शक्ति भनिएको छ। कोशको अर्थ आर्थिक स्रोत हो। आर्थिक सम्पन्नता राज्यको शक्तिको स्रोत हो। दण्डको अर्थ यहाँ सैनिक क्षमतासँग छ। आर्थिक सम्पन्नता भएपछि मात्र सैनिक क्षमता सुदृढ हुन सक्छ। आर्थिक र सैनिक क्षमतालाई कौटिल्यले प्रभु शक्ति ९क्यखभचभष्नल एयधभच० मानेका छन्। कामन्दकले प्रभुशक्तिको सट्टा प्रभावशक्ति शब्दको प्रयोग गरेका छन्। तर प्रभु र प्रभाव शक्ति समान अर्थमा लिइएको छ।

---

१. बलं शक्तिः। सुखं सिद्धिः।

२. सामपूर्वं प्रयोक्तव्यम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विक्रमबलमुत्साहशक्ति

विक्रमबललाई उत्साहशक्ति भनिएको छ। विक्रमबलको अर्थ शारीरिक तन्दुरुस्ती र उच्चमनोबल हो। शासक र सेनाको शारीरिक तन्दुरुस्ती र उच्च मनोबललाई उत्साह शक्ति भनिएको हो।

शक्तिको प्रयोग

शक्तिको प्रयोग देश, काल विचार गरेर गर्नु पर्छ। (कौटिल्य, २०००, ९, १३६, १) शक्तिको प्रयोग राज्यको हितका निम्ति गर्नु पर्ने कौटिल्यको धारणा छ। शक्तिबाट प्राप्त हुने उपलब्धिलाई उनले सिद्धि भनेका छन्। मन्त्रशक्तिबाट मन्त्रसिद्धि, प्रभुशक्तिबाट प्रभुसिद्धि र उत्साह शक्तिबाट उत्साह सिद्धि हुन्छ। शक्तिको प्रयोग राज्यभित्र सुशासन कायम गर्नुका साथै राज्य विस्तार गरी चक्रवर्ती राज्य (भ्उष्चभ) निर्माणका लागि गर्नु पर्ने कौटिल्यको विचार छ।

निष्कर्ष

हिन्दु राजनीतिक चिन्तकहरूले राजनीतिक चिन्तनमा राज्यशक्तिलाई महत्त्वपूर्ण विषयको रूपमा लिएको देखिन्छ। कौटिल्य राजनीतिशास्त्रमा शक्ति सिद्धान्तको व्याख्या गर्ने प्रथम विद्वान् हुन्। प्रभुशक्ति वा प्रभावशक्ति भन्नाले राजाको व्यक्तिगत प्रभाव हो। मन्त्रशक्ति परामर्शदाताको सल्लाह हो। राजकीय बल, उत्साह र सेना उत्साहशक्ति भित्र समेटिएका छन्। यी तीन शक्तिद्धारा नै राज्य सुदृढ, सुव्यवस्थित, सुखी, समृद्ध एवं अजेय बन्दछ। तीन शक्तिमेध्ये पनि प्रभुशक्ति मुख्य शक्ति हो। मन्त्रशक्ति र उत्साहशक्ति सम्पन्न प्रभुशक्ति विजय प्राप्त गर्न समर्थ हुन्छ।

सन्दर्भग्रन्थसूची

कामन्दक, कामन्दकीय नीतिसार, नेपाली अनु. देवराज पौडेल (काठमाण्डौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान वि सं २०२८)

कौटिल्य, अर्थशास्त्रम्, व्याख्याकार वाचस्पति गैरोला, (वाराणासीः चौखम्बा विद्धाभवन इ सं २०००)

बृहसपति, बार्हस्पत्य अर्थशास्त्र, (लाहौर मोतीलाल बनारसीदास १९२४ ए डि)

Apte, Vamana Shivram, Sanskrit-English Dictionary, (Delhi: Nag Publishers 2002 AD)

Lasswell, Harold D and Kaplan, Abraham, Power and Society(New Haven: Yale University Press, 1950 AD)

Mclean, Iain and Mcmillan, Alistair (ed), Oxford Concise Dictionary of Politics, (New Delhi: Oxford University Press, 2004 AD)

Morgenthau, Hans J., Politics Among Nations: The Struggle for Power and Peaee, (New York: 1954)

Russell, Bertrand, Power: A New Social Analysis(London: George Allen and Unwin, 1937)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुँजीनिर्माण र आर्थिक विकास

उपप्रा. चन्द्रप्रसादपौडेल

वर्तमान आवश्यकतालाई पुरा गरी भविष्यमा आम्दानी वृद्धि ल्याउने हेतुले मानवीय तथा पूँजिगतवस्तु उत्पादनका लागि जुन श्रोत प्रयोग गरिन्छ, त्यसैलाई नै पूँजिनिर्माण भनिन्छ। सबै अर्थशास्त्रीहरूको भनाई छ -- पूँजिनिर्माण, देशको आर्थिक विकासको मुख्य निर्धारक तत्त्वहो। वास्तवमा पूँजि आधुनिक आर्थिक विकासको साँचो हो। पूँजि मानिसद्वारा निर्मित वस्तु हो। जो वचत र लगानीमा भर पर्दछ। पूँजिनिर्माणले संसारका हरेक देशको विकासमा प्रमुख स्थान ओगटेको छ। पूँजिनिर्माणबाटै देश विकासका पूर्वाधारहरू निर्माण गर्न सकिन्छ। विभिन्न आधुनिक अनुसन्धान र अन्वेषण गरी देशलाई अगाडि बढाउन सकिन्छ। पूँजिनिर्माणबाटै देशको आर्थिक कुचक्रलाई तोड्न सकिन्छ। देशको भुक्तान सन्तुलनको समस्या समाधान गर्न र विदेशीमारबाट मुक्त दिलाउन पूँजिनिर्माणको ठूलो योगदान छ।

"The meaning of Capital Formation is that the society doesnot apply the whole of its current activity to the need and desires of immediate consumption, but directs a part of it to the making of capital goods: tools and instruments, machines and transport facilities, plant and equipment." *Ranger Naurkse.*[१]

"Domestic Capital formation would include not only additions to construction equipment and inventories within the country, but also other expenditures except those necessary to sustain output at existing levels. It would include outlays on many items now comprised under consumption, e.g., outlay on education, recreation on material luxuries that contribute to the greater health and productivity of individuals and all expenditure by society that serve to raise the morale of the employed population." *Simon Kuznets.*[२]

देशमा विद्यमान बेरोजगार समस्यालाई हल गरी रोजगारमा बृद्धि ल्याउन पूँजिनिर्माणको भूमिका सरानीय रहेको छ। जसबाट देशमा बेरोजगारी व्यक्तिको आम्दानी बृद्धि हुन्छ। फलस्वरूप यस्ता व्यक्तिहरूको क्रमशक्तिमा बृद्धि हुन जान्छ। मागमा बृद्धि हुन जाँदा लगानीमा बृद्धि हुन पुग्छ। जसले गर्दा निस्क्रिय रहेको पूँजिको सदुपयोग हुन जान्छ र बचतमा पनि वृद्धि हुन पुग्छ। तसर्थ पूँजिनिर्माण देशको आर्थिक विकासको साँचो हो। पूँजिकुनै पनि देशको आर्थिक विकासका लागि नभई नहुने आर्थिक तत्त्व हो। पूँजि भन्नाले देशको राष्ट्रिय आम्दानीको त्यो भाग हो जसलाई पटकपटक आम्दानी बृद्धिका लागि प्रयोग गर्न सकिन्छ। वचत सम्बन्धमा विकासित र विकासोन्मूख मुलुकमा एउटै स्थिति हुँदैन। विकसित मुलुकहरूमा राष्ट्रिय आम्दानीको, ठूलो भाग बचत हुने हुँदा पूँजिनिर्माण प्रक्रिया प्रभावकारी भएको हुन्छ। तर विकासोन्मुख मुलुकहरूमा गरीवीको कारक पूँजिनिर्माण प्रक्रिया न्यन हुन्छ। फलस्वरूप यस्ता मुलुकहरूले मुलुकको आर्थिक विकासका लागि विदेशी मुलुकहरू वा दातृ संस्थाहरूको मुख ताक्नु पर्दछ। पूँजिनिर्माणको सन्दर्भमा विकासवादी अर्थशास्त्री भन्छन्, पूँजिनिर्माण तव हुन्छ, जब वर्तमान आम्दानी भविष्यको लगानीका लागि संचित गरिन्छ र जसद्वारा पुनःआम्दानी बढ्ने हुन्छ। पूँजिनिर्माण त्यस्तो खाले सम्पत्ति हो, जसको उद्देश्य उत्पादन वृद्धि गर्नु हो। पूँजिनिर्माण बृद्धि गर्नका लागि आर्थिक तथा सामाजिक पूर्वाधारहरू जस्तै वाटोघाटो, विद्युतशक्ति, पानी, संचारका साधनहरूको निर्माण हुन अति आवश्यक छ। देशको विकासका लागि मानविय पूँजिको पनि असिमित महत्त्व छ। दक्ष, योग्य, कुशलजन शक्तिविना देशको, आर्थिक विकास गर्न असंभव छ। यसको उदाहरणका रुपमा हामी अरवियन मुलुकहरू लाई लिन सक्छौं। पूँजिको अभावकै कारण विकासोन्मुख मुलुकहरू प्राकृतिक श्रोत र साधनको सही उपयोग आज पनि गर्न सकिरहेका छैनन्। यसैकारण यस्ता मुलुकहरू आज पनि

---

१ ML Jhingan P. 231

२ ML Jhingan P. 231

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरीब राष्ट्र कै रुपमा चिनिन्छन्। प्राकृतिक श्रोत र साधनको सदुपयोग हुन नसक्दाँ मूलुकहरू बेरोजगारी समस्यामै डुबेको छन्। देशमा उद्योग धन्धाको यथेष्ट विकास हुन सकेको छैन। तसर्थ यि सबै समस्याको समाधानका लागि पूँजिनिर्माण गरी लगानी गर्नु नितान्त आवश्यक छ।

विश्वका सम्पूर्ण मूलुकहरूका लागि पूँजिनिर्माणको आ–आफ्नै महत्त्व छ। मुलुकको आर्थिक तथा सामाजिक पूर्वाधारहरू बिना देश विकासको कल्पना पनि गर्न सकिदैन। यस्ता पूर्वाधार निर्माणका लागि प्रशस्त मात्रामा पूँजिको आवश्यकता पर्दछ। मुलुकमा यातायात, संचार, शैक्षिकएवं वित्तीय संस्थाको व्यवस्था, उर्जा, शिक्षा, स्वास्थ्यएवं सामाजिक सुरक्षाका क्षेत्रमा लगानीका लागि पूँजिनिर्माणको स्थान सर्वोपरी छ। आधुनिकयन्त्र, उपकरण, प्रविधि, सिपद्वारा नै देशलाई उन्नतिको मार्गमा लैजान सकिन्छ। देशभित्र रहेका प्राकृतिकश्रोत र साधनको समुचित सदुपयोगबाटै विकासोन्मुख देशको गरिबीलाई तोड्न सकिन्छ। उपर्युक्त सम्पूर्ण कार्यको साँचो नै पूँजि हो। तसर्थ पूँजिनिर्माण विना देशको गति नै रोकिन पुग्दछ। प्रायः विकासोन्मुख राष्ट्रहरू कृषिमा निर्भर हुन्छन्। कृषि मै अधिकांश व्यक्तिहरू निर्भर रहन्छन्। तर यस्ता मुलुकमा कृषिउत्पादन प्रविधि भने पुरानै खालको हुनछ। यसैकारण कृषिमा उत्पादन र उत्पादकत्व न्यून हुन्छ। जबसम्म कृषि क्षेत्रलाई व्यवसायी मूलक बनाइँदैन, साथै आधुनिक ढंगबाट नयाँ प्रविधि उन्नत विउ, मल, किटनाशक औषधीको प्रयोग गरिदैन तबसम्म कृषकको जीवनस्तर सुधार्न सकिदैन। कृषिजन्य उद्योगहरूको स्थापना गरी जबसम्म औद्योगिकरण तर्फ मुलुक जाँदैन। तबसम्म विकासोन्मुख शब्द मुलुकको नाममा जोडि नै रहन्छ। यी सम्पूर्ण क्रियाकलापका लागि पूँजिको आवश्यकता पर्दछ। औद्योगिक क्षेत्रहरूको विविधिकरण विस्तार अथवा आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने खालका औद्योगिक क्षेत्रको विकासमा पूँजिको महत्त्व सर्वोपरि छ। तसर्थ मुलुकमा उद्योग धन्दाको विकास गरी नयाँनयाँ रोजगारीका सु–अवसर सृजना गर्न र समग्रमा आमजनताको आयस्तर वृद्धिमा पूँजिको महत्त्व असिमित छ।

पूँजिनिर्माणका लागि सर्वप्रथम वचत गर्नु पर्दछ। वर्तमान उपभोगलाई कटौती गर्दा राष्ट्रिय आम्दानीमा वचत सृजना हुन जान्छ। भएको वचतलाई संकलित गरी बैङ्गिक तथा वित्तीय संस्थामा जम्मा गरिन्छ। यस जम्मालाई सक्षम र शाहसी उद्योगीले लगानी गर्दछन्, यसरी पूँजिलाई लगानीको रुपमा रुपान्तरित गर्न सकिन्छ। यसबाट उत्पादन बृद्धि भई उपभोग, वचतर पुनः लगानीमा सो पूँजि परिचालित हुन सक्दछ। पूँजिनिर्माणका विभिन्न श्रोतहरू छन्।

मुख्यतया यस्ता श्रोतलाई आन्तरिक र बाह्य भनिन्छ। वर्तमान आवश्यकलाई परिपूर्ति गरी बाँकी रहन गएको रकमलाई उत्पादनमूलक क्षेत्रमालगाउँदा नै पूँजिनिर्माण हुन जान्छ। मूलुकका धनी उच्चस्तरका व्यक्तिहरूको आम्दानी बढी हुन्छ। यिनीहरूले प्रशस्त मात्रामा बचत गर्न सक्दछन्। यो बचतलाई हामी पूँजिनिर्माणको एउटा श्रोतको रुपमा लिन सकिन्छ। त्यस्तै मध्यम स्तरका वर्गले अधिकांश आम्दानीको भाग खर्च गरे पनि स–सानो मात्रामा वचत गरेका हुन्छन्। यस्ता वर्गले उपर्युक्त स्थानमा मात्र पूँजिप्रयोग गर्ने हुँदा पूँजिनिर्माणको एउटा दरिलो श्रोत मानिन्छ। व्यापार एउटा जोखिमपूर्ण पेशा हो। जसमा प्रशस्तै आम्दानी गर्ने व्यक्तिहरू निकै नै हुन्छ। यिनीहरूबाट पनि प्रशस्तै पूँजि संकलन गर्न सकिन्छ। हरेक देशको सरकार पूँजिनिर्माणको प्रमुख श्रोत हो। जसले विकास बजेटलाई बढाउन सक्छ। त्यस्तै नयाँ नोट निष्कासन गर्न सक्छ। विभिन्न स्थानबाट ऋण लिन सक्छ। मूलुकका वित्तीय संस्थाहरूले स–सानो रुपमा पूँजि संकलन गरी पूँजिनिर्माण कार्य गरिरहेका हुन्छन्। प्राप्त साधन र श्रोतलाई सही सदुपयोग गरी प्रशस्त पूँजि आर्जन गर्न सकिन्छ। पूँजिनिर्माणका लागि मुलुकले आयातमा प्रतिवन्ध र निर्यातमा वृद्धि गर्न सक्नुपर्दछ। जसबाट आफ्नो धनविदेशिनबाट बच्दछ भने विदेशीधन मुलुकभित्र आउँदछ। यसरी विभिन्न तौरतरिकाबाट धनलाई संकलन गरी पूँजिनिर्माण गर्न सकिन्छ। जसबाटै मूलुकलाई नवगति दिई अग्रगामी दिशामा लैजान सकिन्छ।

सन्दर्भसूची

वामदेव सिग्देल र विष्णुबहादुर महर्जन, **विकास र योजनाको अर्थशास्त्र,** *एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी, काठ. २०५६*

वसन्त घिमिरे, **अर्थतन्त्र र विकास,** *मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, काठमाडौं–२०६५*

Joseph Schumpeter, **The Theory of Economic Development,** Harvard University Press, Cambridge, USA, 1934

Michael P. Tadaro, **Economic development in the Third World,** Orient Longman, Hyderabad, India, 1993.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बहुलवादी सिद्धान्त र नेपाली समाज

सहप्रा. डा. भेषराज अर्याल

एकत्ववाद र बहुलवादको बहस धेरै पुरानो मानिन्छ। यी दुई सिद्धान्तहरूलाई अद्वैतवाद र द्वैतवाद पनि भन्न सकिन्छ। प्राचीन ग्रिक दर्शनमा एकत्त्ववादका पक्षमा तर्कहरू भेटिन्छन्। Democritus यसका पक्षपाती थिए। ग्रीक दर्शनमानै एकत्त्ववादका विरोधी तर्कहरू पनि भेटिन्छन्[1]। त्यसपछि बहुलवादी सिद्धान्तको चर्चा ११ औं शताब्दीमा भएको देखिन्छ। बहुलवादी सिद्धान्तको जन्म सार्वभौम सत्ताको स्रोत स्वभाव र निवासस्थानसँग सम्बन्धित बहसबाट भएको हो। पछिल्लो समयमा बहुलवादी सिद्धान्त भनेको अन्य एकत्त्ववादी सिद्धान्तकार–हरूको अतिरिक्त प्रमुखरुपमा अस्टिन, हिगल लगायतका विद्वानहरूको एकत्ववादी, निरंकुश, असीमित, अमर्यादित, अविभाज्य सार्वभौम सत्ता समबन्धी सिद्धान्तको विरोधको प्रतिक्रियाको रुपमा जन्मेको हो।

एकत्ववादी सिद्धान्त पुरानो भए पनि यो खास गरेर १८ औं शताब्दीको अन्त र १९ औं शताब्दीको प्रारम्भिक वर्षहरूमा पुनः जागृत भयो। त्यस समयमा खास गरेर अस्टिनको सार्वभौम सत्ता सम्बन्धी परिभाषाले सबै बहुलवादी चिन्तकहरूलाई सचेत तुल्यायो। बहुलवादको चर्चा गर्नुपूर्व एकत्त्ववादी पछिल्ला प्रमुख कट्टरवादी सिद्धान्तकार अस्टिनका बारेमा केही जानकारी लिनु उचित ठहरिन्छ।

जोन अस्टिन (१७९० ई. –१८५९ ई.) वेलायतका एक प्रसिद्ध वकील थिए। उनले १८६२ ई. मा प्रकाशित गरेका Lecturer on Jurisprudence नामक पुस्तकमा उनले न्यायिक दृष्टिकोणबाट सार्वभौम सत्ता सम्बन्धी सिद्धान्तको व्याख्या गरेका छन्। उनले राज्यको सार्वभौमसत्ताको परिभाषा गर्दै भनेका छन्– 'यदि कुनै समाजका अधिकांश भाग एक निश्चित उच्च सत्ताधारी व्यक्तिको आशालाई स्वभावतः पालना गर्दछन् र त्यो निश्चित उच्च सत्ताधारी व्यक्तिले कुनै अन्य ऊ जस्तै उच्च व्यक्तिको आशा मान्नु पर्दैन भने त्यो समाजमा त्यो निश्चित व्यक्ति सार्वभौमसत्ता सम्पन्न हुन्छ र त्यो समाज उच्च सत्ताधारी सहित एक स्वतन्त्र राज्य हो[2]। ' भनेका छन्। यस्तै अर्को ठाउँमा अस्टिनले भनेका छन्–'त्यो निश्चित उच्च सत्ताधारीको लागि समाजको अन्य सदस्य प्रजा हुन् अर्थात् त्यो निश्चित उच्च व्यक्ति माथि समाजका अन्य सदस्य आश्रित हुन्छन्। उसका अगाडि अन्य सदस्यहरूको स्थिति अधिनता वा निर्वलताको हुन्छ। यो श्रेष्ठ व्यक्ति र अन्य व्यक्ति बीचको पारस्परिक सम्बन्ध स्थीर रहन्छ। उनलाई राजा र प्रजा भनिन्छ अथवा सार्वभौम र अधिनताको सम्बन्ध भनिन्छ[3]'। त्यस्तै गरेर सन् १८१६ मा जर्मनको वर्लिन विश्वविद्यालयमा प्रा. र १८३० मा सोही विश्वविद्यालयमा रेक्टर भएका जर्मन दार्शनिक जर्ज विल्हेम हीगल पनि सार्वभौम सत्ताका बारेमा एकात्मक (Monistic) विचार व्यक्त गरेका छन्। हिगेलका अनुसार राज्य पृथ्वीमा ईश्वरको रूप हो। यसरी सार्वभौमसत्ताका परम्परावादी सिद्धान्तका प्रतिपादकहरूले राज्यलाई निरंकुश, असीमित र सर्वोच्च भनेर उल्लेख गरे। सार्वभौम सत्ताका सन्दर्भमा यस्ता विचार वा सिद्धान्तलाई एकात्मक वा अद्वैतवादी सिद्धान्त (Monistic view of Sovvereighty) भन्दछन्।

बहुलवादी धारणा– १९औं शताब्दीमा उपर्युक्त अद्वैत वा एकात्मक विचार धाराका विरुद्धमा कडा प्रहार गर्दै एक अर्को विचारधाराको प्रादुर्भाव भयो। यस विचारधाराले भन्यो कि संप्रभुता अविभाज्य र निरंकुश हुँदैन। राज्यको सार्वभौमसत्ता वा सर्वोच्च कानूनको स्रोत स्वभाव र निवासस्थान समाजमा रहेका विभिन्न वर्ग वा समुदायहरूका रहन्छ भनियो। संप्रभुतासम्बन्धी यस विचारधारालाई बहुलवाद (Pluralism) या द्वैतवादी विचारधारा भनियो। एकत्त्ववादीको पुनरोदयकाल १९ औं शताब्दीका प्रारम्भिक वर्षहरू थिए। ती वर्षहरूमा पश्चिमी देशहरूमा औद्योगिकीकरणको भ्रष्ट प्रभावको कारणले गर्दा व्यक्तिको स्वतन्त्र जीवनमा गलत असर परिरहेको थियो। औद्योगिकीकरणको नाममा सर्वसाधारण व्यक्तिहरू शोषित भैरहेका थिए। राज्यले पनि औद्योगिकीकरण र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिशाली वर्गहरूको हितमा मात्र काम गरिरहेको थियो। यसै सन्दर्भमा प्रथम विश्वयुद्ध (१९१४-१९१८) को प्रारम्भ भयो। युद्धको कारणले गर्दा व्यक्ति र समुदाय माथि राज्यको नियन्त्रण अझै बढेर गयो। हजारौं लाखौं व्यक्तिहरूलाई मृत्यु शैय्यामा सुताइयो। यी सबै घटनाहरूले गर्दा असीमित राज्यको सर्वोच्च सत्ताको विरुद्धमा जुन प्रतिक्रियाको जन्म भयो त्यो नै बहुलवादी सिद्धान्तको नाम ले प्रसिद्ध भयो। यो सिद्धान्तका प्रारम्भिक प्रतिपादकहरूमध्ये 'मैटलैण्ड, फिजिस (Figgis) र गिरके (Gierde) अदिको नाम उल्लेखनीय छन्। त्यस पछिका विचारकहरूमा डाब्सन्, लास्की लगायतका नाम उल्लेख गरिएका छन्।

बहुलवादी सिद्धान्तको विकास- बहुलवादका जन्मदाता गिरके र मेटलेण्ड ले १९ औं शताब्दीमा भने कि राज्यमा देखिएका विभिन्न समुदायको तथा संघ, संस्थाहरू जस्तै परिवार, चर्च, स्कूल, व्यापारिक संगठन, ट्रेड यूनियन, नगरपालिका, खेलकूद संगठन, मनोरञ्जन आदि मानव स्वभावका देन हुन्। मानसिले आफ्ना हितहरूलाई पूरा गर्नको निमित्त यी विभिन्न प्रकारका संघ संस्थाहरूको निर्माण गरेका हो। यी समुदायहरू काल्पनिक वा कृत्रिम होइनन्। यिनको आआफ्नो व्यक्तित्त्व इच्छा र चेतना हुन्छ। उक्त संघ संस्था र समुदायहरू राज्यबाट स्वतन्त्र हुन्छन् र कहिले काँही यिनले अग्रणि भूमिका पनि निभाएका हुन्छन्। यी संघ संस्था र समुदायको माध्यमबाट व्यक्तिको हित पूरा हुँने हुँदा यी संस्थाहरू प्रति व्यक्तिको रुचि लगाव राज्य प्रति भन्दा बढी हुनु स्वभाविकै हो। राज्यको कुरा गर्दा माथि उल्लिखित विभिन्न संघ संस्था र समुदाय जस्तै राज्य पनि एक संस्था हो। राज्यद्वारा पनि व्यक्तिका केही सीमित हितकरको प्राप्ति हुन्छ[४]। राज्यले मानव हितको निमित्त निर्माण गरिएका उपर्युक्त संस्थाहरूमा प्रतिबन्ध नलगाएर बरु यिनको उचित संरक्षण संवर्धन र समन्वय गर्नु पर्छ। राज्यले यी संस्थाहरूका विभिन्न क्रियाकलापहरू प्रति तालमेल मिलाउनु पर्छ भन्ने विचारले व्यापकता पायो। यस विचारले त्यस समय समग्र यूरोपको राजनीतिक दृश्यलाई चलायमान परिदिएको थियो।

आधुनिक युगमा राज्यको कायक्षेत्र विस्तृत हुँदै गएको छ। राज्यको उत्तरदायित्त्वमा पनि वृद्धि हुँदै गएको छ। राज्यले जनातामाथि शासन गर्नु मात्र उसको काम होइन। राज्यको काम समाज सेवा पनि गुर्न हो भन्ने धारणाको विकास हुँदै आइरहेको छ ।राज्यले चारैतर्फ काम गर्दा उसको कार्यकुशलतामा कमी हुँदै आएको हुँदा वार्ड भन्ने विद्वान्ले भन्छन् कि-'केन्द्रमा आवश्यकता भन्दा बढी रगत छ र सुदूरवर्ति ग्रामीण क्षेत्र रक्त विहीनताले गर्दा पीडित छ'[५]। त्यसकारण राज्यले आफ्नो अधिकारलाई विकेन्द्रीत गर्नु पर्छ र मानव समुदाय वा अन्य संस्थानहरूमा आफ्नो अधिकारलाई प्रत्यायोजन गर्नुपर्छ भन्दछन्।

बहुलवादको व्याख्या- बहुलवादीहरूले आफ्नो मौलिक सिद्धान्तलाई प्रष्ट पार्दै निम्न लिखित आधार वा दृष्टिकोणबाट एकलवादी सिद्धान्तलाई वेकार सावित गरेका छन्।

विभिन्न संघ संस्थाहरूको आधारमा - समाजमा जे जति संघ संस्थाहरू छन् ती सबै स्वतन्त्र हुन्छन्। उनको आफ्नो व्यक्तित्व हुन्छ। व्यक्तिको जस्तै राज्यबाट उनको वस्तन्त्र निजी इच्छा, चेतना र अधिकार हुन्छ। राज्य पनि एक प्रमुखसंघ भएको हुँदा हस्तक्षेप गुर्नको सट्टा यिनलाई समन्वयमा लिएर काम गर्नुपर्छ। नेपालकै सन्दर्भमा कुरा गर्दा सरकारले नेपाल प्राधयापक संघ, विभिन्न विद्यार्थी संगठानहरू, नेपाल चिकित्सक संघ, शिक्षक संगठन, विभिन्न मजदूर संगठनहरू लगायतका संगठनलाई समन्वय गर्नुपर्छ। यिनको संरक्षण संवर्धन गर्नु पर्छ। यिनको सल्लाहले यिनीसंग सम्बन्धित नीतिहरू बनाइदिनुपर्छ। निरंकुश, असीमित अधिकारको प्रयोग गर्न थालेमा अशान्ति र अराजकता मच्चिन सक्छ।

कानूनी आधारमा- एकत्ववादी सिद्धान्तका अनुसार राज्यनै कानूनको स्रोत हो। राज्यद्वारा निर्मित कानूननै सर्वोच्च ठहरिन्छ भन्ने धारणा राख्दछन्। तर बहुलवादीका अनुसार कानून राज्यभन्दा स्वतन्त्र, माथि र व्यापक हुन्छ। कानून आचरणका नियम हुन् र त्यसको पालना समाजलाई संगडित बनाउने उद्देश्यले बनाइएको हो। व्यक्तिले आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्तित्त्व रक्षाको लागि आफ्नो समाज, कुल, परिवारको निर्माण गरेका हुन्। व्यक्तिको आफ्नो उद्देश्य, सुख, सुविधामा बाधा पार्ने कानून वास्तवमा कानून नै होइन।

हेनरीमेन नामक विद्वान्ले पंजावका महाराज रणजित सिंहको उल्लेख गरेका छन्। रणजित सिंहको दरबारमा हेनरी मेन केही समय बसेर बुझेको अनुभवका आधारमा लेख्छन् 'महाराजको गणना विश्वका सबैभन्दा धेरै निरंकुश शासकमध्ये गणना गरिनुपर्छ, उनको आदेश प्रत्येकको लागि कानून थियो। उनको थोरैमात्र अवस्था कसैको लागि पनि दुर्दिन ल्याउनको लागि पर्याप्त थियो तर महाराज पनि आफ्ना प्रजाका पारस्परिक कानूनबाट बाधिएका थिए। तिनलाई चुनौति दिनु तो जहासुकै जाओस् उनले उनको प्रतिकूल आदेश पनि परिवर्तन गर्न सक्दैन थिए। यसको स्थानमा उनले उनको अगाडि आफ्नो शरीर नुगाउँथे[६]। यस्तै टर्कीका सुल्तान र नेपालका राजाहरूले पनि परंपरागत रुपमा चल्दै आएको कानूनलाई परिवर्तन गर्न सकेका थिएनन्। कुनै राजनीतिक नेताले कुनै कानून पालना गराउनको लागि उनले समाजको परंपपरा र रीतिको सहारा लिन्छन्। आफ्नो ऐतिहासिक सांस्कृतकि रीति रिवाजको दुहाई दिन्छ। त्यसकारण यी नेताहरू शासक नभएर मात्र डक्टर, पूजारी, पादरी जस्तै हुन् भनिएको छ। यसै सन्दर्भमा बहुलवादमा निम्न लिखित छ कुराहरू हुनु जरुरी पर्छ भन्छन् विद्वान्हरू- १. स-साना शासकीय इकाइहरूमा व्यक्तिको सुरक्षित स्थान हुनुपर्छ। २. विकेन्द्रिकरणको माध्यमबाट बृहद् शासकीय शक्तिको दैत्यरूपलाई सीमित गरिकएको हुनुपर्छ । ३. समाज संघीय स्वरूपको हुनुपर्छ। ४. संघहरूको स्वभाव ऐच्छिक स्वरूपको हुनुपर्छ। ५. सम्पूर्ण संघहरू सार्वजनिक सामान्य नीतिहरूलाई स्वतन्त्र अन्तक्रियाको आधारमा परिवर्तन गर्न पाउने हुनुपर्छ। यस्तै ६. विभिन्न संघहरूको सहमतिबाट नै सार्वजनिक शासन व्यवस्था अथवा सरकारले काम गर्न पाउने बाध्यता हुनु पर्छ[७]।

अन्तर्राट्रिय आधार- एकत्त्वादी सिद्धान्तका अनुसार राज्य ब्राह्यरूपमा पनि स्वतन्त्र हुन्छ। अन्तर्राष्ट्रिय क्षेत्रमा उसको सार्वभौमिक शक्ति निरंकुश तथा अमर्यादित हुन्छ भनेका छन्। तर बहुलवादीहरूका अनुसार एकत्ववादीहरूको संप्रभुताको बाह्य पक्षलाई गलत र काल्पनिक घोषित गरेका छन्। बहुलवादीहरूका अनसार राज्यको बाह्य संप्रभुतालाई अन्तर्राष्ट्रिय कानून, राज्यहरूको पारस्परिक संभौताहरू तथा अ.रा. संगठनहरूद्वारा सीमित छ[८]। आज अ. रा. कानूनसँग कुनै अधिकार नभए तापनि उससँग विश्व जनमत, प्रचलित रीतिरिवाज विद्यमान छ। त्यसले गर्दा कुनै एक राज्यले जनमत विरुद्ध आफ्नो मन खुसी निर्णय गर्न सक्दैन। आज नेपालले कुनै छिमेकी देशलाई असर पर्ने खालको मिसायल वा प्राणघातक अस्त्र शास्त्रको निर्माण गर्न सक्दैन। सद्दाम हुसैन र मुहेमार कर्णेल गद्दाफीले आफ्नो देशभित्र त आफू खुसी गर्न सकेनन् भने अ. रा. रूपमा उनले केही गर्ने इच्छा भए पनि गर्न सकेका थिएनन्। आज व्यवहारतः राज्यको अ. रा. संप्रभुता मर्यादित र सीमित भैरहेको छ। विज्ञानको विकासले गर्दा आज संपूर्ण पृथ्वी एक गाउँ जस्तै भएको छ। संयुक्त राष्ट्रसंघ तथा अ. रा. न्यायालयले विश्वराज्यको कल्पनालाई मूर्तरूप दिन थालेको आभास भैरहेको छ। यस्तो स्थितिमा कुनै पनि राज्यले राष्ट्रिय र अ. रा. सुख, शान्ति, समृद्धिको निम्ति निरंकुश, असीमित, अमर्यादित र अविभाज्य संप्रभुतांलाई त्याग गर्नु नै पर्छ। यस किसिमले जोन अस्टिनलगायत एकत्त्वादी विद्वान्हरूको निरंकुश, सर्वोच्च कानूनको स्रोत, स्वभाव, निवासस्थान र प्रयोगले कुनै अर्थ राख्दैन।

नेपाली समाज- इतिहासको विभिन्न काल खण्डमा केही निरंकुश शासकहरूले शासन गरेपनि नेपाली समाज बहुलवाद विना एकलवादी स्वभावको छ भन्ने विषयमा अध्ययन गर्दा निम्न तथ्यहरू पढ्न पाइन्छ। नेपालमा प्राचीन काल देखिनै विविध जाति, भाषा तथा धर्माबलम्बीहरूको देश रहेको देखिन्छ। एक जाति, भाषाभाषी वा धर्मावलम्बीले अर्को जाति, भाषालाई आदर सम्मान गर्ने प्रचलन रही आएको देखिन्छ। लिच्छवी कालमा राज्यको सम्पूर्ण अधिकार राजामा निहीत भए पनि जनताको हित र धर्मशास्त्र अनुसार कानूनको निर्माण गरिन्थ्यो[१०]। सबै धर्मावलम्बीहरूमा धार्मिक सहष्णिुता थियो। शासन व्यवस्था संघीय र विकेन्द्रीत थियो[११]। जातीय विविधताको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिले नेपाललाई एशियाकै जातीय संगमस्थलको रूपमा पनि लिइन्छ। नेपाल एक सानो सुन्दर देशमा लेकदेखि वेशीसम्म विभिन्न जाति, भाषा र संस्कृति युक्त समाज देख्न सकिन्छ[१२]। नेपालमा पंजीकृत जनजातिहरूको संख्या ६१ भनिए पनि हाल १०० भन्दा बढी जाति जनजातिहरू देखा परेका छन्। नेपालमा यही जातीय विविधता रही आएको हुँदा २०४७ सालको संविधानको असंशोधनीय भनिएको प्रस्तावनामा स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न नेपालको राज्य शक्तिको स्रोत जनतानै हो भन्ने तथ्यलाई हृदयंगम गरी लोक सम्मति अनुकूल शासन व्यवस्था संचालन गर्ने संकल्प हामीबाट समय-समयमा अभिव्यक्त गरिवक्सेको भन्ने वाक्यांश उल्लेख गरिएको छ। यस्तै प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताकाबीच भ्रातृत्व र एकता कायम गरी वालिग मताधिकार संसदीय शासन प्रणाली संवैधानिक राजतन्त्र तथा बहुदलीय प्राजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणलीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न[१३]। भन्ने उल्लेख गरिएको छ। यस्तै गरेर यही संविधानको भाग ४, राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत धारा नं. २४, २५ र २६ का विभिन्न उपधाराहरूमा बहुलवादी भावना प्रस्टिन्छ। नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावनामा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गर्दै प्रतिस्पर्धात्मक, बहुदलीय, लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतनत्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्णप्रतिबद्धता व्यक्त ....यो नेपालको अन्तरिम संविधान २०६३ जारी भएको घोषणा गर्दछौं[१४] भनिएको छ। यसै गरेर यही संविधानको भाग ४ अन्तर्गत, राज्यको दायित्त्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको शीर्षक अन्तर्गतका ३३ देखि ३६ सम्मका धाराहरूमा पनि नेपाली समाज बहुलवादी प्रकृतिको रहेको महसुस हुन्छ। नेपाली साहित्य र संस्कृतिका ज्ञाता मोदनाथ प्रश्रित लेख्छन्- नेपाली जनता दार्शनिक रूपले तान्त्रिक, शाक्त, शैव, वैष्णव, बौद्ध, जैन किरात, इस्लाम, इसाइ आदि अनेक अध्यात्मवादी दार्शनिक शाखाहरूको प्रभावमा छन् ...नेपालमा बहुलवाद मौलाउने यी शसक्त आधार हुन् नेपालका अधिकाश राजनीतिक शक्ति र व्यक्तिहरू यी कुरासँग प्रत्यक्ष परोक्ष रूपले जोडिएको छन्। यी सब कुरालाई भत्काएर एकल सरणीमा हिँडाउनु संभव कुरा छ र ?[१५]। हिन्दु धर्मका आध्यात्मिक गुरु शंकराचार्यले पनि धेरै समयसम्म ब्रह्मं सत्यं जगत् मिथ्या एकमात्र ब्रह्म साँचो हो जगत् मिथ्या हो भन्ने प्रचार गरे। केही समयसम्म उनको दिग्विजय यात्रा चलिरह्यो। उनी पछिका ब्रह्मवादी दार्शनिक उत्तराधिकारीहरूले अद्वैतवादलाई पनि विशिष्ट अद्वैतवाद, द्वैताद्वैतवाद आदिरूपमा व्याख्या गर्दै आएका थिए[१६]।

माथि उल्लिखित नेपालको प्राचीन मध्यकालीन तथा आधुनिक दस्तावेज र संविधानहरूमा उल्लिलित विवरणहरू र वर्तमान समाजको संरचनालाई अध्ययन गर्दा नेपाली समाज बहुलवादी प्रकृतिको देखिन्छ। इतिहासमा कैयौं शासकहरूले एकात्मक र एकदलीय शासनको रूपमा राज्य संचालन गर्न खोजे पनि २००७ सालको क्रान्ति, २०३६ सालको विद्यार्थी आन्दोलन, २०४६ सालको जनआन्दोलनले बहुलवाद र बहुदलीय शासनलाई स्थापना गरेको देखिन्छ। माओवादी र सात राजनीतिक दलसँग भएको १२ बुँदे सहमतीपछि भएको २०६२। ०६३ सालको जनआन्दोलन सम्पन्न भयो। त्यसपछि निर्मित नेपालको अन्तरिम संविधान २०६३, विस्तृत शान्ति संझौता लगायतका संझौताहरूले पनि नेपालमा बहुलवादी संस्कृति र समाजलाई स्वीकार गरिरएको कुरा ती दस्तावेजहरूमा महसूस गर्न सकिन्छ।

निष्कर्ष- नेपाली समाजको प्रकृति प्राचीनकाल देखि नै बहुलप्रकृतिको देखिन्छ। एउटै विचार, सिद्धान्त नै ठिक हुन्छ भन्न उचित देखिदैंन । प्राचीन ग्रिक दार्शनिक सुकरातले युवाहरूलाई सही शिक्षा दिँदा तत्कालीन त्यहाँका निरंकुश शासकद्वारा उनलाई विष खुवाएर हत्या गरियो। यस्तै जीन ज्याक् रुसोले यो समाज क्रमशः विकसित हुँदै आएको र राज्यको रूप लिएको हो भन्दा युरोपका राज्यका दैवी सिद्धान्तका समर्थकहरूले उनलाई झण्डै मारेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए। आखिरी उपयुक्त दण्डित व्यक्तिहरूले भनेका बहुलवादी विचारपरक विचारपछि सत्य ठहरिए। त्यसकारण कसैले पनि कसैको विचारलाई पनि रोक लगाउनु हुन्न। यसै सन्दर्भमा जे. यस. मीलेका अनुसार १०० जनाको विचार एकातिर भए पनि त्यो एकजनाले विचार व्यक्त गर्न पाउनुपर्छ भन्दछ उनी। नेपालका २०१७ सालमा माटो सुहाउदो निर्विकल्प र माटो सुहाउदो निर्दलीय व्यवस्था पनि धरासाही भयो राजतन्त्र गयो। रुसमा सन् १९१७ ई. मा स्थापित कम्युनिष्ट व्यवस्था निर्विकल्प रहेन। मार्क्सवाद र लेलिन वादी विचारलाई पनि विभिन्न देशमा विभिन्न नेताले भिन्न भिन्न दृष्टिकोणले बुझेका थिए र बुझिरहेका छन्। तसर्थ केही सिद्धान्त र व्यवस्था हुनै ठाउँमा केही समय चले पनि त्यो कहिल्यै पनि र कही पनि स्थायी निर्विकल्प हुन सकिरहेको देखिएको छैन।

अन्तमा बहुलवादीले भने जस्तो सबैलाई सबै अधिकार दिंदा पनि समाज खुकुलो भएर भोलि अराजकता उत्पन्न हुने डर हुन्छ। एकत्त्ववादीले भने जस्तो सबै अधिकार एक व्यक्ति वा व्यक्ति समूहले सञ्चालन गर्न पाउने अधिकार भए पनि भविष्यमा त्यो निरंकुश र तानाशाह भै राज्यमा रहेका विभिन्न वर्ग, जाति र समुदायको हित अवरुद्ध हुन सक्छ। तसर्थ यी दुवैको बीचको मध्यमार्गमा रहेर प्रजातान्त्रिक संविधान निर्माण गर्नु र शक्तिपृथकीकरणको सिद्धान्त तथा लोकतानित्रक पद्धति र व्यवहार अनुसार देशलाई अग्रगमनतिर लादै देश विकास गर्नु अत्युत्तम हुने देखिन्छ।

टिप्पणीहरू

१. प्रदीप गिरी, बहुलवाद बारे केही कुरा विचार विशेष, (वर्ष १, अंक, २०६७ वैशाख असर) पृ. १५

२.गोपाल शिवाकोटी, राजनीतिक विचारधाराको इतिहास, काठमाडौं : रत्नपुस्तक भण्डार, २०४७, पृ. २१७

३. ऐ. ऐ.

४. वीरकेशरप्रसाद सिंह, राजनीतिशास्त्रके मूल सिद्धान्त, अष्टम संस्करण (पटना : ज्ञानदा प्रकाशन, १९७३), पृ. १९७

५.एस. भटनागर, राजनीतिशास्त्र, (मेरठ : मीनाक्षी प्रकाशन, १९८७) पृ. १३१

६.पूर्ववत्, पादटिप्पणी नं. ४, पृ. १९८

७.ऐ. ऐ., पृ. १२६

८.श्यामलता वर्मा, आधुनिक राजनीतिक सिद्धान्त, सातौं संस्करण (मेरठ : मीनाक्षी प्रकाशन, १९९१), पृ. ५३४, ५३५

९. पूर्ववत्, पादटिप्पणी नं ४, पृ. २००

१०. मीनप्रसाद ज्ञवाली, प्रथम सं., (काठमाडौं : शालिग्राम ज्ञवाली २०४३) पृ. ४४

११. ऐ. ऐ., पृ. ५१

१२. ऐ. ऐ., पृ. २

१३. श्री ५ को सरकार कानून तथा न्यायमन्त्रालय, कानून किताव तथा व्यवस्था समिति, नेपाल अधिराज्यको संविधान, २०४७, (काठमाडौ : श्री ५ को सरकार, का. तथा न्या. मन्त्रालय, कानून विताव तथा व्यवस्था समिति, २०४७) पृ. २

१४. नेपाल सरकार का. तथा न्या. मन्त्रालय, का. कि. तथा व्या. समिति, नेपलको अन्तरिम संविधान, २०६३, (काठमाडौं : नेपाल सरकार, कानून किताव तथा व्यवस्था समिति, २०६४) पृ. १

१५. मोदनाथ प्रश्रित, बहुलवादका बहुआयामिक विशेषता, अन्नपूर्ण पोष्ट (२०६७ मंसिर २५ गते) पृ. ६

१६. ऐ. ऐ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्त दर्शनको केन्द्रीय तत्त्व ब्रह्म सत्यं जगन्मिथ्या

विपिराज न्यौपाने

"अनिर्वचनीयत्वं मिथ्यात्वम्" भनेर शास्त्रीय दृष्टिमा अनिर्वचनीय तत्त्वलाई नै मिथ्या भनिएको पाइन्छ। वेदान्त दर्शनमा विभिन्न विद्वान्हरूले सदसद्विलक्षणतत्त्वलाई अनिर्वचनीय मानेका छन्। अर्थात् अनिर्वचनीय त्यो हो जो सत् पनि छैन, असत् पनि छैन र सदसद् (उभयरूप) पनि होइन। यी सबैभन्दा विलक्षण वा भिन्न तत्त्व नै अनिर्वचनीय हो। यो जगत् पनि अनिर्वचनीय हुँदा मिथ्या हो। त्यो अनिर्वचनीयता कसरी त ? यस प्रश्नको उत्तरमा भन्न सकिन्छ- यो जगत् न त ब्रह्मजस्तो सत् छ, न त आकाशपुष्प जस्तो असत् नै छ र न त सदसद् रूप नै छ। यी सम्पूर्ण कोटीहरू भन्दा नितान्त भिन्न भएका कारण नै जगत् अनिर्वचनीय हो। आचार्य शङ्करले नामरूपात्मक जगत्लाई तत्त्व र अन्यत्वका कारण अनिर्वचनीय मानेका छन्[१]। नामरूपात्मक जगत् अनिर्वचनीय हुनाले मिथ्या हो।

शङ्कराचार्यका अनुसार जुन पदार्थलाई जुन रूपमा निश्चित गरिएको हुन्छ यदि त्यो पदार्थ आफ्नो स्वरूपबाट व्यभिचरित हुँदैन भने त्यसैलाई सत्य भनिन्छ[२]। यस आधारमा ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या सहजै मान्न सकिन्छ। कूटस्थ, अधिकारी तथा तीनवटै कालहरूमा अबाधित रहने हुनाले ब्रह्मलाई सत्य भनिएको हो। त्यस ब्रह्मलाई देश, काल र वस्तुका आधारमा विभक्त गर्न सकिन्दैन किनभने त्यो ब्रह्म सबै स्थानहरूमा, तीनवटै कालहरूमा र सबै वस्तुहरूमा विद्यमान हुन्छ। त्यसै कारणले नै ब्रह्मलाई 'सत्यं ज्ञानमनन्तं ब्रह्म' भनिएको हो[३]। त्यस विशुद्ध सत्य तत्त्वलाई प्रत्यक्ष आदि प्रमाणहरूद्वारा बाधित गर्न सकिँदैन। भनिएको छ—"शुद्ध तत्त्व त्यही नै हो जो प्रत्यक्षद्वारा मात्र अवाधित नभएर अनुमान या युक्तिद्वारा पनि अबाध्य होस्। किनकि त्यसको खण्डन कल्पनातीत हुन्छ।" यी तत्त्वहरूलाई विचार गर्दा हामी ब्रह्मलाई सत्य मान्न सक्दछौं[४]।

वेदान्तमा जहाँ ब्रह्मलाई सत्य भनेर स्वीकार गरिएको छ त्यहाँ जगत्लाई मिथ्या मानिएको पाइन्छ। मिथ्या अर्थात् झुठो त्यसैलाई भनिन्छ जुन पदार्थ परिवर्तनशील हुन्छ। जसको आकार र रूपमा विकार आउँछ र जो तीनै कालमा विद्यमान नरहने हुन्छ, त्यही पदार्थ मिथ्या हो। अतः परिवर्तनशील जगत्लाई सत्य नमानेर मिथ्या मान्नु पर्दछ। ब्रह्म भने तीनवटै कालमा अबाधित रहने हुनाले त्यसलाई सत्य मानिएको हो। जगत्का पदार्थहरू त प्रतीति कालमा प्रतिभाषित हुन्छन् तर आदि र अन्त्यमा तिनको सत्ता रहँदैन। त्यसैले ती मिथ्या हुन्। यस सम्बन्धमा नृसिंह सरस्वतीले 'वेदान्तपिण्ड'मा लेखेका छन्-

यदस्त्यादौ यदस्त्यन्ते, यन्मध्ये भाति तत्स्वयम्। ब्रह्मैवैकमिदं सत्यमिति वेदान्तडिण्डिमः ॥

यन्नादौ यन्नास्त्यन्ते यन्मध्ये भातमप्यसत्। अतो मिथ्या जगत् सर्वमिति वेदान्तडिण्डिमः[५] ॥

यसको अर्थ हो- जो स्वयं आदिमा विद्यमान छ। मध्यमा र अन्त्यमा पनि छ त्यस्तो एकमात्र तत्त्व ब्रह्म हो। ब्रह्म नै सत्य हो भनेर यसरी वेदान्तीहरूले उद्घोष गरेका छन्। यसको ठीक उल्टो जुन तत्त्व आदिमा हुँदैन, केवल मध्यमा केही समयका लागि प्रतीत हुन्छ र अन्त्यमा जसको सत्ता रहँदैन, त्यही नै मिथ्या हो। जगत्मा उपरि निर्दिष्ट

---

१. तत्त्वान्यत्वाभ्यामनिर्वचनीये नामरूपे। ब्रह्मसूत्र -शांकरभाष्य, २/१/१४

२. यद्रूपेण यन्निश्चितं तद्रूपं न व्यविचरति तत् सत्यम्। तैत्तिरीयोपनिषद् (शांकरभाष्य) , २/१

३. तैत्तिरीयोपनिषद् २/१

४. भारतीय दर्शन, पृ. २३९ दत्त र चट्टोपाध्याय।

५. ब्रह्मसूत्र शाङ्करभाष्य, सत्यानन्दी—दीपिका भाग , पृष्ट १५बाट उद्धृत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिथ्यात्वका सबै लक्षणहरू देखिने हुनाले नै जगत् मिथ्या हो। यो जगत् अनिर्वचनीय भएको हुँदा मिथ्या हो भन्ने धारणाको व्याख्या रज्जु-सर्पका दृष्टान्तबाट गर्न सकिन्छ। जस्तो कि-कुनै व्यक्तिले रात्री अन्धकारमा बाटोमा तेर्सिएको डोरीलाई देखेर सर्प ठान्दछ। नाम-रूपरहित आत्मामा जगत्लाई सत्य मानिन्छ। त्यसरी नै रज्जु वास्तवमा सर्प होइन तर द्रष्टाले त्यस डोरीलाई साप ठान्दछ। त्यही ठाउँमा प्रकाश वा उज्यालो हुनासाथ जसरी रज्जुविषयक सर्पत्वको भ्रम हट्दछ त्यसरी नै आत्मबोध हुँदा जगद्विषयक भ्रान्तिको पनि निवारण हुनजान्छ। डोरीमा सर्पको प्रतीति त्यसबेलासम्म रहि नै रहन्छ जबसम्म त्यहाँ उज्यालो आउँदैन। प्रकाश आउनासाथ भ्रान्ति हट्दछ। त्यो भ्रान्ति हट्नासाथ डोरीलाई डोरीकै रूपमा जान्न सकिन्छ। त्यसरी नै आत्मबोध हुनासाथ जगत्को मिथ्यात्वको ज्ञान हुन्छ। रज्जुको सर्पका रूपमा प्रतीति हुनुलाई विवर्तवादका आधारमा स्वीकार गरिन्छ। विवर्तका विषयमा सदानन्दले लेखेका छन्-अतत्त्वतोऽन्यथाप्रथा **विवर्त इत्युदीरितः**[६]। अर्थात् कुनै पनि वस्तुको तत्त्वरहित परिवर्तनलाई विवर्त भनिन्छ। वेदान्तसारको सुबोधिनी टीकामा जब कुनै वस्तुले आफ्नो स्वरूप नत्यागीकन नै भिन्न स्वरूप प्रदर्शित गर्दछ भने त्यो नै विवर्त हो भनिएको पाइन्छ[७]। सोझो अर्थमा भन्नुपर्दा एउटा वस्तुमा अर्को वस्तुको आरोप अथवा जुन वस्तु जति छ त्यसमा त्यो वस्तुभन्दा भिन्न प्रकारको बुद्धि राख्नु नै विवर्तवाद हो। यो आरोप वा अध्यास अज्ञातजनित हुने हुनाले ज्ञानद्वारा निवर्तित नगरेसम्म त्यस अध्यासको सत्ता रहिरहन्छ[८]। यो जगत् पनि बह्मको बोध नभएसम्म हामीलाई सत्य जस्तै लागिरहन्छ। ब्रह्मको ज्ञान पश्चत् जगत्को मिथ्यात्व स्वतः सिद्ध हुन पुग्दछ।

वेदान्तदर्शनले सत्कार्यवादलाई स्वीकार गरेको छ। यो जगत् ब्रह्मको कार्य हो। कार्यको सत्ता कारणसँग आबद्ध हुन्छ। जस्तै कार्य घट हो भने त्यसको सत्ता मृत्तिका (माटो)सँग आबद्ध छ। मृत्तिकाका अभावमा घटको सत्ता रहँदैन। मृत्तिका नै रूपान्तरित भएर घटका रूपमा प्रतीति हुन्छ। शङ्कराचार्यका अनुसार जति पनि विकारमय वस्तुहरू छन् तिनीहरू आफ्नो सत्ताका रूपमा अथवा मूलकारणका रूपमा चाहिँ सत्य हुन्छन् अन्यथा ती अनृत हुन्[९]। घडाको उदाहरणमा मूलकारण माटो(मृत्तिका) सत्य हो। "मृत्तिका इत्येव सत्यम्"। त्यस्तै गरी जगत्को प्रसंगमा मूलकारण ब्रह्म हो। अतः यो (ईश्वर) सत्य हो र जगत् भने मिथ्या हो।

अद्वैतवेदान्तमा तीन प्रकारका सत्ताहरूको प्रतिपादन गरिएको पाइन्छ ती हुन्- (क) प्रातिभासिक (ख) व्यावहारिक (ग) पारमार्थिक।

प्रातिभासिक सत्ता- प्रतीतिकालमा जुन पदार्थको सत्ता सत्य प्रतीति हुन्छ तर केही समयपछि कुनै द्वितीय ज्ञानद्वारा बाधित हुन जान्छ भने त्यसलाई प्रातिभासिक भनिन्छ। जस्तै कि रज्जुमा सर्पको प्रतीति। रज्जुमा सर्पको प्रतीति हुनुमा अन्धकार आदिकारण छन्। अन्धकारमा बाटोमा तेर्सिएको डोरीलाई हामी सर्प ठान्दछौं तर उज्यालो हुनासाथ त्यो रज्जुको यथार्थज्ञान हामीलाई हुन पुग्दछ। रज्जुमा भ्रान्तिका कारण जुन सर्पको ज्ञान भएको हो त्यस रज्जुलाई रज्जुका रूपमा जाने पश्चात् विनिवर्तित हुन जान्छ। त्यसैले कुनै पदार्थमा अन्य पदार्थको सत्ता जतिसमयसम्म कल्पित रहन्छ। त्यही तात्कालिक कल्पित प्रतीतिलाई प्रातिभासिक सत्ता भनेर जान्नु पर्दछ[१०]। त्यो प्रतीति कल्पित हुने हुनाले उत्तरकालीन ज्ञानद्वारा बाधित हुन्छ। यथार्थ ज्ञान प्रातिभासिक सत्ता बाधित भएपछि वस्तुका सम्बन्धमा यथार्थज्ञान उत्पन्न हुन्छ।

---

६. वेदान्तसार, खण्ड २१।

७. वेदान्तसार , (सूबोधिनी)।

८. मिथ्याज्ञानापायाश्च ब्रह्मात्मैकत्वविज्ञानाद् भवति न क्रियातः। पञ्चपादिका पृष्ठ ९०।

९. सदात्मनैव सत्यं विकार जातं स्वतस्तु अनृतमेव सतोऽन्यत्वे अनृत्वत्वम्। छान्दोग्योपनिषद् (शांकरभाष्य), ६/१/२

१०. माण्डूक्योपनिषद् (गौडपादकारिका) , ३/२७ मा शांकरभाष्य।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यावहारिक सत्ता- व्यवहारकालमा दृष्टिगोचर हुने पदार्थहरूको सत्तालाई व्यावहारिक सत्ता भनिन्छ। विद्वन्मनोरञ्जनीमा "वाक्यसुधा"बाट एउटा श्लोक उद्धृत गरिएको पाइन्छ। त्यस श्लोकमा सांसारिक पदार्थहरूका पाँचवटा धर्महरूको उल्लेख गरिएको पाइन्छ।

अस्ति भाति प्रियं रूपं नाम चेत्यंशापञ्चकम्। आद्यं त्रयं ब्रह्मरूपं जगद्रूपं ततो द्वयम्॥[११]

अर्थात् पदार्थहरूमा पाँचवटा धर्महरू हुन्छन्— १. पदार्थहरूको अस्तित्व हुन्छ २. ती प्रकाशित हुन्छन् ३. ती आनन्दरूप हुन्छन् ४. तिनीहरूको नाम अर्थात् संज्ञा हुन्छ ५. तिनीहरूमा रूप हुन्छ। उक्त पाँचवटा धर्महरूमध्ये पूर्वका तीनवटा धर्महरू अथवा अस्तित्व प्रकाशमयता र आनन्द रूपताहरू बह्ममा रहेका हुन्छन्। बाँकी दुईवटा अथवा नाम र रूपहरू जगत्मा विद्यमान हुन्छन्। शङ्कराचार्यका अनुसार यो जगत् एकान्ततः सत्य होइन। व्यववहारकालमा मात्रै यो सत्य हो[१२]। घट-पट आदि पदार्थहरूको व्यवहारकालमा हुने सत्य सत्तालाई नै व्यवहारिक सत्ता भनिन्छ। शङ्कराचार्यले पनि जगत्लाई व्यावहारिक दृष्टिमा मात्र सत्य मानेका छन्। उनका अनुसार पारमार्थिक दृष्टिमा ब्रह्ममात्र सत्य हुन्छ[१३]।

पारमार्थिक सत्ता- जुन वस्तु तीनवटै कालमा एकरूपले अवस्थित हुन्छ त्यही वस्तुको सत्तालाई पारमार्थिक सत्ता भनिन्छ। यो सत्ता भौतिक पदार्थहरूको सत्ताभन्दा विलक्षण हुन्छ। भौतिक पदार्थहरू तीनैकालमा विद्यमान रहँदैनन्। घट—पट आदि पदार्थहरू विकारवान् हुनाले नश्वर छन्। घट—पट आदि पदार्थहरू कार्य भएकाले अनित्य हुन्छन् तिनीहरूको सत्ता व्यवहारिक मात्र हुन्छ पारमार्थिक हुँदैन। वेदान्तदर्शनमा ब्रह्मको सत्तालाई मात्र पारमार्थिक सत्ता मानिन्छ। ब्रह्म नित्य हुने हुनाले तीनवटै कालमा विद्यमान रहन्छ। कूटस्थ हुने हुँदा त्यसमा कुनै प्रकारको विकार आउँदैन जगत्का रूपमा त्यही ब्रह्म नै विवर्त भावले परिवर्तित हुन्छ, अतः त्यसलाई अविकारी भनिन्छ[१४]।

उपर्युक्त तीन प्रकारका सत्ताहरूबाट के बुझ्न सकिन्छ भने पारमार्थिक दृष्टिमा ब्रह्म नै सत्य हो। जगत्को सत्यता केवल व्यवहार कालसम्म मात्रा सिमित हुन्छ। पारमार्थिक दृष्टिमा जगत् मिथ्या हो। शंकराचार्यले स्वप्नको दृष्टान्त दिएर जगत् मिथ्यात्वकोव्याख्या गरेको पाइन्छ। जसरी स्वप्नको अवस्थामा हामी जुन पदार्थहरूलाई देख्दछौ, ती पदार्थहरू स्वप्नको बेलामा विद्यमान तथा सत्य प्रतीति हुन्छन् तर बिउँझिइसकेपछि तिनको सत्ता लुप्त हुन्छ र हामीलाई ती पदार्थहरू मिथ्या लाग्दछन्, त्यसरी नै ब्रह्मज्ञान हुनुभन्दा पहिले यो जगत् व्यवहारकालमा सत्य प्रतीति हुन्छ तर परमार्थज्ञानको अवस्थामा भने जगत् एवं त्यससंग सम्बन्धित सबै व्यवहारहरू अर्थहीन हुन्छन्[१५]।

ब्रह्मज्ञान भइसकेपछि द्वैतभाव समाप्त हुन्छ। ब्रह्मज्ञानीले शुद्धबुद्धमुक्त स्वभाव प्राप्त गर्दछ। यस अवस्थामा पुगिसकेपछि उसलाई संसार मिथ्या प्रतीत हुन थाल्दछ। त्यही वास्तविकताको अनुभव गरेर गौडपादले भनेका छन्—

न निरोधो न चोत्पत्तिर्न बन्धो न च साधकः। न मुमुक्षुर्न वै मुक्त इत्येषा परमार्थता[१६]॥

परमार्थको यस अवस्थामा ब्रह्मज्ञानलाई जगत् मिथ्यात्व प्रतीत हुनपुग्दछ। संसारका सबै पदार्थहरूमा ब्रह्मको दर्शन भैसकेपछि उसका लागि संसारको आत्यन्तिक अभाव हुन्छ। व्यवहारकालमा जगत्का जति पनि पदार्थहरू सत्य

---

११. वाक्यसुधा, २०।

१२. ब्रह्मसूत्र, २/१/१४।

१३. छान्दोग्योपनिषद् ६/४/४ माथि शांकरभाष्य।

१४. ब्रह्मसूत्र -शांकरभाष्य), २/१/१४।

१५. सर्वव्यवहाराणामेव प्रग ब्रह्मात्मताविज्ञानात् सत्यत्वोपपत्तेः।
सप्नव्यवहारस्येव प्राक् प्रबोधात्। ब्रह्मसूत्र—शांकरभाष्य, २/१/१४।

१६. अस्मद् विज्ञानाद् सर्वात्मब्रह्मविषयादात्यन्तिकः संसारभाव :। तैत्तिरीयोपनिष्द् (शांकरभाष्य)२/१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देखिइरहेका थिए तिनीहरू पनि ब्रह्मज्ञान पश्चात् विलीन हुन्छन् र तत्त्वद्रष्टाले अद्वैत भाव प्राप्त गर्दछ। त्यस अवस्थामा ब्रह्मबाहेक कुनै पनि पदार्थको सत्ता बाँकी रहँदैन। अतः यस व्यापक दृष्टिकोणबाट वेदान्त दर्शनका ग्रन्थहरूमा "ब्रह्म सत्यं जगन्मिथ्या"को प्रतिपादन गरिएको पाइन्छ।

सन्दर्भग्रन्थसूची

वेदान्तपरिभाषा धर्मराजाध्वरीन्द्र, गजानन शास्त्री मुसलगांवकर, हिन्दी व्याख्या, चौखम्बाविद्याभवन वाराणसी, शन् १९७७।

वेदान्तसार सदानन्द,एम् हरियन्ना, सम्पादक, पूना ओरियन्टल बुकजेन्सी, शन् १९६२।

विवेकचूडामणि गोरखपुर, गीताप्रेस, वि.सं. २०४०।

ब्रह्मसूत्रशांकरभाष्यम् हनुमानदास, व्याख्याकार, वाराणसी, चौखम्बा विद्याभवन, शन् १९६४।

छान्दोग्योपनिषद् शंकराचार्य, भाष्यकार, गोरखपुर, गीताप्रेस, वि.सं. २०२८।

तैत्तिरीयब्राह्मणम् पूना, आनन्दाश्रम, शन् १९३८।

तैत्तिरीयोपनिषद् शंकराचार्य, भाष्यकार, गोरखपुर, गीताप्रेस, वि.सं. २०२९।

माण्डुक्योपनिषद् (गौडपादकारिका) शंकराचार्य, भाष्यकार, गीताप्रेस, वि.सं. २०२९।

वेदान्तका विकास और स्वरूप शेखातन, महेन्द्र, भोपाल, मध्यप्रदेश, हिन्दी ग्रन्थ एकेडेमी, शन् १९७१।

शांकर का अद्वैत वेदान्त झा, वीणा, पटना, बिहार ग्रन्थ एकेडेमी, शन् १९८८।

भारतीय दर्शन, दत्त, चट्टोपाध्याय, चौखम्बा विद्याभवन, वाराणसी।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृत्तिका : वैदिककालको पहिलो नक्षत्र

उपप्रा. मुरलीधर दाहाल

ताराहरूले भरिएको आकाश यस धरतीको मानवले हजारौं वर्षदेखि नियाल्दै आएको छ। मानवकै कौतुहलतावश आकाशका ताराहरूको गति स्थितिको अध्ययन शुरु भयो। जब उसलाई थाहा भयो कि ताराहरूबाट दिशा तथा काल (समय) को ज्ञान हुन सक्छ भनेर त्यसपछि त झन् आकाशका ताराहरूको गहिराइमा अध्ययन हुन थाल्यो र त्यसकै निरन्तरताले आजको आधुनिक खगोलीय विज्ञान र त्यसका उपलब्धिहरू समाजले प्रत्यक्ष गर्न सक्यो।

नक्षत्र स्थिति, समय समयमा परिवर्तन भइरहन्छ। वैदिक कालमा नक्षत्रारम्भ कृत्तिका थियो किनकि त्यस समयमा कृत्तिका पुञ्ज (Pleiades) वसन्त विषुव बिन्दु (First Point or Aries) को नजिक भएको मान्न सकिन्छ। खगोलका अनुसार क्रान्तिवृत्त[1] (Ecliptic) र विषुववृत्त[2] (Equator Cricle) जब दुई स्थानमा एक आपसमा काटिन्छन् त्यसैलाई बसन्त विषुव बिन्दु (First Point या Aries) र शरद् विषुव बिन्दु (Autumnal Equinox Point) भनिन्छ। सूर्य जब यी बिन्दुहरूमा रहन्छ तब रात र दिन बराबर हुन्छन्।

सूर्य जब बसन्त विषुव बिन्दुमा पुग्दछ तब बसन्त ऋतुको आरम्भ हुन्छ। त्यसपछि सूर्यले उत्तरी खगोलमा आफ्नो यात्रा आरम्भ गर्दछ। त्यस दिन रात र दिन समान हुन्छ र त्यसपछि दिन लामा र रात छोटा हुन थाल्दछन्। त्यही बसन्त विषुव बिन्दुलाई कन्द्रबिन्दु मानेर नक्षत्रको गणना क्रम सुरु गरिन्छ।

आजभन्दा करिब १७ सय वर्ष पहिले जब नक्षत्रको गणना अश्विनीबाट आरम्भ भयो त्यो बेला वसन्त विषुव बिन्दु रेवतीको योगतास (Junction Start) जसलाई जीटा भन्दछन्) को नजिक थियो। तर अयन चलनका कारण अब यो विषुव बिन्दु मीनराशिको २४ पश्चिमतिर सरेको छ। यसरी सर्दै जाँदा करिब २६०० ई.सं. मा अर्थात् वि.सं. २०६७ मा यो बिन्दु कुम्भ राशिमा प्रवेश गर्नेछ। यसमा दर्शकको स्थितिको पनि प्रभाव रहन्छ। पृथ्वीको गोलाइका कारण दर्शकले आफ्नो स्थानबाट ९० अंशसम्मको क्षितिज देख्न सक्दछ, अझ त्यसमा पनि ठूला–ठूला पहाड, हिमाल आदिका कारण क्षितिजको सीमा अझ कम हुन जान्छ।

राशिहरूको गणना मेषबाट आरम्भ हुन्छ भने कुरा सर्वविदितै छ। भारतीय ज्योतिषको इतिहासमा राशिको प्रचलन तब भयो जब वसन्त विषुव बिन्दु मेष राशिको अश्विनी नक्षत्रमा थियो। त्यही समयबाट मेषाद्रि राशि र अश्विन्यादि नक्षत्रहरूको गणना गर्ने प्रचलन शुरु भयो। तर त्यो भन्दा अगाडि वैदिककाल होस् वा वेदाङ्गकाल कुनैमा पनि राशिहरूको उल्लेख छैन। यहाँसम्मकी महाभारतमा पनि बाह्र राशिहरूको उल्लेख कहीँ पनि पाइँदैन।

वैदिककालमा कृत्तिका, वसन्त विषुव बिन्दुको नजिक थियो।[3] यसै बिन्दुका आधारमा वर्षारम्भ हुन्थ्यो। वेदाङ्ग ज्योतिषकालमा दक्षिणायनको आरम्भ वा उत्तरायनारम्भ त्यतिबेला हुन्थ्यो जतिवेला सूर्य धनिष्ठा नक्षत्रको आरम्भमा हुन्थ्यो। महाभारतकालमा नक्षत्रारम्भ श्रवण नक्षत्रबाट हुन्थ्यो। प्राचीन सूर्यसिद्धान्तकारहरूले पुनः नक्षत्र सूचीको

---

१ खगोल परिभाषा (पेज नं. १४)

२ खगोल परिभाषा (पेज नं. ११)

३ आकाश दर्शन (पेज नं. २९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमलाई परिवर्तन गरी रेवती तारालाई प्रथम नक्षत्र माने किनकि त्यो बेला वसन्त विषुव बिन्दु रेवता ताराको नजिक थियो। यो कुरा गणनाबाट पनि पत्ता लगाउन सकिन्छ। अब यो वसन्त विषुव बिन्दु सर्दै मीन राशिमा करिब २४ अंश पश्चिमतिर सर्दै गएको छ। यसबाट के थाहा पाउन सकिन्छ भने नक्षत्र पद्धतिमा नक्षत्रको प्रथम आरम्भको स्थिति, समय-समयमा परिवर्तन भइरहन्छ।[४] अयन चलन (Precession of Equinox) का कारण विषुव बिन्दु वा सम्पात बिन्दु पश्चिम दिशातिर अपकर्षण हुन्छ। यसरी वसन्त सम्पात बिन्दु सर्दै जाने हुनाले कृत्तिका पुञ्ज ठिक पूर्व दिशामा सधैं उदय हुँदैन।

करिब २००० वर्ष अघिका ज्योतिषीहरूले सूर्यलाई मार्च २१ र सेप्टेम्बर २३ का दिन मेष र तुला राशिमा देख्दथे परन्तु आधुनिक वैज्ञानिक सर्वेक्षणबाट प्रमाणित भए अनुसार सूर्य उक्त दिनहरूमा क्रमशः मीन र कन्या राशिहरूमा देखिन्छ। यसरी सम्पात बिन्दुहरू प्रत्येक २००० वर्षको अवधिमा एक राशिको हिसाबले सर्दै जान्छन् भन्ने कुरा सर्वविदितै छ। यसरी सम्पात बिन्दुहरू परिवर्तन हुँदै जानुको मुख्य कारण हो पृथ्वीको अक्षको अस्थिरत्व[५] (Wobbling of earth's axis)।

क्रान्तिवृत्त र विषुववृत्तको सम्पात जुन दुई बिन्दुमा हुन्छ। त्यस बिन्दुलाई विषुव बिन्दु भनिन्छ। पहिलो बिन्दु वसन्त-विषुव बिन्दु र दोस्रो बिन्दु शरद् विषुव बिन्दु हो। यी दुई विषुव बिन्दुहरू बिस्तारै बिस्तारै पछाडि अर्थात् पश्चिमतिर सर्नुलाई नै अयन चलन भनिन्छ। विषुव बिन्दु क्रान्तिवृत्तमा प्रतिवर्ष ५०".३ कोणीय अन्तरले पछाडि सर्दछ। यसकारण पूरा ३६० = १२९६००० " पछाडि सर्न उसलाई करिब २५,८०० वर्ष लाग्दछ। यसबाट के थाहा हुन्छ भने अयन चलनका कारण आकाशका तारा मण्डलमा उत्तरी ध्रुव बिन्दु र विषुव बिन्दुको स्थान समयमा समयमा बदलिरहन्छ।

अँध्यारो स्वच्छ रात्रिको मध्ये आकाशमा हेर्दा ताराहरू स्पष्ट देखिन्छन् परन्तु क्षितिजको वरपर रहेका ताराहरू पृथ्वीको वायुमण्डलको सघनताका कारण कम संख्यामा मात्र देखिन्छन्। जति देखिन्छन् ती सबै अधिक तेजस्वी भएका कारण देखिएका छन्।

खगोलविद्हरूका अनुसार हामीले हाम्रा नाङ्गा आँखाले पूरा खगोलमा बढीभन्दा बढी छहजार तारा देख्न सक्दछौं। यसमा पनि एकै पटकमा आकाशको एउटा गोलार्धमा बढीमा तीनहजार तारा मात्र देख्न सकिन्छ। किनकी उत्तरगोलार्धमा दक्षिण खगोलका ताराहरू र दक्षिणीगोलार्धमा उत्तर खगोलका ताराहरू देख्न सकिँदैन। पृथ्वीले एक वर्षमा सूर्यको परिक्रमा १ पटक गर्दछ र २४ घण्टामा आफ्नो धुरी (Axis) मा १ चक्कर लगाउँदछ। त्यसैले नै सौर अहोरात्रको मान २४ घण्टा मानिएको हो। परन्तु नक्षत्रले १ अहोरात्र पार गर्न २३ घण्टा ५६ मिनेट लगाउँदछ। यसकारण आकाशका नक्षत्रहरू रात्रिको समयमा प्रत्येक दिन ४ मिनेट पहिले नै पूर्वाकाशमा उदय भएको हामी देख्दछौं। जस्तै आकाशको सबैभन्दा चम्किलो तारा लुब्धक (Sirius) जसलाई व्याध तारा पनि भनिन्छ, आज राति ८ बजे पूर्वक्षितिजमा उदय हुन्छ भने भोलि रातको ७:५६ बजे उदय हुन्छ। यसैक्रमले अर्को वर्षको आजैको तिथिको दिन त्यो तारा पुनः ८ बजे उदय हुनेछ। यसबाट के कराको ज्ञान हुन्छ भने ताराहरू अधिकाधिक पश्चिमतिर सर्दै जान्छन् र सालभरमा (१ वर्षमा) आकाशलाई एक चक्कर लगाउँदछन्।

---

४ आकाश दर्शन (पेज नं. १४६)

५ ब्रह्माण्ड र सौरमण्डल (ग्रहहरूको चाल) पेज ३५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

[६]नक्षत्र अर्थात् ताराहरूको परिचय खगोल-विज्ञान (Astronomy) क्षेत्रको अध्ययनको लागि पहिलो सिँढी मानिन्छ। ताराहरूको पहिचान एक अत्यन्त रोचक एवं उपयोगी विषय हो। नाविक (डुङ्गा चलाउने) र विमानचालकहरूका लागि ताराहरूको ज्ञान हुनु जरुरी हुन्छ भने अन्तरिक्षयात्रीका लागि यसको ज्ञान अपरिहार्य हुन्छ।

हामीबाट धेरै टाढा रहेका ताराहरूको दूरी किलोमिटर वा माइलबाट मापन तथा व्यक्त गर्न असजिलो हुने भएकोले खगोलविद्हरूले ताराहरूको दूरी मापनका लागि एउटा विधि अपनाए, जसलाई प्रकाश वर्ष[७] (Light Year) भनिन्छ। प्रकाशको किरण १ सेकेण्डमा लगभग ३ लाख किलोमिटर दूरी पार गर्दछ। यस गतिका आधारमा प्रकाशको किरणले एक वर्षसम्ममा जति दूरी पार गर्दछ, त्यति दूरीलाई १ प्रकाश वर्ष मानिएको छ। एक प्रकाश वर्ष दूरी ९४,६३,००,००,००,००० (चौरान्नब्बे खरब त्रिसट्ठी अरब) किलोमिटर बराबर हुन्छ। यसैका आधारमा सूर्य हामीबाट ८ प्रकाश मिनेट र १८ प्रकाश सेकेण्ड टाढा हुन आउँदछ। आकाशको सबैभन्दा नजिकको तारा "प्रोक्सिमा सेन्टौरी" हामीबाट ४.३ प्रकाशवर्ष अर्थात् ४०,००,००० करोड किलोमिटर टाढा छ। ताराहरू र मन्दाकिनी (Galaxy हरूको दूरी मापन गर्ने अर्को एकाई पनि छ जसलाई पार्सेक (Parsec) भनिन्छ। यो एकाइ प्रकाश वर्षभन्दा अझ ठूलो छ। १ पार्से = ३.२६ प्रकाश वर्ष हुन्छ। त्यसैगरी पृथ्वी र सूर्यबीचको लगभग १५ करोड किलोमिटर दूरीलाई खगोलीय एकाई भनिन्छ। आधुनिक खगोल-विज्ञान अनुसार कृत्तिका पुञ्ज हामीबाट करिब ४०० प्रकाश वर्ष टाढा रहेको छ। नाङ्गो आँखाले पनि देख्न सकिने यस पुञ्जको प्रमुख तारा श्वेत दानव (White Giant) हो। खगोलविद्हरूका अनुसार कृत्तिका पुञ्जका अधिकांश ताराहरू २५ लाख वर्षभन्दा पुराना छैनन्। कृत्तिका पुञ्जको सबैभन्दा चम्किलो तारा अम्बा (अलस्योन) हो।

आकाशमा ताराहरू एकनासिसित फैलिइरहेका छैनन्। सर्सर्ती आकाशमा हेर्दा कुनै ताराहरू नजिक र कुनै धेरै पर अलग्गिएर रहेका जस्ता देखिन्छन्। खासगरी नजिक नजिक रहेका केही ताराहरू एक आपसमा मिलेर कुनै एक जीव वा वस्तुको आकार बनेको देखिन्छ। जसलाई नक्षत्र (तारा) समूह भनिन्छ। यिनै तारा र तारासमूहका विभिन्न आकृतिहरूको परिकल्पना गरी प्राचीनकालमा विभिन्न कथा आख्यानहरू रचिए र तिनीहरूको नामकरण पनि गरिए जो नाम आजसम्म पनि प्रचलनमा रहेका छन्। कृत्तिका पुञ्जमा नाङ्गो आँखाले हेर्दा छ या सात तारा देख्न सकिन्छ भने प्रथम पटक 'ग्यालिलियो' ले आफ्नो दूरबीनको सहायताबाट करिब ३० तारा कृत्तिका पुञ्जमा रहेको पाएँ। आजको वैज्ञानिक युगमा शक्तिशाली दूरबीनको सहायताबाट कृत्तिका पुञ्जमा ३०० भन्दा अधिक ताराहरू देख्न सकिन्छ। कृत्तिकाको दक्षिणपूर्वमा रातो रङ्गको रोहिणी (Aldebaran) नक्षत्र र मृग (Orion) ताराहरू छन्। कृत्तिकाको पूर्वमा पुनर्वसु (Pollux) नक्षत्र विद्यमान छ। कृत्तिकाको बारेमा धेरै कथा आख्यानहरू पाइन्छन्। तैत्तिरीय ब्राह्मण[८] का अनुसार कृत्तिकाका सात बहिनीहरू छन् र यिनीहरूको नाम हो- अम्बा, दुला, नितत्नी, अभ्रयन्ती, मेघयन्ती, वर्षयन्ती र चुपुणीका। वैदिककालमा कृत्तिका पुञ्जमा सात ताराहरू मात्र परिचयमा आएका थिए। पछि गएर ६ तारा मानियो र यिनीहरूको सम्बन्ध कार्तिकेयसँग जोडियो। पौराणिककथा अनुसार [९]कार्तिकेयको जन्म भगवान् शिवबाट भयो र यिनका ६ वटा शिरहरू थिए। यिनै ६ कृत्तिकाहरूले आमा बनेर ६ शिर भएका कार्तिकेयलाई स्तनपान र लालनपालन गरेको हुनाले उनलाई कार्तिकेय एवं षण्मातुर भनियो। पौराणिक कालमा सात

---

६ नक्षत्रमृक्षं भं तारा तारकाप्युडु वा स्त्रियाम्। अमरकोषः।

७ ब्रह्माण्ड र सौरमण्डल (ज्योतिषशास्त्रमो दूरीको नाप पे.नं. १)

८ तैत्तिरीय ब्राह्मण/तैत्तिरीया संहिता ४।४।५

९ स्कन्दपुराण केदारखण्ड माघ म. १५ अ.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृत्तिकाहरूको सम्बन्ध सात ऋषिहरूसँग जोडियो र ऋषिपत्नीहरूको स्थान दिइयो। ती नामहरू हुन्- सम्भूति, अनुसूया, क्षमा, प्रीति, सन्नति, अरुन्धती र लज्जा।

कृत्तिका पुञ्जको पाश्चात्य नाम प्लीएडस (Pleiadas) हो। यो यूनानी शब्दबाट आएको हो र यसको अर्थ 'जमघट' भन्ने हुन्छ। यूनानी आख्यान अनुसार[१०] प्लीएडसका सात बहिनीहरू थिए। यिनीहरू एटलस र प्लीओनेका छोरीहरू थिए। यूनानी देवता ज्यूसले एटलसलाई आदेश दिए कि तिमी, माथि आकाशमा गएर यो संसारलाई आफ्नो काँधमा धारण गर। आफ्ना देवताको आज्ञालाई मान्दै ज्यूसले संसारलाई आफ्नो काँधमा धारण गर्दा आफ्ना पिताको ज्यादै कष्ट देखेर छोरीहरू अत्यन्त दुःखी भए। उनीहरूको वेदनाबाट द्रवित भएर ज्यूसले सातै दिदी-बहिनीहरू (Pleiadas) लाई आकाशमा नक्षत्रहरूको बीचमा स्थापित गरिदिए। यसै आधारमा विश्व मानचित्रको पुस्तकमा एटलसले आफ्नो काँधमा विश्व धारण गरेको देखाइएको हुन्छ।

कृत्तिका नक्षत्र र यसको पुञ्ज यति स्पष्ट र आकर्षक छ कि सामान्य मानिसले पनि यसलाई सजिलै चिन्न सक्दछन्। संसारका सबै प्राचीन सभ्यताहरूले यस तारा र तारापुञ्जको महत्त्व ज्यादै दिएको पाइन्छ। प्राचीनकालमा[११] कृत्तिकाको पूजा तथा दीप प्रज्वलन गरी कृत्तिका उत्सव मनाउने गरिन्थ्यो भने अहिले पनि कृत्तिकालाई दीपपुञ्जको प्रतीक मानेर दीपावलीको अवसरमा पूजा गर्ने चलन रहेको पाइन्छ।

सन्दर्भग्रन्थसूची

आकाश दर्शन – मुले गुणाकर, राजकमल प्रकाशन

ब्रह्माण्ड और ज्योतिष रहस्य – दशोरा नन्दलाल, रणधीर प्रकाशन

ब्रह्माण्ड र सौरमण्डल – स्थापित मोतीकाजी, तलेजु प्रकाशन

ग्रहनक्षत्राणि – डा. सम्पूर्णानन्द, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय

---

१० आकाश दर्शन (पेज नं. ४८)

११ ब्रह्माण्ड और ज्योतिष रहस्य पेज नं १२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शोधप्रबन्धमा समस्या र उद्देश्यबीचको समन्वयीकरण

सहप्रा. डा. जीवन अधिकारी

उपक्रम– शोध, खोज वा अनुसन्धान मानवीय जीवनमा निरन्तर चलिरहने प्रक्रिया हो। बाल्यावस्थादेखि नै अनेक गल्ती र सङ्घर्ष गर्दै तिनबाट नयाँ नयाँ पाठ सिक्दै मानिसले विकासका विभिन्न चरणमा अनेक अनौठा उपलब्धिहरू हासिल गर्न सकेको हो। आफैंले छोएर, देखेर, आफ्ना अभिभावक, अग्रज, सहपाठी आदिले बताएका कुरा सुनेर, विभिन्न पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित ज्ञानविज्ञानसित सम्बद्ध सामग्रीहरूको अध्ययन गरेर मानिसले आफूलाई विकसित गर्दै ल्याएको पनि वस्तुसत्य नै हो। यस सन्दर्भमा सिक्ने दुइ माध्यम– परेर र पढेर–को भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ। यस आलेखमा यिनै दुइ मुख्य तत्त्वको लेखाजोखा र अनुसन्धानमा तिनको पारस्परिक समन्वयीकरणबारे चर्चा गरिंदै छ।

समस्या– शोध वा अनुसन्धानका सन्दर्भमा भने कुनै कुराको खोज वा अन्वेषण नहुँदा समाजका विभिन्न वर्गका मानिसहरूले भोग्नुपरेका अनेक कठिनाइ वा जटिलता, ज्ञानको प्राप्ति र सरल व्यवहार–सञ्चालनमा देखापरेका बाधा, अवरोध वा व्यवधानलाई नै समस्याका रूपमा लिनुपर्ने हुन्छ। ज्ञानको प्राप्ति मानवीय प्रवृत्तिको एउटा मुख्य पाटो हो र व्यवहार–सञ्चालन उसको मानवीय आवश्यकता हो। यी दुइ पक्षमा कुनै विषयमा खोज/अनुसन्धान/गवेषण/अन्वेषण नहुँदा व्यवहारमा उत्पन्न बाधा/अवरोध/व्यवधान/रोकावट जे विद्यमान छ त्यो नै यथार्थमा शोधकार्य/अनुसन्धानको समस्या हुनसक्छ। समस्याले शोध, खोज, अनुसन्धान वा अन्वेषणको खाँचो वा आवश्यकतालाई दर्शाउँदै यसको औचित्य र महत्त्व प्रकट गर्दछ।

शोधकार्यको सर्वाधिक महत्त्वपूर्ण एवं अनुसन्धाको मुख्य स्तम्भका रूपमा लिइने समस्याको निर्क्यौल गर्नु पहिचानका दृष्टिले कठिन र चुनौतीपूर्ण कार्य मानिन्छ। यसले शोध/अनुसन्धाको प्रमुख क्षेत्र र कार्यदिशा, लक्षित समूह, अनुसन्धानका उपलब्धिको व्यावहारिक उपयोगिता वा प्रायोगिकता, उपयोगबाट हुने लाभहरूको निर्देश र त्यससित सम्बद्ध भई आउने उद्देश्यहरूको निर्धारण–समेतलाई निर्देशित गर्दछ। अध्ययन/अनुसन्धान समस्याकेन्द्री हुने भएकाले सम्बद्ध सामग्रीको पहिचान, सङ्कलन, व्यवस्थापन, सत्यापन, विश्लेषण र तिनका आधारमा निकालिने निष्कर्षलाई मात्र नभएर कस्ता कस्ता समस्याको समाधान कुन कुन विधि वा प्रक्रियाको उपयोगबाट गर्ने भन्ने कुराको आधार पनि समस्याको सही पहिचानबाट निर्धारण गर्न सकिन्छ।

अनुसन्धाताको रुचिको दर्शन वा साहित्यको सूक्ष्म निरीक्षण गर्दै जाँदा त्यस क्षेत्रमा चुनौतीपूर्ण बनेर रहेका अवरोधहरू जिज्ञासु आफैंले आफ्नै बौद्धिक सामर्थ्यबाट पत्ता लगाउन सक्छ। त्यसरी पत्ता लगाइएका तिनै अवरोध वा चुनौतीहरू नै शोधकार्यका मूलभूत समस्याका रूपमा उल्लेख गरिन्छन्। शोधकर्ताका अघिल्तिर मूल प्रश्न बनेर खडा भएका तिनै प्रश्नको समाधान गरी विद्यमान चुनौतीको निराकरण गर्नु शोध/अनुसन्धानको उद्देश्य बन्न पुग्दछ। अनुसन्धान–प्रक्रियाहरूमा समस्याको पहिचान पहिलो सोपान हो। कसका बारेमा के कुरा पत्ता लगाउने भन्ने कुराको टुङ्गो लगाउने काम यसमा गरिन्छ। कुन कुन शोध समस्याको उत्तर, प्रस्ताव गर्न लागिएको अनुसन्धान वा अध्ययनले पत्ता लगाउने हो भन्ने निर्क्यौल नभएसम्म अनुसन्धान सम्भव हुँदैन।

निर्धारित प्रश्नको उत्तर कसरी पत्ता लगाउँने भन्ने अर्को पक्ष हो। यसमा अनुसन्धानका समस्यालाई केन्द्रमा राखेर तिनको उत्तर खोज्न यसमा ती व्यावहारिक चरण/सोपानहरू पार गर्दै अनुसन्धाताले अध्ययनयात्रा तय गर्दछ। पहिचान गरिएका समस्याहरूको उत्तर खोज्ने चरणगत प्रक्रिया वा सोपानक्रमले अध्ययनका विधि र पद्धतिको निर्माण गर्न मार्गप्रशस्त गर्दछ। अनुसन्धानका हरेक क्रियात्मक चरणहरूमा अनुसन्धातालाई विधि, प्रक्रिया र नमुनाहरूको बहुलताभित्रबाट अनुसन्धानपद्धतिको निर्धारण गर्न र उद्देश्यको सर्वोत्तम परिपूर्ति/प्राप्तिका निमित्त सहयोग पुग्दछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समस्याका स्रोतहरू— अनुसन्धानका समस्याहरू निम्नलिखित चार स्रोतहरूबाट लिन सकिन्छन्:-

१. जनताः छुट्टाछुट्टै वर्ग र समुदायका व्यक्तिहरूको संयोजनबाट बन्ने जनता समस्याको मुख्य स्रोत हुनसक्छन्। जनताले ज्ञानको उपलब्धि र व्यावहारिक कठिनाइको निराकरणमा भोगेका समस्याको समाधान अनुसन्धानले गर्न सक्नुपर्छ जसले शोधको उपयोगिता र लोकप्रियताको स्तर निर्धारण गर्दछ।

२. जनताका समस्याः जनता-जनसमुदायले भोगेका/उपयोग गरेका जल्दाबल्दा सामयिक खासखास विषय वा समस्याको परीक्षण दोस्रो स्रोत हो। खासखास विषय/समस्या भन्नाले जनताको जीवनपद्धति वा दैनिकी तथा कुनै खास विषय वा समस्यामा आधारित भएर कुनै जनसमुदायको प्रवृत्तिको निर्क्योल गर्ने विषयसित सम्बद्ध समस्यालाई लिनुपर्ने हुन्छ।

३. विभिन्न सामाजिक कार्यक्रमः सामाजिक क्रियाकलाप सञ्चालनका क्रममा जनसमुदायले अनुभव गरेका बाधा, व्यवधान, उपलब्धि आदिको प्रभावकारिताको मूल्याङ्कन गर्ने खालका विभिन्न सामाजिक कार्यक्रमहरू समस्या-पहिचानको तेस्रो स्रोत बन्न सक्छन्। समुदायको हितका निमित्त भनी ल्याइएका विभिन्न कार्यक्रमहरूको प्रभाव समाजमा के कस्तो रहेको छ, कति समुदाय कुन रूपमा लाभान्वित भएका छन् वा छैनन्, छैनन् भने त्यसका पछाडि कारणहरू के के छन् भन्ने हिसाबले गरिने त्यस्ता परियोजना/कार्यक्रमको मूल्याङ्कनबाट पनि थप अनुसन्धानका लागि समस्याको पहिचान गर्न शोधार्थी सफल हुन सक्छन्।

४. विभिन्न चमत्कारपूर्ण घटनाहरूः समय-समयमा समाजमा देखापर्ने अपूर्व, चमत्कारपूर्ण वा अनौठा दृश्य, घटना, व्यक्ति वा वस्तुहरू समस्या-पहिचानको चौथो स्रोत हुन्। कहिलेकाहीं समाजमा यस्ता आश्चार्यजनक र अपत्यारिला घटना वा व्यक्ति, वस्तु, जनावर आदि देख्नमा आउँछन् जसका बारेमा खास वा गूढ रहस्य जान्ने इच्छा जनसमुदायमा तीव्र हुँदा पनि समाधान पत्ता लगाउन जरुरी हुन्छ र शोधको समस्याका लागि आधार मिल्दछ। पशु चारखुट्टे हुन्छन् भन्ने सामान्य सिद्धान्त छ र व्यवहारमा पनि त्यही देखिन्छ तर कतिपय अवस्थामा पाँचखुट्टे वा अन्य कुनै अङ्ग न्यून वा अधिक भएका प्राणी देख्दा समस्या उब्जिन्छ। के यो सम्भव छ ? हामी सडकमा पाँचखुट्टे गाईलाई गाडीमा राखेर वा हिंडाएर ल्याउँदै गर्दा त्यसलाई भगवान्को विशेष अवतार मानेर पूजा गर्दे गरेका भक्तहरू देख्छौं। आखिर किन यस्तो ? प्रश्न उठ्छ र खोज/अनुसन्धान गर्न मन लाग्छ।

उद्देश्य— शोध/अनुसन्धानका क्षेत्रमा विद्यमान समस्याको सिद्धान्तसापेक्ष, तथ्यपूर्ण एवं प्रामाणिक समाधानलाई सम्बोधन गर्ने लक्ष्यविशेषलाई उद्देश्य भन्ने गरिन्छ। कुनै पनि समस्याको समाधान गरी ज्ञानको अभिवृद्धि गर्नु शोधको समग्र/व्यापक उद्देश्य हुनसक्छ तर कुनै विशिष्ट विषय वा समस्यामा केन्द्रित रही गर्न लागिएको शोधको उद्देश्य चाहिं त्यस विषयक्षेत्रमा परिचित मुख्य समस्या वा चुनौतीको समाधान वा निराकरणमै केन्द्रित हुनु जरुरी छ।

उद्देश्यको सूचीकरण र निर्धारण— उद्देश्य भनेका अनुसन्धाताले आफ्नो प्रस्तावित अनुसन्धानबाट प्राप्त गर्ने गरी तय गरिएका लक्ष्यहरू नै हुन्। उद्देश्यले प्रस्तावित अनुसन्धान गराएर समाजले खासमा के के उपलब्धिहरू हासिल गर्नसक्छ भन्ने कुराको सूचना अनुसन्धानको अपेक्षक व्यक्ति वा अनुसन्धान गराउने संस्थालाई प्रदान गर्दछ। त्यसैले बुँदागत रूपमा स्पष्ट र वस्तुगत किसिमले उद्देश्यको उल्लेखन अत्यधिक महत्त्वपूर्ण कुरा हो। समस्याको प्रस्तुति जुन प्राथमिकताक्रममा जति सङ्ख्यामा गरिएको छ त्यही प्राथमिकताक्रम र त्यति नै सङ्ख्यमा उद्देश्यहरूको उल्लेख हुनु आवश्यक हुन्छ। कुनै छुट्न जाँदा वा क्रमिकता भङ्ग हुँदा मानवजीवन र तिनका व्यवहारको सुगमतामा अध्येताले पुऱ्याउन खोजेको योगदान वा अनुसन्धानका उपलब्धिको उपयोगितामा कमी र प्रायोगिक पक्षमा द्विविधा उत्पन्न हुनसक्छ।

सामान्यतया उद्देश्यहरूलाई दुई उपशीर्षक दिएर सूचीकृत गर्न सकिन्छः- १. सामान्य उद्देश्य (समग्र विषय-क्षेत्रसित सम्बद्ध), र २. विशिष्ट उद्देश्य (रोजिएको शोध-शीर्षकसित सम्बद्ध)।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य उद्देश्य अनुसन्धाताको अध्ययनको व्यापक विषयगत समग्र तृष्णालाई मेटाउने खालको कथनमा सूचीकृत गरिन्छन्। यो त्यस्तो कथन हो जसले शोधार्थीले रोजेको विषय र त्यसका सम्बन्धहरूका बारेमा जानकारी दिई समस्त वाङ्मय वा त्यसभित्रको कुनै दर्शन वा साहित्यको अभिवृद्धिमा योगदान पुऱ्याउन राखेको लक्ष्यलाई देखाउँछ जुन अनुसन्धाताले विज्ञवर्गका सामु स्थापित गर्न खोजेको हुन्छ। यस्ता उद्देश्यहरू व्यापक एवं समग्र उपलब्धिसित बढी सम्बद्ध हुन्छन्।

विशिष्ट उद्देश्यहरू अध्ययनका विषयका खासखास पक्ष र समस्याहरूसित सम्बद्ध हुन्छन् जसका बारेमा अनुसन्धानको मुख्य ढाँचा वा फ्रेमभित्र रहेर अनुसन्धाताले सम्पूर्ण अध्ययनलाई सङ्केन्द्रित गरी तथ्यहरू खोज्छ र विविध सिद्धान्तका सापेक्षतामा तिनको प्रमाणिकता सिद्ध गरी आफ्नो शोधप्रबन्धमा स्थिर गर्दछ। यस्ता उद्देश्यहरू बुँदागत रूपमा १, २, ३, ४ गरी क्रमबद्ध सूचीकृत गरिन्छन्। यिनको शब्दावली पनि स्पष्ट, पूर्ण वस्तुगत र विशिष्टीकृत हुनुपर्छ। अनुसन्धाताले आफ्नो अनुसन्धानको मुख्य आशय/अभिप्रायलाई स्पष्ट रूपमा आफ्नो पाठक वा आफ्नो अनुसन्धानका प्रयोक्ता समक्ष प्रस्तुत गर्न सक्षम हुने गरी सकेसम्म दोहोरो अर्थ नलाग्ने किसिमका शब्दहरूको चयन गर्नु पर्दछ।

प्रत्येक उद्देश्यले समग्र अध्ययनको छुट्टाछुट्टै एक/एक पक्ष वा समस्यालाई समेटेको हुनुपर्दछ। उद्देश्यहरूको लेखनमा विशेष गरी अनुसन्धानका उपलब्धिहरू क्रियान्वयनतर्फ बढी उन्मुख छन् भन्ने मनसाय स्पष्ट झल्किने खालका पदावलीको प्रयोग बढी अपेक्षित रहन्छ। उद्देश्य अनुसन्धानको प्राप्ति, निष्कर्ष, उपलब्धिसित प्रत्यक्ष सम्बन्ध राख्ने महत्त्वपूर्ण पक्ष हो। उद्देश्यको उल्लेख गर्दा गरिएको शब्दप्रयोगको शैलीले अनुसन्धान वर्णनात्मक, तुलनात्मक वा प्रयोगात्मक कस्तो खालको हो भन्ने कुराको समेत सं(त गर्दछ। आफूले गर्न खोजेको अनुसन्धानका प्रकार र त्यसबाट प्राप्त गर्न खोजको लक्ष्यलाई स्पष्टसित व्यक्त गर्ने र स्वीकार गर्ने खालको पदावलीको चयन पनि उद्देश्य-लेखनको सन्दर्भमा महत्त्वपूर्ण बनेर रहेको हुन्छ।

उद्देश्यको प्रस्तुतिले अनुसन्धाताको अन्वेषणप्रतिको प्रतिबद्धतालाई पनि व्यक्त गर्दछ। अनुसन्धाता समाज र जीवनजगत्प्रति कति जिम्मेवार छ भन्ने कुरा उसले रोजेको विषय र त्यसबाट मानवसमाज र समग्र विकासमा पुऱ्याउँन खोजेको योगदानले स्पष्ट पार्दछ। यी सबैको अभिव्यक्ति उद्देश्यबाट हुनुपर्छ/दिन सकिन्छ। यस कुरालाई ध्यानमा राखेर समेत उद्देश्यको निर्धारण गर्नु उपयुक्त हुन्छ।

उद्देश्यहरूलाई निम्नानुसारका पदावलीको प्रयोग गरी प्रस्तुत गर्न सकिन्छः- १. विभिन्न विकल्पहरूमध्येबाट खासखास विकल्पको उपयोगिता/प्रायोगिकता/व्यवहारिकता निर्धारण गर्नु २. तथ्यहरू पत्ता लगाउनु ३. ठम्याउनु, निरूपण गर्नु ४. उपयुक्तता प्रयोगात्मकता मापन गर्नु ५. तथ्य कारणहरूको खोजी गर्नु ६. जाति, धर्म, संस्कृति आदिका विशिष्ट पक्षहरूमाथि प्रकाश पार्नु ७. कारणहरू केलाउनु ८. विवादास्पद विषयका पक्ष/विपक्षका तर्कहरू मान्य/अमान्य हुने आधारहरू प्रस्तुत गर्नु, आदि आदि।

अंग्रेजी भाषामा उद्देश्यकथनमा प्रयोग हुन सक्ने पदावलीलाई यसरी प्रस्तुत गरिएको पाइन्छ— to determine, to findout, to ascertain, to measure, to present, to explore, to describe, to compare, to demonstrate आदि।

उद्देश्यका अभिलक्षणहरूः

१. सुस्पष्ट,

२. आफैंमा पूर्ण,

३. वस्तुगत, विशिष्ट, सुनिश्चित र तथ्यपूर्ण,

४. परस्पर सम्बद्ध विकल्पहरूको पहिचान दिनसक्ने र

५. पारस्परिक सम्बद्धताको दिशा-निर्देश गर्न सक्ने।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषतः वर्णनात्मक, अन्तःसम्बद्ध प्रायोगिक/अप्रायोगिक र पूर्वकल्पनाको परीक्षणात्मक अनुसन्धानमा लिइने उद्देश्यमा यी अभिलक्षणहरू झल्किने गर्दछन्।

समस्या र उद्देश्यबिचको समन्वयीकरण– माथिको चर्चाबाट शोधकार्यमा समस्या र उद्देश्यको भूमिका कुन स्तरको रहन्छ भन्ने कुरा बुझ्न सहयोग पुग्दछ। अनुसन्धानका यी दुइ मुख्य तत्त्वको पारस्परिक सामञ्जस्य मिलाउनु यिनको समन्वयीकरण हुन सक्छ। परिचत समस्याको समाधान शोधकार्यबाट हुनुपर्छ। यो शोधको प्राप्तिसित सम्बद्ध पक्ष हो। शोधका सन्दर्भमा जे जे समस्याहरूको पहिचान गरी विशिष्टीकरणसहितको प्राथमिकताक्रममा सूचीकृत गरिए तिनै समस्याको सही समाधान निकाल्ने दिशामा उही प्राथमिकताक्रमलाई अनुसरण गर्दै उद्देश्यको उल्लेख गरिनु उपयुक्त/आवश्यक हुन्छ। यसको प्रस्तुति तल दिइएका केही नमुनाहरूबाट स्पष्ट हुनसक्छ।

शोधसमस्या र उद्देश्यका बिचको समन्वितिका केही नमुनाहरूः–

१. समीक्षासहितको ग्रन्थसम्पादमा–

यदुवंशमहाकाव्यको समीक्षासहितको सम्पादनात्मक अध्ययनका लागि समस्याः–

१. यदुवंशमहाकाव्यका रचयिता काशिनाथको इतिवृत्त के कस्तो रहेको छ ?

२. यदुवंशमहाकाव्यको विषय र कथास्रोत के हो ?

३. यदुवंशमहाकाव्यमा वेदादिशास्त्र–प्रतिपादित ज्ञानको उपयोग कसरी गरिएको छ ?

४. संस्कृत–साहित्य–सिद्धान्तका कसीमा यदुवंशमहाकाव्य कुन स्तरको देखा पर्दछ ?

५. संस्कृतभाषामा नेवारीलिपिका पाण्डुलिपिमा प्राप्त यदुवंशमहाकाव्यको आस्वादन सरल रूपमा सम्पूर्ण पाठकले गर्न सक्ने उपायहरू के के छन् ?

६. यदुवंशमहाकाव्यका आधारमा मल्लकालीन संस्कृत साहित्यको समृद्धिको कस्तो स्थिति झल्किन्छ ?

यी समस्याको समाधानका लागि उद्देश्य निम्नानुसार प्रस्तुत गर्न सकिन्छः–

१. यदुवंशमहाकाव्यका रचयिता काशिनाथका बारेमा पाइने इतिवृत्तको खोजी गर्नु,

२. यदुवंशमहाकाव्यको कथास्रोत र समग्र विषयवस्तुका बारेमा प्रकाश पार्नु,

३. यदुवंशमहाकाव्यमा वेदादिशास्त्रका सिद्धान्तको उपयोगको विवेचन गर्नु

४.संस्कृत–साहित्य–सिद्धान्तका सापेक्षतामा यदुवंशमहाकाव्यको काव्यशास्त्रीय तत्त्वविवेचनसहित मूल्याङ्कन गर्नु,

५. नेवारी अक्षरमा संस्कृत भाषामा लिखित यदुवंशमहाकाव्यको मूलपाठलाई देवनागरी लिपिमा रूपान्तरण गरी समग्र मूल पाठको सम्पादन गर्नु,

६. यदुवंशमहाकाव्यको संक्षिप्त समीक्षापूर्वकको सम्पादनका माध्यमबाट मल्लकालिक संस्कृत–साहित्य–समृद्धिमाथि प्रकाश पार्दै नेपालको राष्ट्रिय गौरववृद्धिमा योगदान पुऱ्याउनु।

२. कृतिगत अध्ययनमा– बृहज्जातकनामक ज्योतिषग्रन्थको समीक्षात्मक अध्ययनमा शोधकार्य गरिंदै छ भने शोधसमस्या यस्ता हुन सक्छन्ः–

१. ज्योतिषशास्त्रको सैद्धान्तिक एंव ऐतिहासिक स्वरूप कस्तो छ ?

२. बृहज्जातकग्रन्थका रचनाकार को हुन् र तिनका कृतिहरू के के र कुन कुन विशेषतायुक्त छन् ?

३. बृहज्जातकग्रन्थको समग्र प्रतिपाद्य विषय के रहेको छ ?

४. बृहज्जातकग्रन्थका निरूपित विषयको समग्र सार वा निष्कर्ष के रहेको छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. अन्य फलितज्योतिषग्रन्थका सापेक्षतामा बृहज्जातक कुन स्तरको कृति हो ?

यी समस्याको समाधानका निम्ति निम्नानुसार उद्देश्य निरूपण गर्नु उपयुक्त देखिन्छः–

१. बृहज्जातकग्रन्थको अध्ययनका सन्दर्भमा ज्योतिष शास्त्रको सैद्धान्तिक एवं ऐतिहासिक स्वरूपका सापेक्षतामा प्रकाश पार्नु,

२. वराहमिहिरको समग्र परिचयसहित उनका कृति र तिनको विशेषताहरूको प्रकाशन गर्नु,

३. बृहज्जातकग्रन्थको सम्पूर्ण विषयको सविस्तार विश्लेषण गर्नु,

४. बृहज्जातकग्रन्थमा निरूपित विषयको सारसहित प्रतिपादित निष्कर्ष प्रस्तुत गर्नु, र

५. फलित ज्योतिषग्रन्थहरूका सापेक्षतामा बृहज्जातकग्रन्थको मूल्याङ्कन गरी स्तर निर्धारण गर्नु।

३. ग्रन्थसम्पादनात्मक अनुसन्धानमा–

यदि कातन्त्रव्याकरणको पदरोहणव्याख्याग्रन्थको सम्पादन गरिंदै छ भने समस्याको प्रस्तुति निम्नानुसार गर्न सकिन्छः–

१. कातन्त्रव्यकारणको पदरोहणव्याख्याकार उत्सवकीर्तिको जन्मादिसूचक इतिवृत्त कस्तो छ ?

२. कातन्त्रव्याकरणका व्याख्याग्रन्थहरू के कति पाइन्छन् ?

३. कातन्त्रव्याकरणको पदरोहणव्याख्याको परिचय कुन कुन विशेषतासहित दिन सकिन्छ ?

४. कातन्त्रव्याकरणको पदरोहणव्याख्यामा प्रतिपादित विषयहरू के के छन् ?

५. कातन्त्रव्याकरणको पदरोहणव्याख्या अन्य व्याख्याभन्दा कुन अर्थमा भिन्न छ ?

६. कातन्त्रव्याकरणको पदरोहणव्याख्याका पाण्डुलिपिहरू के कति छन् र तिनका पाठभेदादि कुन स्तरका छन् ?

यी समस्याको समाधानका निमित्त उद्देश्य निम्नानुसार राख्न सकिन्छः–

१. कातन्त्रव्याकरणको पदरोहणव्याख्याकार उत्सवकीर्तिको जन्मादिसूचक इतिवृत्त प्रस्तुत गर्नु,

२. कातन्त्रव्याकरणका व्याख्याग्रन्थहरू खोजी तिनलाई सङ्क्षिप्त विशेषतासहित सूचीकृत गर्नु,

३. कातन्त्रव्याकरणको पदरोहणव्याख्याको समग्र परिचय दिनु,

४. कातन्त्रव्याकरणको पदरोहणव्याख्याको प्रतिपाद्य विषयको निरूपण गर्नु,

५. कातन्त्रव्याकरणका अन्य व्याख्याका सापेक्षतामा पदरोहणव्याख्याका वैशिष्ट्यहरू केलाउनु, र

६. कातन्त्रव्याकरणको पदरोहणव्याख्याका उपलब्ध पाण्डुलिपिहरूका आधारमा पाठभेदप्रदर्शनपूर्वक सही पाठस्थापनसहित यस ग्रन्थको मूलपाठको सम्पादन गर्नु।

भाषावैज्ञानिक अध्ययनको क्षेत्र भनै व्यापक छ। ध्वनिदेखि पुस्तकाकार कृतिसम्म आइपुग्दा भाषाले अनेक मसिना एकाइहरू पार गर्नुपर्ने हुन्छ। कुनै एउटा भाषाका वर्णको पहिचान र निर्धारण वा वर्णविन्यासका विषयमा प्राप्त सामग्री र तिनको प्रायोगिक पक्षलाई लिएर वस्तुस्थिति–विश्लेषणपरक अध्ययन गर्ने गरी विषयक्षेत्र रोजिएको छ भने समस्याको पहिचानका पूर्वाधारभूत प्रश्नहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छन्ः–

आफूले अध्ययन गर्न लागेको भाषिक क्षेत्र कुन हो ? त्यो भाषा कुन जाति, वर्ग वा समूहका व्यक्तिले प्रयोगमा ल्याएका छन् ? त्यस भाषाका सही मातृभाषी वक्ता छन्/छैनन् ? त्यसमा भाषान्तरको मिश्रण छ/छैन ? छ भने कुन भाषाको मिश्रण छ ? तिनको मिश्रणबाट अध्ययनका लागि रोजिएको भाषिक क्षेत्रमा के कस्तो प्रभाव परेको छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बद्ध भाषिक क्षेत्रका वक्ताको जातिगत स्वभाव, उच्चारणगत एकरूपता/विविधता वा अन्य कुनै कारणले भाषिक सामर्थ्यमा कस्तो असर परेको छ ? तिनको अन्य जाति र वर्गका कुन कुन स्तरका व्यक्ति/वर्गसित सम्बन्ध छ ? भिन्न मातृभाषी समुदायमा रोजिएको भाषाको स्थिति के छ ?

अध्ययनका लागि रोजिएको भाषाका लेखनमा प्रयोग हुने लिपिगत स्वरूप र विशेषताहरू के कस्ता छन् ? आदि, आदि।

यी सबै प्रश्नको प्रस्तुति समस्याकथनमा नहुन सक्छ त्यसैले यिनै मध्येबाट विशिष्टीकरण गरी सूचीबद्ध गर्दा अध्यनका उद्देश्यको निर्धारण र सीमाङ्कनमा सुविधा हुनजान्छ।

निष्कर्षः

यस आलेखमा शोधका समस्या र उद्देश्यको पहिचानसहितको निर्धारणलाई लिएर सङ्क्षेपमा केही तथ्यहरू प्रस्तुत गरिए। शोधका लागि सर्वाधिक चुनौतीपूर्ण र आधारभूत कार्य भनेको समस्याको पहिचान नै हो। चिनेपछि चिनाउन प्रस्तुतिको प्राविधिक पाटो समात्ने क्रममा अध्ययनको विषय वा शीर्षक हेरी प्राथमिकता निर्धारण गर्दै समस्याको उल्लेख गर्नु र तिनका सापेक्षतामा सोही प्राथमिकताक्रममा उद्देश्य प्रस्तुत गर्नु मूल तत्त्व चिनेपछि सहज हुने कुरा हो। माथि बताइएका सन्दर्भहरू जीवन र जगत्को अध्ययनका क्रममा अपनाउन सकिने पद्धति जे जस्तो रूपमा विकसित गरिएका छन् तिनलाई आधार मानेर उल्लेख गरिएका हुन्। यो पाञ्चभौतिक तत्त्वयुक्त प्रकृतिसित मानवीय सम्बन्धको खोजी र त्यसबाट दैनिकीमा सरलीकरण गर्न खोज्दा अनुसरणीय प्रक्रिया हुनसक्छ।

विश्ववाङ्मयमा ज्ञानका विषय र विधा अनगिन्ती छन् र यिनका शाखाप्रशाखामा प्रशस्तै अध्ययन भएका छन् र हुँदै पनि छन्। जिज्ञासुहरूले नवीन प्रविधिका माध्यमबाट त्यो ज्ञान प्राप्त गर्न सक्छन्। आज विश्वसामु भौतिक विज्ञानको अहर्निश उन्नति/प्रगतिबाट लाभान्वित हुनसक्ने अनेक सम्भावनाहरू प्रशस्त छन्। ती सबै सम्भावनाहरूलाई उपयोग गर्ने सीप वा दक्षता नहुँदा तो थुप्रै प्रविधिगत पक्षहरूलाई समेट्न नसकिने पनि हुनसक्छ। आधुनिक जमानाका आधुनिक विषयका अनुसन्धाताहरूको ज्ञानको क्षेत्र अझ फराकिलो बनेको छ। यो प्रयास त्यस व्यापकताभित्रको एउटा सानो झलकमात्र हो। यसको सदाशयता यहाँ प्रस्तुत पक्षहरूमाथि सावधानीपूर्वक विचार गरेर अनुसन्धानतर्फ पाइला अगाडि बढाउँदा शोधार्थीको अघिल्लो यात्रा सुगम होला भन्ने बुझ्नु उपयुक्त हुनेछ।

सन्दर्भसामग्रीहरू

अमरसिंह, अमरकोश(रामाश्रमीव्याख्यायुक्त),मुम्बई : तुकराम जावजी, तृतीय संस्करण, इं. १९०५।

पौडेल, राजेन्द्रप्रसाद र सी. एन्. पण्डित, आधुनिक अनुसन्धान पद्धति, काठमाडौं : प्रज्ञाप्रकाशन, वि.सं. २०६८।

बराल, टीकाराम, तत्सम नेपाली व्युत्पत्ति शब्दकोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०६८।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, शोधविधि, ललितपुर : साझा प्रकाशन,तेस्रो संस्करण, वि.सं. २०६२।

Apte, Vaman Shivaram, The Student's English–Sanskrit Dictionary, Delhi M Nag Publishers, 1997 AD.

पोखरेल, वावुराम र अन्य (सम्पा.), ऋतम्भरा (अनुसन्धानप्रधान पत्रिका, वर्ष-१, अ (-१), काठमाडौं : महेन्द्र संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, वि.सं. २०५३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रातिशाख्यमा निर्धारित वर्णहरू

उपप्रा. रामहरि तिमल्सिना

संस्कृत, नेपाली, हिन्दी आदि भाषाका वर्णमालाहरूमा जुन-जुन ध्वनिहरू वर्णका रूपमा स्वीकारिएका छन् र जुन क्रममा ती वर्णहरू राखिएका छन् यस विषयको इतिहास खोज्दै जाँदा वैदिक साहित्यसम्म पुगिन्छ। आजभन्दा लगभग सत्ताईस सय वर्ष पहिला लेखिएका वैदिक साहित्यका ग्रन्थहरूमा वर्णहरू र तिनीहरूको क्रम स्पष्ट रूपमा निर्धारण गरिएको पाइन्छ।

वर्ण भाषाको उच्चारण पक्षसँग सम्बन्धित विषय हो। एकजना वक्ताले बोल्ने र अर्कोले सुन्ने गर्दा बोल्ने मान्छेले जुन ध्वनिको उच्चारण गरिरहेको हुन्छ, सुन्ने मान्छले पनि उच्चरित ती ध्वनिहरूलाई पहिला सुनेका निश्चित ध्वनिहरूसँग मिल्ने गुणका आधारमा यिनै ध्वनि उच्चारण गरिएका हुन् भन्ने ठम्याई सुन्ने र बुझ्ने गर्दछ। सूक्ष्म भौतिक विश्लेषण गर्ने हो भने प्रत्येक वक्ताले उच्चारण गरेको क् ध्वनि फरक-फरक ध्वनिगुणले युक्त हुन सक्ने स्थिति रहन्छ। एउटै वक्ताले उच्चारण गरेको क् ध्वनि पनि शब्दैबिच्छे फरक र एउटै शब्दमा रहेको क् ध्वनि समेत हरेक पटकको उच्चारणमा फरक ध्वनिगुणयुक्त हुन सक्ने सम्भावना रहेको हुन्छ।

कुनै निश्चित भाषाका वक्ताहरूले भाषिक व्यवहार गर्ने क्रममा यो ध्वनि चाहिँ फरक ध्वनि हो र यी चाहिँ उही ध्वनि हुन् भन्ने व्यवहार गरी कैयौँ ध्वनिहरूलाई एउटै ध्वनिसमूहमा वर्गीकृत गरेर बुझ्ने-बुझाउने गरेका हुन्छन्। भाषाका प्रयोक्ताहरूले हजारौँ किसिमका क् जस्तो सुनिने ध्वनिलाई एउटै क् वर्णको रूपमा सुन्ने र बुझ्ने गरेका हुन्छन्। ती सूक्ष्म रूपमा फरक-फरक ध्वनिगुण भएका तर भाषाका प्रयोक्ताहरूद्वारा एउटै भनी व्यवहार गरिएका अनेकौँ ध्वनिहरूको एउटा समूहलाई एउटा वर्ण भनिन्छ। एउटै वर्णभित्र अनेकौँ किसिमका ध्वनिहरू समाहित भएका हुन्छन् भन्ने बुझ्न-बुझाउन प्रातिशाख्य ग्रन्थहरू एवं संस्कृत व्याकरणमा वर्णकुल वा वर्णजाति शब्दको पनि प्रयोग गरिएको पाइन्छ।

वर्ण र लिपि-वर्ण भाषाको कथ्य स्वरूप हो भने लिपि त्यही वर्णलाई बुझाउन प्रयोग गरिने लेख्य स्वरूप हो। जुन-जुन ध्वनिहरू एउटा वर्णको रूपमा स्वीकृत भएका हुन्छन् ती-ती ध्वनिलाई बुझाउन सामान्यतया लेख्य भाषामा एउटा लिपिचिह्नको प्रयोग गर्ने गरिन्छ। लेख्य रूपमा प्राप्त वर्णमालामा प्रयुक्त लिपिचिह्नहरूले ती-ती ध्वनिहरूको प्रतिनिधित्व मात्र गरेका हुन् वास्तवमा तिनै लिपिचिह्नहरू नै वर्ण चाहिँ होइनन्। वर्ण वास्तवमा भाषाको मौखिक (कथ्य) स्वरूप हो। जुन समयमा प्रातिशाख्यहरू लेखिए त्यस समयमा ती ग्रन्थहरू कुन लिपिमा लेखिए भन्ने कुरा अहिलेसम्म निर्क्योल गर्न सकिएको अवस्था छैन। त्यसपछि पनि विभिन्न समयमा विभिन्न स्थानहरूमा प्रचलित लिपिहरूमा संस्कृत भाषा लेखिँदै आयो र वर्तमान समयमा संस्कृत भाषा प्रायः देवनागरी लिपिमा लेखिन्छ। प्रातिशाख्यहरूमा वर्णहरूको उच्चारणको सम्बन्धमा दिइएको जानकारीबाट के थाहा पाइन्छ भने प्रातिशाख्यहरूको रचनाको समयमा संस्कृत भाषाका वर्णहरूको उच्चारण जसरी गरिन्थ्यो अहिले वैदिक एवं लौकिक संस्कृतको पठनपाठन एवं अन्यत्र प्रयोग भएका ठाउँमा प्रातिशाख्यहरूमा बताइए अनुसार नै सर्वदा ती वर्णहरूको उच्चारण गरिएको चाहिँ पाइँदैन। वक्ताको प्रथम भाषाको प्रभाव एवं ध्वनिको उच्चारणमा आउने अन्य परिवर्तका कारणले ती वर्णहरूको उच्चारण स्थान एवं प्रक्रियामा परिवर्तन आएको पाइन्छ।

वर्णसम्बन्धी मान्यता- प्रातिशाख्यहरूमा वैदिक एवं लौकिक संस्कृत भाषाका वर्णहरूको निर्धारण गरिएको छ। ती ग्रन्थहरूमा संस्कृत भाषाका जुन-जुन ध्वनिहरूलाई वर्ण मानिएको छ ती ध्वनिहरूलाई वर्ण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मान्नुको कारणमा प्रातिशाख्यहरूको आ-आफ्नै सिद्धान्त रहेको छ। वर्णलाई आधुनिक भाषाविज्ञानमा फोनिम (एजयकभ्भ) भनिन्छ र नेपाली भाषामा लेखिएका भाषाविज्ञानका पुस्तकहरूमा वर्ण शब्द फोनिम शब्दको अनुवादको रूपमा प्रयुक्त भएको पाइन्छ। आधुनिक भाषाविज्ञानमा वर्णनिर्धारणका विभिन्न सिद्धान्त छन् र वर्ण के हो भन्ने विषयमा पनि भिन्न-भिन्न भाषावैज्ञानिक सम्प्रदायहरूमा केही भिन्नभिन्न विचारहरू रहेका छन्। अर्थविभेदक न्यूनतम भाषिक संरचना वर्ण हो भन्ने वर्णको परिभाषा संरचनावादी भाषावैज्ञानिकहरूले स्वीकारेको परिभाषा हो। डेनियल जोन्स, ग्लिसन आदि संरचनावादीहरूले वर्णलाई ध्वन्यात्मक सत्यताको रूपमा स्वीकार्दछन्, त्रुबेच्कोयले वर्णलाई त्यसको विभेदक व्यापारका आधारमा सत्य मान्दछन् भने टडवेल, याकोब्सन, हेले आदि भाषावैज्ञानिकहरूले वर्णलाई वक्ताहरूको मनोवैज्ञानिक सत्यताको रूपमा स्वीकार्दछन् (हाइमन, १९७५:६०-७२)।

प्रातिशाख्य ग्रन्थहरू र तिनको समय- प्रातिशाख्यहरू वेदका प्रत्येक शाखाको फरक-फरक उच्चारणलाई जस्ताको तस्तै सिकाउनका लागि लेखिएका ग्रन्थ हुन्। प्रातिशाख्यहरूभन्दा पहिला नै ऐतरेय आरण्यक, छान्दोग्योपनिषद्, शतपथ ब्राह्मण, ऐतरेय ब्राह्मण, आश्वलायन श्रौतसूत्र आदि ई. पू. १०००-ई. पू. ७०० सम्मका वैदिक वाङ्मयका ग्रन्थहरूमा ध्वनि र वर्णहरूको अध्ययन धेरै उच्च अवस्थामा पुगिसकेको थियो (पोखरेल, वि. सं. २०६४:४)। प्रातिशाख्य ग्रन्थहरूको काल सिद्धेश्वर वर्माले ई. पू. ५००-ई. पू. १५० मानेका छन् (वर्मा १९३९:२१) भने डा. सिद्धेश्वर भट्टाचार्यले प्रातिशाख्यहरूको समय ई. पू. ७००- ई. पू. ५०० मानेका छन्। प्रातिशाख्य ग्रन्थहरूको समयको पूर्वापर क्रम निम्नानुसार छ— १. ऋक्प्रातिशाख्य २. तैत्तिरीय प्रातिशाख्य ३. शुक्लयजुर्वेद (वाजसनेयी) प्रातिशाख्य ४. अथर्ववेद प्रातिशाख्य (शौनकीया चतुरध्यायिका) ५. ऋक्तन्त्र र ६. अथर्व प्रातिशाख्य। यिनका अतिरिक्त पुष्पसूत्र (फुल्लसूत्र) र सामतन्त्र पनि प्राप्त छन्। यी अहिले प्राप्त भएका प्रातिशाख्यहरूका अतिरिक्त आश्वलायन प्रातिशाख्य, बाष्कल प्रातिशाख्य, मैत्रायणीय प्रातिशाख्य, चारायणीय प्रातिशाख्य, अक्षरतन्त्र, सात्यमुग्रिराणायनीय प्रातिशाख्य र गौतम प्रातिशाख्य पनि लेखिएका थिए तर यी प्रातिशाख्यहरू अहिलेको अवस्थामा प्राप्य छैनन् (कौण्डिन्न्यायन २०४९:१९-३०)। शाङ्खायन प्रातिशाख्यको हस्तलिखित ग्रन्थ भारतको अलवरको राजकीय सङ्ग्रहमा रहेको कुराको जानकारी युधिष्ठिर मीमांसकले दिएका छन् (मीमांसक, वि. सं. २०५७:३८३)।

ऋक्प्रातिशाख्यमा निर्धारित वर्णहरू- ऋक्प्रातिशाख्यको रचयिता शौनक हुन्। ऋक्प्रातिशाख्यमा सुरुमा वर्णसमाम्नायको साक्षात् उपदेश नगरेर अष्टौ *समानाक्षराण्यादितः* (सुरुदेखिका आठ अक्षर समानाक्षर हुन्) भनी प्रसिद्ध लौकिक वर्णसमाम्नायको नै अन्वाख्यान गरिएको पाइन्छ। यसबाट ऋक्प्रातिशाख्यभन्दा पहिला नै लोकमा वर्णसमाम्नाय प्रसिद्ध थियो भन्ने कुराको सूचना *एते स्वराः* (ऋक्प्रातिशाख्य १। ३) को उवटकृत भाष्यमा पाइन्छ। प्रातिशाख्यहरूमा पछाडि कुनै पनि स्वर नजोडिएको क् आदि व्यञ्जनलाई बुझाउन किति, खिति, गिति, घिति आदि लेख्ने गरिएको पाइन्छ (शुक्लयजुर्वेद प्रातिशाख्य ८। १२, ऋक्तन्त्र १। २)। ऋक्प्रातिशाख्यमा निर्धारित वर्णहरू र तिनीहरूको क्रम तल दिइए अनुसार छ—

अ	आ	ऋ	ॠ	इ	ई	उ	ऊ
ए	ओ	ऐ	औ	इ३	लृ		
क्	ख्	ग्	घ्	ङ्			
च्	छ्	ज्	झ्	ञ्			
ट्	ठ्	ड्	ढ्	ण्			
त्	थ्	द्	ध्	न्			
प्	फ्	ब्	भ्	म्			

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

य् र् ल् व्

ह् श् ष् स्

अः (विसर्जनीय) ᳵक् (जिह्वामूलीय विसर्ग) ᳵप् (उपध्मानीय विसर्ग) अं (अनुस्वार)

ऋक्प्रातिशाख्यको संज्ञापरिभाषा पटलमा वर्णहरूलाई माथि दिइएको क्रम अनुसार मिलाइएको छ र त्यहाँ यी वर्णहरूलाई विभिन्न समूहमा वर्गीकरण गरेर तिनीहरूलाई सामूहिक नाम पनि दिइएको छ। अ आ ऋ ॠ इ ई उ ऊ यिनीहरूको सामूहिक नाम समानाक्षर हो। ए ओ ऐ औ यिनीहरूको सामूहिक नाम सन्ध्यक्षर हो। अ आ ऋ ॠ इ ई उ ऊ ए ओ ऐ औ यिनीहरूको सामूहिक नाम स्वर हो। ऋग्वेद प्रातिशाख्यमा अनुस्वारलाई स्वर र व्यञ्जन दुबै मानिएको छ। क देखि म सम्मका वर्णहरूलाई स्पर्श भनिएको छ। क देखि म सम्मका वर्णहरूको प्रत्येक पाँच वर्णको समूहलाई एउटा वर्ग मानिएको छ। ऋक्प्रातिशाख्यमा सुरुमा वर्णसमाम्नाय दिने क्रममा प्लुत इकार र ऌ वर्ण नदिइए पनि १। ३०-३१ मा प्लुत इकारको चर्चा गरिएको छ र त्यसै गरी १३। ३५ मा ऌ लाई वर्ण मानिएको छ। ऋग्वेदमा प्लुत इकारको मात्र प्रयोग भएकाले अन्य स्वर वर्णहरूको प्लुत नस्वीकारी इ वर्णको मात्र प्लुत भेद स्वीकारिएको छ (भट्टाचार्य १९७२:८)।

तैत्तिरीय प्रातिशाख्यमा निर्धारित वर्णहरू- तैत्तिरीय प्रातिशाख्यको प्रथम अध्यायको १-११ सूत्रहरूमा वर्णहरू, तिनीहरूको क्रम र तिनीहरूको समूह निर्धारण गरिएको छ। तैत्तिरीय प्रातिशाख्यमा पनि ऋक्प्रातिशाख्यमा जस्तै वर्णहरूको सामूहिक नाम दिइएको छ। तैत्तिरीय प्रातिशाख्यमा ऋक्प्रातिशाख्यमा दिइएको भन्दा अतिरिक्त वर्गका पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं वर्णलाई प्रथम, द्वितीय, तृतीय, चतुर्थ र उत्तम संज्ञा दिइएको छ। तैत्तिरीय प्रातिशाख्यमा निर्धारित वर्णहरू र तिनीहरूको क्रम तल दिइए अनुसारको छ—

अ आ अ३ इ ई इ३ उ ऊ उ३ ऋ ॠ ऌ

ए ओ ऐ औ

क् ख् ग् घ् ङ्

च् छ् ज् झ् ञ्

ट् ठ् ड् ढ् ण्

त् थ् द् ध् न्

प् फ् ब् भ् म्

य् र् ल् व्

ᳵक् (जिह्वामूलीय) श् ष् स् ᳵप् (उपध्मानीय) ह्

अं (अनुस्वार) अः (विसर्जनीय)

शुक्लयजुर्वेद (वाजसनेयी) प्रातिशाख्यमा निर्धारित वर्णहरू- वाजसनेयी प्रातिशाख्यको रचनाकार कात्यायन हुन्। वाजसनेयी प्रातिशाख्यको आठौं अध्यायमा वर्णसमाम्नाय दिइएको छ। वाजसनेयी प्रातिशाख्यमा निर्धारित वर्णहरू र तिनीहरूको क्रम तल दिइए अनुसारको छ—

अ आ अ३ इ ई इ३ उ ऊ उ३

ऋ ॠ ऋ३ ऌ ऌ ऌ३

ए ए३ ऐ ऐ३ ओ ओ३ औ औ३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क् ख् ग् घ् ङ्

च् छ् ज् झ् ञ्

ट् ठ् ड् ढ् ण्

त् थ् द् ध् न्

प् फ् ब् भ् म्

य् र् ल् व्

श् ष् स् ह्

ᳵक् (जिह्वामूलीय) ᳵप् (उपध्मानीय)

अं (अनुस्वार) अः (विसर्जनीय) हुँ (नासिक्य)

कुँ, खुँ, गुँ, घुँ (यम)

ऋक्तन्त्रमा निर्धारित वर्णहरू– ऋक्तन्त्र सामवेदको प्रातिशाख्य हो। ऋक्तन्त्रको प्रथम प्रपाठकमा वर्णसमाम्नाय दिइएको छ। ऋक्तन्त्रमा निर्धारित वर्णहरू र तिनीहरूको क्रम तल दिइए अनुसारको छ–

अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ

ए ऐ ओ औ

क् ख् ग् घ् ङ्

च् छ् ज् झ् ञ्

ट् ठ् ड् ढ् ण्

त् थ् द् ध् न्

प् फ् ब् भ् म्

य् र् ल् व्

ह् श् ष् स्

अः (विसर्जनीय) ᳵक् (जिह्वामूलीय) ᳵप् (उपध्मानीय) हुँ (अनुनासिक)

कुँ, खुँ, गुँ, घुँ (यम) अं (अनुस्वार)

अथर्ववेदका प्रातिशाख्यहरू अथर्व प्रातिशाख्य र शौनकीया चतुराध्यायिकामा वर्णसमाम्नाय दिइएको छैन। अथर्ववेद प्रातिशाख्यले पनि अन्य प्रातिशाख्यकै वर्णसमाम्नायलाई स्वीकारेको देखिन्छ (ह्विटनी १९६२:१३–१६)। सामवेदका प्रातिशाख्यहरू अक्षरतन्त्र र पुष्पसूत्रमा पनि वर्णसमाम्नाय दिइएको छैन।

यसरी आजभन्दा लगभग सत्ताईस सय वर्ष पहिला लेखिएका प्रातिशाख्य ग्रन्थहरूमा संस्कृत भाषाका वर्णहरूको निर्धारण गर्नुका साथै तिनीहरूलाई ध्वनिवैज्ञानिक आधारमा क्रम मिलाएर राखिएको पाइन्छ। कुनै प्रातिशाख्यमा कुनै ध्वनिलाई वर्ण स्वीकारिएको छ भने कुनै प्रातिशाख्यमा त्यस ध्वनिलाई वर्ण स्वीकारिएको छैन। वर्णहरूलाई राख्ने क्रम पनि भिन्न-भिन्न प्रातिशाख्यहरूमा केही फरक पाइन्छ।

सन्दर्भ ग्रन्थहरू

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौण्डिन्न्यायन, शिवराज आचार्य *कौण्डिन्न्यायनशिक्षा (उपबन्धेनाऽनुबन्धैश्चोपबृंहिता महाशिक्क्षा)*, स्वाद्ध्यायशाला, काठमाडौं, वि. सं. २०४९।

पोखरेल, माधवप्रसाद *नेपाली ध्वनिविज्ञान र नेपालका भाषाको ध्वनि परिचय*, भुँडीपुराण प्रकाशन, काठमाडौं, वि. सं. २०६४।

मीमांसक, युधिष्ठिर *संस्कृत व्याकरणशास्त्र का इतिहास*, द्वितीय भाग, रामलाल कपूर ट्रस्ट, बहालगढ, वि. सं. २०५७।

वर्मा, वीरेन्द्रकुमार (सं.) *ऋग्वेदप्रातिशाख्य*, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, १९७०।

वर्मा, वीरेन्द्रकुमार (सं.) *ऋग्वेदप्रातिशाख्य एक परिशीलन*, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, १९७२।

वर्मा, वीरेन्द्रकुमार (सं.) *शुक्लयजुर्वेद प्रातिशाख्य*, ज्ञानप्रकाश प्रतिष्ठान, वाराणसी, १९७५।

शर्मा, श्रीकृष्ण (सं.) *अक्षरतन्त्र, निर्मल पब्लिकेशंस*, दिल्ली, १९९४।

शामशास्त्री, आर् र रङ्गाचार्य (सं.) *तैत्तिरीयप्रातिशाख्य*, मोतीलाल बनारसीदास, दिल्ली, १९८५।

सूर्यकान्त (सं.) *अथर्वप्रातिशाख्य*, मेहरचन्द लक्ष्मणदास, दिल्ली १९६८।

सूर्यकान्त (सं.) *ऋक्तन्त्र*, मेहरचन्द लक्ष्मणदास, दिल्ली १९७०।

Allen, W.S. *Phonetics in Ancient India*, Oxford University Press, London, 1953.

Hyman, Larry M. *Phonology : Theory and Analysis*. New York, Holt, Rinehart and winston, 1975.

Varma, Siddheshwer *Critical Studies in the Phonetic Observations of the Indian Grammarians*, London: Royal Asiatic Society (2nd ed. Delhi: Munshiram Manoharlal, 1961).

Whitney, William W. *Atharva-Veda Prātisākhya*, Chowkhamba Sanskrit Series Office, Varanasi, 1962.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

औपन्यासिक तत्त्वका आधारमा अनावृत उपन्यासको विश्लेषण

उपप्रा. सुशीलादेवी मिश्र

१. **विषयपरिचय :** नेपाली उपन्यास परम्परामा नारी समस्यालाई मुख्य केन्द्रबिन्दु मानेर लेख्ने महिला उपन्यासकारहरू ज्यादै न्युन छन्। उपन्यासकार प्रभा कैनीको अनावृत (२०६७) उपन्यासले नारी समस्याको संस्कारजन्य विभेदलाई मुख्य विषय बनाएको छ। महिला अधिकारका बारेमा आवाज उठाउने प्रभा कैनीको यो पहिलो औपन्यासिक कृति हो। २४० पृष्ठमा विस्तारित यो कृति अठारवटा विविध उपशीर्षकमा विभाजित छ। यसको औपन्यासिक कथानक ढाँचा वृत्ताकारीय छ। उपन्यासकी प्रमुख पात्र पवित्रा धर्म, परम्परा र संस्कारका नाममा लैङ्गिक विभेदले ग्रस्त छे। पश्चिमाञ्चल क्षेत्र खासगरी गण्डकी अञ्चलको ग्रामीण भेगको आम ब्राह्मण परिवारका स्त्रीको कथालाई प्रामाणिक र जीवन्त रूपमा उपन्यासमा उतारिएको छ। यसमा महिलाले आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक विभेदबाट मुक्त हुन गर्नु पर्ने सङ्घर्ष र त्यागलाई सशक्त रूपमा देखाउन खोजिएको छ।

२. उपन्यासकार प्रभा कैनी र उनका औपन्यासिक प्रवृत्ति

२.१ उपन्यासकार प्रभा कैनीको परिचय– उपन्यासकार प्रभा कैनीको जन्म वि.सं. २००७ साल मङ्सिर २४ गते गोरखा जिल्ला अन्तर्गत आँपपीपल गा.वि.स. वडा नं. ३, लिगलिगको पण्डित गाउँमा भएको हो। उनी पिता दुर्गाप्रसाद देवकोटा र माता विद्यादेवी देवकोटाकी छोरी हुन्। उनी देवकोटा दम्पत्तिको चार सन्तान (राममणि, प्रभादेवी, भरतमणि, लक्ष्मणमणि) मध्ये दोस्रो सन्तान हुन्। २०४५ सालमा त्रिविबाट समाजशास्त्रमा एम्.ए पास गरेकी प्रभाले २०६५ सालमा भारतको जवाहरलाल नेहरू विश्वविद्यालयबाट **नेपालमा महिलाका निम्ति बनेका नीतिहरू र तिनको प्रभावकारिता** विषयमा विद्यावारिधि समेत गरेकी छिन्।

केही समय प्राइभेट कलेजमा प्राध्यापन गरेर २०४७ सालबाट त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाल तथा एसियाली अनुसन्धान केन्द्रमा उपप्राध्यापक पदमा कार्यरत उनले हालसम्म विभिन्न जातजाति तथा महिला जागरण, महिलाको स्थिति, महिलाको राजनैतिक सहभागिता, आमा समूह जागरण, महिलालाई लघुवित्तले पुर्‍याएको सहयोग जस्ता महिलासँग सरोकार राख्ने यावत् पक्षमा अध्ययन अनुसन्धान गर्दै आएकी छिन्।

३.१ विषय प्रवेश– उपन्यास शब्द उप र नि उपसर्ग, अस् धातु र घञ् प्रत्ययको संयोगबाट बनेको हो। उप भनेको नजिक र न्यास भनेको राख्नु हो। यसरी कुनै वस्तुलाई कसैको नजिक राख्नु नै उपन्यासको अर्थ हुन आउँछ। संस्कृतमा उपन्यासलाई प्रसङ्ग र प्राक्कथनको रूपमा पनि प्रयोग गरिएको पाइन्छ। पाश्चात्य साहित्यमा प्रचलित नोबेलको पर्यायका रूपमा नेपाली साहित्यमा उपन्यास शब्दको प्रयोग भएको हो। अचेल उपन्यासलाई साहित्यको नयाँ विधाका अर्थमा प्रयोग गरिन्छ (थापा, २०५० :१२५)। समय र परिस्थिति अनुसार परिवर्तन हुने यस विधामा विभिन्न खालका नयाँ प्रयोगहरू भएको पाइन्छ। उपन्यास नित्य परिवर्तशील हुन्छ भने प्रयोगधर्मी सम्भावनाले गर्दा सदा नवीन हुन्छ।

कुनै पनि साहित्यलाई विधागत रूपमा चिनाउन त्यसका आफ्ना वैशिष्ट्यहरूको आवश्यकता पर्छ। उपन्यासका लागि आवश्यक पर्ने उपकरणलाई उपन्यासका तत्त्व भनिन्छ। उपन्यासका तत्त्वहरूका बारेमा विद्वान्हरूमा मतैक्यता पाइँदैन। पूर्वीय विद्वान्हरू वस्तु, नेता र रसलाई प्रबन्धात्मक रचनाका मूल तत्त्व मान्दछन् भने पाश्चात्य साहित्यमा कथावस्तु, पात्र र सारवस्तुलाई उपन्यासको मूल तत्त्व मानिएको छ। नेपाली साहित्यका विद्वान्हरूले पनि उपन्यासका विधागत तत्त्वहरूका बारेमा आआफ्ना मत राख्दै आएका छन्। उपन्यासका लागि कथावस्तु, पात्र, संवाद, भाषाशैली, वतावरण र उद्देश्य गरी छ वटा तत्त्व आवश्यक मानिएका छन् (थापा, २०५०:१२७)। कथानक, चरित्र, कथोपकथन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शैली, भाषा, वातावरण र उद्देश्य उपन्यासका मूल तत्त्व हुन् (प्रधान, २०६१ :७-११)। वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार र कुतूहल उपन्यासका मूल तत्त्व हुन् (सुबेदी, २०५३:१३-२०)। उपन्यासका तत्त्वका बारेमा आएका विद्वान्हरूका मतलाई हेर्दा सातवटा तत्त्वहरूमा शब्दगत भिन्नता देखिए पनि अर्थगत भिन्नता भने देखिँदैन। कुनै तत्त्वहरू यस्ता छन् कि ती तत्त्व विना उपन्यासको स्वरूप नै स्पष्ट हुँदैन। त्यसैले उपन्यासका तत्त्वका बारेमा व्यक्त विद्वान्का मतहरूलाई विचार गर्दा कथानक, चरित्रचित्रण, परिवेश, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दुलाई मूल तत्त्व मान्न सकिन्छ। यिनै तत्त्वका बारेमा अनावृत उपन्यासको विश्लेषण यसरी गर्न सकिन्छ।

३.२. कथानक- कथानक उपन्यासको अनिवार्य घटक हो। अङ्ग्रेजी शब्दको प्लटको पर्यायवाची शब्दका रूपमा कथानकलाई लिइएको पाइन्छ। कथानकमा विभिन्न घटनाको जन्म हुन्छ। कुनै पनि उपन्यासमा प्राप्त पूर्वापरक्रम तथा कार्यकारण सम्बन्धद्वारा विकसित उपन्यासको आन्तरिक कार्यव्यापार वा घटना व्यापारको त्यस्तो योजनाबद्ध शृङ्खलालाई नै औपन्यासिक कथानक मानिन्छ (प्रधान, २०४४: ४५)। आधुनिक उपन्यासमा कथानक व्यतिक्रमिक रूपमा पनि प्रस्तुत गरिएको पाइन्छ। पूर्वावलोकन पद्धतिमा यसको क्रमिकता मिलेको हुँदैन।

प्रस्तुत अनावृत उपन्यास सामाजिक कथावस्तुमा आधारित उपन्यास हो। नेपाली समाज पितृसत्तात्मक सोचमा रहेकाले बाबुआमाले आफ्ना सन्तति छोरा र छोरीलाई समान किसिमको व्यवहार देखाउँदैनन् फलस्वरूप महिलाहरू जहिले पनि पुरुषबाट शोषित र प्रताडित हुनु पर्दछ भन्ने तथ्यलाई विभिन्न पात्रका माध्यमबाट उपन्यासमा उद्घाटन गरिएको छ। उपन्यासकी नायिका पवित्राका माध्यमबाट हाम्रो समाजमा व्याप्त लैङ्गिक विभेदको खरो प्रस्तुति भएको छ। यो उपन्यास हाम्रो समाजका महिलाहरूले भोग्नु परेका ससाना समस्या जसका कारणले महिलाहरू बसौँदेखि पछाडि पर्दै आएका छन् भन्ने कुराको गतिलो प्रमाण हो। यही धर्म संस्कार र समाजका मूल्य मान्यताले छोरीलाई उसको चेतनाको विकास हुन नपाउँदैदेखि ऊ छोरोभन्दा शारीरिक र मानसिक रूपमा निकृष्ट भएको पाठ पढाएर अन्त्यमा दोस्रो दर्जाको नागरिकका रूपमा उभ्याउने गरेको यथार्थको प्रस्तुति उपन्यासले गरेको छ। महिला भएकै कारण महिलाहरू केकस्ता मानसिक र शारीरिक यातनाको सिकार बन्नु परेको छ भन्ने कुरालाई छर्लङ्ग पार्ने काम प्रस्तुत उपन्यासमा भएको छ।

विविध अठार उपशीर्षकमा बुनिएको कथावस्तुको औपन्यासिक कथानक ढाँचा वृत्ताकारीय छ। उपन्यासकी प्रमुख पात्र पवित्रा धर्म, परम्परा र संस्कारका नाममा लैङ्गिक विभेदले ग्रस्त छे। पश्चिमाचल क्षेत्र खासगरी गण्डकी अञ्चलको ग्रामीण भेगको आमब्राह्मण परिवारका स्त्रीको कथालाई प्रमाणिक र जीवन्त रूपमा उपन्यासमा उतारिएको छ। एउटी महिलाले जीवनभरि लोग्ने मान्छेको सेवा गर्नु पर्ने सामाजिक मान्यता, एउटी महिला लोग्ने मान्छेको आज्ञा मुताविक चल्न नचाहँदा सहनु पर्ने आरोपहरू, महिला सानो हुँदा बुबा र दाजुको रेखदेखमा, यौवनावस्थामा लोग्ने र ससुराको रेखदेखमा अनि प्रौढावस्थामा लोग्ने तथा छोराबुहारीको निर्देशनमा चल्नु पर्ने वाध्यता आदिलाई उपन्यासमा प्रमुख विषय बनाइएको छ।

३.३ चरित्रचित्रण- उपन्यासभित्र विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र भनिन्छ। उपन्यासलाई जीवन्त बनाएर कथानकलाई निश्चित गतितर्फ उन्मुख गराउने काम पात्रको हुन्छ। उपन्यासको आयतनभित्र सिङ्गो मानव सभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित हुने हुँदा विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हुन्छ। त्यसरी उपन्यासमा तानेर ल्याएको वस्तुलाई पाठक समक्ष सम्प्रेषण गर्ने तत्त्वका रूपमा उपन्यासभित्र चरित्र नै मुख्य भएर रहेको हुन्छ। (सुवेदी, २०५३:१७)।

प्रस्तुत अनावृत उपन्यास नारीकेन्द्री उपन्यास भएकाले नारी पात्रको बहुल प्रयोग भएको छ। पवित्रा, पवित्राकी दिदी, पवित्राकी आमा, सावित्री दिदी, तारा, पुतली, नारायणी आदि स्त्री पात्र अनि सुमनकान्त, पवित्राका बुबा, पवित्राका दाजु, पवित्राका ससुरा, रामानन्द, कृष्ण बाजे, उमेश, शिवेश आदि पुरुष पात्र छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.३.१ पवित्रा– पवित्रा अनावृत उपन्यासकी नायिका वा प्रमुख नारी पात्र हो। ब्राह्मण जातकी निम्न ग्रामीण परिवेशको मध्यम वर्गीय परिवारमा हुर्किएकी छे। आम ब्राह्मण परिवारमा रहेको लैङ्गिक विभेदलाई उसले सानैदेखि नियालि रहेको पाइन्छ। आमाबाबुले समेत आफ्ना छोराछोरीमा गरेको विभेदकारी व्यवहार उसलाई पटक्कै मन पर्दैन तापनि सामाजिक संस्कार, धार्मिक परम्परा, व्यावहारिक प्रचलन आदिलाई ध्यानमा राखेर ऊ चुपचाप सहन बाध्य देखिन्छे। हिन्दु परम्परासँग जोडिएका व्रतबन्ध, विवाह, नित्यपूजा, रजस्वला, जन्म मृत्यु संस्कार चाडपर्व आदिमा समेत महिलाहरूले पूरा गर्ने जिम्मेवारी नै विभेदकारी भएको निष्कर्ष निकाल्दै गहन चिन्तनमा डुब्न पुग्छे। पवित्राले हदैसम्मको पुरुष प्रधानतामुखी समाजको देखावटीपनलाई स्वीकारेर अन्याय सहँदै आएकी छ। महिलाहरूलाई कमजोर वस्तुका रूपमा हेर्ने पुरूषहरूको दृष्टिकोण तथा महिला स्वयं पनि स्वावलम्बी बन्ने प्रयास नगरेर पुरूषहरूको उन्नतिमा सहयोगी बन्नमा नै रमाउने कारणले गर्दा महिला समाजमा पीडित हुन परेको धारणा राखेकी छ र अन्त्यमा सबैलाई स्वावलम्बी बन्न प्रेरणा प्रदान गरेकी छ। आफ्नी विधवा दिदी लक्ष्मीलाई पनि उसले स्वावलम्बी बनेर स्वतन्त्रतापूर्वक सुखी जीवन व्यतीत गर्न हौस्याएकी छ।

समग्रमा हेर्दा उपन्यासकारकी आफ्नै प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गर्न खोजिएकी जस्ती देखिने मुख्य पात्र पवित्रा गतिशील पात्र हो। ऊ पितृसत्तात्मक सामन्तवादी लैङ्गिक विभेदका विरुद्ध नारीहरूलाई आर्थिक र सामाजिक हिसाबले समृद्ध तुल्याउँदै समतामूलक समाजको निर्माण गर्न चाहने पात्र हो।

३.३.२ पवित्राका बुबा– पवित्राका बुबा अनावृत उपन्यासका प्रमुख पुरुष पात्र हुन्। परम्परागत पितृसत्ताको गतिलो प्रभाव यिनमा परेको देखिन्छ। पूजाबारे भइ रहेको रडाको देखेर बुबाले दाजुको पक्ष लिँदै मलाई हप्काउनु भयो – दाजु कहीँ पूजा गर्ने बेलामा पानी सार्दै, फूल खोज्दै हिँड्छ त ? सर्दाम मिलाउनेले त्यति पनि गर्न सकिन्न ? यस्तै डाले छ यो पवित्रे (पृष्ठ ४२-४३)। आफ्नी श्रीमती, छोरी, बुहारीलाई सधैँ आफ्नो इसारामा नचाउने प्रवृत्ति बोकेका यिनी पुरुष सत्ताका पक्षपाती हुन्। बुबा हामीलाई .... आइमाई कहिल्यै स्वतन्त्र हुँदैनन्। विवाह हुनुभन्दा पहिले बुबाको अधीनमा बस्नु पर्छ, विवाह गरेपछि लोग्नेको नियन्त्रणमा र बुढेसकालमा छोराको रेखदेखमा बस्नु पर्छ भन्ने कुरा एक पटक वा दुई पटक होइन सयौँ पटक बताउनु हुन्थ्यो (पृष्ठ २२०)। जातभात, छुवाछुत जस्ता सामाजिक विभेदलाई अक्षरशः पालना गर्ने र महिलाहरू पुरूषको अधीनमा नबसे छाडा हुन्छन् भन्दै महिलालाई सधैँ आफ्नै पन्जामा राखिरहने पुरातनवादी सोचका प्रतितिधि पात्रका रूपमा यस उपन्यासमा पवित्राका बुबा देखिएका छन्।

३.३.३ सुमनकान्त– सुमनकान्त यस उपन्यासको पुरूष पात्र हो। ऊ सम्बन्धका हिसाबले पवित्राको लोग्ने हो। उपन्यासमा प्रतिकूल पात्रको भूमिकामा सुमनकान्त सशक्त देखिएको छ। सहरमा बसेर लेखपढ गरेको समाजको शिक्षित युवकको रूपमा गनिएको पात्र भएर पनि ऊ महिलाका सन्दर्भमा पुरातनवादी नै देखिन्छ। राम्ररी हेरेर मागी विवाह गरेर ल्याएकी श्रीमती पवित्रालाई कठपुतली जस्तो सम्झेर आफ्नो इच्छा अनुसार नचाउन चाहन्छ। पवित्रा उसको इसारामा नाच्दासम्म ठीकै सम्झन्छ तर राम्रै कुरामा समेत प्रतिवाद गर्न थालेको ऊ रुचाउँदैन र सानो निहुँमा श्रीमती र छोरीलाई छाडेर एक्लै अन्यत्रै कोठा सर्छ। ऊ पवित्रा एक्लै बस्न नसक्ने भएकाले आफ्नो पछि लागेर आउँछे भनी महिलालाई कमजोर ठान्ने पुरूष पात्रका रूपमा देखिएको छ। पढेलेखेको पुरूष भएर पनि महिलालाई स्वतन्त्र रहन यति सम्म कि सामान्य रूपमा एक्लै हिँडडुल गर्दा पनि भाँजो हाल्छ। यसरी उसको चरित्रलाई हेर्दा पुरातनवादी सोचले ग्रस्त, महिलालाई कमजोर ठानी आफ्नो इसारा अनुसार चलाउन चाहने, नारीलाई हेर्ने पितृप्रधान सामन्ती दृष्टिकोण बोकेको पात्र हो।

यस्तै यस उपन्यासमा अन्य नारी पात्रहरू लक्ष्मी, सावित्री दिदी, तारा, पवित्राकी आमा, मन्दाकिनी, पुतली, नारायणी आदि छन्। लक्ष्मी आफ्ना बाबुआमाले बिहे गरेर दिएको लोग्ने मरेकी विधवा नारी हो। उसले लोग्ने मरेवापत् हाम्रा समाजका नारीहरूले जेजस्तो अपहेलना सहनु पर्थ्यो त्यो सहेकी छ। सावित्री दिदी सानैमा विधवा भए

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि निकै सङ्घर्ष गरेर स्तन्त्रतापूर्वक पुरूष विनाको सुखी जीवन बिताएकी छिन्। तारा पनि आफ्नो लोग्नेले त्यागेपछि सावित्री दिदीको सहयोगमा आनन्दसँग स्वतन्त्रतापूर्वक दिन काटेकी छ। पवित्राकी आमा सुरूमा महिलाको भाग्य पुरुषमा नै निर्भर गर्दछ भनेर आफ्ना छोरीहरूको व्यवहारप्रति असन्तुष्ट देखिए पनि अन्त्यमा समाजमा महिलाको त आफ्नो भन्ने केही रहेनछ त्यसैले छोरीहरूले ठिकै गरेछन् भनी केही जागरूक देखिएकी छिन्।

३.४ परिवेश– उपन्यास विधाका लागि चाहिने आधारभूत तत्त्वमध्ये परिवेश पनि एक हो। उपन्यासको कथावस्तुले समेटेको स्थान वा ठाउँ र उपन्यास लेख्दाको समय र परिस्थिति नै देश, काल र वातावरण अर्थात् परिवेश हो। परिवेशभित्र व्यक्तिगत व्यवहार, सामाजिक परम्परा, रीतिस्थिति, संस्कृति, रहनसहनका साथै नैतिक तथा प्राकृतिक पृष्ठभूमि, वातावरण आदि पर्दछन् (शर्मा, २०५५:३८९)। उपन्यास एक बृहत संरचना भएकाले विषयवस्तुको व्यापकतासँगै परिवेशले पनि व्यापकता पाएको हुन्छ। उपन्यासमा घटना घटेको स्थान देश र समय काल हो। वातावरण अन्तर्गत सामाजिक, भौगोलिक, प्राकृतिक, राजनीतिक, आर्थिक आदि कुराहरू पर्दछन्। यसरी परिवेश भनेको देश, काल र वातावरण हो।

प्रस्तुत अनावृत उपन्यासमा मूलतः ग्रामीण परिवेशको चित्रण गरिएको देखिन्छ भने केही घटना सहरिया परिवेशमा पनि घटेको देखाइएको छ। यसलाई हेर्दा यसमा ग्रामीण र सहरिया दुवै परिवेशको चर्चा भएको पाइन्छ। कैनीले यस उपन्यासमा पश्चिमाञ्चल क्षेत्र खास गरी गण्डकी अञ्चलको ग्रामीण परिवेशलाई प्रामाणिक र जीवन्तताका साथ उतारेकी छिन् (अधिकारी,२०६७:५४)। यस उपन्यासमा समाजको चालचलन, रीतिथिति, संस्कार, संस्कृति, चाडपर्व, मेलापात, उत्सव, अनुष्ठान आदिका बारेमा बर्णन गरिएको छ। यसका साथै डेराको बसाइ, कलेजमा भर्ना तथा पढाइ, असन इन्द्रचोकतिरको डुलाइ, कान्ति बाल अस्पतालमा छोरीको उपचार गराइ आदिले यही काठमाडौं सहरको परिवेशको झल्को प्रस्तुत गर्दछ।

यस उपन्यासको कालिक परिवेशलाई हेर्दा पवित्रा छोरी भएर पनि पढ्ने अवसर पाएको समय छ। त्यो लगभग प्रजातन्त्र प्राप्ति पछिको समय हो भन्ने अनुमान लगाउन सकिन्छ। पवित्रा सानो छँदादेखि लिएर उसको बिहे, छोरीको जन्म, लोग्नेसँग सम्बन्धबिच्छेद आदि घटनाको वर्णन समेटिएकाले यस उपन्यासले करिब २५–३० वर्षको समयावधि लिएको देखिन्छ।

३.५ दृष्टिबिन्दु– कृतिमा स्रष्टा एक स्थानमा बसेर आफ्ना विचार व्यक्त गरिरहेको हुन्छ। स्रष्टा कृतिको कुनै पात्र बनेर उपस्थित हुन्छ वा परबाट क्रियाकलापको द्रष्टा मात्र बन्छ। हो, यही आधारमा दृष्टिबिन्दुको निर्क्योल हुन्छ। अर्थात् उपन्यासको कथाका सन्दर्भमा लेखकको स्थिति के छ ? त्यही नै दृष्टिबिन्दु हो।

प्रस्तुत उपन्यासमा सम्पूर्ण घटनाहरूको वर्णन गर्ने व्यक्ति पवित्रा कथयिताका रूपमा आएकी छ। ऊ म पात्रका माध्यमबाट प्रयोग हुँदा केन्द्रीय आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ भने उसले हाम्रो समाजका रीतिथिति, धर्म, सस्कृति, विवाह, व्रतवन्ध, आदिको वर्णन गर्दा र समाजमा व्याप्त लैङ्गिक विभेद आदिको चर्चा गर्ने क्रममा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ।

३.६ उद्देश्य– जुनसुकै सिर्जनाको पनि खास उद्देश्य हुन्छ। उद्देश्य भन्नाले कृतिको प्रयोजन वा कृतिमा अपेक्षित उपलब्धि वा प्राप्ति भन्ने बुझिन्छ। कुनै पनि उपन्यास कुनै पनि प्रयोजन पूरा गर्न रचिएको हुन्छ। त्यही प्रयोजन नै त्यस कृतिको उद्देश्य हुन्छ।

प्रस्तुत उपन्यासको उद्देश्य सनातन हिन्दु परम्परासँग जोडिएका कतिपय गलत प्रवृत्ति र अन्धविश्वासलाई उदाङ्गो पार्दै नेपाली समाजको एउटा विशेष तप्कामा जरो गाडेर बसेको लैङ्गिक विभेदकारी चिन्तन र प्रचलनलाई पाठकको नजर सामु ल्याइदिनु हो (अधिकारी, २०६७ : ५४)। यसमा महिलाले आर्थिक, सामाजिक, सांस्कृतिक र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक विभेदबाट मुक्त हुन गर्नुपर्ने सङ्घर्ष र त्यागलाई प्रमुख पात्र पवित्राका माध्यमबाट सशक्त रूपमा देखाउन खोजिएको छ। पुरुषको साथ आवश्यक भए पनि दया र दासत्वबाट भने नारी मुक्त हुनु पर्छ भन्ने आशय यसले बाकेको छ। पुरुष चरित्रहरूमा पुरुषप्रधान मानसिकता आरोपित गरी पितृसत्ताको दम्भलाई छर्लङ्ग पार्नुका साथै महिलाहरू समेत पितृसत्ताको प्रभुत्वबाट प्रभावित बन्नुको मुख्य कारण उनीहरूको चिन्तनमा हावी भएको पितृसत्ता नै हो भन्ने निष्कर्ष प्रस्तुत उपन्यासको मूलमर्म हो। यसरी महिलापुरुष बीचको असन्तुलित शक्तिसम्बन्धको मूल कारण पितृसत्ता हो भन्ने ठहर गर्दै त्यसको प्रतिकारमा आवाज उठाई महिला स्वतन्त्रताको पक्षमा लाग्न आह्वान गर्नु यस उपन्यासको प्रमुख उद्देश्य रहेको देखिन्छ।

३.७ भाषाशैली– भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो। उपन्यास भाषिक कला भएकाले यसका अभावमा उपन्यासले रूपाकार र मूर्तता पाउन सक्तैन। त्यसैले भाषा उपन्यासको सर्वोपरि आवश्यक तत्त्व हो। उपन्यासले भाषाको गद्य रूपलाई अँगाल्दछ (शर्मा, २०५५:४०४)। यस अन्तर्गत भाषाशैली, बिम्ब, प्रतीक, अलङ्कार आदि सबै भाषिक पक्षहरू पर्दछन्।

प्रस्तुत अनावृत उपन्यासको भाषाशैली सरल र पात्र अनुकूल नै रहेको पाइन्छ। यो उपन्यासमा खास गरी ग्रामीण परिवेश गण्डकी अञ्चलको सेरोफेरोलाई समेटिएकाले त्यहाँको भाषिक प्रयोग बढी आएको देखिन्छ। उपन्यासमा प्रयोग भएका संवादहरू ज्यादै सरल, सङ्क्षिप्त र सटिक लाग्छन्। कतिपय हिन्दु परम्पराको झल्को प्रस्तुत गर्ने क्रममा संस्कृतका श्लोकहरू समावेश गरिएकाले उपन्यास अझ बढी मार्मिक बनेको देखिन्छ। प्रसङ्ग मिल्दा उखान टुक्काको प्रयोगले पनि उपन्यास निकै रोचक बनेको छ।

अन्त्यमा उपन्यासकार प्रभा कैनीद्वारा लिखित अनावृत उपन्यास एक सामाजिक विषयवस्तुमा आधारित नारीकेन्द्री उपन्यास हो। यसमा नेपाली समाजमा परम्परादेखि जरो गाडेर बसेको पितृसत्ताका कारण महिलाहरू बसौँदेखि अन्याय अत्याचार सहँदै आएकाले पछाडि परेका छन्। कतिपय गलत व्यवहार र अभ्यासका कारण पनि महिलाहरू स्वयं स्वतन्त्रताको उपयोग गर्न हिच्किचाउँछन् भन्ने यथार्थ पस्किँदै यस उपन्यासमा सबैलाई लैङ्गिक विभेद विरुद्ध एकजुट हुन आव्हान गरिएको छ।

सन्दर्भग्रन्थसूची

अधिकारी, हरि (२०६७), लैङ्गिक विभेदको दारूण कथा, नेपाल साप्ताहिक (१६ साउन, २०६७), पृष्ठ ५४।

कैनी, प्रभा (२०६७), अनावृत, काठमाडौ : ओरियन्टल पब्लिकेसन, काठमाडौं: साझा प्रकाशन।

प्रतीक्षा, साधना (२०६८), लैङ्गिक विभेदको जीवन्त प्रस्तुति : अनावृत, गरिमा मासिक (वर्ष २९, अङ्क ७, पूर्णाङ्क ३४३, असार)

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), नेपाली उपन्यास र उपन्यासकारहरू (चौ.सं.), ललितपुर : साझा प्रकाशन।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), उपन्यास सिद्धान्त र नेपाली उपन्यास (ते.सं.), ललितपुर, साझा प्रकाशन।

शर्मा, मोहनराज (२०४८), शैलीविज्ञान, काठमाडौं: ने.रा.प्र.प्र.।

सुबेदी, राजेन्द्र (२०६४), नेपाली उपन्यास : परम्परा र प्रवृत्ति (दो.सं.) ललितपुर : साझा प्रकाशन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीत्यसमुत्पाद अर्थात् बुद्धको मूलदर्शन

उपप्रा. प्रेमराज न्यौपाने

प्रतीत्य समुत्पादको अर्थ प्रत्ययहरूबाट उत्पत्तिको नियम भन्ने हुन्छ। प्रतीत्य (यो हुनाले) समुत्पाद (यसको उत्पत्ति हुन्छ) बाट कार्यकारणको बोध हुन्छ। यस परिभाषामा यो नहुनाले त्यो पनि हुँदैन भन्ने कुरा पनि सम्मिलित छ। यसको निरोध गर्नाले यो पनि निरुद्ध हुन्छ।[1] प्रतीत्य समुत्पादमा "प्रत्यय" शब्द अत्यन्त सार्थक छ। त्यसैले प्रतीत्यसमुत्पादको तात्पर्य केवल उत्पत्ति मात्र होइन। **न उप्पादमत्तं पहिच्च समुप्पादो**[2] अर्थात् उत्पत्ति मात्रको ज्ञान प्रतीत्य समुत्पाद होइन। प्रत्येक उत्पत्तिको कुनै न कुनै प्रत्यय, कारण वा हेतु हुन्छ। यही नै प्रतीत्यसमुत्पादको अर्थ हो। जुन वस्तु वा पदार्थ हुनाले अर्को वस्तु हुन्छ त्यो पहिलो चाहिं त्यस दोस्रो पदार्थको **प्रत्यय** मानिन्छ।[3] जुन वस्तु कुनै दोस्रो वस्तुको अवश्यम्भावी रूपसँग आश्रय लिएर रहेको हुन्छ वा उत्पत्ति हुन्छ भने त्यो दोस्रो वस्तु त्यस पहिलो वस्तुको **प्रत्यय** मानिन्छ।[4] उपकारक वा सहायक हुनु नै प्रतीत्यको लक्षण हो। त्यसैले प्रत्यय सामग्रीको हेतुबाट जुन धर्महरू उत्पन्न हुन्छन् त्यही नै प्रतीत्य समुत्पाद हो। उत्पत्ति स्वतः पनि हुँदैन र विना हेतु पनि हुँदैन। उत्पत्ति त प्रत्ययहरूको आश्रयबाट वा तिनका साथमा नै हुन्छ। यो नै प्रतीत्यसम्बन्धी सिद्धान्तको प्रस्थान बिन्दु हो। प्रत्यय, हेतु, कारण, निदान, समुदय र उद्भव आदि शब्दहरू यस प्रसंगमा समान अर्थमा प्रयुक्त हुन्छन्। प्रतीत्यसमुत्पादलाई नै **तथता, अवितथता, अनन्यथता** र **इदं प्रत्ययता** पनि भनिएको छ।[5] ती ती प्रत्ययहरूबाट ती ती धर्महरू, पदार्थहरू वा अवस्थाहरूको नियमानुसार उत्पत्ति हुने हुनाले **तथता** भनिएको हो। ती भन्दा कम वा अधिक भन्ने होइन। प्रत्यय सामग्री उपस्थित हुँदा त्यसबाट उत्पन्न हुने धर्म पनि अवश्यम्भावी रूपबाट उपस्थित हुने हुनाले **अवितथता** भनिएको हो। त्यसैगरी **अनन्यथता** भन्नुको कारण चाहिं के हो भने कुनै पनि अन्य पदार्थरूपी प्रत्ययहरूबाट कुनै अन्य पदार्थहरूको उत्पत्ति हुन सक्दैन। साथै **इदं प्रत्ययता** भन्नुको कारण चाहिं सबै पदार्थहरू प्रत्ययहरूबाट वा प्रत्ययसमूहहरूद्वारा नै उत्पन्न हुने गर्दछन्। पदार्थहरूका कारण-सामग्रीमा "यसको प्रत्ययबाट यो" भन्ने सम्बन्ध सधैं रहिरहन्छ। यही नै **इदं प्रत्ययता** को अर्थ हो।[6] यसरी प्रतीत्य समुत्पादलाई विविधरूपमा बुझ्न सकिन्छ।

प्रतीत्य-समुत्पादका १२ वटा अङ्गहरू छन्। त्यसैले यसलाई **द्वादशारचक्र** पनि भन्ने गरिन्छ। पञ्चस्कन्ध-संतति तीनवटा लोकमा वृद्धि हुन्छ। त्यो प्रतीत्यसमुत्पादका १२ अङ्गहरू र तीनवटा काण्डहरू छन्। पूर्व काण्डका दुईवटा, मध्यकाण्डका आठ र अपरान्तका दुई गरी जम्मा १२ वटा अङ्गहरू रहेका छन्। ती हुन्- (१) अविद्या, (२) संस्कार, (३) विज्ञान, (४) नामरूप, (५) षडायतन, (६) स्पर्श, (७) वेदना, (८) तृष्णा, (९) उपादान, (१०) भव, (११) जाति, (१२) जरामरण।[7] यदि पाँचवटै स्कन्धहरूलाई हामीले एउटै एकाई मान्ने हो भने तिनका प्रवाहहरू अथवा बारम्बारको प्रवर्तनमा अविद्या र संस्कार यी दुईवटा अङ्गहरू पूर्वजन्मसँग सम्बन्धित हुन्छन्। जाति र जरामरण यी दुईले अनागत जीवन वा अपरान्त भवसंग सम्बन्ध राख्दछन्। त्यसैगरी मध्यका अन्य आठवटा अङ्गहरूको वर्तमान सांसारिक जीवनसंग सम्बन्ध रहन जान्छ।[8]

अविद्या र संस्कार गर्भस्थापन भन्दा पूर्वका अवस्थाहरू हुन्। जसलाई पूर्वजन्मसँग सम्बन्धित मान्नुपर्दछ। त्यसपछि पाञ्चस्कन्धहरू गर्भावस्थामा आउँछन्। त्यो योनिगत अनुपजात अवस्था विज्ञान हो। त्यसपछि जन्म हुँदासम्ममा दुईवटा अवस्थाहरू रहन्छन् ती हुन्- नामरूप (रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान) र षडायतन (मनः षष्ठानीन्द्रियाणि)। जब षडायतनका रूपमा यो संघातमय शरीरले जन्म लिन पुग्दछ त्यस पश्चात् स्पर्श, वेदना, तृष्णा, उपादान र भव यी पाँचवटा अवस्थाहरू उत्पन्न हुन्छन्। कर्मको त्यो शक्ति नै भव हो, जसले गरिएका र कमाइएका कार्यहरू अनुसारकै फलस्वरूप पुनर्भवको कारण बन्ने गर्दछ। त्यसैगरी शरीरका रूपमा संगठित भएर रहेका पञ्चस्कन्धहरू जब अलग अलग रूपमा रहन पुग्दछन् त्यसबखत अनागत जीवनमा जाति र जरामरणका दुईवटा अवस्थाहरू हुन पुग्दछन्। वर्तमान जीवनको विज्ञान अर्थात् योनिगतपञ्चस्कन्ध आगामि जन्मका लागि वा पुनर्भवका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. Jangamwadi Math Collection. Digitized by eGangotri

लागि जातिका रूपमा विद्यमान रहेको हुन्छ। त्यसै वर्तमान जीवनको नामरूप, षडायतन, स्पर्श र वेदाना यी अर्को जीवनको उत्पत्ति गर्नका लागि जरामरणका रूपमा रहेका हुन्छन्।[९] उक्त १२ वटा अङ्गहरूलाई निम्नानुसार बुझ्नु अझ सान्दर्भिक हुन जान्छ।

१. **अविद्या** – वर्तमान जीवनमा जति पनि क्लेशहरू हुन्छन् ती सबै जन्मनु पूर्व अविद्याको अवस्थामा रहेका हुन्छन्। अविद्या पूर्वजन्मको क्लेशावस्था हो। जति पनि क्लेशहरू वा दुःखहरू छन् ती सबै नै अविद्याका सहचारी हुन्। अविद्याले बीज जस्तै गरी तिनलाई यस जन्ममा आफूसंग लिएर आउने गर्दछ। पञ्चस्कन्धहरूको पूर्वजन्म सन्तति नै अविद्या हो।[१०]

२. **संस्कार** – जीवनका पुण्यापुण्य कर्महरूको पूर्वावस्था वा पूर्वजन्मको अस्तित्व नै संस्कार हो। संस्कार पूर्वजन्मको कर्मावस्था हो। अविद्या र संस्कारको पूँजीबाट वा तिनको धरातलमा पञ्चस्कन्ध शरीरका रूपमा जन्मलिनका लागि गर्भमा आउँछन्। विश्वमा भएका सम्पूर्ण प्राणीहरू गर्भजनित नै हुन्। अविद्या र संस्कारले वर्तमान जीवनका लागि आलम्बन वा प्रतिष्ठाको कार्य गर्ने गर्दछन्। यी दुईमध्ये कुनै पनि एउटाको अभावमा वर्तमान जीवन सम्भव हुन सक्दैन।[११]

३. **विज्ञान** – वर्तमान जीवनका लागि रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानको वीजारोपण नै विज्ञान हो। यो पञ्चस्कन्धहरूको योनिगत पूर्वावस्था हो। यो अवस्था विज्ञान वा मनः रूप हो जसले आफू सूक्ष्म भएरै पनि स्थूललाई आफूमा अन्तर्निहित राख्न सक्दछ।[१२]

४. **नामरूप** – जन्मभन्दा पहिलेको गर्भित दशामा पञ्चस्कन्धहरूको जुन बृद्धि हुन्छ त्यहि नै नामरूप अवस्था हो। विज्ञानको अवस्था देखि लिएर षडायतन वा स्थूल देहको उत्पत्तिको क्षणसम्मको अवस्था नै नामरूप हो।[१३]

५ **षडायतन** – मन एवं पाँचवटा इन्द्रियहरूले युक्त स्थूल शरीर नै षडायतन हो। त्यसमा गणना गर्दा एउटा मनलाई लिइन्छ, त्यसपछि इन्द्रियहरूलाई पाँच वटा नगनेर चक्षु, श्रोत्र, घ्राण र जिह्वा यी चारवटाको मात्र गणना गरिन्छ। त्यसपश्चात् शेष स्थूल तत्त्वलाई काय आयतनका रूपमा मानिन्छ। यसप्रकार षडायतनमा चक्षु, श्रोत्र, घ्राण, जिव्हा, काय र मनलाई लिने गरिन्छ।[१४] वैदिक साहित्यमा मन, प्राण, वाक्, चक्षु र श्रोत्र यिनिहरूलाई पञ्चेन्द्रिय मानिन्थ्यो। कालान्तरमा तिनिहरूको नै इन्द्रियको रूपमा व्याख्या भयो।[१५] जुन तत्त्वलाई जन्मको मूल बीज माने पनि त्यसको स्थूल अभिव्यक्ति इन्द्रियहरूका रूपमा आउँछ नै।

६. **स्पर्श** – सुख–दुःखात्मक अनुभवरूपी जुन वेदना हुन्छ। त्यसैको पूर्वावस्था नै स्पर्श हो। जुनबेलासम्म बालकले सुख–दुःख आदिलाई बुझ्न समर्थ भएका हुँदैनन् त्यसबेलासम्मको अवस्थालाई स्पर्श भनिन्छ। वस्तुतः वेदनाको स्थूल अनुभव भन्दा पूर्वको अव्यक्तावस्था स्पर्श हो। मनसहितका ज्ञानेन्द्रियहरू एवं तिनका विषयहरू र विषयहरूबाट उत्पन्न इन्द्रियजन्य ज्ञान – यी तीनवटै एकत्र हुँदा स्पर्शको उत्पत्ति हुन्छ।[१६]

७. **वेदना** – सुख र दुःखको अनुभूतिको नाम नै वेदना हो। जबसम्म मैथुनप्रतिको सग रहिरहन्छ त्यसबेला सम्मको अवस्था नै वेदना हो।[१७]

८. **तृष्णा** – रूपादि कामगुण र सांसारिक वासनाप्रतिको राग र भोगको कामना नै तृष्णा हो।[१८]

९. **उपादान** – भोगहरूको सम्प्राप्तिका लागि पुद्गलको सक्रियप्रयत्नलाई उपादान भनिन्छ। त्यस अवस्थालाई उपादान भनिन्छ जसमा चतुर्विध क्लेशहरूको समाधान हुन्छ।[१९]

१०.**भव** – जुन किसिमले प्रभावित भएर कर्म गर्दछ त्यसै अनुसार उसको अनागत भव बन्दछ। त्यही कर्मलाई नै भव भनिन्छ। किनभने त्यसैका कारणबाट नै भव हुन्छ। (भवत्यनेन)। स्कन्धहरू भिन्न भिन्न अवस्थामा पुगेपछि फेरी एकत्र हुने शक्ति नै भव हो र त्यसलाई संस्कार भनिन्छ, त्यसैगरी वर्तमानको जन्ममा जसलाई तृष्णा र उपादान भनिन्छ त्यही नै अनागत वा आगामी जन्मका लागि भव हो। यी तीनवटै अवस्थाहरू काल–भेदले गर्दा भिन्न भएता पनि तीनवटैको धर्म एउटै हो।[२०]

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

११.जाति – मृत्यु पश्चात्को प्रतिसन्धिकालमा पाँचवटै स्कन्धहरूको जुन अवस्था हुन्छ, त्यही नै जाति हो। गर्भको आरम्भमा जुन विज्ञान रहेको हुन्छ त्यही विज्ञान अनागत अवस्थाको जाति हो।[२१]

१२.जरामरण – वर्तमान भवका चारवटा अंगहरू नै अनागत भवका सम्बन्धमा जरामरण मानिन्छन्। ती चारवटा अंगहरू यस प्रकार छन्– नामरूप, षडायतन, स्पर्श र वेदना।[२२]

यो द्वादशांग प्रतीत्यसमुत्पाद बौद्ध दर्शनको मुख्य विषयवस्तु हो। अनेक बौद्ध नीतिहरूमा यसका सूक्ष्मातिसूक्ष्म व्याख्याहरू पाइन्छन्। साथै अनेकौं अवान्तरभेदयुक्त दृष्टिकोणहरू समेत भेट्टाइन्छन्। परन्तु द्वादशांग प्रतीत्य-समुत्पादको देशना स्वयं भगवान् बुद्धले नै गरेका थिए भन्ने कुरामा सबै सहमत रहेको पाइन्छ।

भगवान् बुद्धले यस द्वादशांग प्रतीत्यसमुत्पादको उपदेश गरेर भवचक्रबाट सबैलाई मुक्त हुने मार्ग बताउन चाहेको हो भन्ने कुरामा सबैको एकमत रहेको पाइन्छ। यस प्रतीत्यसमुत्पादलाई बोध गरीसकेपछि त्यसबाट मुक्त हुन सकिन्छ किनकि अविद्याको निरोधबाट विज्ञानको निरोध हुन सम्भव छ। यसरी पूर्वपूर्व कारणको निरोधले कार्यको निदान हुने हुँदा समग्र प्रतीत्यसमुत्पादलाई बोध गरेर समग्र भवचक्रबाट मुक्त भई परम शान्तिको अवस्थामा पुग्न सकिन्छ। त्यही भवचक्रबाट मुक्त भई शान्त भएको अवस्था नै भगवान् बुद्धले उपदेश गरिएको **निर्वाण** को अवस्था हो।[२३]

पादटिप्पणी

(१) इमस्मिं सति इदं होति, इमस्स उप्पादा इदं उप्पज्जति, इमस्मिं असति इदं न होति, इमस्य निरोधा इदं निरुज्झति। बहुधातुक – सुत्तन्त (मज्झि निकाय ३।२।५)
(२) विशुद्धिमग्ग (१७।११, १७।८–१३)
(३) पटिच्च एतस्मा एतीति पच्चयो, विशुद्धिमग्ग १७/६८
(४) "इति खो, भिक्खवे, या तत्र तथता, अवितथता, अनञ्जथता,
इवप्पचयता अयं वुच्चति भिक्खये पटिच्चसुप्पादो" (संयुक्त निकाय, विशुद्धिमग्ग १७/५ मा उद्धृत)
(५) विशुद्धिमग्ग १७/६
(६) अभिधर्मकोश, द्वितीयकोशस्थान – प्रत्यय – श्लोक संख्या–६३
(७) बौद्ध धर्म–दर्शन, तृतीय कोशस्थानटीका २०–२४ एवं भाष्य।
(८) बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन – भरत सिंह उपाध्याय – चतुर्थ प्रकरण प्रतीत्य समुत्पाद।
(९) महासतिपट्ठान सुत्त (दीघ निकाय २/९)
(१०) समादिट्ठीसुत्तान्त (मज्झिमनिकाय १/१/९)
(११) बौद्धदर्शन तथा अन्य भारतीय दर्शन – भरत सिंह उपाध्याय तृतीय प्रकरण, अनात्मवाद।
(१२) बौद्ध दर्शन मीमांसा, चतुर्थ अध्याय, आचार्य बलदेव उपाध्याय – चौखम्बा विद्या भवन, वाराणसी
(१३) महानिदान सुत्त (दीघ निकाय २/३)
(१४) अभिधम्म पिटक २/६
(१५) छान्दोग्योपनिषद् ३/२–३ एवं ७/१४–१
(१६) प्रमाणवार्तिक १/२/१२
(१७) अभिधर्मकोश ३/२३ आचार्य नरेन्द्रदेव।
(१८) वेदनास्कन्ध प्रकरणम् – बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन – भरतसिंह उपाध्याय
(१९) विशुद्धिमग्ग (१७/२४, ३१/९–११)
(२०) शान्ति भिक्षु – महायान, पृ. २७, चौखम्बा विद्याभवन, वाराणसी सं. २००२
(२१) अभिधम्मकोश ३/२५, आचार्य नरेन्द्रदेव।
(२२) भरतसिंह उपाध्याय। बौद्धदर्शन तथा अन्य भारतीय दर्शन – चतुर्थ प्रकरण, प्रतीत्य समुत्पाद।
(२३) संयुक्त निकाय (निदान– संयुत्त), विशुद्धिमग्ग १७/२ मा उद्धृत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गण्डान्त एक परिचय

उपप्रा.तनुजा दाहाल

१. परिचय : गण्डको अर्थ गाँठो वा गाँड हुन्छ। जसले कुनै चिह्नको संकेत गर्दछ। अर्थात् कुनै समय वा वस्तुलाई संयोग गर्ने वा जोड्ने कुनै काल खण्ड वा स्थान विशेषलाई नै गण्ड शब्दले बुझाइन्छ। वर्ष, मास, पक्ष ऋतु, नक्षत्र, योग, करण, दिन, रात, सायं मध्याह्न, प्रात यी सबैलाई जोड्ने सन्धिविशेषलाई नै गण्डान्त भनिन्छ।तथापि ज्योतिषशास्त्रमा तिथि, नक्षत्र र लग्न गण्डान्त प्रचलित छन। जुन फलादेशको दृष्टिमा अत्यन्त अशुभ र अनिष्टकारी योगको रुपमा लिइन्छ। "सर्वेषां गण्डजातानां परित्यागो विधियते" जसको गण्डान्तमा जन्म हुन्छ उसलाई परित्याग गरिदिनु वा उसको मुख नहेर्नु भनेर शास्त्रमा उल्लेख गरेको पाइन्छ। गण्डान्त कस्तो अवस्थालाई भनिन्छ र कस्तो जन्म अशुभ मानिन्छ त्यसको चर्चा तल गरिनेछ।

२. तिथिगण्डान्त : तिथिहरू शुक्ल पक्षका १५ र कृष्ण १५ गरी जम्मा ३० वटा हुन्छन्। तिनीहरूलाई कार्यका आधारमा ५ भागमा वर्गीकरण गरिएको पाइन्छ। यी ५ तिथि अन्तर्गतका तिथिहरू के के हुन् ? त्यसको जानकारीका लागि तल तालिका प्रस्तुत गरिनेछ।

१.नन्दा	२.भद्रा	३.जया	४.रिक्ता	५.पूर्णा
१	२	३	४	५
६	७	८	९	१०
११	१२	१३	१४	१५/३०

प्रतिपदाबाट आरम्भ भएको तिथि पञ्चमीमा १ आवृत्ति पुरा गर्दछ र दोस्रो चरणमा षष्ठीबाट र तेस्रोमा एकादशीबाट तिथिहरूको आरम्भ भएको देखिन्छ। यसरी हेर्दा नन्दाअन्तर्गत प्रतिपदा, षष्ठी र एकादशी तिथिहरू र पूर्णा अन्तर्गत पञ्चमी, दशमी र पूर्णिमा वा औंशी तिथिहरू पर्दछन्। पञ्चमीको समाप्तिपछि षष्ठिको आरम्भ (५+६) दशमी पछि एकादशी, पूर्णिमा वा औंशीदेखि प्रतिपदाको आरम्भ भएको देखिन्छ। पूर्णातिथि र नन्दातिथिहरूको वीचमा तिथि गण्डान्त पर्दछ। त्यसमा पूर्णा तिथिको (५,१०,१५,३० अन्त्यको १ घडी (२४ मि) र नन्दा तिथिको (१,६,११) प्रारम्भको १ घडी तिथि गण्डान्त अन्तर्गत पर्ने समय हो। यो समयमा कसैको जन्म भएमा अशुभ मानिन्छ। साथै कुनै मुहूर्तहरूको विवाह, ब्रतवन्ध, यात्रा आदि निर्धारण गर्दा पनि ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ।

पूर्णानंदाख्ययोस्तिस्न : सन्धिर्नाडीद्वयं तथा।
गण्डान्तमृत्युदं जन्म यात्रोद्वाहब्रतादिषु ॥ ज्योतिषसार २ श्लोक १ तिथिगण्डान्त।

३. नक्षत्र गण्डान्त : आकाशमा अश्विनी भरणी आदि गरिएका २७ वटा नक्षत्रहरू हुन्छन्। कसैका मतमा अभिजित् सहित २८ वटा नक्षत्रहरू आकाशमा विद्यमान छन्। राशि निर्माण गर्ने आधारभूत तत्त्वलाई ज्योतिषशास्त्रमा नक्षत्रको संज्ञा दिइएको पाइन्छ। नक्षत्रहरूले राशि निर्माण गर्ने क्रममा नक्षत्रको चरण समाप्तिसँगै राशि निर्माण भएको विन्दु र पुनः नक्षत्रको प्रथम चरणबाट अर्को राशि निर्माण हुने विन्दु अन्तर्गत पर्ने नक्षत्रहरू नक्षत्र गण्डान्त अन्तर्गत राखिएको पाइन्छ। जसको स्पष्टयको लागि तलको तालिका प्रस्तुत गर्न गइरहेकी छु।

१.	चु, चे, चो, ला, लि, लु, ले, लो, अ	आश्विनी, भरणी, कृत्तिका	मेष
२.	इ, उ, ए, ओ, वा, वि, वु, वे, वो	कृत्तिका, रोहिणी, मृगशिरा	वृष
३.	का, की, कु, घ, ङ, छ, के, को, हा	मृगशिरा, आर्द्रा, पुनर्वसु	मिथुन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.	हि, हु, हे, हो, हा, डि, डु, डे, डो	पुनर्वसु, तिष्य, अश्लेषा	कर्क
५.	मा, मि, मु, मे, मा, ट्य, टि, टु, टे	मघा, पू.फा, उ.फा	सिंह
६.	टो, प, पि, पु.ष, ण, ठ, पे, पो	उ.फा, हस्ता, चित्रा	कन्या
७.	र, रि, रु, रे, रो, ता, ति, तु, ते	चित्रा, स्वाती, विशाखा	तुला
८.	तो, ना, नि, नु, ने, ना, या, यि, यु	विशाखा, अनुराधा, ज्येष्ठा	वृश्चिक
९.	ये, यो, भा, भि, भु, ध, फा, ढ, भे	मूल, पू.षा, उ.षा	धनु
१०.	भो, जा, जि, खि, खु, खे, खो, गा, गि	उ.षा, श्रवण, धनिष्ठा	मकर
११.	गु, गे, गो, सा, सि, सु, से, सो, द	धनिष्ठा, शतभिषा, पू.भा	कुम्भ
१२.	दि, दु, ध, झ, ञ, दे, दो, चा, चि	पू.भा, उ.भा, रेवती	मीन

माथिका चक्रमा आ ना ४ वटै चरण समाप्त भएर राशि बनाउने नक्षत्रहरू अश्लेषाको समाप्तिमा कर्कट, ज्येष्ठाको समाप्तिमा वृश्चिक र रेवतीको समाप्तिमा मीन राशिहरू बनेका छन् भने, मघाको आरम्भमा सिंह, मूलको आरम्भमा धनु र अश्विनीको आरम्भमा मेष राशिहरू बनेका छन्। त्यसैले एक राशिको समाप्ति र अर्को राशिको आरम्भमा पर्ने नक्षत्रहरू (श्लेषा + मघा) (ज्येष्ठा+ मूल), (रेवती+ आश्विनी) नक्षत्र गण्डान्त अन्तर्गत पर्दछन्। यिनीहरूको पनि श्लेषा, ज्येष्ठा र रेवतीको अन्त्यको २ घडी र मघा, मूल र आश्विनीको प्रारम्भको २ घडी नक्षत्र गण्डान्त अन्तर्गतका घडीहरू हुन्।

सार्पेद्रांन्तिमभात्तो=ब्धि घटिकं पूर्णान्ततोव्ध्यद्वकं

कीटान्त्यालिविरामतोः कुघटिकं गण्डान्तमूर्ध्वाधरम्॥ मुहूर्त मार्तण्ड प्र.४श्लो.१९

अर्थात् अश्लेषाको चौथो ...डोन्र ज्येष्ठाको चौथो ...युन्र रेवेतीको चौथो (चि) नामाक्षर भएका व्यक्तिहरू जो अन्तिम २ घडी भित्र जन्मन्छन् साथै मघाको प्रथम ...मान्र मूलको प्रथम ...येन्र र अश्विनीको प्रथम ...चुन्र नामाक्षरबाला ...प्रारम्भको २ घडी भित्र जन्मन्छन् तिनीहरू नक्षत्र गण्डान्त जनित दोष युक्त मानिन्छन्।

३.१. नक्षत्रगण्डान्तको वर्गीकरण

नक्षत्रगण्डान्तलाई वर्गीकरण गर्ने क्रममा यस अन्तर्गत पर्ने ६ वटा नक्षत्रहरूलाई भिन्न भिन्न रुपमा वर्गीकरण गरिएको पाइन्छ।

३.१.१. मूलका आधारमा :

३.१.१.१.ठूलोमूल (अभुक्त मूल) : अश्लेषा,ज्येष्ठा,र मूल नक्षत्रहरूलाई यस अन्तर्गत राखिएको पाइन्छ।

३.१.१.२. सानो मूल : अश्विनी, रेवती र मघा नक्षत्रहरूलाई यस अन्तर्गत राखिएको पाइन्छ।

ठूलो मूलमा जन्म भएमा अत्यन्त हानिकारक मानिन्छ भने सानो मूलमा जन्म भएमा सामान्य अशुभ मानिन्छ तर यी ६ वटै नक्षत्रहरू अशुभ मानिन्छन्।

३.१.२. गण्डका आधारमा : गण्डान्तमा पर्ने यी ६ नक्षत्रहरूलाई रात्रि, दिवा र सन्ध्या गण्डले पनि चिन्न सकिन्छ।

३.१.२.१. रात्रिगण्ड : अश्लेषाको अन्त्यको २ घडी र मघाको प्रारम्भको २ घडी रात्रि गण्ड नामले चिनिन्छ। यी नक्षत्रको गण्डान्त अन्तर्गतको ४ घडीभित्र रात्रिमै जन्म भए अशुभ मानिन्छ। तर दिनमा जन्म भए सामान्य अशुभ मानिन्छ। यी २ नक्षत्रहरूमा पनि अश्लेषा प्रबल अशुभ नक्षत्र भएकाले यसमा जन्म विवाह र यात्रा आदि शुभकर्म गर्न निषेध गरिएको पाइन्छ। त्यसैले यस नक्षत्रमा जन्म आदिको फल तल चर्चा गरिनेछ।

३.१.२.१.१ अश्लेषा नक्षत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क.चरणअनुसार अश्लेषा नक्षत्रको फल

चरण	१	२	३	४
नामाक्षर	डि	डु	डे	डो
फल	धनलाभ	धननाश	मातानाश पितानाश	

ख.पुरुषचक्रमा अश्लेषाको फल

मानव अङ्कमा अश्लेषालाई स्थापना गर्दा विभिन्न अङ्कमा भिन्न भिन्न घडीपलाले युक्त भएको अश्लेषाको वास हुन्छ र त्यसको फल यस प्रकार छ।

स्थान	शीर	मुख	नेत्र	ग्रीवा	स्कन्ध	हस्त	हृदय	नाभि	गुदा	पाद
घडी	५	७	२	३	४	८	११	६	९	५
फल	पुत्रलाभ	पितानाश	मातानाश	स्त्रीलाभ	गुरुभक्त	बली	आत्महा	भ्रम	तपस्वी	धननाश

३.१.२.१.२. मघा नक्षत्र : मघा नक्षत्रको प्रारम्भको २ घडी बाहेक अन्य घडी हानिकारक मानिदैन।

३.१.२.२ दिवागण्ड : ज्येष्ठा नक्षत्रको अन्त्यको २ घडी र मूल नक्षत्रको प्रारम्भको २ घडीको नक्षत्रगण्ड दिवा गण्ड नामले पनि परिचित छ। यी नक्षत्रहरूमा निर्दिष्ट घडीमा दिनमै जन्म भए त्यो अत्यन्त अनिष्टकर मानिन्छ। तर रातमा जन्म भए सामान्य मान्नु पर्दछ। यो गण्ड अन्तर्गतका दुवै नक्षत्रहरू निन्दित भएकाले र अभुक्त मूल अन्तर्गत पनि पर्ने भएकाले यिनका आरम्भ र अन्त्यका कति घडीलाई अशुभ मान्ने भन्ने बारेमा मतान्तर पाइन्छन्। त्यसैले यी घडीका बारेका मतान्तर तल प्रस्तुत गरिएको छ।

अभुक्त मूल अन्तर्गतका घडीहरू	ऋषिहरू
ज्येष्ठाको अन्त्यको २ घडी मूलको आदिको २ घडी	नारद
ज्येष्ठाको अन्त्यको १ घडी मूलको आदिको २ घडी	वशिष्ठ
ज्येष्ठाको अन्त्यको १/२ घडी मूलको आदिको १/२ घडी	वृहस्पति
ज्येष्ठाको अन्त्यको ८ घडी मूलको आदिको ५ घडी	अन्यको मत

बृहज्योतिषसार, मु.प्र.,२ लो १,२,३,

३.१.२.२.१ ज्येष्ठा नक्षत्र

क .चरणानुसार फल

चरण	१	२	३	४
नामाक्षर	नो	या	यि	यु
फल	जेठो दाजुको मृत्यु	सानो भाइको मुत्यु	पिताको नाश	स्वयं नाश

ज्येष्ठाद्यपादे=ग्रजमाशु हन्याद् द्वितीयपादे यदि तत्कनिष्ठम्।

तृतीयपादे पितरं निहन्ति स्वयं चतुर्थे मृतिमेति जातः॥ जातकपारिजात,प्र. ९, श्लोक, ५०

ख.घडी अनुसार ज्येष्ठाको फल : ज्येष्ठा नक्षत्रको घडीलाई १० भागमा विभाजन गरी प्रत्येकको ६ घडीका दरले फल जान्नु पर्दछ ।

खण्ड	१	२	३	४	५	६	७	८	९	१०
घडी	६	१२	१८	२४	३०	३६	४२	४८	५४	६०
फल	आमाको आमा	आमाको बुबानाश	मामा नाश	आमा नाश	सन्तान नाश	गोत्रपीडा	दुवै कुलको	जेठो भाइ	ससुरा नाश	सर्वस्व नाश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

	नाश						नाश	नाश		

मङ्गलवारको दिन ज्येष्ठानक्षत्रमा कसैकों जन्म भएमा जेठोदाजुको नाश गर्दछ भने ज्येष्ठानक्षत्रमा जेठाजु वा जेठानको नाश गर्दछ।

३.१.२.२.२. मूल नक्षत्र

क.चरणअनुसार मूल नक्षत्रमा जन्म फल

चरण	१	२	३	४
नामाक्षर	ये	यो	भा	भि
फल	पितानाश	मातानाश	धननाश	शुभ

आद्ये पितानाश मुपैतिमूल पादे द्वितीये जननी तृतीये

धनं चतुर्थो=स्य शुभो=थ शान्त्या सर्वत्र सत्स्यादहिभे विलोमम्॥ मुहूर्त चिन्तामणि, प्र.२,श्लो५५

ख.मूलमा जन्म र वर्ष फल

प्रति वर्ष मूल नक्षत्रमा जन्मिएका व्यक्तिले गर्ने अशुभ फल :

वर्ष	१	२	३	४	५	६	७	८	९
फल	पितानाश	धननाश	मातानाश	०	भाइनाश	०	वान्धव नाश	साला वा मामाको नाश	ससुरा नाश

ग.स्थान अनुसार मूलको वास र फल

स्वर्ग	आषाढ	भाद्र	आश्विन	माघ	शुभ
पृथ्वी	श्रावण	कार्तिक	चैत्र	पुष	अशुभ
पाताल	फाल्गुन	ज्येष्ठ	मार्गशीर्ष वैशाख		शुभ

जुन ठाउँमा मूलको वास हुन्छ सो ठाउँलाई मूलले अशुभ फल दिन्छ। पृथ्वीमा मानिस रहने हुनाले श्रावण, कार्तिक, चैत्र र पुष महिनामा यदि मूल नक्षत्रमा कसैको जन्म भएमा दोषकारक मानिन्छ। अन्यथा अशुभ हुँदैन भन्ने मान्यता पनि रहेको छ।

घ.पुरुष चक्रमा मूलको वास

	१	२	३	४	५	६	७	८	९	१०
स्थान	शिर	मुख	स्कन्ध	बाहु	हस्त	हृदय	नाभि	गुदा	जानु	पाद
घडी	राजा	पिता	बली	बली	दाता	मन्त्री	ज्ञानी	कामी	बुद्धिमान्	बुद्धिमान

ङ. वृक्षमा मूलको वास

स्थान	मूल	स्तम्भ	त्वचा	शाखा	पत्र	पुष्प	फल	शिखा
फल	फलनाश	धननाश	भाइनाश	मातानाश	कुटुम्व नाश	राजमन्त्री	राज्यप्राप्ति	अल्पायु

आइतबारको दिन मूलनक्षत्रको संयोग अनिष्टकर मानिन्छ। कसैको जन्म भएमा आ ैनै ससुराको नाश गर्नेवाला हुन्छ वा हुन्छे।

३.१.२.३. सन्ध्यागण्ड : रेवतीको अन्त्यको २ घडी र अश्विनीको प्रारम्भको २ घडी सन्ध्यागण्ड नामले चिनिन्छ। यी नक्षत्रहरूमा साँझको समयमा कसैको जन्म अशुभ मानिन्छ तर दिवा, रात्रिमा यी नक्षत्रमा जन्मिएमा अशुभ मानिदैन। यस गण्डअन्तर्गत सानो मूलमा पर्ने नक्षत्रहरू पर्दछन्। त्यसैले शुभकार्य वा जन्म यी नक्षत्रमा अतिदोषकारक मानिदैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४. लग्न गण्डान्त : नक्षत्रको चरण समाप्तिसँगै राशि निर्माण हुने र नक्षत्रको चरणको प्रारम्भ सँगै नयाँ राशि बन्ने विन्दुलाई नै लग्न वा राशि गण्डान्त भनिन्छ। माथिको चक्रमा अश्लेषाको अन्त्यमा कर्कटको समाप्ति मघाको आरम्भमा सिंहको आरम्भ ज्येष्ठाको अन्त्यमा वृश्चिकको अन्त्य मूलको प्रारम्भमा धनुको आरम्भ रेवतीको समाप्तिमा मीनको समाप्ति आश्विनको आरम्भमा मेषको आरम्भ यसरी लग्न गण्डान्तमा पर्ने लग्नहरू : (कर्कट +सिंह), (वृश्चिक+धनु) (मीन+ मेष),हुन्। कर्कट, वृश्चिक र मीनको अन्त्यको आधा घडी र सिंह, धनु र मेषको प्रारम्भको आधा घडी लग्न गण्डान्त अन्तर्गतका अशुभ घडीहरू मानिन्छन्। तसर्थ यी लग्नका निर्दिष्ट घडीमा जन्म भएमा मृत्यु वा मृत्युतुल्य कष्ट, विवाह भए शोक वा सन्तान पीडा,यात्रा गृह प्रवेश आदि शुभकार्य गरेमा अग्निभय, रोग, शारीरिक र मानसिक पीडा, सन्ताप हुनेछ।

क .लग्न गण्डान्तको वास

स्थान	स्वर्ग	पाताल	मृत्युलोक
लग्न	२, ५, ८, ११	३, ६, ७, १२	१, ४, ९, १०
फल	राज्यप्राप्ति	धनप्राप्ति	कुटुम्बनाश

५ परिहार : ज्योतिष शास्त्रका धेरै अशुभ योगहरूमध्ये गण्डान्त दोष अत्यन्त अशुभ योग मानिन्छ।गण्डान्तमा जन्म भएमा अनिष्टकारक मानिन्छ।यदि अभुक्तमूलमा जन्मिएमा सो बालकलाई त्याग गर्नु,८वर्षसम्म पिताले मुख नहेर्नु सम्मका प्रयोगहरू पनि शास्त्रमा पाइन्छन्। तथापि कुनै बच्चा जन्मिसकेपछि माया र ममतामा हुर्काउनु पर्नेमा परित्याग गर्न कुन आमा बाबुले सक्छन्। त्यसैले त्यसको समाधानका लागि शास्त्रमा शान्ति विधि उल्लेख गरिएको पाइन्छ। सोही अनुरूप सो बालकको शान्ति गराउनु पर्दछ। पुनश्च दिनमा जन्मेकी कन्या र रात्रिमा जन्मेको पुत्रलाई गण्ड दोष लाग्दैन। तसर्थ अभुक्तमूलमा जन्म भए २७ दिन भित्रमा मूल नक्षत्रमै त्यसको शान्ति गराउनु पर्दछ। त्यसैले सानो मूल अन्तर्गतका नक्षत्रहरूमा जन्म भए १२ दिनभित्रमा शान्ति गराउनु पर्दछ। तिथि गण्डान्त र लग्न गण्डान्त पनि,जन्म, यात्रा, विवाह, ब्रतबन्ध, गृहप्रवेश जस्ता कार्य गर्न अशुभ मानिन्छन्। तर यसको पनि शान्ति गर्ने उपायहरू छन्।

तिथिगण्डान्तमा बाच्छोदान, नक्षत्रगण्डान्तमा बाच्छीदान र लग्न गण्डान्तमा सुनदान गरेमा शान्ति हुन्छ। बलवान चन्द्रले तिथिगण्डान्त जन्य दोषको हरण गर्दछ भने अभिजित् संज्ञक मुहूर्तले लग्न गण्डान्त, नक्षत्र गण्डान्त जन्य दोष हरण गर्दछ। तसर्थ विवाह, यात्रा आदि शुभकाम अभिजित् मुहूर्तमा गर्न सकिन्छ।

केन्द्रगत शुभग्रह तथा ११ स्थानको चन्द्रमाले सम्पूर्ण गन्डान्तको दोष नाश गर्दछ।

सन्दर्भग्रन्थ सूची

कालिदास पूर्व कालामृतम्, वाराणसी चौखम्बा सुरभारती प्रकाशन्.प्र.सं.ई २००६
मानसागरी
ठाकुर, बाबुलाल, सचित्रज्योतिष शिक्षा, मुहूर्तखण्ड, दिल्ली नरेन्द्रप्रकाशजैन मोतीलाल वनारसी दास पुनर्मुद्रण
,वाराणसी कृष्णदास अकादमी संस्कृत वि.सं. २०५३
दैवेज्ञ नारायण मूहूर्तमार्तण्ड १९९७
दैवज्ञ श्रीराम मुहूर्त चिन्तामणि, वाराणसी, चौखम्बा सुरभारती सन् १९९७
दैवज्ञ रावल हरिशंकर, सुरिसुनुगणपति मुहूर्त गणपति, दिल्ली, नरेन्द्रप्रकाश जैन मोतीलाल सन् १९८८
दैवज्ञ श्रीवैद्यनाथ, जातकपारिजात, चौखम्बा संस्कृत वाराणसी, सन् २००९
श्री रामदीन बृहद्दैवज्ञरञ्जनं, दिल्ली, नरेन्द्र प्रकाश जैन मोतीलाल वनारसी दास, सन् १९८४
व्यास पण्डित, सोहनलाल, मुहूर्त पारिजात, वाराणसी, चौखम्बा विद्याभवन वि.स. २०२७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवरात्री, शिवस्वरूप र सन्देश

प्रा.डा.विष्णुप्रसाद शर्मा देवकोटा

शिवरात्री हाम्रो राष्ट्रिय पर्व हो। ब्रह्मा, विष्णु र महेश यी त्रिदेवमध्ये महेशसँग सम्बद्ध यो दिन हो। ब्रह्मा सृष्टिका, विष्णु पालनका र महेश संहारका देवता मानिन्छन्। शिवप्रिया र शिवपूजनको उपर्युक्त रात्रिलाई शिवरात्री मानिएको छ। जुन दिन अर्धरात्रीमा चतुर्दशी परेको हुन्छ, त्यसै दिन शिवरात्री मानिन्छ। रात्रिको अष्टम मुहूर्त्तलाई अर्धरात्री भनिन्छ। वैष्णवहरू अन्य व्रतहरूभैँ शिवरात्री पनि उदयव्यापिनी चतुर्दशीलाई मान्दछन्। शिवरात्री-व्रत आइतवार र मङ्गलवारमा र शिवयोगसमेत परेको दिन परेमा उत्तम मानिन्छ। शिवरात्रीका व्रतालुहरूले त्रयोदशीका दिन एक छाक खाएर चतुर्दशीका दिन उपवास बस्नुपर्दछ। काला तिल मिसाइएको जलले स्नान गरेर रात्रिका प्रत्येक प्रहरमा शिवपूजन गर्नुपर्दछ। आँक, करबीर र बेलपत्र शिवजीलाई चढाउनुपर्दछ। भगनान् शिवलाई चढाइएका फल, फूल र जललाई शिवनिर्माल्य भनिन्छ। शालग्रामको सान्निध्यले शिवनिर्माल्य पनि प्रसादको रूपमा लिने चलन छ। चण्डी या देवीको एकपटक, सूर्यको सात पटक, गणेशको तीन पटक, भगवान् विष्णुको चार पटक र शिवजीको आधा परिक्रमाको विधान र चलन छ। शिवनिर्माल्य बगेको नाली नाघ्न नहुने भएकोले शिवजीको आधा परिक्रमाको विधान भएको हो। हाम्रा प्रमुख देवताहरूमध्ये कात्तवीर्य या कृतवीर्यका छोरा सहस्रार्जुन (बुद्धका अनुयायी?) बालिएका दीपबाट खुश हुन्छन्। भगवान् सूर्यलाई जल चढाएर गरिएको उपस्थान या नमस्कारबाट उनी खुशी हुन्छन्। भगवान् विष्णु स्तुति या स्तोत्रपाठबाट, गणेशजी पर्याप्त लड्डुको भोगबाट, दुर्गाजी शृङ्गार-पटारको पूजाबाट र भगवान् शिव अभिषेक या स्नानबाट प्रसन्न हुने भएकाले ती ती पूजा र अर्पणबाट ती भगवान्लाई सन्तुष्ट पारेभैँ शिवरात्रीका दिन एक लोहोटा शुद्धजल मात्र चढाएर भए पनि शिवलाई प्रसन्न राख्ने प्रयास गर्नुपर्दछ। धर्मशास्त्री महाराज मनु भन्दछन्-आरोग्य या निरोगिता भगवान् सूर्यबाट चाहनुपर्दछ, अग्निबाट धनको चाहना राख्नुपर्दछ, मुक्ति भगवान् विष्णुबाट चाहनुपर्दछ र ज्ञानचाहिँ शङ्करबाट चाहनुपर्दछ। ज्ञानलाई गीतामा पवित्र वस्तु मानिएको छ। यसै कारण शास्त्रीय र प्राविधिक एवं व्यवहारिक ज्ञानको आर्जन गरेर व्यक्ति, समाज र देशको उन्नति आवश्यक छ भन्ने कुरा धर्मशास्त्रले पनि सूचित गरेको छ।

शिवपुराणहरू दुई प्रकारका छन्—एक लाख श्लोक भएको र चौबीस हजार श्लोक भएको । एक लाख श्लोक भएको शिवपुराणमा विद्येश्वर, रौद्र र वैनायक आदि बाह्र संहिताहरू छन्। यसका लेखक स्वयं शिवजी मानिनुहुन्छ। चौबीस हजार श्लोक भएको शिवपुराणचाहिँ महर्षि व्यासले संक्षेपमा लेख्नु भएको हो। यसै पुराणका अधारमा भनिन्छ-भगवान् शिवको आराधना, उपासना र तपस्याबाट भगवान् विष्णुले सुदर्शनचक्र प्रप्त गर्नुभयो, भगवान् रामले रामेश्वरमा गरेको शिवपूजन र अभिषेकबाट लोकरावण (लोकलाई दुःख दिने) माथि विजय प्राप्त गर्नुभयो, भगवान् कृष्णले गुरु सान्दीपनीबाट शिवदीक्षा प्राप्त गरेर शिवाराधनाका माध्यमले साम्बनामक पुत्र प्राप्त गर्नुभयो। यसै आधारमा भगवान् शिव विश्वनाथ र नेपालका राष्ट्रदेव एवं पशुपतिनाथ मानिनुहुन्छ।

अनन्तरूप भएका भगवान् शिव कपाली, पिङ्गल, भीम, विरूपाक्ष, विलोहित, शास्ता, अजपाद, अहिर्बुध्न, शम्भु, चण्ड र भव गरेर एकादश रूपमा व्याख्यात र पूजित भए तापनि नेपालमा खास गरेर पञ्चरूपले नै आराध्य हुनुहुन्छ। शिववाङ्मय खास गरेर तन्त्रशास्त्रानुसार आनन्द, विज्ञान, मन, प्राण र वाक् यी भगवान् शिवका कलाहरू हुन्। यिनका उपासनाका रूपहरू पनि पाँच नै छन्। आनन्दकालका अधिष्ठाता भगवान् शिवको नाम हो-मृत्युञ्जय। यसको अर्थ हो मृत्युलाई जिलेवाला। यसै कारण कुनै रोगबाट मरणासन्न भएकाहरूको लागि त्यसबाट छुट्कारा पाउन मृत्युञ्जयस्तोत्रको पाठ र शनिमृत्युञ्जय मन्त्रको जप गराइन्छ। यसको शाब्दिक अर्थ अनुसार यस रूपको आराधनाबाट व्यक्तिले मृत्युमाथि विजय प्राप्त गर्दछ र आनन्दमय हुन्छ। दोस्रो विज्ञानकलायुक्त शिवमूर्त्तिको नाम हो-दक्षिणामूर्त्ति। यस रूपमा पार्वती र परमेश्वरको संयुक्त मूर्त्ति हुन्छ। यसै कारण यो विज्ञानकला हो। मृत्युञ्जय र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणामूर्त्ति प्रकाशप्रधान शिवमूर्त्ति मानिन्छन्। यसै कारण यी दुवै रूपको मूर्त्ति प्रकाशमय या सेतो हुन्छ। तेस्रो मनोमय कलाका अधिष्ठाता शिव हुन्–कामेश्वर। मनको धर्म अनुरागात्मक र वर्ण रातो हुन्छ। अतः कामेश्वर शिवको मूर्त्ति रातो हुन्छ। प्राणकलायुक्त शिवमूर्त्तिको नाम हो–पशुपति। प्राणीमा प्राण दिनेवाला पशुपति नै नेपालका राष्ट्रदेव हुन्। यिनको आराधना र उपासनाबाट विकारहरू र दुर्गुणहरूको नियमन भएर भक्त वा प्राणी पूर्ण र महान् हुन्छ। पाँचौं कला वाङ्मयकलाका अधिष्ठाता शिवको नाम हो–भूतेश। भूतको अर्थ प्राणीमात्र हो। भूतेशको आराधनाबाट भक्त प्राणीहरूको अधिपति वा स्वामी हुन्छ। यसरी मानव–जीवनमा पूर्णता र सम्पन्नता ल्याउन शिवका यी रूपहरूको शिवरात्रीमा मात्रै भए पनि आराधना आवश्यक र उपयोगी देखिन्छ।

'पञ्चवक्त्रं त्रिनेत्रम्' का अनुसार भगवान् शिवको पञ्चमुखी रूपमा पनि आराधना र पूजाको प्रचलन नेपालमा छ। ती पाँच मुखहरूमध्ये पूर्वमुख तत्पुरुष, दक्षिणमुख अघोर, पश्चिममुख सद्योजात, उत्तरमुख वामदेव र ऊर्ध्वमुख ईशान नामले प्रसिद्ध र आराध्य छन्। यी पाँच मुखलाई पञ्चाम्नाय पनि भनिन्छ। संस्कृत वाङ्मयमा भएका 'सर्वसिद्धिप्रदः शिवः' 'विद्याकामस्तु गिरिशम्' 'ज्ञानमिच्छेन्महेश्वरात्' आदि उक्तिहरूबाट भगवान् शङ्करका विभिन्न विशेषताहरू छन् भन्ने कुराको जानकारी हुन्छ, जसको प्राप्तिको इच्छा र प्रयत्न महाशिवरात्रीको शिवाराधनाबाट राख्नुपर्दछ। शिवरात्रीमा जागरणको पनि महत्त्व छ। शिवपूजन र उपवास पनि यस पर्वमा कर्तव्य कार्य हुन्। जागरण लक्ष्यप्राप्ति र लक्ष्यसिद्धिका लागि आवश्यक छ। शिवको सन्तुष्टिबाट परिवार, समाज र देशको समुन्नति आजको लक्ष्य हो। जागरण महत्त्वपूर्ण र लक्ष्यप्राप्तिको अन्तिम प्रयास भएकाले नै मार्कोनीले रेडियोको आविष्कारको अन्तिम चरणमा सात दिनसम्म जागरणका माध्यमले आफ्नो आविष्कारलाई अन्तिम रूप दिएका थिए। शिव परिवारका वृषभ, सर्प, मुसो आदिको व्यवहारबाट मेलमिलापको शिक्षा लिनुपर्दछ।

शिव परिवारमा शिववाहन बसाहा (बृषभ) धर्म, अर्थ, काम र मोक्षको प्रतीक हो। 'वर्षतीति वृषभ' भएकाले धर्म, अर्थ आदि पुरुषार्थको वर्षालाई सूचित गर्दछ। शिवजटामा अडेको गङ्गा शिरबाट अमृतधाराको प्रवाहको प्रतीक हो। त्यस अमृतधाराको उपयोग शिवभक्तले गर्न सक्नुपर्दछ। शिवको तेस्रो नेत्र विवेकलाई सूचित गर्दछ। व्यक्तिले कहिल्यै पनि विवेक गुमाउनु हुँदैन। शिवशरीरमा लपेटिएका सर्पहरूले क्रोधमाथिको विजय आवश्यक भएको तथ्य उजागर गर्दछन्। शिवडमरुले शब्दब्रह्मको सङ्केत गर्दछ। विविध विद्याहरू पढ्नुपर्दछ र विज्ञानको वृद्धि गर्नुपर्दछ भन्ने यसको आशय हो। शब्द नभएको र नजानेको मानिस लाटो हुन्छ र ज्ञान नभएको बुद्धु। यस कारण लाटो र अनभिज्ञ नहुनका लागि शिवायुध डमरुको सङ्केतले बुझ्नुपर्दछ।

शिवको आयुध त्रिशूलले संसारमा रहेका तीन शूल (दुःख)को संकेत गरेको छ। ती दुःखहरू हुन्–आधिदैविक, आधिभौतिक र आध्यात्मिक। गर्मी, जाडो, हावा, बाढी, पहिरो आदिबाट पाइने दुःख आधिदैविक, भूत या प्राणीहरू–बाट हुने दुःख आधिभौतिक र आत्मा–मनले जन्माएको दुःख आध्यामिक दुःख हो। त्यो काम, क्रोध र मोह आदिबाट उत्पन्न दुःख हो। यी सबैको संकेत त्रिशूलले गरेको हुन्छ। शिवजटामाथि विराजमान अर्धचन्द्र शान्ति र शीतलताको सूचक हो। मान्छे शीतल र शान्त हुनुपर्दछ। शिवशीरमा लिप्त भष्म जीवन र जगत्को निःसारताको सूचक हो। तुच्छ वस्तुका लागि तानातानमा समय विताउनु मूर्खता हो। शिवको विश्रामस्थल श्मशानले जीवनको क्षणिकतालाई सूचित गर्दै सतर्क पार्दछ। शिवको विषपान परमार्थवृत्तिको सूचक हो। नेताहरूको अनावश्यक अडानलाई यसले गिज्याएको हुन्छ। शिवको परिधान व्याघ्रचर्मले विलासिता र परनिर्भरतालाई लत्याउनुपर्ने सूचना दिन्छ।

शिवरात्रीको सम्बन्धमा लेखिएको मृगहरू र व्याधाको कथाले निम्न तथ्यहरूको निर्धारण गर्दछ– १. अज्ञानबाट भए पनि गरिएको राम्रो कामले राम्रो फल दिन्छ। २. मानिस सत्यप्रतिज्ञ हुनुपर्दछ। ३. विश्वासघात गर्नुहुँदैन। ४. स्वार्थी भएर मेलमिलापको परम्परागत नीतिलाई छोड्नुहुँदैन। ५. परिवारमा ठूलाले सानाको मन राखिदिनुपर्दछ र सानाले ठूलाको मान राख्नुपर्दछ। ६. देश समाज र परिवारका समर्थ व्यक्तिले त्यागवृत्ति देखाउनुपर्दछ। ७. एकले अर्काको हितचिन्तन गर्नुपर्दछ। ८. सफलता हाँसिल गर्न धैर्य, तल्लीनता र सुझबुझ चाहिन्छ। ९. ठूलो आपत्तिमा पनि कर्तव्य र धर्मनिष्ठाबाट च्युत हुनुहुँदैन आदि।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एजेन्ट

सहप्रा. डा. लेखप्रसाद निरौला

घरपरिवारको संसर्गबाट एउटै कुरा मनमा गढेको थियो– म पनि भविष्यमा डेडीकै जस्तो एजेन्ट हुनेछु। उहाँले जतिखेरै घरभित्र पसेदेखि मम्मीसँग तिमीहरूजस्तो म लाछी हैनन्न एजेन्ट भएको छु, एजेन्ट भन्दै खुब फुर्ती लाउनुहुन्थ्यो। उहाँको त्यो हरेक दिनको अभिव्यक्तिले म पनि भविष्यमा डेडीजस्तो एजेन्ट हुन पाए कस्तो हुन्थ्यो होला भनी कल्पनामा डुब्थें। मलाई एजेन्टको खास अर्थ र तहका बीचको सम्बन्ध थाहा थिएन त्यसैले एजेन्ट भनेको डेडीकै जस्तो ठूलाबडाले फुर्ती लाउने काम होला भन्ने मेरो विश्वास थियो। कहिलेकाहीँ बाल्यकालमा कसैले मलाई तँ/तिमी भविष्यमा के बन्ने ? प्रश्न सोधिहाल्यो भने म प्रश्न भुइँमा खस्न नपाउँदै भनिदिन्थें– म त एजेन्ट नै बन्छु। मेरो उत्तर सुनेर उनीहरू छक्क पर्थे र मुख लेप्प्राउँदै खुब ठूलो मानिस बन्ने चाहना रहेछ भन्थे। म निर्धक्कसँग भन्थें– हो त, म पनि डेडीजस्तै ठूलो एजेन्ट हुन्छु।

एजेन्ट हुन कति पढ्नुपर्ने हो त्यो पत्ता लाउन मलाई निकै अप्ठ्यारो थियो। डेडीको पढाइका बारेमा न मम्मीलाई थाहा थियो न उहाँले हामीलाई बताउनुभएको थियो। म भखरै पढिरहेको व्यक्तिले उहाँजस्तो घरमा ठूलो डाको छोड्ने व्यक्तिबाट पढाइका बारेमा सही उत्तरको अपेक्षा गर्ने प्रश्नै उठ्दैनथ्यो। अझ त्यसमा पनि उहाँ के, कस्तो, कहाँ र कुनकुन अफिसको एजेन्ट हो अनि त्यसका लागि उहाँको शैक्षिक योग्यता वा तालिम के अपेक्षित हुन्छ भन्ने कुरा निकै टाढाको विषय थियो। हो, मलाई यति थाहा भइसकेको थियो कि उहाँ एजेन्ट नै हुनुहुन्छ र त्यो पनि निकैओटा क्षेत्र वा निकायको। कहिले कोही व्यक्तिलाई कुन अफिसको अनि कहिले कुन अफिसको भनेर उहाँ नयाँनयाँ मानिसलाई घरमा ल्याइरहनुहुन्थ्यो। सायद म कक्षा सातमा गाउँमै पढ्दो हुँ त्यतिखेर उहाँले केही युवाहरूलाई सैनिकमा जागिर लगाइदिन्छु भनेर ल्याउनुभएको सम्झन्छु। तीमध्ये केहीले पछिसम्म पनि घरमा बेलाबेलामा घिउ, कुराउनी, फलफूल, खसी, कुखुरा र दालचामल आदि ल्याइरहन्थे। मलाई मेरा डेडीको एजेन्टपनबारे गहिरो कुरा थाहा नभए पनि घरमा मिठो मसिनो खान पाइरहेकाले उहाँको कामलाई म भित्रैदेखि प्रशंसा गर्थें। निकै मिजासिलो र बोलक्कड व्यक्ति भएकाले होला उहाँलाई नचिन्ने प्रायः मानिस हुन्थे। छोटो समयभित्रै सहरमा घर बनाउन सक्नु पनि उहाँको सफलता हुन सक्छ। म जतिजति ठूलो हुँदै गएको छु त्यति नै उहाँबाट प्रभावित भएको छु।

कहिले कसैसँग असाध्यै विनशीलताका साथ प्रस्तुत हुनु र कसैसँग तत्कालै रूखो व्यवहार गर्न सक्नु डेडीको खुबी थियो। कतिपय कामका लागि उहाँले मलाई नै सहयोगी बनाउन थाल्नुभएको थियो। उहाँले भन्नु भएको थियो– म जुन पार्टीमा लाग्छु तिमीहरू त्यहाँ नलाग्नू र छुट्टाछुट्टै पार्टीमा लागेर मेरो चर्को विरोध गर्नू। त्यसैल मम्मी, दिदी र म देशका छुट्टाछुट्टै पार्टीमा लागेर पूर्णकालीन कार्यकर्ताजस्ता भएका थियौँ। कुनै विशेष प्राणीले सुँघेर नै परिस्थितिको आँकलन गर्न सक्छ भनेझैँ राष्ट्रिय परिवेशमा देखा पर्ने तरलतालाई नियाल्दै उहाँ यस्तो परिवेशमा यो काम गर्नु फाइदाजनक हुन्छ भन्ने आँकलन गर्न सक्नुहुन्थ्यो। कहाँ कहिले कसको एजेन्ट कसरी बन्नुपर्छ भन्ने किसिमको प्रशिक्षणका लागि उहाँको प्रयोग कहिल्यै विफल हुन सक्दैनथ्यो। एकदिन उहाँले एक वर्षका लागि एकैचोटि केही महत्त्वपूर्ण सम्भावित फाइदाजनक क्षेत्रहरू औँल्याउनुभयो र त्यहाँ कसरी काम गर्ने भन्ने कुराको निर्देशन समेत दिनुभयो। हामी सबैलाई दिइएको निर्देशन थियो–

क) छोराको पकड सत्तापक्षसँग भएकाले यस वर्ष सजिलो गरी साधारण औषधिका क्षेत्रबाट फाइदा लिन सकिन्छ। खानेपानी संस्थान र स्वास्थ्य मन्त्रालयका दुईजना पार्टी कार्यकर्तालाई मात्र हातमा लिइराखे पुग्छ। तिमीहरू केबल तीन महिनाका लागि औषधि स्टकमा राखेर बस। संस्थानबाट प्रदूषणयुक्त पानी छोड्नासाथ सर्वसाधारणमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हैजामहामारी फैलिएपछि मन्त्रालयमा दबाब पर्छ। अरू नै औषधि किनिसकिएकाले आर्थिक अभावका कारण तत्काल बजेट नआउने हुँदा साधारण औषधि बाहिरबाट किन्नुपर्छ भन्ने वातावरण बन्छ र हामीले स्टक औषधिबाट मालामाल हुने अवसर पाउँछौं। यस वर्ष युद्ध र बाढीको प्रकोप नुहने हुँदा गृह मन्त्रालयसम्म पुग्नै पर्दैन। बरु भौतिक निर्माण र यातायातमा सम्पर्क बढाइराख। अँ [तिमीले विद्यार्थी राजनीति पनि राम्ररी बुझेका छौ। तिमीले न गहिरिएर पढ्नुपर्ने हुन्छ, न बाँच्नलाई घरबाट रुपियापैसा माग्नुपर्ने हुन्छ। व्यापारिक र शैक्षणिक संस्थालाई दुहुनो गाई बनाइराखेर महँगीको विरोध गरेझैं गरिराखन्न बेलाबेलामा मिहिनेतको फल राम्रै हुन्छ। अवस्था हेरेर सरकारको समर्थन र विरोधको घुर्की लगाइराख। तिम्रो जोसका अगाडि अल्छीहरू झुकिहाल्छन्। अरू जति झुक्छन् तिमी त्यति नै कुर्लन नछोड्नू पछि तिम्रै हातमा सत्ता आइहाल्छ। यो लगानी खेरै जाँदैन।

ख) छोरीको पकड निजामतीतर्फ राम्रै छ। बरु शिक्षा मन्त्रालय मार्फत काम गर्न सकिन्छ। सामुदायिक विद्यालयहरूमा अस्थायी र ज्यालादारी शिक्षक कर्मचारी राख्नै पर्ने अथवा तिनलाई स्थायी प्रक्रियामा लानै पर्ने दबाब सिर्जना हुन्छ। त्यस्तै विश्वविद्यालयहरूमा पनि शिक्षककर्मचारी नियुक्तिमा ठूलै दबाबको आवश्यकता पर्छ। त्यसका लागि सम्भावित प्राश्निक, विशेषज्ञ र पहुँचवाला व्यक्तिको एजेन्ट बन। सफल नहुने कुरै छैन किनभने उम्मेदवारहरूको दबाबलाई कसैले छेक्न सक्दैन। कसैको न कसैको काम भइहाल्छ अनि तिमी मालामाल नहुने कुरै भएन।

ग) श्रीमतीका लागि यस वर्ष पनि एनजिओ वा आईएनजिओको एजेन्ट नै सर्वोत्तम क्षेत्र हुनेछ। देशभरि अरूलाई कुदाए पनि बेलाबेलामा आफै विदेश गए पुग्छ। चर्को नारीवादी चिन्तनको वहस, चर्को पुरुष प्रताडनको घुर्की र अलिकति भित्री सहमति भए अरू कुरा यस वर्षका लागि आवश्यक छैन।

वास्तवमा डेडीले प्रत्येक वर्षजसो नयाँनयाँ योजनाहरू बनाउनुहुन्थ्यो र सोही अनुरूप हामीलाई क्रियाशील तुल्याउनुहुन्थ्यो अनि आफूचाहिँ सफल एजेन्टका रूपमा हुँदै जानुहुन्थ्यो। विगतका दिनहरूमा पनि म कतिचोटि डेडीसँग साथीहरूको जमघटमा सहभागी भएको छु। उहाँ दिउँसो जति मिजासिलो, मिलनसार, नीतिसम्मत र परोपकारीजस्तो देखिनुहन्थ्यो रात छिप्पिँदै जाँदा उहाँको अभिव्यक्ति र व्यवहारमा परिवर्तन पाउन सकिन्थ्यो। त्यसैले धेरैजसो व्यक्तिहरू उहाँलाई साँझपख भेट्न रुचाउँथे अथवा बिहानीपख कोसेलीका साथ घरमा भेट्न रुचाउँथे। साँझ भेट्नेमा पुरुषहरूको सङ्ख्या अधिक हुन्थ्यो भने बिहान भेट्नेमा महिलाको सङ्ख्या अधिक हुन्थ्यो। तर, जेहोस् डेडीले जागिरका लागि जुनसुकै क्षेत्रमा आ ंनो पहुँच भएको बताउन छाड्नुहुन्नथ्यो।

मैले लामो समयसम्म सङ्कत गरेपछि उहाँमा केही अतिरिक्त वा असाधारण खुबी नै विद्यमान रहेको पाएँ। सर्वप्रथम त उहाँ तात्कालिक राजनीतिक घटनाक्रमको विश्लेषण गरेर योजना बनाउनुहुन्थ्यो र एकैचोटि निकैओटा क्षेत्रमा आ ंनो पहुँच पुऱ्याउने प्रयास गर्नुहुन्थ्यो। हरेक किसिमका मानिसभित्रका कमजोरी पहिल्याउन सक्नु नै उहाँको अद्भूत विशिष्टता थियो। कसैमा पैसा छ पहुँच छैनन्न कसैमा पहुँच छ योग्यता छैनन्न कसैमा योग्यता छ तर सम्भावित क्षेत्रको पहिचान छैनन्न कसैमा शक्ति छ शक्तिबोध छैन र कसैमा शक्तिहीनताको अवस्था छ तर परिस्थिति अनुकूल वा प्रतिकूल के छ भन्ने जानकारी छैन आदि मानवीय कमजोरीलाई सटीक ढङ्कबाट विश्लेषण गरी आ ंनो पहुँच पुऱ्याउन सक्नु अथवा एजेन्टका रूपबाट अभीष्टसिद्धि गर्न सक्नु उहाँको सबैभन्दा सबल पक्ष थियो। एउटा बलियालाई समातेर या एउटा बलियाको काँधमा चढेर सयकडौं अबोध व्यक्तिमाथि प्रभाव पार्न सक्ने तर कसैलाई त्यसको बोध गर्न नदिनेजस्तो प्रभावशालिताका कारण पनि उहाँको एजेन्टपन टिकाउ भएको मानिन्छ। उदाहरणका लागि सञ्चार क्षेत्रमा कुन घटनालाई कहिले हेडलाइन बनाउने, न्याय प्रणालीमा कुन कुरालाई प्राथमिकतामा राख्न लगाउने, कतिखेर कसको समर्थनमा चर्को आवाज निकाल्ने तथा कसप्रति मौन बसेर कहाँ निसाना साँध्नेलगायतका योजनाहरूमा उहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रायः चुक्नुहुन्नथ्यो। दिन दुईगुना र रात चौगुना सफलतालाई देखेर नचाहँदा नचाहँदै पनि नजिकमा बसेर उहाँको प्रशंसा गर्ने जमात सानो थिएन। म सम्झन्छु उहाँले ककसलाई केकेसम्म गर्न या भन्न भ्याउनु भएन।

अहिले मलाई उहाँको एकमात्र पुत्रका रूपमा निकैले चिन्दछन्। म राजनीति वृत्तमा पुग्दा कोही डेडीकै आशीर्वादले यहाँसम्म आइपुगियो भन्दै मलाई खुब आत्मीयताका साथ हेर्ने गर्दछन् भने कोहीचाहिँ उहाँकै कारण भ्रष्टहरूको जमातले राजनीतिको सुन्दर भविष्य समाप्त भएको तथा जनताहरू यसबाट विमुख भएको भन्दै दिनरात बेइमानको आरोप लगाइरहेका हुन्छन्। अझ शैक्षणिक क्षेत्रमा देखा परेको अस्वस्थ राजनीति तथा व्यापारीकरणको सत्तोसरापका लागि उहाँलाई मुख्य दोषी ठान्नेहरूको सङ्ख्या पनि कम देखिँदैन। जागिरमा प्रवेश गरेका धेरैजसो कार्यरत व्यक्तिहरूचाहिँ डेडीको पहुँचका कारण मेरासामु केही भन्दैनन् तर उनीहरूभित्र डेडीलाई हेर्ने दृष्टिकोण भिन्नै रहेको अनुभव गरेको छु। एजजना मित्रले त एकदिन घरमा आएर आफूले टक्र्याएको सोफासेट अझै नयाँ रहेछन् भन्दै उपहासपूर्वक व्यङ्ग्य गरेको घटना बिर्सिन चाहेर पनि बिर्सिन सकेको छैन। म्यान पावरमार्फत सालीबाट लिएको रकम पचाउन मम्मीलाई नै प्रयोग गरेर मात्र उहाँ सफल हुनुभएको रे [कमसल वा गुयास्तरहीन सामानको प्रयोगसहित ठेक्कापट्ट्य पास गराउने कुरामा चाहिँ उहाँ कहिल्यै कसैको निसानामा पर्नु भएन भन्ने मेरो विश्वास छ।

डेडीले हामीलाई जुनजुन क्षेत्रमा प्रवेश गराउनुभयो र उहाँ जहाँजहाँ संलग्न रहनुभयो ती स्थानहरूमा हामी असफल त भएनौँ तर त्यसबाट अरूले हामीलाई हेर्ने दृष्टिकोणमा चाहिँ निश्चय पनि परिवर्तनको अनुभूति हुन थालेको छ। म, मम्मी र दिदीका लागि एजेन्टको व्यवहारले दिएको उपहार निकै भारी हुँदै गएको जस्तो लाग्छ। डेडीको पाँचौँ पुण्यतिथिको अवसरमा समेत एकजना उहाँका मित्रले हामीलाई पुरानै परिघटना सुनाएर लज्जित तुल्याइछाडे। दिदीले सोर्सफोर्सबाट जागिर खाएको रेन्न मैले धाकधम्कीबाट जीवन धानेको रेन्न मम्मीले गलत पैसा पेलेर आइएनजिओ चलाएको रेन्न काकाले आपसमा झगडा लगाएर..., ज्वाइँले झगडा मिलाएर..., भतिजीले साक्षी बसेर..., भदाले जमानाअनुसारका साथी बटुलेर... खै केके हो केके। हुनत वरिष्ठ एवम् लोकप्रिय मोफसलका साहित्यकार हेमराजले पाउने पुरस्कार एक वर्ष विवादमा राखेर अर्को वर्ष आ नै सायंकालीन मित्रलाई दिलाउनमा चाहिँ डेडीको प्रयास सफल भएको कुरा केबल मलाई मात्र थाहा थियो। अरूले जेजे कुरा गरेर डेडीलाई सम्झिए वा नसम्झिए पनि हामीले उहाँका प्रत्येक आदर्शलाई आत्मसात् गरिरहेकै छौँ। भौतिक विकासमा भन्दा सम्भाव्यता अध्ययन तथा सचेतना कार्यक्रममा सरकारी पैसा खर्च गर्नुपर्छ भन्ने उहाँको आदर्श चिन्तनलाई दिदीले मन्त्रालय परिवर्तन गरिरहेर भए पनि पूरा गर्नुभएकै छ। दिदीले जलस्रोत, यातायात, प्राविधिक एवम् व्यावसायिक शिक्षा, कृषि उत्पादन, औद्योगिक विकासलगायत हरेक मन्त्रालयबाट गरिने नीतिनिर्माण र कार्ययोजनाभित्र सम्भाव्यता अध्ययनलाई नै सधैँ उच्च महत्त्वका साथ राख्दै आउनुभएको छ। उहाँ जुनजुन मन्त्रालयमा जानुभएको छ तीती मन्त्रालयबाट सम्भाव्यता अध्ययनका फायलहरू तयार भइरहेकै छन्। बरु छुट्टाछुट्टै निकायबाट नै किन नहोस् सम्भाव्यता अध्ययन तथा सचेतना कार्यक्रमका लागि निरन्तरता दिइरहनुभएको छ। भौतिक एवम् रचनात्मक विकास त एकदिन भइहाल्छ भन्ने विश्वासका साथ दिदीले सधै सैद्धान्तिक पक्षलाई आत्मसात् गर्दै आउनुभएको नकार्न मिल्दैन। दिदीकै कारण देशभित्र स्थलगत रचनात्मक उपलब्धिभन्दा कागजी योजनाहरू मन्त्रालयमा सुरक्षित छन्। त्यस्तै मैले जुन किसिमको विद्यार्थी राजनीति गरेँ र जसरी गरेँ त्यसमा कमी आउन दिएको छैन। बरु मेरा सङ्कठनहरू टुक्राटुक्रामा बाँडिइसके तर मैले मेरो प्रवृत्ति वा स्वभावलाई सङ्कठनभित्र हावी गरिराखेकै छु। म त मम्मीलाई पनि अब आइएनजिओभन्दा ब्युटिपार्लर खोल्न सल्लाह दिँदै छु किनभने त्यो क्षेत्रमा कहिल्यै महिला समुदायले वितृष्णा राख्ने छैनन्। अथवा केही नसके नयाँनयाँ कलेजका छेउमा साइबर, क्याबिन वा डान्सबार खोल्ने सल्लाह दिने विचारमा छु। जेहोस्, हामी उहाँको आदर्शलाई सधैँ शिरोधार्य गरिरहेकै छौँ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिजोआज भने मेरो मनमा अविच्छिन्न रूपले अनेकौं कुराहरू खेल्न थालिरहेका छन्। म जतिजति तिनलाई बिर्सन अथवा नसम्झन खोज्छु तापनि मेरो मनमा उब्जिएका विचारहरू हराएर गइरहेका छैनन्। सफल एवम् प्रभावकारी एजेन्टका उत्तराधिकारी हामी, गाउँबाट सहर आउन सक्यौंत्र यो हाम्रा लागि निकै ठूलो सफलता हो। हाम्रो युगीन कुशलताका कारण हाम्रा सन्ततिहरू धमाधम विदेशतर्फ लम्किँदै छन्। जसरी हामीले हाम्रो गाउँलाई कुनै मायाममता दिन सकेनौं र त्यहाँको कलाकौशल वा परम्परा संस्कृतिले हामीलाई छुन सकेन त्यसरी नै हाम्रा सन्ततिले हाम्रो सहरको प्रतिष्ठालाई वास्ता गर्लान् जस्तो लाग्न छोड्यो। डेडीले देशभित्रका हरेक कामहरूका लागि दलाली होस् वा एजेन्टका रूपमा होस् गर्ने-नगर्ने काम जेजति गर्नुभयो तापनि उहाँले हामीलाई देशभित्रै राखेको अवस्था छ। हो, हामीले उहाँका योजनालाई साथ दियौं तापनि कहिलेकाहीँ विगतका कमजोरीहरू सच्याएर आफैबाट देशको भविष्य निर्माण गरौं कि जस्तो लाग्न थालेको छ। सायद यो चिन्तन देशभित्रै रहेकाले सिर्जना भएको हुन सक्छ। तर, हाम्रा सन्तानहरू भने निरन्तर विदेशतिरै धाउन थालेको देख्दा हामी अझ एककदम अगाडि गई विदेशको समेत एजेन्ट नै भएका छौं जस्तो अनुभूति हुन्छ। मैले छोराछोरीलाई महँगा प्राइभेट स्कुल/कलेजमा पढाएँ तिनीहरू पढाइ र जागिरको बहानामा बिदेसिएन्त्र काकाले गाउँमा पढाउन सक्नुभएन तापनि भतिजा-भतिजीहरू कामको बहानाले बिदेसिए अनि मसँगै राजनीति गरेका साथीहरू राजनीतिक आडमा बिदेसिए। यस्ता कैयौं बिदेसिएका घटना परिघटनाहरूबाट सिङ्गो समाज नै कतै विदेशका एजेन्ट भएका त होइनन्।

स्वदेशका एजेन्टलाई चेतना भयो भने सुधार्न सकिएला तर विदेशमा डिपार्टमेन्टल स्टोरका लागि, कृषि फार्मका लागि, विकास निर्माणको श्रमिकका लागि अथवा घरायसी कामदार सप्लाइका लागि एजेन्टका रूपमा रहेर काम गर्नुपर्दा एकछिन खै केको न्यानो भनेझैं हुन्छ तर आत्मिक शान्तिका लागि के गर्ने हो सल्लाह लिनै पर्ने देखिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Citation and Reference : preparing research article, thesis or dissertation

Associate Prof. Dr. Surendra Prasad Bhatta

Abstract: This article presents some guidelines to prepare a research article or proposal, report, thesis or dissertation. It is the discussion of the sailent features of academic writing as well the distinction between the MlA and APA formats. It includes the guigelines to be followed while one is citing the materials in his text from others' text and preparing the reference list/ biblography.

1. **Introduction :** Nobody will deny that research works are the topmost level of human resources and the precious resouce in the country. To prepare research report or write a research article or thesis or disseration is the part of academic writing. Academic text includes the predictable patterns of grammar, structural organization, posing one's arguments and giving credit to the works or words of others. Bailey (2010, pp 65-105) has noticed the most distinguished skills for academic writing are arguement, cause and effect structures, cohesion and comparasion, clear examples, formal style, references and quotations. Hamp-Lyons and Heasley (2009, p. 20) have pointed out the important features of academic writing. They are the use of full forms, heavy connectors, nominal groups, passive vioce, concise vocabulary, objective and imperosonal point of view, academic reader, serious thought, vivid organization and error free language, technical and academic vocabulary, organic structure etc. . It also displays the present situation of the relevant topic, its problem and need and ways to overcome the problems. Generally, a research text is the inclusion of abstract, contents, introduction, main body, fidings, conclusion, acknowledgements, reference, appendics, headings, sub-headings, etc.It is a highly academic and professional writing. It uses the formal written language in a straight forward style. The use of quotation mark, Italic, abbreviation, footnote, etc., are the important features of research writing. Most commonly, an academic text is prepared on the basis of the formats as adopted by Modern Language Association of America (MLA), American Psychological Association (APA). They are slightly different. Hamp-Lyons and Heasley (ibid. pp. 200- 20) and MLA handbook (2003, p.143-44) have pointed their distinction.

Description	MLA	APA
Authers' name	Surname and full first name	Surname, abbreviated first name

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Publication date	At the end	Next to authers' name
Name of book, journal...	Marked by underlined	Marked by Italics
Page number	Marked by colon (:)	Marked by p.(p)
Capital letters	Every important word	Only first letter

*.Lyons, John. *Introduction to Theoritical Linguistics*. Cambridge: CUP (1995)--- **MLA**

*.Lyons, J. (1995). *Introduction to theoritical linguistics*. Cambridge: CUP --- -- ---**APA**

2. Citations in text : Citations of sources in the text is an inevitable part of an academic text. So that the readers can identify the sources as well the writers are free from the charge of plairism. It also helps to locate the sources of the cited information in the 'reference list.' The APA Manual (2006, pp. 207-14) and Bailey (2010, p. 101) have given basic guidelines for citation.

a. Citing short and long quotions : While quoting short quotation from a work, it includes the last name of the author, year of publication and page number which may be at the beginning or end.

*.According to Lyons (1981), 'A synchronic description is non-historical, a diachronic description traces the historical development of a language.' (p. 29).

* Lyons (1981) says, 'A synchronic description is non-historical, a diachronic description traces the historical development of a language' (p. 219). But for long quotations (longer than 40 words) are placed in a free-standing block of typewritten lines, omitting quotation marks, starting the quotation on a new line, indenting five spaces from the left margin.

*Crystal (2003) explains or the claim is that:

Sociolinguistics studies all aspects of the relationship ... is accordingly made of such terms as sociophonetics, sociophonology and sociosemantics. (P.422 or Crystal, 2003, p. 422)

b. **Citing the works by a single author :** For this, the last name of the auther, year of publication and page number are inserted.

* Cormack (1994, p.33) states that ' when writing for a professional readership, writers invariably make reference to already publishd works'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

c. Citing the works by two authors : For this, the last name of both authors (in narrative, they are joined by 'and' but in parenthesis by 'ampersand'), year of publication, and page number are inseted.

*Celce- Murcia and Larsen- Freeman (1999) have discussed, 'Modal verbs have two distinctively differen functions: an epistemic meaning and a deontic function '(p.141).

d. **Citing the works by three to six authors :** When there are three to five authers, surname of all the authors at first time is cited and the subsequient citations include only the surname of the first author with 'et al'.

* According to Quirk, Greenbaum, Leech and Svartvik, 'Aspect is a grammatical category which reflects verb action with respect to time' (1985, p. 188). In second time, *Quirk et al (1985) explain,.... But when there are six or more authors, the surname of the first author with 'et al' is used.

e. Works with no author, anonymous author, or group (corporate) as authors : If a work has no author, the title of the work (omitting initial article, in Italic, with first capital) and date is cited.

* The book *College Bound Seminars* (1979)... When a work is designated as 'anonymous', the word 'anonymous' or 'anon' is cited following a comma and date.

*'Marketing Strategy' (Anonymous or Anon, 1985)...When the names of groups such as corporations, associations, government agencies, study groups,etc., serve as authors, the name of the groups or associations are spelled out at first and their abbreviation thereafter.

f. Authors with same surname : If there are two or more primary authors with the same surname, the first name of all the authors are mentioned in chronological order.

* R.D. Luce (1959) and P.A. Luce (1986) found... for different publications by same surname.

g. Several works by one author in the same or different years : If more than one publication from an author is included , the reference is cited in the chronological order of the date.

*Bloggs (1992, 1994) suggests... But when the publications are in the same year , they are differentiated by adding a lower case letter after the date.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

* Earlier research by Smith (1993a) found that... but later research suggested by Smith (1993b) that ... when there are many works for a point, the lower case letters come in the same date. *Bloggs (1993 a,b,c) has stated on more than one occassion that...

h. Indirect or secondary source : When the reader is unable to find the primary or original source, the secondary source is used with reference to the original.

*Research recently carried out by Brown (1996 cited in Bassett 1986) found that...

*White (1960), as cited by Black (1994) suggests that... In these examples, Brown (1966) and White (1960) are primary sources, Bassett (1986) and Black (1994) are secondary sources.

l. Expressing summary, quotation and summary and quotation : *Orwell (1940) pointed out that Charles Dickens described eating large meals in many of his books, he never wrote about farming... is for summary.

*Orwell highlighted 'It is not merely a coincidence that Dickens never writes about agriculture and writes endlessly about food'. (Orwell, 1940, pp. 52-4) is for quotation.

*As Orwell (1940) noted Dikens frequently described food but uninterested in food production. He treated the writers as 'He was a Cockrey and London is the centre of earth'. (pp. 53-2) is for summary and quotation

j. **Chapter authors in edited works :** References to the work of an author that appears as a chapter or part of a larger work (Encyclopedia or Dictionary volumes), that is edited by someone else, is cited using the name of the contributing author and not the editor of the whole volume. * In it, Smith (1975) states ...

k. Classical works : For the works like the Bible, Kuran, Puran, Astadhyayi, Vedas, etc., written in classical languages, the publication date, page number are not cited, but year of the translation is cited in the cases of translated versions. For these works, parts, chapters, verses, lines, cantos, formula numbers are mentioned with the name of the author or the work, e.g., To explain the uses of present tense, it is explained *Vartamanasamipaye Vartamanavadha* (Panini-3.3-131) or Astadhyayi-3.3.131).

l.. **Citing from personal communication :** The personal communications like letters, memos, email or messages from electronic bulletin boards, personal interviews,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

telephone, conversations, etc., do not provide recoverable data. They are not included in the reference list. They are only cited in-text by giving the initials as well as the surname of the communicator with an exact date.

* T.K. Lutes (personal communication, April 18, 2001) or (U.G. Nguyen, personal communication, September 28, 1998).

3. Listing References : References cited in the text of a research paper must be included in the reference list. The list provides further information to identify each source and help to establish retrieve researchers' credibility as a careful researcher. It only includes the sources that were used in the text research and preparation of the research document. It contains author, publication year, edition, title, publishing date (venue, publishers). Journal article includes journal title, year, volume numbers, and page numbers. One has to follow the following hints for **reference**.

a. Start on a new page, centering the word **References** on the top.

b. Alphabetize the entries according to the author's surname. If works have same authors, put them in the order of the date (first comes first).

c. Capitalize only the first word of a title or subtitle of books or journals.

d. Italicize name of books and journals and volume number.

a. Books : Generally, books include author(s) or editor(s), date of publication, book name or title, (edition), place of publication and the name of the publisher.

i. Books with one and two authors: *Brown, H.D. (1994). *Principles of language learning and teaching*. London: P. Hall.

* Hamp- Lyons, L. & Heasely, B. (2009). *Study writing: A course in writing skills for academic purposes (2nd ed.)*. New York: Cambridge University Press.

ii. Books with three to six or more authors : For three to six authors, surname and abbreviated middle and or last name is used but six names are listed and added 'et al' if a work includes more than six authers.

iii. Edited books : For single editor, 'Ed' and for two or more authors 'Eds' is used.

*Richards, J.C. (Ed.). (1974). *Error analysis: Perspectives on SLA*. London: Longman.

iv. For chapter edited books : For this, chapter author(s) surname (s) and initials. Year, title of chapter followed by 'In' Book editor(s) initials and surnames with ed. Or

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

eds. after the last name. *Title of book.* Place of publication:publisher, chapter number or first and last page numbers followed by full stop. *Ringbom, H. (1994). Contrastive Analysis. In Asher, R.E. and Simpson, J.M.(Eds.), *The Encyclopedia of language and linguistics* Vol- II (pp.737-742). Oxford: Pergamon Press.

v. Non-English books : * Adhikari, H.R. & Bhattarai, B.B. (2005). *Prayogatmak Nepali Sabdakosh* [Practical dictionary of Nepali language]. Kamalpokhari, Kathmandu: Vidyarthi Publication.

vi. Translated books : *Laplace. P.S. (1951). *A philosophical essay on probabilities* (F.W. Truscott & F.L. Emory, Trans.). New York: Dover. (Original work published 1814).

vii. Books with no author or editor : **Merraim-Webster's collegiate dictionary* (10th ed.). (1993), Springfield. MA:

viii Unpublished theses : *Bhatta, S.P. (1996) Language Planning in Education Sector of Nepal. Unpublished M.Ed. thesis, Tribhuvan University, Faculty of Education, Kathmandu, Nepal.

ix. Multiple books by a single author : When there are several works by one author published in the same year they should be differentiated by adding a lower case letter after the date.

*Soros, G. (1996a). *The road to serfdom.* Chicago: University of Chicago Press.

*Soros, G. (1996.b *Beyond the road to serfdom.* Chicago: University of Chicago Press.

b. E-books : Ee-books stand for the books taken from electronic media. The required elements for a reference are:author, year, title of book, [type of medium] , place of publication, publisher,

available at: include web site address/URL (Uniform Resource Locater) and date.

* Fishman, R (2005). The rise and fall of suburbia [e-book]. Chester: Castle Press. Available at: *libweb. Anglia.ac.uk/ E-book* [accessed 7 June 2005].

* Employment law and practice (2005). [CD-ROM]. London: Gee.

Available at: *libweb. Anglia.ac.uk/ E-book* [accessed 7 June 2005].

c. Articles : Articles includes author initials, year , title of the aritcle, *full title of the journal*, volume number, issue number/part number, page numbers.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

*Sthapit, S. K. (2003). Teaching language for communication. *Nepal English Language Teachers' Association.* Vol. -8 (1-2), pp.1-15 –journal article. .

* Kandel, E.R., & Squire, L.R., (2000, November 10). Neuroscience: breaking down scientific barriers to the study of brain. *Science, 290*, pp. 120-130 –magazine article.

d. **Other documentaries :** Other documentaries such as constitution, command or conference papers, acts of parliament, constitution and other official publications include- corporate author/ authorship author/ author, year, (chapter), title, location, etc.

* *Higher Education Act 2010.* (c.5). Kathmandu: Nepal Government.

* *The Constitution of Nepal 2012.* (c.10). Kathmandu : Nepal Government.

4. **Conclusion :** Research works are precious and the topmost level of human resources. To prepare research or conference report or paper or write a research article or thesis or disseration is the part of academic writing. The use of figurative language, emotional thinking, metaphor or simile, imaginative ideas, colloquial or informal style, personal thinking, etc., are not accepted. The use of reference list, citation of sources within text, Italics, footnotes, endnote, quotation marks, ampersand (&), visual information, hedging expressions, verbs , generalizations etc. When a work has three or four or five authors surname of all the authors at first time is cited and the subsequient citations includes only the surname of the first author following by 'et al'but when a work has six or more authors, the surname of the first author following by 'et al'. If a work has two or more primary authors, with the same surname, the initials of all the authors are mentioned in chronological order and if an author has more than one publications they put in chronological order of the date But when the publications are in the same year , they are differentiated by adding a lower case letter after the date. References cited in the text of a research paper must be included in the reference list. The list provides further information to identify each source and help t o establish retrieve researchers' credibility as a careful researcher. In reference list, entry books usually contains author, publication year, edition title, publishing date (venue, publishers) and the journal article includes journal title, year, volume numbers, and page numbers. A reference list includes the author's surname and the sources without authors are by the name or title of the work. If works have same authors, put them in the order of the date (first comes first). Journal or magine or nespaper rticles include author initials, year, title of the aritcle, full title of the journal, volume number, issue number/part number, page numbers.Other documentaries like constitution, command or conference papers, etc., include-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

corporate author/ authorship author/ author, year, (chapter), title, location, publication place, publisher, etc.

Refererce :

1. Bailey, S. (2010). Academic writing: A handbook for international students (2nd ed.) New York: Rutledge.
2. Hamp- Lyons, L. & Heasely, B. (2009). Study writing: A course in writing skills for academic purposes (2nd ed.). New York: Cambridge University Press.
3. Leki, I. (2010). Academic writing. (2nd ed.). New Delhi: Cambridge University Press.
4. MLA handbook for writers of research papers (6th ed.) (2004). New Delhi: EWP.
5. Publication manual of the American Psychological Association (6th ed.). (2009). USA: APA.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Ketakiko Phool : Struggle for Democracy

Lecturer : Mohan Raj Gouli

Khem Raj Bhandari has tried to enter into the arena of Nepali Literature with his drama entitled *Ketakiko Phool.* It is well known that only a few writers are found interested in producing the dramas in literary history. In this context dramatist Mr. Bhandari must receive a warm welcome and he is encouraged to come up with many more in the days to come to enrich the field of Nepali literature. The present writing has tried to dig out how the dramatist has ventured to explore the dramatic elements and social issues through "*Ketakiko Phool.*"

To begin with, since drama is "representational art," it encompasses characters, plot and conversation. Life of different people and society is presented through imitation. The actors imitate the factual incidents and happenings of the world along with the imaginative ones. "*Ketakiko Phool*" consists of Munal, Ganga (Munal's mother), land lord (Mukhiya), Raman (land lord's son) in the beginning. Mahajan, a shopkeeper Sambeg, Sarita and some street children come later. Srijana, Govin, Ramesh, Romina also come for some time. Shyam, Sashi (Shyam's mother), Anuradha and Karnel (Anuradha's hunsband), an unknown person, Madan and Munal's some class mates, The Principal and some journalists too play important role to develop the story.

Ketakiko Phool by Khem Raj Bhandari is a one act play that has ten scenes. It has attempted to depict the situation in which a child and his mother suffer in the absence of the father and husband in the beginning and later it displays the struggle of a child in the absence of his parents. The question of identity of the people seems to be the central motive of the dramatist.

The first scene opens with the dramatist's observation about the skyscrapers along with the 30/40 years old building made of bricks. The language apparently shows the speaker's hatred against the feudalism and support for the downtrodden people. He seems very happy for the downfall of the Rana regime. Conversation between Munal and Ganga (son and mother) clearly shows the success of her son and pitiable situation created by poverty and death of Munal's father. Ganga is happy with son's success but sad for not being able to pay the house rent:

Ganga: (Shedding tears) Oh, landlord! Please don't tell me like that. Being a woman where should I go to ask money at this time? Neither have I had my own home

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

nor relatives. Please don't be so rude towards a helpless woman like me. I will manage tomorrow at any cost.

Landlord: Such tomorrow will never come. I don't know your tears. In case I won't get rent by tomorrow, you have to pack up and leave the house. Do you understand? (Moving his big eyes, the landlord goes out). (Ganga attaches Munal to her chest). (My translation)

Here, pathetic situation of the women in our society is presented. Women are presented as helpless people in the society. Ganga takes herself so helpless that being a woman she can't go anywhere to bring money at that time. The society and culture have raised the women in such a way that they are psychologically affected and they are supposed to be weak and bound to live in miserable situation. They are mentally helpless and inferior. But at the same time her promise is very important. In spite of the predicaments in her life, she promises to pay her rent the following day. Therefore, she should not take herself as miserable as she thought earlier in the same scene. On the other hand she is brought up culturally in such a way that she takes herself a weak person. Here Ganga represents thousands and millions of the women who unnecessarily consider themselves as sufferer and inferior in the society.

From feminist point of view, they must not take themselves as Ganga thinks.

The second scene deals with the conversation between Ganga and Mahajan. Mahajan talks about modern and traditional ways of life. He seems to support the identity of the females. But Ganga advocates for her tradition and expresses her rituals regarding love and sacrifice.

Ganga: The relationship between husband and wife is not like the trade treaty that ends after a certain span of time. This is the union of two souls which are tied in front of the fire. Being a window is not lonely life and helplessness, but it is a sacrifice for oneself and beloved ones. It symbolizes the immortal relationship between two even after death.

Mahajan: (To raise self-esteem) Tell me truly, Ganga! Don't you give any priority to happiness in your life? Don't the females need any moment to share their feelings? Isn't it your life? Are the women only the slaves of males? Don't the women have any place where they can show their existence, identity and self-esteem? (7) (My translation)

Ganga and Mahajan express their different views regarding the life and relationship between husband and wife when they are in the society and even after death. Ganga seems proud of being widow. A woman belongs to family. She doesn't remain singular and individual, but she is a family. She is the "goddess of wealth" at home. She believes that "a male can't progress unless a woman helps him." (7) Similar

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ideas are expressed by Patricia Hampl in her famous essay entitled "Look at a Teacup":

Her face showed fear. "Oh, no", she said quickly, trying to sweep away the thought. "No Family is the most important thing. Family, darling." Even then her voice was sounding a farewell, the first of all those good-byes mothers say to their daughters." (61)

Here Patricia Hampl talks about her mother who used to talk about how family is important for women. She used to persuade Patricia to get married to continue the family, but she was interested in individuality and her work rather than family. For her thinking about family means sacrificying individual identity and getting into obstacles in her life as Mahajan thinks in *Ketakiko Phool*.

In this scene both Ganga and Mahajan stand apart in their views. But, fortunately, Ganga gets help from him. He gives her money which she had demanded to pay rent. Otherwise, she would have been kicked out of the house. This scene shows that in spite of the differences, there are good intentions in their attitude. Ganga honestly does her work for Mahajan and he helps her providing money demanded by her. The incident created by the dramatist can be a great source of inspiration for political parties who turn to be great enemies when their views differ from each other. They must realize that they should try to be conscious about the development of the people, society and the nation and find out the point of compromise in spite of carrying different ideologies. But, unfortunately, the leaders tend to be away from democratic norms and they are found suffering from prejudices and value judgments and they attack each other so fiercely that the ordinary and common people are always left behind. Consequently, they are deprived of the fruits of development and opportunities. In this context Bhandari's drama *Ketakiko Phool* can be a great source of encouragement for extending helping hands despite having opposite views in the society and politics. It can be a real contribution to strengthen democracy in the nation which has been struggling to achieve it for ages.

Third scene takes place in Ganga's room. Munal is solving the problems of mathematics when Ganga enters wiping out her sweats with her sari. She shares her happiness with her son and tells him that she not only got money from Mahajan, but he also promised her to manage a job in his office from the following day. This scene talks about the attachment between mother and son. Ganga says that Munal has become like her friend. She remembers how quickly three years passed away after her husband's death and cries suppressing her sound.

This is the most horrible scene because the land lord's son Raman seduces Ganga and her struggle to save her chastity remains in vain. At last she doesn't want to

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

survive and takes poison remembering her dead husband and living son, "Munal, how can I show my face (crying)? I am ruined, I am ruined. (Dragging herself, she comes near the box and remembers her husband). How can I survive? (Takes piosion)" (14). (My translation)

Here two images come simultaneously. On the one hand she curses herself for committing suicide and on the other hand she thinks that being seduced she has no value to survive in this world. She decides to take her own life due to forthcoming situations of humiliation and hatred in the society.

Raman justifies his action ironically thinking that he is a young male. But he is also aware of the consequences and thinks that feminist activists might punish him garlanding the shoes around his neck. Then he kills her to hide his earlier crime. He hangs her on the ceiling with her sari to make it the case of suicide. When Munal comes, he can't control himself and begins to cry for his mother.

Scene four also takes place in Ganga's room where the goods are scattered. Raman thinks that Munal might create problems in future and he decides to chase him from there. Munal, a small kid bites Raman's leg and doesn't leave him. But Raman's supporters kick him out and he is bound to go away. Munal looks in the sky helplessly for his mother. He catches the sight of temple, shop and things around him.

Hunger stricken Munal goes to the sweetshop, but he is kicked away and he is left to cry. A mad man comes and says that God is dead. He satirizes the human beings who are responsible to bring anarchy in the society:

Hello human beings? Do you know? The God is already dead. Do you understand "The God is already dead (laughs)? There is fight among the gods and demons. You must be ready. Every time, evil spirits are born and yes, Ganga's chastity is robbed. Innocent's shelter is snatched, but the world is silent because it is not the human world, rather it is the region of skeletons of ghosts. Krishna and Ram will never come here because God is already dead. Compassion has vanished. Love is burnt amid the fire. (19-20) (My translation).

